# ख्रीष्टियान परिपक्वता



# ख्रीष्टियान परिपक्वता

*(Christian Maturity)*

लेखकः रिक सी. हावार्ड

अनुवादक - रेभ डा. बाल कृष्ण शर्मा

आई सी आई युनिभर्सिटी

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

© १९९९ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल

प्रति: २०००

ICI University
First Edition 1999
Re-Print 2014
The Christian Maturity

Published by
ICI University
PO Box 4245
Kathmandu, Nepal

# विषय-सूची

पृष्ठ


पाठ्यपुस्तकको परिचय ............................ ५

**एकाइ एकः** *ख्रीष्टियान परिपक्वताका तस्वीरहरू*

पाठ

१. वृद्धिका निम्ति ईश्वरीय इच्छा .................... १२

२. येशू ख्रीष्टः वृद्धिका उदाहरण ...................... ३२

३. वृद्धिका थप उदाहरणहरू ......................... ४६

४. ख्रीष्टियान वृद्धिमा बाधा र सहायता ............... ६२

**एकाइ दुइः** *ख्रीष्टियान परिपक्वतामा विकास*

५. वृद्धिप्रति उत्प्रेरणा ................................. ८४

६. ख्रीष्टियान परिपक्वतालाई निर्माण गर्ने तत्त्वहरू १०६

७. आधारभूत सत्यताहरू र अझ बढ़ी............ १३२

**एकाइ तीनः** *ख्रीष्टियान परिपक्वताका प्रमाणहरू*

८. ख्रीष्टियान चरित्रको प्रमाण ..................... १५६

९. उपयोगी सेवाको प्रमाण ........................ १७४

१०. आत्मिक परिवर्तनको प्रमाण .................. १८८

शब्दकोश ................................................२०४

स्वयम्-जाँचका उत्तरहरू ...............................२०८

# आई सी आई, ख्रीष्टियान सेवा कार्यक्रम

आई सी आई ख्रीष्टियान सेवा कार्यक्रमलाई निर्माण गर्ने १८ वटा पुस्तकहरूमध्ये यो पनि एउटा हो। बायाँपट्टि दिइएको चिन्हचाहिँ यी पुस्तकहरूलाई क्रमबद्ध तरीकाले अध्ययन गर्ने एक नमूना हो। *ख्रीष्टियान परिपक्वता* भनिने पुस्तक एकाइ १-को पहिलो पुस्तक हो। यी पुस्तकहरूलाई क्रमबद्ध तरीकाले अध्ययन गर्दा तपाईंले धेरै फाइदा उठाउन सक्नुहुनेछ।

ख्रीष्टियान सेवा कार्यक्रमका विषयवस्तुहरू विशेष गरी ख्रीष्टियान सेवकहरूका निम्ति स्वयम्-अध्ययन तरीका अपनाई तयार पारिएका छन्। यी पुस्तकहरूले विद्यार्थीहरूलाई बाइबल ज्ञान र ख्रीष्टियान सेवाको निम्ति आवश्यक व्यावहारिक कुशलता उपलब्ध गरिदिन्छन्। तपाईंले यो पुस्तक प्रमाण-पत्र प्राप्त गर्नलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्न सक्नुहुन्छ।

## ध्यान दिनुहोस्

कृपया पाठ्यपुस्तक परिचयलाई बड़ो ध्यानसँग पढ्नुहोस्।

पाठ्यपुस्तकका उद्देश्यहरू प्राप्त गर्न र विद्यार्थी प्रतिवेदनहरूका निम्ति तयारी हुन यी सबै निर्देशनहरूलाई पालन गर्न अति नै महत्त्वपूर्ण छ।

आई सी आई सम्बन्धी सबै चिट्ठी-पत्रहरू तल उल्लेखित ठेगानामा पठाउनुहोस्।

आई सी आई
पो. ब. नं. ४२४५
काठमाण्डौ
नेपाल

# पाठ्यपुस्तकको परिचय

ख्रीष्टियान परिपक्वता ख्रीष्टमा भएका विश्वासीहरूका निम्ति सधैं रहिरहने लक्ष्य हो। यो लक्ष्यचाहिँ "ख्रीष्टका पूर्णताको नापसम्म" पुग्नु हो (एफिसी ४:१३)। कुनै पनि विश्वासी पृथ्वीको जीवन अवधिमा पूर्ण रूपमा ख्रीष्टजस्तो हुन नसके पनि, प्रत्येक ख्रीष्टियानको लक्ष्य यही हुनुपर्छ भनी बाइबलले जोड़ दिएको छ। सानो लक्ष्य राखेर थोरै उपलब्धी हासिल गर्नुभन्दा ठूलो लक्ष्य राखेर धेरै उपलब्धी हासिल गर्नु अझै असल हो। यस विषयको स्वभावले नै माग गर्छ कि यो पाठ्यक्रम ठोस रूपमा बाइबलमा नै आधारित छ। यस पाठ्यपुस्तकभरि नै निरन्तर रूपमा बाइबल पदहरूलाई उल्लेख गरिएका छन्।

यस पाठ्यपुस्तकको पहिलो भागले वृद्धिका *उदाहरणहरूलाई* प्रस्तुत गरी येशूको वृद्धिलाई जोड़ दिएको छ। आत्मिक वृद्धिलाई नमूनित गर्नका लागि प्राकृतिक वृद्धिका विवरणहरूलाई पनि समावेश गरेको छ। आत्मिक उन्नतिका बाधाहरू र सहायताहरूका सम्बन्धमा पनि टिप्पणी गरिएको छ। तब पाठ्यपुस्तक आत्मिक वृद्धिमा भएको *उन्नतिमा* केन्द्रित छ। ख्रीष्टमा परिपक्व हुनु लामो प्रक्रिया भएको हुनाले, भविष्यका अझै कठिन लक्ष्यहरूबाट वर्तमान लक्ष्यहरूलाई अलग गर्ने प्रयासहरू गरिएको छ। हाम्रो उन्नतिमा पवित्र आत्मासँगको सहभागिता र अरूहरूसँगको विश्वासको बाँड्चूँड् समावेश गरिएको छ भनी यसले जोड़ दिन्छ। अन्तमा, ख्रीष्टियान परिपक्वताका *प्रमाणहरूलाई* जोड़ दिइएको छ। आत्मिक वृद्धिका प्रमाणहरूका रूपमा विश्वासीको चरित्र र सेवा ख्रीष्टको जस्तो हुनुपर्छ भनी प्रस्तुत गरिएको छ र पवित्र आत्माद्वारा विश्वासीको परिवर्तन हुने कुरामा जोड़ दिई यस पाठ्यपुस्तकलाई समाप्त गरिएको छ।

पाठ्यपुस्तकको मुख्य उद्देश्य ख्रीष्टको जस्तो हुनका लागि विद्यार्थीलाई सहायता पुर्‍याउनु, र त्यही कुरा गर्नका लागि अरूहरूलाई सहायता गर्न उसलाई उत्साह दिनु हो। यस पाठ्यपुस्तकको अध्ययनद्वारा ख्रीष्टमा परिपक्व हुनका लागि परमेश्वरले तपाईंलाई सहायता गरून् र आशिष् देऊन्।

## पाठ्यपुस्तकको वर्णन

*ख्रीष्टियान परिपक्वता* ख्रीष्टियानको विषयमा भएको परिचयात्मक अध्ययन हो। यस अध्ययनले विश्वासीको वृद्धिमा ख्रीष्टियान सेवाको भूमिकालाई विशेष ध्यान दिएको छ।

विषयप्रतिको बाइबलीय प्रस्तुतिले गर्दा अन्तरराष्ट्रिय स्रोताको प्रयोगको निम्ति यस पाठ्यपुस्तक ग्रहणयोग्य छ। यस पाठ्यपुस्तकले विद्यार्थीलाई परमेश्वरको वचनसँग निरन्तर रूपमा अन्तरक्रिया गर्नका लागि अगुवाइ गर्छ, जुनचाहिँ यस अध्ययनको जग हो।

यस पाठ्यपुस्तक स्वभावमा व्यावहारिक छ, जसले दैनिक ख्रीष्टियान जीवन र सेवामा ख्रीष्टजस्तो हुनका लागि विद्यार्थी कसरी वृद्धि हुन सक्छ भन्ने कुरा उल्लेख गर्छ। ख्रीष्टियान वृद्धिका बाइबलीय उदाहरणहरू र बाइबल-केन्द्रित पाठहरूले विद्यार्थीको आफ्नै ख्रीष्टियान सेवामा प्रयोग गर्नका लागि सामग्री उपलब्ध गरिदिन्छन।

## पाठ्यपुस्तकका उद्देश्यहरू

यस पाठ्यपुस्तकको अध्ययनपछि तपाईले:

१. आत्मिक जीवनमा भएको वृद्धिप्रतिको प्रवृत्तिलाई व्याख्या गरी ख्रीष्टमा तपाईंको वृद्धिलाई सहायता पुऱ्याउने यस कुरालाई तपाईंले स्थान दिन सक्नुपर्नेछ।

२. असल र खराबको बीचको भिन्नता र बाइबलीय सन्देशहरूको प्रयोगजस्ता विषयहरूमा ख्रीष्टियान परिपक्वतालाई दिनहुँ सम्बन्धित तुल्याउन सक्नुपर्नेछ।

३. परमेश्वरसँगको सङ्गतिविना एक ख्रीष्टियान किन परिपक्व बन्न सक्दैन सो व्याख्या गर्न सक्नुपर्नेछ।

४. भूलरहित सिद्धताको विरुद्धमा पूर्णता र सिद्धताको अर्थमा आत्मिक परिपक्वतालाई व्याख्या गर्न सक्नुपर्नेछ।

५. हाम्रो ख्रीष्टियान परिपक्वतामा पवित्र आत्माको भूमिकालाई वर्णन गर्न सक्नुपर्नेछ।

६. आफैलाई आत्मिक रूपमा वृद्धि गर्नका लागि तपाईंको आफ्नो इच्छाको प्रयोगमा भएको उन्नतिलाई विश्लेषण गर्न व्यक्तिगत अनुभवहरूलाई व्याख्या गर्न सक्नुपर्नेछ।

७. मण्डलीमा र अरूहरूलाई सहायता गर्ने कुरामा वृद्धि भइरहेको सामान्य उपकारिताद्वारा अझै ठूलो ख्रीष्टियान परिपक्वतालाई अनुभव गर्न सक्नुपर्नेछ।

**पाठ्यपुस्तकहरू**

तपाईंले रिक हावार्डद्वारा लिखित *ख्रीष्टियान परिपक्वता: स्वयम्-अध्ययन पाठ्यपुस्तकलाई* यस पाठ्यक्रमको निम्ति पाठ्यपुस्तक र अध्ययन सहयोगी दुवैका रूपमा प्रयोग गर्नुहुनेछ। तपाईंलाई आवश्यक पर्ने अर्को पुस्तकचाहिँ केवल बाइबल मात्र हो।

**अध्ययन समय**

प्रत्येक पाठ अध्ययन गर्नका लागि कति समय चाहिन्छ भन्ने कुरा यस विषयमा भएको तपाईंको ज्ञान र पाठ शुरू गर्नुभन्दा अगाडि तपाईंमा भएको कुशलताको बलमा भरपर्छ। तपाईंले यस पाठको लागि बिताउनुहुने समय यस पुस्तकमा स्वयम्-अध्ययनको निम्ति दिइएका निर्देशनहरू ठीक किसिमले पछ्याउनमा पनि भरपर्छ। लेखकले उल्लेख गर्नुभएका उद्देश्यहरू र तपाईं आफैंका उद्देश्यहरू पनि प्राप्त गर्नको लागि आफ्नो अध्ययन समयका योजनाहरू बनाउनुहोस् र उद्देश्य प्राप्ति होस् भन्ने किसिमले समय बिताउनुहोस्।

**अध्ययन एकाइहरू**

यस पाठ्यपुस्तकका पाठहरूलाई तल उल्लेख गरिएझैं अध्ययनका तीन एकाइहरूमा संगठित गरिएको छः

| *एकाइहरू* | *एकाइ शीर्षकहरू* | *पाठहरू* |
|---|---|---|
| १. | ख्रीष्टियान परिपक्वताका तस्वीरहरू | १-४ |
| २. | ख्रीष्टियान परिपक्वतामा विकास | ५-७ |
| ३. | ख्रीष्टियान परिपक्वताका प्रमाणहरू | ८-१० |

**पाठको संगठन र अध्ययन स्वरूप (तरीका)**

प्रत्येक पाठमाः (१) पाठको शीर्षक, (२) परिचय, (३) पाठको रूपरेखा, (४) पाठका उद्देश्यहरू, (५) सिक्ने क्रियाकलाप, (६) मुख्य शब्दहरू, (७) अध्ययन प्रश्नहरूसहित पाठको विकास,

(८) स्वयम्-जाँच पाठ विकासको अन्तमा, (९) पाठ्यपुस्तकको पछाडि हरेक स्वयम्-जाँचका उत्तरहरू समावेश गरिएका छन्।

पाठको रूपरेखा र उद्देश्यहरूले तपाईंलाई विषयको परिचय दिनेछन्, तपाईंले अध्ययन गर्दैजानुहुँदा सबैभन्दा महत्त्वपूर्ण विचारहरूमा तपाईंको ध्यान केन्द्रित गर्न सहायता गर्नेछन् र तपाईंले के सिक्नुपर्छ सो बताउने छन्।

यस पाठ्यपुस्तकको पाठ विकासले यसमा भएका कुराहरूको अध्ययन गर्न तपाईंलाई सहायता पुऱ्याउनेछ। तपाईंले अलिकति समय पाउँदा पनि यस पाठलाई अध्ययन गर्नसक्नुहुनेछ र पाठको सबै भागलाई एकैपल्ट सक्नुपर्नेछ भन्ने केही बाध्यता छैन। जति सक्नुहुन्छ त्यति पढ्नुहोस्। यसमा भएका सुझावहरू, अभ्यासहरू र उत्तरहरू पाठको उद्देश्य प्राप्त गर्नको लागि सहयोग पुगोस् भन्ने किसिमले निर्माण गरिएका छन्।

यस पुस्तकको पाठ विकासमा भएका कुनै कुनै प्रश्नहरूलाई दिइएको अभ्यास-पुस्तिकाको खाली ठाउँमा लेख्न सकिनेछ। तर कुनै कुनै प्रश्नहरूका लागि भने तपाईंको आफ्नै अभ्यास-पुस्तिका हुनुपर्नेछ। तपाईंले आफ्नो अभ्यास-पुस्तिकामा उत्तरहरू लेख्नुहुँदा पाठको संख्या र शीर्षक लेख्न नभूल्नुहोस्। अध्ययन प्रश्नका उत्तरहरूलाई संख्याको क्रम मिलाएर लेख्नुहोस्। यसले तपाईंलाई विद्यार्थी एकाइको प्रतिवेदनमा सहयोग पुऱ्याँउछ।

*तपाईंले आफ्नो उत्तर नदिउञ्जेल दिइएका उत्तरहरूलाई अगाडि नै नहेर्नुहोस्।* यदि तपाईंले आफ्नै उत्तर दिनुभयो भने तपाईंले अध्ययन गर्नुभएको कुरालाई अझै राम्रोसँग सम्झन सक्नुहुनेछ। तपाईंले अध्ययन प्रश्नका उत्तरहरू दिइसक्नुभएपछि ती उत्तरहरूसँग पाठ्यपुस्तकमा दिइएका उत्तरहरूलाई मिलाउनुहोस् (दाँज्नुहोस्)। तपाईंले गल्ती गर्नुभएका प्रश्नहरूलाई चिन्ह लगाउनुहोस् र ठीक उत्तरहरू लेख्नुहोस्।

यी प्रश्नहरू धेरै महत्त्वपूर्ण छन्। तिनीहरूले तपाईंको ज्ञान र ख्रीष्टियान सेवा विकास र वृद्धि गर्न तपाईंलाई सहायता पुऱ्याँउछन्। सुझाव दिइएका क्रियाकलापहरूले पनि सिद्धान्तबाट व्यवहारमा जानको निम्ति तपाईंलाई सहायता पुऱ्याउँछन्।

### यो पाठ्यक्रम अध्ययन गर्ने तरीकाहरू

यदि यो पाठ्यपुस्तक तपाईं आफै अध्ययन गर्नुहुन्छ भने यसमा सोधिएका प्रश्नहरूका जवाफ हुलाकद्वारानै तपाईं पठाउनसक्नुहुन्छ। आई सी आई-ले यस पाठ्यपुस्तकलाई स्वयम्-शिक्षण प्रणालीमा विकास गरेको भए तापनि यसलाई कुनै समूह वा कक्षामा पनि अध्ययन गर्नसकिन्छ। कुनै समूह वा कक्षामा अध्ययन गरिएको खण्डमा त्यहाँका निर्देशकको निर्देशनलाई पनि पालन गर्नुहोस्।

तपाईंले यस पाठ्यपुस्तकलाई घरेलु बाइबल अध्ययन समूह वा मण्डलीको कक्षामा वा बाइबल स्कूलमा प्रयोग गर्नचाहनुहुन्छ होला। यी उद्देश्यहरूका लागि यसमा भएका विषयवस्तु र अध्ययन प्रणाली उत्तम ठहरिएका छन्।

### विद्यार्थी प्रतिवेदन एकाइ

यस पाठ्यपुस्तकको साथसाथै तपाईंले विद्यार्थी प्रतिवेदन एकाइ पनि प्राप्त गर्नुभएको होला। यस पाठ्यपुस्तक र विद्यार्थी प्रतिवेदनमा उल्लेख गरिएका निर्देशनअनुसार यसमा सोधिएका प्रश्नहरूका जवाफ दिनुहोस्। तपाईंको अध्ययन सम्बन्धित सुझावहरू प्राप्त गर्नको निम्ति र तपाईंले दिनुभएका उत्तरहरूका जाँचको लागि त्यस उत्तर पृष्ठलाई आफ्नो निर्देशककहाँ पठाउन नभूल्नुहोस्।

### प्रमाण-पत्र

यस पाठ्यपुस्तकको अध्ययनको समाप्ति र तपाईंले लेख्नुपर्ने अन्तिम जाँचको उत्तम नतिजाको आधारमा तपाईंलाई प्रमाण-पत्र प्रदान गरिनेछ।

### यस पाठ्यपुस्तकका लेखक

रिक सी हावार्ड रेडउड सिटी क्यालिफोर्नियामा पेनिन्सुला ख्रीष्टियान केन्द्रका पास्टर र बेथानी बाइबल कलेजका प्रशिक्षक हुनुहुन्छ। उहाँलाई १९६१ मा एसेम्ब्ली अफ गडद्वारा अभिषेक गरिएको थियो।

यस पाठ्यपुस्तकमा उहाँले लेखक, सम्प्रदाय, र बाइबल प्रशिक्षकका रूपमा गहिरो अनुभवबाट लेख्नुभएको छ। उहाँले शिक्षक र प्रचारकका रूपमा सारा संसारभरि यात्रा गर्नुभएको छ।


## तपाईंका आई सी आई निर्देशक

तपाईंलाई सहायता पुऱ्याउनको निम्ति तपाईंका निर्देशक सधैंभरि इच्छुक हुनुहुन्छ। यदि पाठ वा विद्यार्थी प्रतिवेदन सम्बन्धी तपाईंमा केही प्रश्नहरू छन् भने, तपाईंले उहाँसँग प्रश्न सोध्नसक्नुहुन्छ। यदि धेरै व्यक्तिहरूले मिलेर यस पाठलाई अध्ययन गर्ने विचार गर्नुभएको छ भने, समूह अध्ययनको बन्दोवस्त मिलाउनको लागि उहाँसँग विन्ती गर्नुहोस्।

*ख्रीष्टियान परिपक्वता* भनिने यस पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई सहायता गरून्। यस अध्ययनले तपाईंको आत्मिक जीवनको वृद्धिको साथसाथै ख्रीष्टियान सेवामा पनि सहायता पुऱ्याई ख्रीष्टको शरीरमा तपाईंको जिम्मेवारी बुझ्नलाई सहायता पुऱ्याउनेछ।

एकाइ १

# ख्रीष्टियान परिपक्वताका तस्वीरहरू




पाठ १

# वृद्धिका निम्ति ईश्वरीय इच्छा

प्रायःजसो आमा-बाबुहरूले आफ्ना छोराछोरीहरू हुर्केको बडो उत्सुकताका साथ हेर्छन्। वृद्धिको प्रत्येक नयाँ सङ्केतलाई तिनीहरू बडो गर्वका साथ औंल्याउँछन्। केटाकेटीहरूले पनि आफू पूर्ण रूपमा हुर्केको दिनको चाहना गरिराखेका हुन्छन्। तब तिनीहरू परिपक्व भई परिवारका पूर्ण अधिकार र कर्तव्यहरूलाई स्वीकार गर्न सक्ने हुन्छन्। आमा-बाबु र छोराछोरीहरू दुवैका दृष्टिकोणबाट सामान्य वृद्धिको कमीभन्दा दुःखलाग्दो कुरा त्यहाँ केही छैन।

यो सबै कुरा हाम्रो आत्मिक जीवनमा पनि प्रयोग हुन्छ। परमेश्वरले मानिससँग वृद्धि भइरहेको सङ्गतिको चाहना गर्नुहुन्छ। मानिसले पनि यस सम्बन्धको इच्छा गर्छ र यसविना आफू हराएको महसूस गर्छ। आफ्नो आवश्यकता के हो भन्ने कुरा उसले नबुझे तापनि, परमेश्वरसँगको यस सम्बन्धलाई उसले खोजिराखेको हुन्छ। तर उसले येशू ख्रीष्टलाई मुक्तिदाताका रूपमा स्वीकार नगरुन्जेलसम्म यसलाई प्राप्त गर्न सक्दैन। उसको निम्ति भएको परमेश्वरको योजनालाई उसले ग्रहण नगरुन्जेल, विश्वासीका रूपमा उसले परमेश्वरको इच्छाअनुसारको सङ्गतिको तहलाई अनुभव गर्न सक्दैन। त्यो उद्देश्य येशू ख्रीष्टको स्वरूपमा पक्का गरिनुपर्छ। त्यसकारण हामी भन्न सक्छौं कि ख्रीष्टियान परिपक्वताले परमेश्वर र मानिस दुवैका इच्छालाई पूरा गरिदिन्छ।

वृद्धि हुनु रमाइलो तर कठिन हुन्छ। बयस्क हुँदा प्राप्त हुने उत्तेजना र आनन्दलाई तपाईंले अवश्य पनि याद गर्नुभएको होला। कठिन थोकहरूलाई पनि तपाईंले बिर्सनुभएको छैन होला, के बिर्सनुभएको



छ त? तपाईंलाई सिकाउनका लागि पवित्र आत्माले यस पाठ्यपुस्तकलाई प्रयोग गर्नुहुँदा वृद्धि हुनका लागि यसले तपाईंलाई सहायता पुऱ्याउनेछ। यसले तपाईंलाई चुनौती दिन्छ भन्ने कुरामा तपाईं आशावादी हुन सक्नुहुन्छ। अनि तपाईं वृद्धि हुनुहुँदा, परमेश्वरको परिवारमा भएका नयाँ अधिकारहरू र अझै महत्त्वपूर्ण कर्तव्यहरूमा तपाईं सचेत बन्नुहुनेछ। हामीमा यो होस् भन्ने इच्छा तपाईं र म दुवैमा छ। हाम्रो मुख्य विषयवस्तु यही पवित्र धर्मशास्त्र नै बनोस्: ''जब म बालक थिएँ, तब बालकजस्तै बोल्थें, बालकले जस्तो विचार गर्थें, बालकको जस्तै तर्क गर्थें, तर जब म जवान भएँ, तब बालकको चाल छोडिदिएँ'' (१ कोरिन्थी १३:११)।

## *पाठको रूपरेखा*

मानिसको वृद्धिको निम्ति परमेश्वरको इच्छा
- सृष्टिमा
- पतनदेखि उद्धारसम्म
- पतनदेखि परिपक्वतासम्म

वृद्धि हुन चाहने मानिसको इच्छा

वृद्धि हुन चाहने मानिसको इच्छाको निर्देशन
- येशूको जीवनद्वारा निर्देशन
- मुक्तिको निश्चयताद्वारा निर्देशन
- प्राकृतिक वृद्धिको बुझाइद्वारा निर्देशन

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंलेः

- खीष्टको स्वरूपमा वृद्धि हुन सक्नका लागि परमेश्वरसँगको सङ्गतिलाई कायम राख्न सक्नुपर्नेछ।
- आफ्नो आत्मिक वृद्धिमा तपाईंको आफ्नै सहभागितालाई अझै प्रभावकारी प्रकारले बुझ्न र पूरा गर्न सक्नुपर्नेछ।
- खीष्टियान परिपक्वतामा प्राकृतिक प्रक्रिया र अलौकिक शक्ति दुवैलाई मिलाउन सक्नुपर्नेछ।
- खीष्टियान परिपक्वतालाई परिभाषित गर्न सक्नुपर्नेछ।

---

## *सिक्ने क्रियाकलापहरू*

१. तपाईंको अध्ययनमा पवित्र आत्माको अगुवाइ माग्नुहोस्। उहाँले तपाईंलाई सबै सत्यतामा डोर्‍याउन चाहनुहुन्छ भन्ने कुरालाई याद गर्नुहोस् (यूहन्ना १६ः१३ हेर्नुहोस्)।

२. यस पाठलाई शुरू गर्नुभन्दा पहिले, एउटा अभ्यास-पुस्तिका तयार पार्नुहोस्। यस स्वयम्-अध्ययन पाठ्यपुस्तकमा समावेश गर्नका लागि धेरै लामा उत्तरहरू र तपाईंले यस पाठ्यपुस्तकमा अध्ययन गर्नुहुँदा तपाईंले राख्न चाहनुभएका टिप्पणीहरूलाई यस अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

३. यस स्वयम्-अध्ययन पाठ्यपुस्तकमा भएका परिचयात्मक सामग्रीहरूलाई ध्यानसँग पढ्नुहोस्।

४. पाठ १ का प्रेरणादायक खण्ड, रूपरेखा, उद्देश्यहरू र सिक्ने क्रियाकलापहरूलाई पढ्नुहोस्।

५. तपाईंले नबुझ्नुभएका मुख्य शब्दहरूका परिभाषाहरूलाई यस पाठ्यपुस्तकको अन्त्यमा दिइएको शब्दकोशमा हेर्नुहोस्।

६. पाठको विकासलाई ध्यानसँग पढ्नुहोस् र सोधिएका प्रत्येक प्रश्नको उत्तर पनि दिनुहोस्। प्रत्येकको उत्तर दिएपछि पाठको अन्तमा दिइएका उत्तरहरूसँग ती उत्तरहरूको जाँच गर्नुहोस् र आवश्यक परेको खण्डमा आफ्नो उत्तरलाई सच्याउनुहोस्।

७. पाठको विकासमा समावेश प्रत्येक बाइबल पदलाई पढ्नुहोस्।

८. पाठको अन्तमा स्वयम्-जाँच लिनुहोस्। तपाईंका उत्तरहरूलाई ध्यानपूर्वक जाँच्नुहोस्। बेठीकसँग उत्तर दिइएका विषयहरूलाई फेरि समीक्षा गर्नुहोस्।

## *मुख्य शब्दहरू*

तपाईंले अध्ययन गर्दै जानुहुँदा प्रत्येक पाठको शुरूमा हामीले उल्लेख गरेका मुख्य शब्दहरू बुझ्नाले तपाईंलाई धेरै सहयोग पुग्न जान्छ। तिनीहरूलाई पुस्तकको अन्तमा पनि क्रम मिलाएर शब्दकोशमा राखिएको छ। पढ्दा-पढ्दै तपाईंलाई कुनै शब्दहरूको शङ्का लाग्यो भने सूचीमा राखिएका शब्दहरूमा हेरी त्यसको अर्थ पत्ता लगाउन सक्नुहुनेछ। तपाईंले अध्ययन गर्नुहुँदा ती शब्दहरूलाई पनि राम्रोसँग ध्यान दिनुहोस्।

| | |
|---|---|
| उद्देश्य | वृद्धि हुनु |
| कद | शक्तिशाली |
| परिपक्वता | सङ्गति |
| भाग्य | सम्बन्ध |
| मूल्याङ्कन | सिद्ध |
| वृद्धि | |

## *पाठ विकास*

# मानिसको वृद्धिको निम्ति परमेश्वरको इच्छा

मानिसलाई सृष्टि गर्ने परमेश्वरको कारणलाई विचार गर्दै ख्रीष्टियान परिपक्वतामा भएको हाम्रो यस पाठ्यपुस्तकलाई हामी शुरू गर्नेछौं। "किन परमेश्वरले मानिसलाई बनाउनुभयो होला" भनी के तपाईंले कहिल्यै प्रश्न गर्नुभएको छ? "मानिसबाट परमेश्वरले के आशा राख्नुहुन्छ" भन्ने कुराले के तपाईंलाई अचम्ममा पारेको छ?

### सृष्टिमा

उद्देश्य १: *परमेश्वरले मानिसलाई किन सृष्टि गर्नुभयो सो कसैसँग व्याख्या गरिदिनुहोस्।*

परमेश्वरले आफ्नै कामलाई दृष्टिगत गर्नका लागि कैयौं पल्ट सृष्टिको प्रक्रियालाई रोक्नुभयो। प्रत्येक पल्ट यो असल थियो भनी

उहाँले देख्नुभयो। आफ्नो योजना अनुसार परमेश्वरले छैटौं दिनमा मानिसलाई सृष्टि गर्नुभयो। मानिसलाई परमेश्वरको स्वरूप र प्रतिरूपमा बनाइएको थियो (उत्पत्ति १:२७)। तब परमेश्वरले आफ्नो काममा फेरि हेर्नुभयो र यो धेरै असल थियो भनी देख्नुभयो (उत्पत्ति १:३१)। मानिसविना सृष्टि नै अपूर्ण थियो। मानिसको सृष्टिले परमेश्वरको योजनालाई पूरा गऱ्यो। परमेश्वर र मानिसको बीचको सङ्गतिद्वारा, उनीहरू प्रत्येकको आधारभूत आवश्यकता पूरा गरिएको थियो। यस सङ्गतिको माध्यमद्वारा मानिस परमेश्वरमा वृद्धि हुनेछ, उसले उहाँलाई महिमा दिनेछ र आफ्नो सृष्टिको उद्देश्यलाई पूरा गर्नेछ।

१ उपदेशक १२:१३ लाई हेर्नुहोस्। यस पद अनुसार परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको कारणलाई पूरा गर्नका लागि उसले कुन दुइ कुराहरू गर्नैपर्छ? ..................................................
..................................................................................

"परमेश्वरसँग डराउनु" को अर्थ उहाँको आदर र भक्ति गर्नु हो। निश्चय नै मानिसको निम्ति भएको उहाँको उद्देश्यमा यस आदरलाई समावेश गरिएको छ।

**पतनदेखि उद्धारसम्म**

उद्देश्य २: *उद्धार र येशू ख्रीष्टमा भएको वृद्धिद्वारा प्राप्त गर्नलाई मानिसका निम्ति परमेश्वरले योजना गर्नुभएको लक्ष्यलाई उल्लेख गर्नुहोस्।*

अभाग्यवस सृष्टिको विवरण मानिसको निम्ति भएको परमेश्वरको महिमित उद्देश्यको परिपूर्तिका साथ समाप्त हुँदैन। मानिसको पापको कारण, ऊ पतन भयो र परमेश्वरसँग सङ्गति गर्न र उहाँलाई महिमा दिनका लागि ऊ अयोग्य भयो। पतित मानिसका विचारहरू परमेश्वरका भन्दा टाढ़ा थिए। उसका इच्छाहरूले उसलाई परमेश्वरबाट टाढ़ा लगेको थियो। उसका कार्यहरू परमेश्वरप्रति प्रायःजसो आक्रामक थिए। परमेश्वरसँगको सङ्गतिबाट अलग राखी पापले मानिसलाई विनाश गऱ्यो, जुन सङ्गतिको उद्देश्यसाथ मानिसको सृष्टि भएको थियो।

तर परमेश्वरले मानिसलाई यति धेरै प्रेम गर्नुभयो र उसको सङ्गतिलाई यति धेरै चाहनुभयो कि उहाँले मुक्तिको योजना उपलब्ध

गरिदिनुभयो। तोडिएको सङ्गतिलाई आफ्ना पुत्र, येशू ख्रीष्टको बलिदानद्वारा पुनर्स्थापित गर्ने योजना परमेश्वरको थियो। मानिसका निम्ति मर्नलाई परमेश्वरले आफ्नै पुत्रलाई पठाउनुभयो। यसरी मानिसको उद्धार हुन सकोस् र उहाँसँग सङ्गति गर्न सकोस् भनेर हो।

२ परमेश्वरको उद्धारको योजनामा मानिसका निम्ति के लक्ष्य छ?

........................................................................................

मानिसमा भएको परमेश्वरको स्वरूप पतनद्वारा खति भएको छ। तर येशू ख्रीष्टद्वारा परमेश्वरले मानिसलाई उहाँको आफ्नै स्वरूपमा ल्याउनुहुन्छ। नयाँ करारको यो मुख्य विषयवस्तु हो। येशू ख्रीष्टको स्वरूपमा हामी वृद्धि हुँदा हामी परमेश्वरजस्तै बन्छौं।

**पतनदेखि परिपक्वतासम्म**

उद्देश्य ३: *ख्रीष्टियान परिपक्वताको लक्ष्यलाई उल्लेख गर्नका लागि एफिसी ४:१३ लाई प्रयोग गर्नुहोस्।*

*परिपक्वतालाई* "स्वाभाविक प्रक्रियाद्वारा वृद्धि र विकासको पूर्णतामा ल्याउने अवस्था" वा "परिपक्व वर्षहरूसहित पूर्ण विकास भएको मानिसको अवस्थाको" रूपमा परिभाषित गर्न सकिन्छ। परिपक्वतामा लैजाने स्वाभाविक वा प्राकृतिक प्रक्रियाहरूलाई बाधा दिन वा सहायता पुऱ्याउन सकिन्छ भन्ने कुरा हामी हेर्नेछौं। येशू ख्रीष्टको मण्डलीको सेवा प्रत्येक विश्वासीलाई येशू ख्रीष्टजस्तै परिपक्व व्यक्ति बन्नका लागि सहायता पुऱ्याउनु हो। एफिसी ४:११-१६-ले यही आधारभूत सत्यतालाई प्रदान गरेको छ जुन अध्यायलाई हामी पछि विस्तृत रूपमा हेर्नेछौं।

३ एफिसी ४:११ अनुसार, आत्मिक परिपक्वता प्राप्त गर्नका लागि हामीलाई सहायता गर्न ख्रीष्टले दिनुभएका सेवा गर्ने व्यक्तिहरू को-को हुन्? ........................................................................

........................................................................................

४ एफिसी ४:१३ अनुसार ख्रीष्टियान परिपक्वताको लक्ष्य के हो?

........................................................................................

यस खण्डमा प्रयोग गरिएका शब्दहरू *मुख्य शब्दहरूका सूचीमा* उल्लेख गरिएका छन्। तिनीहरूलाई शब्दकोशमा हेर्न नभूल्नुहोस्।

एफिसी ४:१३ मा अनुवाद गरिएको "परिपक्व" शब्दलाई प्रायःजसो "सिद्ध" (मत्ती १६:२१ र फिलिप्पी ३:१२ लाई कलस्सी १:२८ सँग तुलना गर्नुहोस्) भनी अनुवाद गरिएको छ। सामान्य रूपमा सिद्ध शब्दको अर्थ "पूर्ण" वा "सम्पूर्ण" भन्ने हुन्छ। यसको अर्थ "सिद्धिएको" वा "पूरा भएको" भन्ने पनि हुन्छ (यूहन्ना १६:३० हेर्नुहोस्)।

**५** कलस्सी १:२८ पढ्नुहोस्। यस पदमा परिपक्व शब्दले तल उल्लेखित कुनचाहिँ विषयलाई सबैभन्दा स्पष्टसँग परिभाषित गर्छ?

**क**. भूलरहित
**ख**. पापरहित
**ग**. पूर्ण वा सम्पूर्ण



जति हामी ख्रीष्टजस्ता हुन्छौं, हाम्रो जीवनका निम्ति भएका परमेश्वरका उद्देश्यलाई हामी त्यति धेरै पूरा गर्न सक्छौं र हामी उहाँलाई अझै महिमा दिन सक्छौं। प्रत्येक ख्रीष्टियान परिपक्व, पूर्ण र ख्रीष्टजस्तो बन्न सकोस् भन्ने परमेश्वरको महान् इच्छालाई के तपाईं देख्न सक्नुहुन्छ? प्रत्येक विश्वासीको जीवनको निम्ति परमेश्वरले राख्नुभएको सबैभन्दा उच्च लक्ष्य उसको आत्मिक परिपक्वता हो। हाम्रो जीवनमा परिपक्वताका प्रत्येक विकासलाई हाम्रा स्वर्गीक पिताले बडो उत्सुकतासाथ हेर्नुहुन्छ।

## वृद्धि हुन चाहने मानिसको इच्छा

उद्देश्य ४: *परमेश्वरलाई नहेरुञ्जेलसम्म कुनै पनि मानिसले वृद्धिको निम्ति भएको आफ्नो आवश्यकतामा किन पूर्ण तृप्ति प्राप्त गर्न सक्दैन व्याख्या गर्नुहोस्।*

आफ्नो अस्तित्वको कारण र उद्देश्य पत्ता लगाउने भोक प्रत्येक मानिसभित्र नै हुन्छ। जीवनको अर्थको खोजद्वारा नै सबै मानिसहरूका

बीचमा धेरैजसो अशान्तिले छाएको हुन्छ। मानिसलाई लक्ष्यको आवश्यकता पर्छ। उद्धार नपाएकै अवस्थामा पनि, भाग्य र अनन्ततासँग आफू सम्बद्ध भएको मानिसले महसूस गर्छ। उसले तृप्तिको खोजी र चाहना गरिराखेको हुन्छ, जसलाई परमेश्वरसँगको सङ्गतिमा मात्र पूर्ण रूपमा पाउन सकिन्छ। मानव व्यक्तित्व परमेश्वरलाई प्रसन्न तुल्याउने परमेश्वर-मानिस सम्बन्धमा मात्र पूर्ण रूपमा विकास हुन सक्छ। जबसम्म मानिस परमेश्वरबाट अलग रहन्छ, आत्मिक वृद्धिको निम्ति भएको उसको चाहना कहिल्यै पूरा हुन सक्दैन।

उद्धार नपाएको प्रत्येक व्यक्तिको भित्रपट्टि खालीपन हुन्छ, जुनचाहिँ सृष्टिकर्ताद्वारा राखिएको घण्टी वा सङ्केत हो। जब मानिसले आफ्नो निम्ति भएको परमेश्वरको उद्देश्यलाई पूरा गर्दैन, उसले आत्मिक निराशापनको अनुभव गर्छ, जुनचाहिँ हात वा खुट्टा गुमाएको शारीरिक वेदनाजस्तै हुन्छ। मानिसहरूले प्रायःजसो पापद्वारा यस्तो आत्मिक निराशापनबाट अस्थायी छुटकारा (ढाकछोप) पाउँछन्। शारीरिक दुखाइलाई हटाउने केही औषधीसँग यो अस्थायी ढाकछोपलाई तुलना गर्न सकिन्छ। सृष्टिकर्तालाई चिन्ने र सेवा गर्ने आफ्नो आवश्यकताप्रति भएको मानिसको इन्कार नै पापको कार्य हो, जसले आत्मिक परिपक्वतालाई रोक्छ।

एक अर्थमा भन्ने हो भने हाम्रो मानव आत्मा ईश्वरीय स्वभावलाई सापटी लिएको जस्तो हो। हाम्रो आत्मामा मात्र हामी साँचो रूपमा परमेश्वरजस्ता छौं। यो हाम्रो सबैभन्दा बहुमूल्य वरदान हो। हाम्रो आत्माले नै उद्देश्यको माग गर्छ।

६ मानिसमा भएको ईश्वरप्रतिरूप वा *परमेश्वरको स्वरूप* मानिसको आत्मा हो। (आत्मामा इच्छा, मन छनोट इत्यादिजस्ता कुराहरू समावेश गरिएको हुन्छ)। १ कोरिन्थी २:१०-११ पढ्नुहोस्। एक व्यक्तिको कुनचाहिँ भागले परमेश्वरसँग सम्बन्ध राख्छ?

..........................................................................................

७ रोमी ८:१६ अनुसार, हामी परमेश्वरका सन्तान हौं भनी परमेश्वरका आत्माले हामीलाई कसरी घोषणा गर्नुहुन्छ?

..........................................................................................

हामी भन्न सक्छौं कि प्रत्येक व्यक्ति लक्ष्यप्रतिको वृद्धिमा पुग्ने जटिल आवश्यकताका साथ जन्मेको हुन्छ। प्रायःजसो एक व्यक्तिले

शिक्षा-दीक्षा, धन-सम्पत्ति वा मान र पदवीको सम्बन्धमा यस आवश्यकताको महसूस गर्छ। वास्तवमा यो आवश्यकतालाई सृष्टिकर्तासँगको उचित सम्बन्धद्वारा मात्र तृप्त पार्न सकिन्छ। हामी अझ उहाँजस्तै बन्दा यसलाई पूरा गर्न सकिन्छ। तब हामी परमेश्वरको साँचो सङ्गति गर्न सक्छौं। ख्रीष्टियान परिपक्वतामा आफ्नो इच्छालाई मानिसले केन्द्रित गरेपछि मात्र वृद्धिको निम्ति भएको प्रत्येक मानिसको आवश्यकता वा इच्छाको गुण ईश्वरीय इच्छा बन्छ।

## वृद्धि हुन चाहने मानिसको इच्छाको निर्देशन

उद्देश्य ५: *परमेश्वरतर्फ चलायमान हुने वृद्धिको निम्ति मानिसको स्वाभाविक इच्छाको शक्तिलाई एक व्यक्तिले कसरी प्रयोग गर्न सक्छ, बताउनुहोस्।*

तीव्र गतिमा बगिरहेको नदीलाई बाँध बाँधेर छेक्ने कोशिश गरिरहेका कोही व्यक्तिलाई के तपाईंले हेर्नुभएको छ? कहिलेकहीँ यसो गर्नु असम्भव नै हुन्छ, किनकि अगाड़ि बढ्ने ठूलो शक्ति त्यहाँ हुन्छ, जसलाई रोक्न अति नै कठिन हुन्छ। यस चलायमानलाई शक्ति भनिन्छ। ''शक्ति'' चाहिँ भित्रिय दबाब हो, जसले चलायमानको माग गर्छ।

परमेश्वरले यस शक्तिलाई मानिसभित्र राखिदिनुभएको छ। र पनि, यस शक्तिको निम्ति निर्देशन छान्नका लागि परमेश्वरले मानिसलाई अनुमति दिनुभएको छ। तपाईं यसो भन्न सक्नुहुन्छ कि एक व्यक्तिभित्र भएको इच्छाको नदी आफ्नो बाटो खोज्दै विभिन्न दिशातिर चलायमान हुन्छ। परमेश्वरविनाका मानिसहरूलाई पवित्रशास्त्रमा *उर्लंदा छालहरूजस्तै* भनी सम्बोधन गरिएको छ (यहूदा १३)। उद्धार नपाएका मानिसहरूले यस शक्तिलाई स्वार्थी– लक्ष्यहरूका निम्ति प्रयोग गर्छन्। यिनीहरूले अन्त्यमा असन्तुष्टि प्रदान गर्छन्। अर्को तर्फ, हामी विश्वासीहरूले परमेश्वरमा परिपक्व हुनका लागि यस शक्तिलाई प्रयोग गर्नुपर्छ।

८ लूका १०:३०-३५ मा सामरीले आफ्नो दयाको शक्तिलाई कसरी परमेश्वरतर्फ चलायमान गर्न सके? ................................

## येशूको जीवनद्वारा निर्देशन

उद्देश्य ६: *वृद्धिको निम्ति भएको तपाईंको इच्छाको साँचो उद्देश्यलाई परिपूर्ति गर्नका लागि ख्रीष्टमा विश्वासको अभ्यास गर्नुहोस्।*

हामीले हाम्रो साँचो उद्देश्य प्राप्त गर्न सकौं भनी परमेश्वरको सरोकारका प्रकाशका रूपमा येशू ख्रीष्ट हाम्रो संसारमा आउनुभयो। येशूचाहिँ "परमेश्वर-मानिस" सम्बन्धका ठीक नमूना हुनुहुन्छ। उहाँको सम्पूर्णता यसको स्रोतमा ठीक सम्बन्धमा जिउनुभएको जीवनको नतीजा हो। उहाँको जीवन, मृत्यु र पुनरुत्थानले उहाँको *उद्देश्यलाई साँचो रूपमा पूरा गर्न* मानिसका निम्ति बाटो खोलिदिएको छ। पापले मानिसबाट जे कुरा लुटेको थियो, ख्रीष्टले यसलाई मानिसकहाँ पुनर्स्थापित गर्नुभएको छ। ख्रीष्टमा राखिएको विश्वासद्वारा हामी परमेश्वरको परिवारमा जन्मेका छौं र हामी हाम्रो आत्माको *शक्तिको* निम्ति ठीक दिशा (निर्देशन) पत्ता लगाउन सक्छौं।


६ यूहन्ना १०:१०-मा येशूले हाम्रो साँचो उद्देश्यलाई के भनी अभिव्यक्त गर्नुभयो? उहाँ आउनुभएको छ ताकि

**क.** हामी नर्कबाट उम्कन सक्छौं।
**ख.** पवित्र धर्मशास्त्र पूरा होस्।
**ग.** हामीले प्रशस्तताको जीवन प्राप्त गर्न सक्छौं।

## मुक्तिको निश्चयताद्वारा निर्देशन

उद्देश्य ७: *तपाईंको आत्मिक वृद्धिको आधार किन अलौकिक छ बताउनुहोस्।*

नयाँ जन्म पाउनु नै ख्रीष्टियानहरूको अन्तिम लक्ष्य हो भनी कोही मानिसहरूले विचार गर्छन्। तर हामी ख्रीष्टियानहरू हौं भन्ने ज्ञानले मात्र हामीलाई शक्तिशाली ख्रीष्टियान जीवनको निश्चयता दिन सक्दैन। शक्तिशाली जीविकाले चलायमान र वृद्धिको बोध गराउँछ। भर्खर जन्मेको जीवित बालक वृद्धि भएझैं नयाँ ख्रीष्टियान पनि वृद्धि हुनैपर्छ। अब ऊ परमेश्वरले चाहनुभएको दिशामा चलायमान हुन सक्छ। तर वृद्धिचाहिँ स्वतः हुँदैन– विश्वासी ख्रीष्टियान परिपक्वतातर्फ वृद्धि हुन चाहनैपर्छ।




ख्रीष्टियान परिपक्वताप्रतिको तपाईंको पहिलो कदमचाहिँ तपाईंका पापहरूका क्षमाका निम्ति येशूको मृत्यु र पुनरुत्थान भएको थियो भनी विश्वास गर्नु हो। तपाईंको दोस्रो कदमचाहिँ येशू ख्रीष्टलाई तपाईंको जीवनका प्रभुका रूपमा चिन्नु र स्वीकार गर्नु हो। विश्वास गर्ने र स्वीकार गर्ने व्यक्तिले मालिक र प्रभुका रूपमा ख्रीष्टका आत्मालाई आफ्नो मानव आत्मामा प्राप्त गर्छ। तब पवित्र आत्माले मानिसको साँचो उद्देश्यतर्फ उसलाई शक्तिशाली प्रभाव प्रदान गर्नुहुन्छ। यस प्रभावमा मानिसले धेरै बाधाहरूको सामना गर्नुपर्ने हुन्छ। तर यी सबै बाधाहरूद्वारा पवित्र आत्माको सहायतासाथ ख्रीष्टमा हुने परिपक्वतातर्फ मानिसले उन्नति गर्न सक्छ।

१ कोरिन्थी ३:२३ मा "तिमीहरू ख्रीष्टका हौ" भन्ने वचनले यही बोध गराउँछ कि ख्रीष्ट तपाईंका प्रभु र मालिक हुनुहुन्छ।

**१०** तल दिइएका बाइबलका पद अनुसार, हामी किन ख्रीष्टका हौं?

**क.** १ कोरिन्थी ६:२० ....................................................

**ख.** १ पत्रुस १:१८-१९ ..................................................

**ग.** एफिसी १:४ ........................................................

**११** आफ्ना जीवनमा ख्रीष्टद्वारा परमेश्वरका दाबीहरूलाई सारा संसारले किन चिन्दैन भन्ने कुरालाई यूहन्ना ३:१९-२० मा बाइबलले व्याख्या गरेको छ। यो किन हो?

.....................................................................................

**१२.** ख्रीष्टको हुनका लागि एक व्यक्तिले के गर्नैपर्छ भन्ने कुरा तल दिइएका तीनवटा बाइबल खण्डहरूले हामीलाई बताउँछन्। कसरी ख्रीष्टियान बन्नुपर्छ भनी बुझ्न र अरूहरूलाई व्याख्या गरिदिनका लागि यी पदहरूको अध्ययनले सहायता गर्छ। प्रत्येक खण्डलाई पढ्नुहोस् र येशूमा नयाँ जीवन पाउनका लागि के आवश्यक छ लेख्नुहोस्। पहिलेको उत्तर मैले तपाईंलाई दिएको छु।

**क.** यूहन्ना ३:१६-१८ *एक व्यक्तिले परमेश्वरका एक मात्र पुत्रमा विश्वास गर्नुपर्छ।*

**ख.** रोमी १०:९-१० ..............................................

**ग.** यूहन्ना १:१२ ..............................................

*आफूले उद्धार पाएको,* र परमेश्वरको परिवारमा बालकको रूपमा जन्मेको कुरा एक व्यक्तिले *जान्न सक्छ* भन्ने कुरा माथिको अभ्यासका उत्तरहरूले हामीलाई बताउँछन्। यस सत्यतालाई विशेष गरी तपाईंमा वास्तविक बनाउनका लागि केही समय लिई १ यूहन्ना ४:१४-१६ लाई पढ्नुहोस्।

**१३** १ यूहन्ना ४:१४-१६ मा भएका सत्यतालाई तपाईंका आफ्नै शब्दहरू प्रयोग गरी, दुइ वाक्यहरूमा लेख्नुहोस्। तपाईंले कुनै मित्रलाई यो अचम्मको सत्यता व्याख्या गरिदिनुभएजस्तै गरी यी वाक्यहरूलाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

## प्राकृतिक (स्वाभाविक) वृद्धिको बुझाइद्वारा निर्देशन

उद्देश्य ८: *आत्मिक वृद्धिलाई प्राकृतिक वृद्धिसँग तुलना गर्नुहोस्।*

*ख्रीष्टियान परिपक्वतालाई एक प्रक्रियाको रूपमा परिभाषित गर्न सकिन्छ, जुनचाहिँ प्राकृतिक वृद्धिजस्तो हुन्छ, जसद्वारा हामीलाई आत्मिक पूर्णतामा ल्याइन्छ।*

ख्रीष्टमा भएको हाम्रो जीवनलाई बीउसँग तुलना गरिएको छ। वृद्धि र परिपक्वतालाई बाइबलमा प्रायःजसो खेती र बोट बिरुवाद्वारा चित्रण गरिएको छ। हामी अविनाशी वीर्यबाट नयाँ गरी जन्मेका छौं। बाइबलले १ पत्रुस १:२३ मा यस विशेष वीर्यलाई वर्णन गरेको छ।

**१४** १ पत्रुस १:२३ अनुसार केद्वारा हामी फेरि जन्मेका छौं?

..............................................................................

..............................................................................

पहिलो यूहन्ना ३:९-ले परमेश्वरको बीउलाई सम्बोधन गर्छ, जुनचाहिँ विश्वासीहरूका रूपमा हामीमा रहन्छ। तपाईंलाई थाहा छ कि सम्पूर्ण जीवनमा पूर्ण वृद्धिको सारगर्भित सानो बीउमा नै हुन्छ।

उदाहरणको लागि, पूर्ण वृद्धि भएको मकैको विरुवाको सारगर्भित मकैको बीउमा नै हुन्छ। सानो बीउबाट ठूलो रूख आउन सक्छ भनी विश्वास गर्न पनि कठिन छ। र पनि यसै हुन्छ। बीउमा रहेको विरुवाको स्वभाव वृद्धिको प्रक्रियाद्वारा मात्र देख्न सकिन्छ।

नयाँ गरी जन्मेका विश्वासीमा *परमेश्वरको स्वरूपको* निम्ति भएको सारगर्भित (क्षमता) परमेश्वरको वचनको बीउ नै हो। उनको नयाँ जीवन शक्तिशाली हुन्छ, जुनचाहिँ आत्मिक वृद्धिद्वारा ख्रीष्टियान परिपक्वतातर्फ अगाड़ि बढ्छ।

१५ स्वाभाविक जीविका र वृद्धिको निम्ति हाम्रो आवश्यकताको क्षेत्रमा परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएका २ कोरिन्थी ९:१० का दुइ थोकहरू के-के हुन्?

.............................................................................................

.............................................................................................

परमेश्वरले प्राकृतिक बीउलाई वृद्धि गराउन सक्नुभएझैं उहाँले हामीभित्र आत्मिक बीउ वृद्धि गराउन सक्नुहुन्छ भन्ने कुरालाई याद गर्नुहोस्। अनि जसरी प्राकृतिक बीउको वृद्धिमा परमेश्वरले किसानको परिश्रमको माग गर्नुहुन्छ, त्यसै गरी विश्वासीभित्रको आत्मिक बीउको वृद्धिको प्रक्रियाको भागको रूपमा उसको आफ्नै प्रयासको पनि परमेश्वरले माग गर्नुहुन्छ।

१६ यस पाठ्यपुस्तकमा नहेरीकन नै ख्रीष्टियान परिपक्वताको सम्बन्धमा भएको तपाईंको आफ्नै परिभाषालाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्। तब पाठको यस खण्डको शुरूमा दिइएको परिभाषालाई समीक्षा गर्नुहोस् र तपाईंले दिनुभएको परिभाषालाई यससँग तुलना गर्नुहोस्।


यस खण्डमा दिइएको ख्रीष्टियान परिपक्वताको परिभाषाबाट विशेष ध्यान दिनुहोस् कि हामी प्राकृतिक प्रक्रियाहरूजस्तै प्रक्रियाद्वारा आत्मिक पूर्णतामा ल्याइएका छौं। मानिसमा भएको परमेश्वरको स्वरूप मानिसको आत्मा शक्तिशाली दबाब हो। जुनचाहिँ सृष्टि र सृष्टिकर्ताको बीचमा उचित र अचम्मको सङ्गतिको किनारमा बग्नुपर्ने थियो। पापद्वारा तोडिएको भए तापनि, अब येशू ख्रीष्टद्वारा त्यस उद्देश्यलाई पुनर्स्थापित गर्न सकिन्छ।

ख्रीष्टियानहरूका रूपमा हाम्रो परिपक्वताको निम्ति त्यहाँ मापदण्ड छ भनी बाइबलले हामीलाई स्पष्टसँग बताएको छ।

१७ एफिसी ४:१३ अनुसार ख्रीष्टियान परिपक्वताको निम्ति मापदण्ड के हो? तपाईंको उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. बाइबलका पदहरू उद्‌धृत गर्न सक्ने क्षमता
**ख**. भूलहरूविना नै जिउँनु
**ग**. ख्रीष्टको पूर्ण कद (उन्नति)
**घ**. शैक्षिक प्रगति

"ख्रीष्टियान वृद्धि किन सजिलो प्रक्रिया छैन?" भनी तपाईं आफैले आफैलाई प्रश्न गर्नुभएको होला। फेरि पनि उत्तरचाहिँ प्रकृतिमा नै देख्न सकिन्छ। बीउका धेरै प्राकृतिक शत्रुहरू हुन्छन्। यसलाई धेरै गहिरो गरी वा गहिरो नै नगरी रोप्न सकिन्छ। हावाले यसलाई उडाएर लैजान सक्छ। माटो ढुङ्गेनी वा काँड़ाको बीउले भरिएको हुन सक्छ। फसल उत्पादन गर्नका लागि असम्भवजस्तो देखिने यी कुराहरूलाई धेरै किसानहरूले सामना गर्नुपर्छ। यो वास्तविकताचाहिँ रहिरहन्छ कि ठीक किसिमको अवस्था दिइयो भने असल बीउले जहिले पनि उत्पादन गर्छ।



मानिसमा भएको ईश्वरीय-स्वरूपको बीउको सबैभन्दा ठूलो शत्रु शैतान हो। ऊचाहिँ संसारमा परमेश्वरको स्वरूप वा प्रतिबिम्बको शत्रु हो। शुरूको उद्देश्यबाट मानिसलाई पतन गराउने परीक्षालाई उसैले रचेको थियो। उसले विश्व रणनीतिलाई निर्देशन गरेको छ, जसले अविश्वासीहरूलाई सुसमाचारबाट टाढ़ा राख्ने प्रयास गर्छ। येशू ख्रीष्टको स्वरूपमा हुने वृद्धि– ख्रीष्टियान परिपक्वताको लक्ष्यबाट उसले ख्रीष्टियानहरूलाई टाढ़ै राख्ने योजना गर्छ।

१८ लूका ८:४-१५ मा येशूले भन्नुभएको कथा बीउ र वृद्धिसँग सम्बन्धित छ। बीउलाई वृद्धि हुनबाट रोक्ने कति कुराहरूलाई तपाईंले यस खण्डमा भेट्टाउन सक्नुहुन्छ सो उल्लेख गर्नुहोस्।

..............................................................................

..............................................................................

माथिको प्रश्नलाई हामीले दिएको जवाफमा उल्लेखित कुनै कुराहरूले के तपाईंको आत्मिक वृद्धिलाई रोकेको छ?

१९ हाम्रो जीवनलाई शक्तिशाली बनाउनका लागि हामीलाई सहायता पुऱ्याउन परमेश्वरले हामीलाई धेरै स्रोतहरू उपलब्ध गरिदिनुभएको छ। यी स्रोतहरूलाई वरदानहरू, खूबीहरू, मौकाहरू इत्यादि भनी वर्णन गर्न सकिन्छ। आफूलाई आत्मिक रूपमा वृद्धि गर्नका लागि सहायता पुऱ्याउन तल उल्लेखित स्रोतहरूलाई तपाईंले कति राम्रोसँग प्रयोग गर्नुभएको छ, कृपया आफैलाई मूल्याङ्कन गर्नुहोस् (उदाहरण हेर्नुहोस्):

| स्रोत | धेरै | केही | शून्य |
|---|---|---|---|
| परमेश्वरको वचनको अध्ययन | | | |
| प्रार्थना | | | |
| आराधना सेवाहरूमा हाजिर | | | |
| अरू विश्वासीहरूसँग हाजिर | | | |
| वृद्धि हुनका लागि तपाईंको स्वाभाविक इच्छा | | | |
| परमेश्वरप्रति तपाईंको आज्ञाकारिता | | | |

माथि दिइएको व्यक्तिगत मूल्याङ्कन अभ्यासलाई पूरा नगरुन्जेल तलको खण्डलाई तपाईं नपढ्नुहोस्। *आत्मिक वृद्धिका निम्ति भएका यी स्रोतहरूको लगनशील प्रयोगद्वारा तपाईं परिपक्व हुनका लागि पवित्र आत्माको सहायताको निम्ति अहिले नै प्रार्थना गर्नुहोस्।*

हाम्रो आत्मिक जीवनमा पितालाई साँचो महिमा दिनका लागि हामीले हाम्रो जीवनमा साँचो ख्रीष्टियान परिपक्वताको लक्ष्यलाई स्वीकार गर्नैपर्छ। आफ्ना शत्रुहरूको विरुद्धमा विजय प्राप्त गर्ने समूहको सामर्थ्य र निश्चयतासाथ यस लक्ष्यमा पुग्ने निर्णय हामीले लिनैपर्छ। हामी दोस्रो उत्तम कुरालाई स्वीकार गर्न सक्दैनौं।

२० २ पत्रुस ३:१८ हाम्रो निम्ति महत्त्वपूर्ण पद हो। यो पदलाई पढ्नुहोस् र खाली ठाउँमा भर्नुहोस्। तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको ............... र ................ मा बढ्दैजाओ। उहाँलाई अहिले र सदासर्वदा .................... होस्। आमिन।

परमेश्वरको अनुग्रहद्वारा हाम्रो हुन सक्ने पूर्ण ख्रीष्टियान परिपक्वतालाई हामी इच्छा गरौं। अरूहरूलाई ख्रीष्टको स्वरूपमा वृद्धि हुनका लागि सहायता गर्न यस ख्रीष्टियान सेवा पाठचपुस्तकले हामीलाई सक्षम पार्न सकेको होस्।

**स्वयम्-जाँच**

यस पाठलाई तपाईंले समीक्षा गर्नुभएपछि, स्वयम्-जाँच लिनुहोस्। तब यस पाठ्यपुस्तकको पछाडिपट्टि दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्। बेठीकसँग दिइएका उत्तरहरूलाई समीक्षा गर्नुहोस्।

**ठीक-बेठीक प्रश्नः** प्रत्येक ठीक बयानको अगाड़िको खाली ठाउँमा *ठी* लेख्नुहोस्। यदि बयान बेठीक छ भने *बे* लेख्नुहोस्।

.... १ मानिसको सृष्टिविना पनि सृष्टि पूर्ण थियो।

.... २ मानिस कहिल्यै पनि परमेश्वरको स्वरूपमा पुनर्स्थापित हुन सक्दैन।

.... ३ परमेश्वरसँग ठीक सम्बन्ध स्थापित नभईकन मानिसको उद्देश्य साँचो रूपमा पूरा हुन सक्दैन।

.... ४ जीवन शक्तिशाली हुनेछ भन्ने कुराको निश्चयता ख्रीष्टियान अनुभव हो।

.... ५ एक व्यक्तिले आफ्नो जीवनमा येशू ख्रीष्टलाई मुक्तिदाताका रूपमा स्वीकार गरेपछि उसको नयाँ जन्म हुन्छ।

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** ठीक उत्तर वा उत्तरहरूको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

६ बाइबल खण्डहरूमा सिद्ध वा परिपक्व शब्दको ठीक बुझाइलाई सङ्केत गर्नुहोस्। (एकभन्दा धेरै ठीक हुन सक्छ।)

क. पूर्ण वृद्धि भएको
ख. पापरहित
ग. पूर्ण
घ. सम्पूर्ण
ङ. सिद्धिएको
च. लाडेपन

७ उद्देश्य वा कारणको माग गर्ने मानिसको स्वभावको क्षेत्र उसको

क. प्राण हो
ख. शरीर हो
ग. आत्मा हो

८ हाम्रो संसारमा येशू ख्रीष्टको आगमनको उद्देश्य तलका कुन दुइ अभिव्यक्तिहरूले उत्तम किसिममा उल्लेख गरेका छन्?

क. यसरी मानिस दोषी ठहरिन सकोस्।
ख. उचित मानिस-परमेश्वर सम्बन्धको ठीक नमूनाको रूप।
ग. ताकि मानिसलाई प्रशस्तताको जीवनमा ल्याउन सकियोस्।
घ. महत्त्वपूर्ण नयाँ धर्मको शुरूवात्।

**छोटो उत्तरः** प्रत्येक प्रश्नको ठीक उत्तर दिई, खाली ठाउँमा भर्नुहोस्।

९ मानिसमा भएको ईश्वरीय स्वरूपको बीउको सबैभन्दा ठूलो शत्रु .............. हो।

..........................................................................

..........................................................................

१० मानिसहरूले कसरी सुसमाचार प्राप्त गर्छन् भनी लूका ८-मा येशूले वर्णन गर्नुभएको दुइ किसिमको माटोको नाम दिनुहोस्।

..........................................................................

..........................................................................

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ परमेश्वरको भय मान्नुपर्छ र उहाँका आज्ञाहरू पालन गर्नुपर्छ।

११ किनकि अन्धकारमा भएका मानिसहरूले ज्योतिलाई इन्कार गर्छन्।

२ परमेश्वर र मानिसका बीचमा सङ्गति पुनर्स्थापना गर्नलाई।

१२ **क** दिइएको उदाहरणलाई हेर्नुहोस्।
**ख** प्रभुका रूपमा येशूलाई स्वीकार गर्नु र उहाँको पुनरुत्थानमा विश्वास गर्नु।
**ग** खीष्टलाई ग्रहण गर्नु र उहाँमा विश्वास गर्नु।

३ प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू, पास्टरहरू र शिक्षकहरू।

१३ १ यूहन्ना ४:१४-१६ मा भएको सत्यतालाई तपाईंका आफ्नै शब्दहरूमा।

४ खीष्टको स्वरूप।

१४ परमेश्वरको जीवित र अनन्त वचन।

५ ग) पूर्ण वा सम्पूर्ण।

१५ प्रशस्त बीउ र प्रशस्त फसल।

६ त्यस व्यक्तिको आफ्नै आत्मा।

१६ तपाईंका आफ्नै शब्दहरूमा खीष्टियान परिपक्वताको परिभाषा।

७ उहाँ आफै हाम्रो आत्मामा मिलेर।

१७ ग) खीष्टको पूर्ण कद (उन्नति)।

८ खाँचोमा परेको कसैलाई सहायता पुऱ्याउन आफ्नो निस्स्वार्थी तरीकामा आफ्नो दया देखाएर।

१८ बाटोमा परेका बीउहरूमाथि कुल्चियो र तिनीहरूलाई चराहरूले खाए, शीत नभएको ढुङ्गेनी जमीनमा परे, र काँडाहरूका झाङ्मा परे।

६ ग) हामीले प्रशस्तताको जीवन प्राप्त गर्न सकौं।

१६ तपाईंको आफ्नै मूल्याङ्कन आफैले।

१० **क** किनकि ख्रीष्टले हामीलाई मोल तिरेर किन्नुभयो।
**ख** किनकि हाम्रा निम्ति ख्रीष्टले तिर्नुभएको मूल्य उहाँको आफ्नै जीवनको महङ्गो बलिदान थियो।
**ग** किनकि परमेश्वरले ख्रीष्टद्वारा हामीलाई उहाँकै हुनका निम्ति छान्नुभयो।

२० वृद्धि, अनुग्रह, ज्ञान, महिमा।

## टिप्पणीहरू

पाठ २

# येशू ख्रीष्ट: वृद्धिका उदाहरण

वृद्धिको केही प्रमाणसाथ तपाईंले आमा-बाबु वा शिक्षकलाई साँच्चै खुशी पार्नुभएको कुनै समयलाई के तपाईं याद गर्नुहुन्छ? आफ्ना बाबुसँगै उभिन कोशिश गर्ने कुनै सानो केटालाई के तपाईंले कहिल्यै देख्नुभएको छ? भित्तामा आफ्ना बाबुको उचाइँ कोरेका दुइ जना केटाहरूको घरमा आफू गएको कुरा मलाई याद आउँछ। केटाहरूको उन्नतिको तुलना गर्नका लागि तल विभिन्न मितिहरू र नापहरू राखिएका थिए। हाम्रा स्वर्गीक पिताले हाम्रो परिपक्वताको चाहना गर्नुभएको छ भन्ने कुरा हामीले देखिसकेका छौं र यसरी हामी उहाँसँग सङ्गति गर्न सक्छौं। उहाँले हामीलाई आफ्नो स्वरूपमा सृष्टि गर्नुभएको उद्देश्यमा हामी वृद्धि हुनु र यसलाई पूरा गर्नु आवश्यक छ।

तर *विश्वासीका रूपमा परिपक्व* हुने कुरा बुझ्न कठिनजस्तो देखिन्छ। "ख्रीष्टियान परिपक्वता कस्तो देखिन्छ त?" भनी तपाईंले प्रश्न गर्नुहोला। मैले भर्खरै बताएका केटाहरूले दृश्य लक्ष्य राखेका थिए। तिनीहरूले आफ्ना बाबुलाई चिनेका थिए। तिनीहरू आफ्ना बाबुको उचाइँलाई नाप्न सक्थे। उनको स्वरूपतर्फ तिनीहरूको आफ्नै उन्नतिको चित्रण गर्न तिनीहरूका निम्ति कठिन थिएन।

यस पाठमा हाम्रो उद्देश्य पनि यही नै हो। हामीले दृष्टिगत गर्न सक्ने लक्ष्यहरूका आधारमा हामी ख्रीष्टियान परिपक्वतालाई स्पष्टरूपमा परिभाषित गर्न चाहन्छौं। बाइबल एक खुला पुस्तक हो। येशूले प्रायःजसो दृष्टान्तहरूमा सिकाउनुभयो, जुनचाहिँ मानिसका सामान्य अनु-




भवहरूबाट लिइएका शब्द-चित्रहरू थिए। वृद्धिको निम्ति भएका बाइबलका स्तरहरू स्पष्ट छन् र ती हामी प्रत्येकसँग सम्बन्धित छन् भन्ने कुरा हामीले पत्ता लगाउनेछौं।

---

## *पाठको रूपरेखा*

वृद्धि हुनका लागि लक्ष्यको निर्धारण
येशू कसरी वृद्धि हुनुभयो सो हेर्नु
  शारीरिक परिपक्वता
  मानसिक परिपक्वता
  सामाजिक परिपक्वता
  आत्मिक परिपक्वता
येशूको स्वरूपको बारेमा सिक्नु।

---

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- हाम्रो आत्मिक वृद्धिको निम्ति येशू ख्रीष्ट यथार्थ लक्ष्य हुनुभएका चार तरीकाहरूलाई परिचित गर्न सक्नुपर्नेछ।
- प्रत्येक ख्रीष्टियान येशूजस्तै हुन सक्ने अति व्यावहारिक तरीकालाई उल्लेख गर्न सक्नुपर्नेछ।
- ख्रीष्टको स्वरूपप्रति भएको व्यक्तिगत वृद्धिलाई अनुभव गर्न सक्नुपर्नेछ।

---

## *सिक्ने क्रियाकलापहरू*

१. यस पाठ्यपुस्तकमा यस पाठलाई पढ्नुहोस्।

२. तपाईंले नबुझ्नुभएका कुनै पनि मुख्य शब्दहरूका परिभाषाहरूलाई शब्दकोशमा हेर्नुहोस्।

३. आवश्यक परेको खण्डमा पाठ्यपुस्तकलाई प्रयोग गरी पाठको विकासमा दिइएका अभ्यासहरूलाई पूरा गर्नुहोस्।

४. तपाईंको ख्रीष्टियान परिपक्वता अभ्यास-पुस्तिकालाई लिनुहोस् र दुइ पृष्ठहरू (वरपरका पृष्ठहरू)-लाई चार स्तम्भमा विभाजन गर्नुहोस्। तल दिइएका शब्दहरूलाई एक-एक गरी तल दिइएका स्तम्भमा लेख्नुहोस्ः

   १) *शारीरिक,* २) *मानसिक,* ३) *सामाजिक,* र ४) *आत्मिक।* पाठको विकासमा निर्देशन दिइएपछि यी स्तम्भहरूमा बाइबलका खण्डहरूलाई लेख्नुहोस्।

५. यस पाठको अन्तमा स्वयम्-जाँच लिनुहोस् र होशियारपूर्वक आफ्ना उत्तरहरूलाई जाँच्नुहोस्। बेठीकसँग उत्तर दिनुभएको विषयलाई समीक्षा गर्नुहोस्।

---

## *मुख्य शब्दहरू*

बाइबल वा अरू पुस्तकहरू पढ्नुहुँदा, तपाईंले नबुझ्नुभएका शब्दहरूलाई के तपाईंले सामना गर्नुभएको छ? यस्ता शब्दहरूलाई शब्दकोशमा हेर्ने बानी के तपाईंले बसाल्नुभएको छ? यदि तपाईंले लगातार रूपमा आफ्नो शब्दकोश र यस स्वयम्-अध्ययन पाठ्यपुस्तकको अन्तमा दिइएको शब्दहरूको शब्दकोशलाई हेर्नुभयो भने यस पाठ्यपुस्तकलाई तपाईं अझ राम्रोसँग बुझ्न सक्नुहुनेछ। नयाँ शब्दहरू र तिनीहरूका परिभाषाहरूलाई तपाईं आफ्नो व्यक्तिगत अभ्यास-पुस्तिकामा लेख्न सक्नुहुन्छ, र यसरी तिनीहरूलाई सम्झन तपाईंलाई थप सहायता पुग्छ।

व्यभिचारी

समलिङ्गगामी

स्वरूप

## पाठ विकास

### वृद्धि हुनका लागि लक्ष्यको निर्धारण

उद्देश्य १ : *बाइबल लक्ष्यलाई उल्लेख गर्नुहोस्, जसका निम्ति प्रत्येक ख्रीष्टियानले काम गर्नैपर्छ।*

हामी "परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुगेको" परमेश्वरले चाहनुहुन्छ भन्ने कुरा हामीले एफिसी ४:१३ मा हेरिसकेका छौं। नयाँ करारको शुरूको भाषा वास्तवमा "परिपक्व मनुष्यत्व" हो वा पूर्ण व्यक्ति वा पूर्ण रूपमा वृद्धि भएको व्यक्ति भनी हामी भन्न सक्छौं।

१ यस पदअनुसार त्यस परिपक्वताको वास्तविक नाप के हो? (ठीक उत्तरमा घेरा लगाउनुहोस्।)

**क.** विशेष आत्मिक वरदान
**ख.** ख्रीष्टको परिपक्व मनुष्यत्व
**ग.** पापरहित सिद्धता

कद शब्द महत्त्वपूर्ण शब्द हो। यसको अर्थ वृद्धिद्वारा प्राप्त उचाइँ वा गुण हो। येशू ख्रीष्ट सिद्ध मानव प्राणीका रूपमा हाम्रा बीचमा जन्मनुभएको थिएन, तर हामी प्रत्येकजस्तै वृद्धि हुनुपर्ने बालकका रूपमा उहाँ जन्मनुभएको थियो।

२ हिब्रू ५:८-ले येशूलाई सम्बोधन गर्छ। "उहाँ परमेश्वरका पुत्र हुनुहुन्थ्यो तापनि" भन्ने शब्दहरूसहित यो शुरू हुन्छ। यस पदको बाँकी भागलाई यहाँ लेख्नुहोस्।

..........................................................................................

..........................................................................................

३ शब्दकोशमा दिइएको *सिद्ध* शब्दको अर्थलाई समीक्षा गर्नुहोस्। सिद्ध शब्दको अर्थ "पूर्ण गर्नु" वा "अन्तिम रूपमा ल्याउनु" भन्ने हुन्छ। यो शब्द येशूलाई कसरी प्रयोग गर्न सकिन्छजस्तो तपाईंलाई लाग्छ? ..........................................................................

..........................................................................................

येशूमा जहिले पनि पापरहित आत्मिक सत्यता भएको हुनाले जीवनका सबै क्षेत्रहरूमा हाम्रो आफ्नै वृद्धिको निम्ति उहाँ सिद्ध नमूना हुनुहुन्छ (२ कोरिन्थी ५:२१)। पापरहित आत्मिक सिद्धतामा पुग्ने प्रतीक्षा हामीले गर्न नसके तापनि खीष्टको स्वरूप हाम्रो आत्मिक वृद्धिको निम्ति यथार्थ लक्ष्य हो, किनकि हामी पुग्न सक्नेभन्दा उच्च लक्ष्यतर्फ काम गर्नु नीच लक्ष्य राखी काम गर्नुभन्दा धेरै उपलब्धी हासिल गर्न सकिने तरीका हो।

४ हिब्रू ४:१४-१६ लाई ध्यानपूर्वक पढ्नुहोस्। खीष्टियानका रूपमा हाम्रा वृद्धिका समस्याहरूसँग के येशू पनि सहभागी हुन सक्नुहुन्छ? व्याख्या गर्नुहोस्। ..........................................................
..........................................................................

येशूलाई हाम्रा दाज्यू भनी किन घरीघरी सम्बोधन गरिएको छ भन्ने कुरा तपाईं देख्न सक्नुहुन्छ (हिब्रू २:११-१२,१७)। यदि तपाईंका जेठा दाज्यू हुनुहुन्छ भने, पहिला जन्मेका र परिवारमा पहिला "परिपक्व" भएका व्यक्तिका रूपमा उनको प्रभाव कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा तपाईंलाई थाहा नै छ।

हिब्रू २:१० लाई ध्यानपूर्वक पढ्नुहोस् र यसलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्। वृद्धि हुनुभएका र सिद्ध बनाइनुभएका येशूले अरू छोराहरूलाई परमेश्वरको पूर्ण उद्देश्यमा अगुवाइ गर्न सक्नुभएको तथ्यलाई के तपाईं देख्न सक्नुहुन्छ? खीष्टियानको रूपमा वृद्धि हुने तपाईंको आफ्नै इच्छामा के त्यसले तपाईंलाई उत्साह दिँदैन?

## येशू कसरी वृद्धि हुनुभयो सो हेर्नु

उद्देश्य २: *येशू वृद्धि हुनुभएका चार विशेष तरीकाहरूको सूची बनाउनुहोस्।*

येशू खीष्टचाहिँ हाम्रा उदाहरण, र उहाँको कदचाहिँ हाम्रो लक्ष्य हुनुपर्छ भनी हामीले हेरिसकेका छौं। विशेष रूपमा भन्नुपर्दा, बाइबलले देखाउँछ कि चार आधारभूत क्षेत्रहरूमा येशू वृद्धि वा परिपक्व हुनुभयो।

५ लूका २:५२ पढ्नुहोस्। येशू वृद्धि हुनुभएका चार क्षेत्रहरूको सूची बनाउनुहोस्।

.....................................................................................

.....................................................................................



तपाईं वृद्धि हुनुपर्ने क्षेत्रहरूमा यी चार क्षेत्रहरूलाई के तपाईं मिलाउन सक्नुहुन्छ? २ पत्रुस ३:१८ मा हामीले सिकेको पदले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको ज्ञानमा "वृद्धि हुनका लागि हामीलाई आह्वान गर्छ भन्ने कुरा के तपाईं देख्न सक्नुहुन्छ? हामीले उहाँको जीवनको बारेमा सिक्दा विश्वासीहरूका रूपमा हामीले हाम्रो आफ्नै परिपक्वताको लक्ष्य र उद्देश्यलाई अझै राम्रोसँग बुझ्न सक्छौं।

सिक्ने क्रियाकलापको संख्या ४-मा निर्देशन दिइएझैं तपाईंको अभ्यास-पुस्तिकाका दुइ पृष्ठहरूमा अब भर्नलाई शुरू गर्नुहोस्। तपाईंले तलका तीन खण्डहरूलाई अध्ययन गर्नुहुँदा, निर्देशन दिइएअनुसार बाइबलका उपयुक्त पदहरूलाई पहिला तीन स्तम्भहरूमा राख्नुहोस्।

## शारीरिक परिपक्वता

उद्देश्य ३: *ख्रीष्टियान शारीरिक परिपक्वता प्राप्त गर्नका लागि तपाईंलाई सहायता पुऱ्याउने बानीहरू निर्माण गर्नुहोस्।*

शारीरिक अर्थमा ख्रीष्टियान परिपक्वता शरीरको सामान्य वृद्धिभन्दा पनि अझ धेरै कुरा हो भनी बाइबलले हामीलाई सिकाउँछ। यसमा शरीरको उद्देश्यको बुझाइलाई पनि समावेश गरिएको हुन्छ। विश्वासीको निम्ति भएको शारीरिक परिपक्वतामा पिता परमेश्वरलाई खुशी पार्ने तरीकामा हुने शरीरको प्रयोग समावेश गरिएको छ। यस क्षेत्रलाई बुझ्न र ख्रीष्टियान शारीरिक बानीहरूलाई निर्माण गर्न तल उल्लेखित बाइबल खण्डहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्: १ थेसलोनिकी

४:३-८; १ कोरिन्थी ६:९-१५,१८-१९; १ तिमोथी ४:८; गलाती ६:७-८। *"शारीरिक शीर्षकको मुनि तपाईंको अभ्यास-पुस्तिकामा यी बाइबल खण्डहरूलाई लेख्नुहोस्।*

६ अनैतिकतामा आफ्ना शरीरहरूलाई दुरुपयोग गर्नेहरूको भाग्य (भविष्य) को बारेमा १ कोरिन्थी ६:९-१० ले के भन्छ?

**क**. तिनीहरूलाई कड़ा दण्ड दिइनेछ।
**ख**. तिनीहरूलाई मण्डलीबाट निस्कासन गरिनुपर्छ।
**ग**. तिनीहरूले परमेश्वरको राज्य प्राप्त गर्न सक्नेछैनन्।

**मानसिक परिपक्वता**

उद्देश्य ४: *तपाईंको आफ्नो मनलाई असल विचारहरूले भरी ख्रीष्टियान मानसिक परिपक्वताको विकास गर्नुहोस्।*

मानव मन परमेश्वरबाटको अचम्मको वरदान हो। र पनि मनलाई अधीनमा राख्न कति कठिन छ भन्ने कुरा के तपाईंले कहिल्यै ध्यान दिनुभएको छ? आफ्नो मनलाई भौंतारिन लगाउनु र अख्रीष्टियान विचारहरू गर्नु अति नै सजिलो हुन्छ। "आफ्नो मन बाँध, संयमी होओ" भनी पत्रुसले ख्रीष्टियानहरूलाई भनेकामा अचम्म मान्नुपर्ने कारण नै छैन (१ पत्रुस १:१३)। हाम्रा जीवनमा मन साँच्चै नै समस्या हो भनी येशूले हामीलाई सिकाउनु भएको कुरालाई ध्यान दिनुहोस्।

७ मर्कूस ७:१८-२३ पढ्नुहोस्। येशूको भनाइअनुसार एक व्यक्तिको कहाँबाट सबै किसिमका दुष्टताहरू आउँछन्?

.......................................................................................

.......................................................................................

वास्तवमा, दुष्ट थोकहरूमा हाम्रा मनहरूलाई राख्नु पापपूर्ण कार्य हो। तपाईंको अभ्यास-पुस्तिकाको *"मानसिक"* शीर्षक स्तम्भमा मर्कूस ५:२८; १ पत्रुस १:१३; मर्कूस ७:१८-२३; हितोपदेश २३:७, र २ कोरिन्थी १०:४-५ लाई लेख्नुहोस्।

८ २ कोरिन्थी १०:४-५ मा "किल्लाहरू नाश गर्ने" सम्बन्धमा पावलले बताएका छन्, र त्यसपछि ख्रीष्टियान मानसिक परिपक्वता

विकास गर्ने तीन तरीकाहरूको सूची पनि दिएका छन्। तिनीहरू के हुन्?

**क** ....................................................................................

**ख** .............. ......................................................................

**ग** ....................................................................................

९ फिलिप्पी ४:८ मा कति थोकहरू उल्लेख गरिएका छन्, जसद्वारा हामीले हाम्रा मनहरूलाई भर्नुपर्छ?

**क**. तीन
**ख**. आठ
**ग**. बाह्र

अब बड़ो ध्यानपूर्वक रोमी १२:१-२ लाई पढ्नुहोस्। अन्तिम वाक्यांशलाई ध्यान दिनुहोस् "... परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।" यहाँ फेरि पनि *सिद्ध* शब्द उल्लेख छ, जसको अर्थ "परिपक्व" वा "पूर्ण र सम्पूर्ण" भन्ने हुन्छ भनी तपाईंलाई याद छ होला। हामीले हाम्रो इच्छाद्वारा परमेश्वरको इच्छा जान्ने, र हामीले कसरी जिएको उहाँले चाहनुहुन्छ सो जान्ने कोशिश गर्नुपर्छ।

१० रोमी १२:२ अनुसार यस संसारको स्तरद्वारा जिएको व्यक्तिलाई परमेश्वरले कसरी परिवर्तन गर्नुहुन्छ?

....................................................................................

हाम्रो मनमा परिपक्व हुनु कति महत्त्वपूर्ण छ भन्ने कुरा तपाईं देख्न सक्नुहुन्छ?

## सामाजिक परिपक्वता

उद्देश्य ५: *ख्रीष्टियान सामाजिक परिपक्वतर्फ प्रगति गर्नुहोस्।*

ख्रीष्टियान वृद्धिमा हाम्रा जीवनको सामाजिक रूपका साथसाथै शारीरिक र मानसिक रूपहरू पनि समावेश गरिएका हुन्छन्। तपाईंको सामाजिक अनुभवका धेरै क्षेत्रहरूका सूची तपाईं बनाउन सक्नुहुन्छः परिवार, मित्रहरू, विवाह, सरकारसँगका सम्बन्धहरू, छिमेकीहरू र

यस्तै अरूहरू। यस विषयमा भएका बाइबलका सबै पदहरूलाई यस पाठ्यपुस्तकमा छलफल गर्न वा तिनीहरूको सूची बनाउन असम्भव नै हुन्छ।

तपाईंको अभ्यास-पुस्तिकाको *"सामाजिक"* शीर्षक स्तम्भमा भजनसंग्रह १०१; याकूब ४:४-५; र एफिसी ५ अध्याय (पूरै अध्याय) लेख्नुहोस्।

*टिप्पणी:* यो महान् अध्याय (एफिसी ५) हामीले भूलरहित व्यवहार गर्नुपर्छ भनी हामीलाई अर्ती दिँदै शुरू हुन्छ (१ पद), त्यसपछि, हामीले गर्न नहुने दुष्ट कुराहरूलाई यसले उल्लेख गर्छ (३-५ पदहरू)। मानिसहरूले गर्ने अर्थहीन कुराहरूमा हामीले कसरी प्रतिक्रिया जनाउनुपर्छ भनी ११ पदले जोड़ दिन्छ: "अन्धकारका निष्फल कार्यहरूमा भाग नलेओ।" वैवाहिक सम्बन्धमा ईश्वरीय गुणको विषयमा अर्ती दिँदै यो अध्याय समाप्त हुन्छ (२१-३३ पदहरू)।

**११** भजनसंग्रह १०१ लाई चर्को स्वरमा पढ्नुहोस्। अब प्रार्थनासहित यस भजनमा स्तोत्रकारको जीवनको एक क्षेत्रलाई छान्नुहोस्, जुन कुरालाई तपाईं आफ्नै जीवनमा पनि बलियो पार्न चाहनुहुन्छ। (उदाहरणहरू; इमानदारिता; दुष्टतासँगको व्यवहार, परिवारमा जीवनको पवित्रता; इत्यादि।)

......................................................................................

तपाईंको जीवनको प्रत्येक क्षेत्रमा तपाईं वृद्धि हुनका लागि परमेश्वर सहायता गर्न चाहनुहुन्छ।


## आत्मिक परिपक्वता

उद्देश्य ६: *आत्मिक परिपक्वतातर्फको तपाईंको मार्गमा तपाईंलाई सहायता पुऱ्याउने बानीहरू, विचारहरू र सम्बन्धहरूलाई छान्नुहोस्।*

पूरै पाठ्यपुस्तक नै यही विषयमा छ! आत्मिक परिपक्वताको बारेमा पाठ ६ मा विस्तृत रूपमा छलफल गरिनेछ। हामी यसलाई यहाँ परिभाषित गर्न चाँहदैनौं। तपाईंले पाठ ६ अध्ययन गर्नुहुँदा

तपाईंको अभ्यास-पुस्तिकाको *"आत्मिक"* शीर्षक स्तम्भमा बाइबलको खण्डलाई लेख्नका लागि कृपया नभुल्नुहोला।

यस उदाहरणले हामीले अध्ययन गरेका कुराहरूलाई सारांशित गर्छः




माथिको उदाहरणलाई हेर्नुहोस् र ख्रीष्टियानको लक्ष्य ऊ आफूभन्दा बाहिर छ भनी तपाईंले देख्नुहुनेछ। ख्रीष्टियान लक्ष्यमा पुग्नका लागि हामी यस लक्ष्यतर्फ अगाड़ि बढ्नुपर्छ।

१२ क उदाहरण २:१ ले शक्तिशाली जीवनको वर्णन गर्छ? (व्याख्या गर्नुहोस्)

.......................................................................................

बानीहरू, विचारहरू र सम्बन्धहरूका बारेमा मैले बनाउने प्रत्येक निर्णय *आत्मिक परिपक्वताको लक्ष्यको* दृष्टिकोणमा बनाइनुपर्छ।

## येशूको स्वरूपको बारेमा सिक्नु

उद्देश्य ७: *येशूको दासत्वपनालाई वर्णन गर्नुहोस् र उहाँको सेवकको रूपमा आफूलाई परिचित गर्नुहोस्।*

केही बाइबलीय सिद्धान्तहरूलाई बुझ्न कठिनजस्तो लाग्छ। "धेरै भाइहरू हुनका लागि" परमेश्वरले हामीलाई अलग गर्नुभएको छ भन्ने कुरा हामीले पत्ता लगाइसकेका छौं (रोमी ८:२९)। "म कसरी येशूजस्तो हुन सक्छु?" भनी तपाईंले आफैलाई प्रश्न गर्नुभएको होला।

येशू पापरहित र मानव स्वरूपमा परमेश्वर हुनुहुन्थ्यो भनी हामीले स्मरण गरेपछि यो प्रश्न खड़ा हुन्छ। साधारण तर अति महत्त्वपूर्ण बुँदालाई अब हामी बुझौंः दासहरूका काममा हामी ख्रीष्टजस्तै बन्छौं।

**१३** फिलिप्पी २:५-८ पढ्नुहोस्। फिलिप्पी २:५ अनुसार, हाम्रो प्रवृत्ति वा मन कस्तो हुनुपर्छ? ........................................

**१४** फिलिप्पी २:६-८ अनुसार येशूले स्वइच्छासाथ कस्तो स्वभाव लिनुभयो? ........................................................

फिलिप्पी २:५-८ अनुसार यो स्वभाव नम्रता र आज्ञाकारिताद्वारा अभिव्यक्त गरिएको थियो। हिब्रू १०:७ मा येशूले भन्नुभयो, "हे परमेश्वर, तपाईंकै इच्छा पूरा गर्न म आएको छु।" गेतसमनीमा उहाँले गर्नुभएको प्रार्थनालाई तपाईं याद गर्नुहुन्छ होलाः "मेरो इच्छा होइन, तपाईंकै इच्छा पूरा होस्" (लूका २२:४२)।

**१५** येशूको दासत्वपनालाई वर्णन गर्नका लागि हिब्रू १०:७-ले के कुरालाई औंल्याउँछ?

..........................................................................

पावल, याकूब, यहूदा र अरूहरूले आफैलाई "येशू ख्रीष्टका दासहरूका" रूपमा किन परिचित गराए भन्ने कुरा के तपाईं अहिले बुझ्नुहुन्छ? त्यसरी नै हामी ख्रीष्टजस्तै बन्छौं। हाम्रो आफ्नै मुक्तिको निम्ति मात्र हामीले पापबाट उद्धार पाएका होइनौं, तर सेवा गर्नका लागि हामीले उद्धार पाएका हौं। एउटै प्रभु येशू ख्रीष्टमा हामी आज्ञाकारिताको सम्बन्ध स्वीकार गर्छौं। वास्तवमा, उहाँ हाम्रा *मालिक* बन्नुहुन्छ र हामीहरू उहाँको इच्छाका प्रेम-दासहरू बन्छौं। आनन्दहरू, विजय र स्वतन्त्रतासहितको मुक्ति अनुभवभन्दा पनि धेरै कुरा हो। मुक्तिद्वारा हामी हाम्रो उद्देश्यको साँचो बुझाइमा ल्याइन्छौं। परमेश्वरलाई महिमा दिनका लागि हाम्रो सृष्टि भएको हो। हाम्रो लक्ष्य येशू ख्रीष्टजस्तो हुनु र परमेश्वरसँगको साँचो सङ्गतिमा पुनर्स्थापित हुनु हो। यस्तो सम्बन्धले जीवनमा भएको उद्देश्यको निम्ति मानिसको गहिरो इच्छालाई पूरा गर्छ। प्रेरित पावलसँगै हामी सबैले घोषणा गर्नैपर्छः "सधैंझैं अहिले पनि मेरो शरीरमा ख्रीष्ट सम्मानित हुनुहुनेछ, चाहे मृत्युद्वारा होस्, अथवा जीवनद्वारा" (फिलिप्पी १:२०)।

**स्वयम्-जाँच**

**ठीक-बेठीक प्रश्नः** यदि बयान ठीक छ भने खाली ठाउँमा ठी लेख्नुहोस्। यदि बेठीक छ भने बे लेख्नुहोस्। तब बेठीक बयानहरूलाई ठीक बनाई लेख्नुहोस्।

.... १ कद शब्दको अर्थ वृद्धिद्वारा प्राप्त गरिएको उचाइ वा गुण हो।
कद शब्दको अर्थ............................ हो।

.... २ येशूको भनाइअनुसार सबै किसिमका खराब कुराहरू मानिसका हृदयबाट आउँछन्।
येशूको भनाइअनुसार सबै किसिमका खराब कुराहरू ............................... बाट आउँछन्।

.... ३ ख्रीष्टियान विश्वासीमा मोशाको जस्तो मन वा प्रवृत्ति हुनुपर्छ भनी बाइबलले हामीलाई सिकाएको छ। विश्वासमा ............ को जस्तो मन वा प्रवृत्ति हुनुपर्छ भनी बाइबलले हामीलाई सिकाएको छ।

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक प्रश्नको ठीक छनोट (हरू) को अगाड़िको अक्षर (हरू) मा घेरा लगाउनुहोस्।

४ येशू आफ्नो जीवनका चार क्षेत्रहरूमा वृद्धि हुनुभयो भनी लूका २:५२ मा बाइबलले सिकाउँछ। तल दिइएका शब्दहरूबाट यी चार क्षेत्रहरूलाई छान्नुहोस्।

क. आत्मिक
ख. शारीरिक
ग. भावनात्मक
घ. मानसिक
ङ. औषधीय
च. बाइबलीय
छ. मनोवैज्ञानिक
ज. सामाजिक

५ १ कोरिन्थी ६:९-१० अनुसार हाम्रो शरीरको दुरुपयोगको कारण हामी परमेश्वरको राज्य प्राप्त गर्नबाट टाढिन्छौं। तल उल्लेखित कुन-कुन कुराले शरीरको दुरुपयोग गर्छन्?

क. अनैतिकता
ख. खेल
ग. सुन्दरता
घ. व्यभिचार
ङ. समलिङ्गगामी
च. विचार गर्नु

६ फिलिप्पी २:५-८ ले सङ्केत दिएको छ कि येशूले स्वइच्छासाथ आफूमाथि मानव रूपमात्र लिनु भएन तर विशेष स्वभाव पनि लिनुभयो। यो के थियो?

क. पूजाहारीको स्वभाव
ख. सेवक (दास) को स्वभाव
ग. राजाको स्वभाव
घ. अगमवक्ताको स्वभाव

**छोटो उत्तर**। दिइएका खाली ठाउँमा प्रश्नको ठीक उत्तर लेख्नुहोस्।

७ मानिसका सामाजिक अनुभवहरूमा येशू ख्रीष्टको प्रभुत्वमुनि रही एक विश्वासीले कस्ता प्रकारका व्यक्तिहरूसँग सम्बन्ध राख्नुपर्छ?

क ..........................................................................
ख ..........................................................................
ग ..........................................................................
घ ..........................................................................

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ ख) ख्रीष्टको परिपक्व मनुष्यत्व।

६ ख) आठ

२ "आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो।"

१० उसको मनलाई पूर्ण रूपमा परिवर्तन गरेर।

३ उहाँका शारीरिक र मानसिक चरित्रहरू र कामको पूर्ण विकास।

११ तपाईंको आफ्नै उत्तर।

४ हो, उहाँ पनि हामीजस्तै परीक्षित हुनुभयो र हाम्रा कमजोरीमा उहाँले दया देखाउन सक्नुहुन्छ।

१२ हो, शक्तिशाली जीवन र उदाहरण २.१ दुवैले लक्ष्यतर्फ बढ़िरहेको जीवनको सङ्केत गर्छन्।

५ शरीरमा, बुद्धिमा, परमेश्वरसँगको अनुग्रहमा, मानिससँगको अनुग्रहमा।

१३ येशू ख्रीष्टको प्रवृत्ति।

६ ग) तिनीहरूले परमेश्वरको राज्य प्राप्त गर्न सक्ने छैनन्।

१४ दास (कमारा) को स्वभाव

७ दुष्ट धारणा र विचारहरूको स्रोत उसको हृदयभित्रबाट।

१५ उहाँको आज्ञाकारिता

८ क भूटा बहसहरूलाई नाश गर्नु
ख परमेश्वरको ज्ञानमा बाधा दिने कुराहरूलाई हटाउनु।
ग हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्न लगाउनु।

पाठ ३

# वृद्धिका थप उदाहरणहरू

बाइबलमा ख्रीष्टियान परिपक्वताको मुख्य उदाहरण येशू ख्रीष्ट नै हुनुहुन्छ। उहाँ हाम्रा जेठा दाजु हुनुहुन्छ। उहाँले कमाराको रूप लिनुभयो र पूर्ण रूपमा पिताको आज्ञापालन गर्नुभयो। क्रूसको मृत्युसम्म उहाँले आफूलाई होच्याउनुभयो। हामी ख्रीष्टियानहरू येशू ख्रीष्टको स्वरूपमा निर्माण हुनुपर्छ। ख्रीष्टियान परिपक्वताको महत्त्वपूर्ण लक्ष्य यही नै हो। येशू ख्रीष्टको इच्छा पूरा गर्नका लागि विश्वासीले आफ्नो जीवन जिएको हुन्छ। यसलाई परमेश्वरको वचन र पवित्र आत्माद्वारा प्रकट गरिएको छ। हाम्रो जीवनका शारीरिक, मानसिक र सामाजिक र साथसाथै आत्मिक भागहरूमा "येशू ख्रीष्टको स्वरूप" हुनुपर्छ।

तर बाइबलले हाम्रो ख्रीष्टियान वृद्धिलाई अरू नै प्रकारमा पनि नमूनित गरेको छ। यस पाठमा हामी अरू धेरै उदाहरणहरूलाई अध्ययन गर्नेछौं। यसमा परिवार, खेतीपाती र भवन समावेश गरिनेछ। हाम्रो उद्देश्य ख्रीष्टियान परिपक्वताको धारणालाई जतिसक्दो स्पष्टरूपमा हेर्नु हो।

हुन सक्छ, तपाईंले ठूलो डाँड़ा वा पहाड देख्नुभएको होला। टाढ़ाबाट हेर्दा यो नजीकजस्तो देखिन्छ। छोटो समयमा नै त्यहाँ पुग्न सकिन्छजस्तो तपाईंलाई लाग्छ। तपाईं यसको नजीक जानुहुँदा दूरी अझै टाढ़ाजस्तो तपाईंलाई लाग्छ। यसलाई हामी कहिलेकहीँ दृष्टिकोण वा दृष्टिको केन्द्र भन्छौं। हामीले हाम्रो विषयलाई विभिन्न दृष्टिकोण–



विभिन्न तरीकाबाट हेर्ने कोशिश गरिरहेका हुन्छौं। ठीक कुरालाई विशेष रूपमा तपाईंका निम्ति वास्तविक बनाउन पवित्र आत्मालाई स्थान दिनुहोस्।

## *पाठको रूपरेखा*

हामी परिवारमा वृद्धि हुन्छौं (हुर्कन्छौं)
  बालकका रूपमा शुरूवात्
  हाम्रो भोजनको परिवर्तन
  भिन्नाभिन्नै कार्यको स्वीकार
हामी मूल्यवान् खेतजस्तै हौं
  परमेश्वरका हुनु
  हाम्रा जिम्मेवारीहरू पूरा गर्नु
हामी परमेश्वरका भवन हौं
  जग र भवन
  परमेश्वरको भवनलाई कसरी निर्माण गर्ने

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- विश्वासीको आत्मिक वृद्धिको मुख्य स्रोतलाई चिन्न सक्नुपर्नेछ।
- आत्मिक वृद्धिको प्रक्रियामा परमेश्वरसँग विश्वासीको सहभागिताको महत्त्वलाई बुझ्न सक्नुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. तपाईंले नबुझ्नुभएका कुनै पनि मुख्य शब्दका परिभाषाहरूका निम्ति तपाईंको अध्ययन पाठ्यपुस्तकको अन्त्यमा राखिएको शब्दकोशमा हेर्नुहोस्।

२. यदि यस पाठमा उल्लेखित कुनै धारणा कठिनजस्तो देखिन्छ भने त्यस खण्डलाई दुइ पल्ट वा सोभन्दा बढ़ी पढ्नुहोस्। पाठको विकासमा महत्त्वपूर्ण भागहरूमा चिन्ह लगाउनका लागि आफ्नो शीशाकलम प्रयोग गर्नुहोस्।

३. ध्यानपूर्वक अध्ययन प्रश्नहरूको जवाफ दिनुहोस्, ठीक जवाफहरूसँग जाँच्नुभन्दा *पहिले* तपाईंका आफ्ना उत्तरहरूचाहिँ शीशाकलमले लेख्नुहोस्।

४. वृद्धि हुने यी उदाहरणहरू तपाईंका निम्ति वास्तविक बनाउनुहोस् भनी पवित्र आत्मासँग बिन्ती गर्नुहोस्।

५. यस पाठको अन्तमा दिइएको स्वयम्-जाँच लिनुहोस् र होशियारीसाथ तपाईंका उत्तरहरूलाई जाँच्नुहोस्।

## *मुख्य शब्दहरू*

| | |
|---|---|
| एक रूपता | निर्माता |
| कालीगढ़ | निश्चयता |
| जिम्मेवारी | पश्चात्ताप |
| "टुक्रिएको" | रोप्नु |
| दृष्टिकोण | लाडे |

## *पाठ विकास*

### हामी परिवारमा वृद्धि हुन्छौं

हरेक मानव जीवनका आमा-बाबु हुन्छन्। यसलाई जीवन दिने आमा-बाबु त्यहाँ हुनैपर्छ, र यसको हेरचाहा गर्नुपर्ने जिम्मेवारी पनि उनीहरू नै हुन्छन्। मानव शिशु हेरचाहाको ठूलो आवश्यकता लिएर जन्मेको हुन्छ।

**बालकका रूपमा शुरूवात्**

उद्देश्य १ : *एक नयाँ ख्रीष्टियान आत्मिक बालकदेखि परिपक्व ख्रीष्टियान हुनका लागि कसरी वृद्धि हुन सक्छ, उल्लेख गर्नुहोस्।*

के तपाईंले हालसालै कुनै शिशुलाई देख्नुभएको छ? बालकलाई जीवित र स्वस्थ राख्नका लागि गरिनुपर्ने विभिन्न थोकहरूका बारेमा विचार गर्नुहोस्। बालक बिस्तारै परिपक्व हुन्छ भनी जानेर आमा-बाबुले खुशीसाथ उसका आवश्यकताहरूलाई पूरा गर्छन्। एक नयाँ ख्रीष्टियान "नयाँ गरी" जन्मेको हुन्छ (यूहन्ना ३:३)। पवित्रशास्त्रले उसलाई बालकको रूपमा सम्बोधन गरेको छ। आत्मिक शिशुपनबाट आत्मिक परिपक्वतामा वृद्धि हुनका लागि ऊ आत्मिक भोजनमा सहभागी हुनैपर्छ।

१ यूहन्ना ३:३-६ पढ्नुहोस्। हाम्रो आत्मिक जन्मको स्रोत के हो?

..........................................................................

"मानव आमा-बाबुबाटको" शारीरिक जन्म आत्मिक जन्मभन्दा फरक हो भनी यूहन्नाले ३:६ मा बताएका कुरालाई ध्यान दिनुहोस्।

केही क्षण अगाडि तपाईंले शिशुको बारेमा विचार गर्नुहुँदा, भोकाएको बेलामा यो रोएको कुरालाई स्मरण गर्नुभयो होला। नयाँ ख्रीष्टियानमा पनि यस्तो प्रतिक्रिया हुन्छ भनी परमेश्वरको वचनले वर्णन गरेको छ।

२ अब १ पत्रुस २:२ लाई पढ्नुहोस्। "आफ्नो मुक्तिमा बढ्दैजाओ" वाक्यांशलाई विशेष गरी ध्यान दिनुहोस्। यस पदअनुसार साँचो रूपमा नयाँ जन्म पाएको व्यक्तिबाट हामी के आशा गर्न सक्छौं?

..........................................................................

**हाम्रो भोजनको परिवर्तन**

उद्देश्य २: *एक ख्रीष्टियानले अझै उच्च आत्मिक बुझाइ कसरी प्राप्त गर्न सक्छ व्याख्या गर्नुहोस्।*

विश्वासी न ता आत्मिक बालक भएर रहनुपर्छ, न निरन्तर रूपमा आत्मिक दुःख नै उसले पिउनुपर्छ भनी पवित्र धर्मशास्त्र

बाइबलले स्पष्ट पारेको छ। अब हामी केही बाइबल पदहरूलाई हेरौं, जसलाई हामी पछि अझ पूर्ण रूपमा विकास गर्नेछौं।

३ पहिले १ कोरिन्थी ३:१-३ लाई हेर्नुहोस्। ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। यो खण्डले सङ्केत गर्छ कि

**क**. परिपक्व खीष्टियानहरूलाई अब आत्मिक दूधको आवश्यकता पर्दैन।

**ख**. परिपक्व खीष्टियानहरूलाई अझै आत्मिक दूधको आवश्यकता पर्छ।

**ग**. परिपक्व खीष्टियानहरू र आत्मिक दूधको सम्बन्धमा कुनै निर्दिष्ट कुरा छैन।

४ हिब्रू ५:११-१४ मा भएको महत्त्वपूर्ण सन्देशलाई अब चर्को स्वरमा पढ्नुहोस्। यहाँ अझै पनि खीष्टियानहरूले "खँदिलो भोजन" होइन तर "दूध" प्रयोग गरिरहेका छन्। १३ पदले सङ्केत दिन्छ कि दूध पिउँने खीष्टियानचाहिँ

**क**. ठीक विषयमा अनुभवी हुन्छ।

**ख**. अझै बालक हो।

**ग**. गल्ती विषयमा अनुभवी हुन्छ।

५ दूध पिउने खीष्टियानहरूले गर्न नसक्ने कुरा परिपक्व खीष्टियानहरूले गर्न सक्छन् भनी हिब्रू ५:१४ ले बताउँदा के अर्थ दिन खोजेको छ? ..............................................................................

..............................................................................

"आत्मिक दूध र आत्मिक खँदिलो भोजनका बीचमा के भिन्नता छ त?" भनी तपाईंले प्रश्न गर्नुहोला। दूध कहाँबाट आउँछ सो आफैसँग सोध्नुहोस्। खँदिलो भोजन खाएर दूध उत्पादन गर्ने शरीरबाट यो आउँछ भनी तपाईंले जवाफ दिनुहुन्छ। दूधचाहिँ अर्काको पाचन प्रणालीबाट भएर गएको हुन्छः उदाहरणको लागि, आमा। खीष्टियानका लागि दूधचाहिँ प्राथमिक आत्मिक सत्यता हो, जुनचाहिँ अझै उच्च आत्मिक सत्यताभन्दा कम महत्त्वपूर्ण हुन्छ जानिसकेका प्राथमिक सत्यताको व्यावहारिक प्रयोगद्वारा अझ उच्च सत्यताको बुझाइ आउँछ (१ यूहन्ना १:६-७ हेर्नुहोस्)।

६ १ कोरिन्थी १४:२० लाई पल्टाउनुहोस्। दुष्टताप्रति बालकको जस्तो प्रवृत्ति हुनुपर्छ भनी प्रेरितले जोड़ दिएका छन्। तर उनले विश्वासीहरूलाई यो पनि आह्वान गरेका छन् कि विश्वासीहरू ...................... मा .................हुनुहुँदैन।

७ फेरि १ कोरिन्थी १३:११ मा हामीलाई वृद्धि हुनका लागि आह्वान् गरिएको छ। यस पदअनुसार एक बालकले आफूलाई कुन तीन प्रकारमा प्रकट गर्छ?

..........................................................................................

"तर जब म जवान भएँ, तब बालकको चाल (लाडेपन) छोड़िदिएँ" भनी पावलले यस पदमा भनेका छन्। बालकका रूपमा तपाईंले खेल्नुभएका खेलौनाहरू वा लुगाफाटाहरूलाई तपाईंले पन्छाउनुभएको कुरालाई के तपाईं स्मरण गर्नुहुन्छ? यो सधैँभरि सजिलो थिएन। वृद्धि हुनु (हुर्किनु) *दुःखदायी हुन सक्छ।*

## भिन्नाभिन्नै कार्यको स्वीकार

उद्देश्य ३: *आत्मिक रूपमा हाम्रो वृद्धिको प्रक्रियालाई समावेश गर्ने तीन थोकहरूको सूची बनाउनुहोस्।*

विश्वासीले पूर्ण आत्मिक कद प्राप्त गरोस् भन्ने परमेश्वरको सरोकारलाई बाइबलका धेरै ठाउँहरूमा भेट्टाउन सकिन्छ। आफूले आफ्ना सन्तानका निम्ति राखेको पूर्ण उद्देश्यलाई विश्वासीले जानोस् भनी परमेश्वरले सरोकार राख्नुभएको छ। प्रेरितहरूले परमेश्वरको त्रिषित् पिता-हृदयलाई बाँड़ेका छन्। विशेष गरी पावल र यूहन्नाले विश्वासीहरूलाई बाल्यापनदेखि जवान मनुष्यत्वपन र पितापनसम्म लैजान खोजेका थिए।

तपाईंको उमेर बढ्दैजाँदा आफ्नो परिवारका कर्तव्यहरूमा परिवर्तन भएका कुराहरूलाई के तपाईं स्मरण गर्न सक्नुहुन्छ? के तपाईं अहिले आफै आमा वा बाबु भइसक्नुभएको छ? यदि यसो हो भने, जीवनप्रतिको तपाईंको दृष्टिकोण बालक वा जवानको भन्दा निश्चय नै फरक छ। प्रेरित यूहन्नाले १ यूहन्ना २:१२-१३ मा आत्मिक पिताको स्थानबाट लेखेका छन्।

८ १ यूहन्ना २:१२-१३ लाई ध्यानपूर्वक पढ्नुहोस्। यूहन्नाले सम्बोधन गरेका तीन तहहरूलाई तलको सूचीबाट छान्नुहोस्। ठीक भएका तीनवटाका अगाड़िका अक्षरमा घेरा लगाउनुहोस्।

**क**. बालकहरू

**ख**. केटाकेटीहरू

**ग**. वृद्ध मानिसहरू

**घ**. जवान मानिसहरू

**ङ**. केटाहरू

**च**. पिताहरू

परिपक्वताका प्रत्येक तीन तहहरूका अवस्थाहरू फरक छन् भन्ने कुरा १ यूहन्ना २:१२-१३ मा तपाईं देख्न सक्नुहुन्छ। केटाकेटीहरूले आफ्ना पापहरूका निम्ति *क्षमादान* प्राप्त गर्छन्; जवान मानिसहरूले दुष्टतामाथिको आफ्ना विजयतामा महत्त्वपूर्ण कार्य गर्छन्, र पिता (बाबु) हरूले चाहिँ अरूहरूले भन्दा राम्रोसँग परमेश्वरलाई *चिनेका* हुन्छन्। केटाकेटीहरूलाई *अति आश्रितका* रूपमा, जवान मानिसहरूलाई *अति सक्रियका* रूपमा र पिताहरूलाई *अति परिपक्वका* रूपमा चित्रण गरिएको छ। पिताहरूले परमेश्वर र उहाँका उद्देश्यहरूलाई पूर्ण रूपमा बुझेका छन्।

परमेश्वरको परिवारमा भएका वृद्धिका तीन तहहरूलाई यस खण्डमा प्रतिनिधित्व गरिएको छ भनी तपाईंले देखिसक्नुभएको छ। *आत्मिक रूपमा हामी वृद्धि हुने प्रक्रियामा ज्ञानको उच्च तहमा पुग्ने, अझै ठूलो जिम्मेवारी स्वीकार गर्ने, र महत्त्वपूर्ण कर्तव्य (काम) हरू पूरा गर्ने* तीन थोकहरू समावेश गरिएको छ। *वृद्धि हुनुको* अर्थ "छोड्नु" हो, अझै ठूलो कद प्राप्त गर्नका लागि बालकका जस्ता (लाडे) कुराहरू छोड्नु भन्ने कुरा हामीले देखिसकेका छौं।

केटाकेटीहरू—प्राप्त गर्छन्  जवान मानिसहरू—काम गर्छन्  पिताहरू—जान्दछन्



## हामी मूल्यवान् खेतजस्तै छौं

खेती गर्ने कुनै भूमि अन्य भूमिहरूभन्दा मूल्यवान् हुन्छ भन्ने कुरा तपाईंलाई थाहा छ। मलिलो माटो र पानी लाग्ने समथल भूमिसहितको असल जमीन धेरै बहुमूल्य हुन्छ। किसानको जीवन नै उसको भूमि वरिपरि निर्माण भएको हुन्छ। उसले उखेल्छ र जोत्छ, रोप्छ र खनजोत गर्छ, पानी हाल्छ र पर्खन्छ। फसल नै उसको इनाम हो। उसले धेरै दिन लगाएर कड़ा परिश्रम गरेको हुन्छ। असल फसलको आनन्दको योग्य किसान हुन्छ। उसका प्रयासहरू व्यर्थै हुँदा र जमीन वा वातावरणले उसको इनाम खोसिदिँदा यो कस्तो निराशजनक हुन्छ।



**परमेश्वरका हुनु**

उद्देश्य ४: *हामी परमेश्वरका हौं भनी एफिसी ३:१७-१८ ले कसरी सङ्केत दिएको छ, व्याख्या गर्नुहोस्।*

बाइबलले परमेश्वरका मानिसहरूलाई परमप्रभुको दाखबारी वा खेतको रूपमा सम्बोधन गरेको छ (यशैया ५:१-७; यर्मिया १२:१०)। परमेश्वरले हामीलाई छान्नुभएको छ र हामी उहाँका खेत हौं। उहाँले हाम्रो जीवनको माटोमा आफ्नो बीउलाई होशियारीसाथ रोप्नुभएको छ। उहाँले फसलको प्रतीक्षा गर्नुहुन्छ र उहाँ सोको योग्य पनि हुनुहुन्छ। किसानले आफ्नो बालीलाई हेरविचार गरेझैं उहाँले पनि उत्सुकताका साथ हाम्रो परिपक्वतालाई पर्खनुभएको छ।

६ १ कोरिन्थी ३:६ पढ्नुहोस्। यस पदको पहिलो वाक्यअनुसार विश्वासीहरू परमेश्वरको खेत हुन्। अब यही अध्यायका ५-८ पदहरू पढ्नुहोस्। "बीउ रोपें," "पानी हाले," "बढ़ाउनुभयो" भन्ने वाक्यांशहरूलाई ध्यान दिनुहोस्। यी पदहरूअनुसार कसले बोटलाई बढ़ाउँछ?

**क**. अपोल्लोस
**ख**. परमेश्वर

ग. मानिस
घ. सहकर्मीहरू

*टिप्पणीः* हामीमा आत्मिक वृद्धि विकास गर्ने शक्ति परमेश्वरमा मात्र भए तापनि यसलाई विकास गर्नका लागि उहाँसँगको हाम्रो सहभागितालाई उहाँले माग गर्नुहुन्छ भन्ने कुरालाई नभूल्नुहोस्।

विश्वासीहरूले प्रेममा आफ्ना जरा गाड्न सकून् भनी प्रेरित पावलले एफिसी ३:१७-१८ मा तिनीहरूका निम्ति प्रार्थना चढ़ाएका छन्, यसरी तिनीहरू "प्रेममा जरा गाड़िएका र दह्रिला भएर, सबै सन्तहरूसँग चौड़ाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्न सक्ने हुनेछन्।" *परमेश्वरको प्रेममा हाम्रो जरा हाल्नुले* यही कुराको अर्थ दिन्छ कि हामी परमेश्वरका हौं र विश्वासीहरू र मूल्यवान् खेतको बीचमा यहाँ तुलना गर्न सकिन्छ। मलिलो माटोले जस्तै परमेश्वरको प्रेमले वृद्धिका लागि सहायता पुऱ्याउँछ। परमेश्वरले हामीमा पर्खनुभएको कुराको निम्ति यस खण्डमा पावलले प्रार्थना गरेका छन्: *ख्रीष्टियान परिपक्वता।*

**हाम्रा जिम्मेवारीहरू पूरा गर्नु**

उद्देश्य ५: *परमेश्वरको आशिष्को फसल काट्नका लागि हामीले परमेश्वरको खेतमा पूरा गर्नुपर्ने जिम्मेवारीलाई वर्णन गर्नुहोस्।*

विश्वासीलाई कहिलेकहीँ परमेश्वरको खेतको पालेको रूपमा चित्रण गरिएको छ। परमेश्वरको खेतमा कामदारका रूपमा काम गर्नुपर्ने जिम्मेवारी ऊसँग हुन्छ। पावलले बीउ रोपे, अपोल्लोसले पानी हाले र इत्यादिका सम्बन्धमा १ कोरिन्थी ३ मा पढ़ेको कुरालाई तपाईं स्मरण गर्न सक्नुहुन्छ।

१० खेती गर्ने कुराको शाब्दिक अर्थलाई सम्बोधन गर्ने के काम गर्नू भनी यर्मिया ४:३ मा परमेश्वरले आफ्ना मानिसहरूलाई बताउनुभएको छ? ..................................................
..................................................................

माथिको प्रश्नको उत्तर यही हुन्छ कि परमेश्वरको बीउ प्राप्त गर्नका लागि हामीले हाम्रो जीवनको आत्मिक माटोलाई तयार पार्न



सक्छौं। "मेरो जीवनको माटोलाई म कसरी जोत्न सक्छु" भनी तपाईंले प्रश्न गर्नुहोला। *जोत्दा साह्रो माटो मसिनो भई फुट्छ।* तब बीउ र चिसान दुवै माटोभित्र पुग्छ र वृद्धिले ठाउँ लिन्छ। विश्वासीको जीवनमा टुक्रिने काम नम्रतासाथ परमेश्वरले गर्नुभएको कायलपनमा दिइएको प्रतिउत्तरको नतीजा हो। यस्तो प्रतिउत्तरले उसको हृदयको माटोलाई खुकुलो राख्छ। केही कुरा गल्ती हुँदा पवित्र आत्माले विश्वासयोग्यतासाथ हाम्रो आत्मालाई केही भन्नु वा देखाउनुहुन्छ।

पवित्र आत्माले हालसालै तपाईंलाई कायल बनाउनुभएको केही कुराको बारेमा तपाईंलाई याद छ? तपाईंले भन्नुभएको केही कुरा यो हुन सक्छ, वा तपाईं आफ्ना विश्वासी सहकर्मीप्रति रिसाउनु वा तीतो बन्नुभएको थियो। तपाईंले यसमा कसरी प्रतिउत्तर दिनुभयो? के तपाईंले आफ्नै पक्षमा बहाना बनाउनुभयो? के तपाईंले कायलपनालाई बेवास्ता गर्नुभयो? साँचो नम्रतामा भएको टुक्र्याइको प्रवृत्तिले परमेश्वरले गर्नुभएको कायलपनामा पश्चात्तापका साथ प्रतिउत्तर दिन्छ।

*पश्चात्तापको* अर्थ "केही थोकबाट फर्कनु" हो। परमेश्वरले गर्नुभएको कायलपनाको प्रतिउत्तरमा भएको टुक्राइ र पश्चात्तापको उदाहरण तल उल्लेखित *प्रार्थनामा* पाउन सकिन्छः

> यो पाप मलाई देखाउनुभएको निम्ति हे पवित्र आत्मा म तपाईंलाई धन्यवाद दिन्छु। यस गल्तीको निम्ति म हृदयबाट नै क्षमा चाहन्छु। म पश्चात्ताप गर्छु र यसबाट फर्कन्छु। ख्रीष्ट येशूको बलिदानको मूल्यद्वारा मैले क्षमा पाएकोमा म तपाईंलाई धन्यवाद दिन्छु। हे पिता, म तपाईंलाई प्रशंसा गर्छु।

टुक्राइ र पश्चात्तापद्वारा मेरो जीवनको माटो खुकुलो छ र यसले आत्मिक वृद्धि ल्याउँछ।

११ यस विषयको सम्बन्धमा भएको अर्को पदलाई पढ्नुहोस्ः होशे १०:१२। परमेश्वरबाट उहाँका मानिसहरूका लागि यो अचम्मको आज्ञा हो। यस पदअनुसार मानिसहरूले के रोप्नुपर्छ र कटनी गर्नुपर्छ? ..........................................................

*परमेश्वरको खेतमा हाम्रो जिम्मेवारी प्रभुप्रतिको भक्तिमा जोत्नु र रोप्नु हो। जब हामी यी जिम्मेवारीहरूलाई पूरा गर्छौं, हामी परमेश्वरको प्रशस्त फसलसाथ आशिषित् हुन्छौं।*

## हामी परमेश्वरका भवन हौं

तपाईं बस्नुभएको ठाउँ नजीकै अति भव्य भवन होला। के यो भवन अरू सबै भवनहरूभन्दा नापमा ठूलो छ त? के यो धेरै सुन्दर सामग्रीहरूद्वारा बनेको छ त? समर्पित कामदारहरूको सीप र हेरचाहाका साथ यसको निर्माण भएको थियो भन्ने कुरामा कुनै शङ्का छैन। यो ठीक नक्सामा निर्माण भएको थियो भनी यसको सिद्धताले देखाउँछ। मानिसहरू यसलाई हेर्न चाहन्थे। अरू धेरै भवनहरूलाई छिट्टै र कम सीपकासाथ बनाइन्छ र यसमा सस्ता सामग्रीहरूको प्रयोग गरिएको हुन्छ। तिनीहरू कम टिकाउ हुन्छन्। कसैले पनि फरक छुट्टयाउन सक्छ।

**१२** पाठको यस खण्डसँग अति नजीकतामा सम्बन्धमा राख्ने १ कोरिन्थी ३:९ को भागलाई उद्धृत गर्नुहोस्।

........................................................................................

**जग र भवन**

उद्देश्य ६: *परमेश्वरको आत्मिक भवनको निम्ति सामग्रीहरूको छनौटमा मानिसको स्वतन्त्र इच्छाको कार्यान्वयनको सम्बन्धमा १ कोरिन्थी ३:१२ प्रयोग गरी व्याख्या गर्नुहोस्।*

१ कोरिन्थी ३:९-१२मा पावलले तीन थोकहरूमा विशेष जोड दिएका छन्:

१. परमेश्वरको भवन।
२. परमेश्वरको भवनको निम्ति जग।
३. परमेश्वरको भवनमा सामग्रीहरू।

यस भवनको निम्ति भएको जगको कार्य र त्यस जगमाथिको भवनको कार्यको बीचमा भएको विशेष भिन्नतालाई ध्यान दिनुहोस्।

१३ यस भवनको निम्ति राखिएको जग को हो (११ पद)?

१४ यस खण्डमा उल्लेख गरिएको ६ निर्माण सामग्रीहरू के-के हुन् (१२ पद)?

क. ..................
ख. ..................
ग. ..................
घ. ..................
ङ. ..................
च. ..................



हामी परमेश्वरका खेत र उहाँको खेतका पाले हौं भनी हामीले माथि देखिसकेका छौं। हामी उहाँको भवन र उहाँका निर्माणकर्ताहरू दुवै हौं भनी अहिले हामी बुझ्छौं। परमेश्वरको भवनको निर्माणमा मानिसले आफ्नो स्वतन्त्र इच्छा अभ्यास गरी आफूलाई मन लागेका सामग्रीहरू प्रयोग गर्न सक्छ भन्ने कुरा महत्त्वपूर्ण छ। एक अर्थमा हामीले काम गरिराखेको त्यस महान् भवन मण्डली हो (संसारमा येशू ख्रीष्टको शरीर– कुनै शारीरिक भवन होइन)। अर्को अर्थमा हाम्रो आफ्नै शरीर पनि मण्डलीजस्तै हो।

१५ १ कोरिन्थी ६:१९-२० पढ्नुहोस्। यी पदहरूमा हाम्रो शरीरलाई केसँग तुलना गरिएको छ? ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. वृद्धि भइरहेको अन्नको खेत
**ख**. फल फलाउने अग्लो रूख
**ग**. ठूलो मूल्यको मोति
**घ**. पवित्र आत्माको मन्दिर

## परमेश्वरको भवनलाई कसरी निर्माण गर्ने

अब १ कोरिन्थी ३:१३-१७ पढ्नुहोस्, र तलका प्रश्नहरूको उत्तर दिनुहोस्।

१६ परमेश्वरको भवनमा भएको मानिसको काम के हो, जसलाई न्याय गरिन्छ?

क. संख्या
ख. गुण
ग. सुन्दरता

१७ हाम्रा कामहरूमाथिको परमेश्वरको न्यायको उदाहरणले बताउँछ कि ख्रीष्टको दिनमा ............... द्वारा प्रत्येक मानिसको काम प्रकट र खुलस्त हुनेछ। हामीलाई अझै थप कुरा भनिएको छ कि "यदि कुनै मानिसले यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले .................. पाउनेछ।"

कसरी र के निर्माण गर्ने हो भनी प्रत्येक दिन मैले चुन्नैपर्छ। जग परिवर्तन हुनै सक्दैन। येशू ख्रीष्ट हाम्रा प्रभु नै जग हुनुहुन्छ। मेरो व्यक्तिगत *ख्रीष्टियान भवन* कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा पिताले अचम्मको योजना बनाउनुभएको छ। उहाँले ठीक प्रवृत्तिहरू, बानीहरू, शब्दहरू र चरित्रका सम्बन्धमा आफ्नो वचनमा मलाई बताउनुभएको छ। ख्रीष्टियान कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा उहाँले नै योजना बनाउनुभएको छ। मैले उहाँका निर्देशनहरू (*उहाँको* योजनाका विशेष आज्ञाहरू) मा निर्माण गर्दा, मेरो जीवनको *भवन* सुन्दर र टिकाउ हुनेछ। हामीले बताएको महान् भवनजस्तै यो हुनेछ। यदि मैले परमेश्वरको योजनालाई बेवास्ता गरें र उहाँलाई प्रसन्न नतुल्याउने सामग्रीहरू (काठ, घाँस, वा पराल)-लाई छानें भने, मेरो भवन आगोबाट उम्कने छैन र म कहिल्यै परिपक्व ख्रीष्टियान बन्न सक्दिनँ।

तपाईं मसँगै यो प्रार्थना गर्न चाहनुहुन्छ होला:

> हे पिता, तपाईंको योजना अति उत्तम छ। तपाईंले छान्नुहुने सामग्रीहरू उत्तम छन्। तपाईंको स्तरअनुसार मेरो जीवनको भवन निर्माण भएको म चाहन्छु। मेरो शरीर, मन र आत्मामा तपाईंका पुत्र येशू ख्रीष्टजस्तो म हुन चाहन्छु, आमिन।

## स्वयम्-जाँच

**छोटो उत्तरः** दिइएको खाली ठाउँमा प्रश्नको ठीक उत्तर लेख्नुहोस्।

१ आफ्नो अनुभवको कुन तहमा एक विश्वासीलाई परमेश्वरको वचनको *दूधको* आवश्यकता पर्दैन?

२ **जोड़ा मिलाउने प्रश्नः** दिइएको प्रत्येक खाली ठाउँमा ठीक संख्या लेखी यस पाठमा ल्याइएका प्रत्येक आधारभूत धारणालाई प्रत्येक बाइबल पदसँग जोड़ा मिलाउनुहोस् (तपाईको निम्ति पहिलो खाली ठाउँमा मैले भरिदिएको छु।)

१) "दूध मात्र खाएर बाँच्ने मानिसचाहिँ धार्मिकताको वचनमा निपूण हुँदैन, किनकि यो बालकै हुन्छ।"

२) "पिताहरू, म तिमीहरूलाई लेखिरहेछु, किनभने शुरूदेखि नै हुनुहुनेलाई तिमीहरू चिन्दछौ।"

३) "तिमीहरूका बाँझो भूमिमा डल्ला फोर, र काँढ़ाहरूका बीचमा नछर।"

४) "हरेक मानिसले कसरी बनाउँदैछ, सो ध्यान देओस्।... कोही मानिसले यसमाथि सुन वा चाँदी वा बहुमूल्य पत्थर प्रयोग गर्छ।"

....२ **क** परिपक्वताको अझै पूर्ण तह परमेश्वर र उहाँको उद्देश्यको अझै पूर्ण ज्ञान हो।

....**ख** ख्रीष्टको जगमाथि आफ्नो जीवन निर्माण गर्नका लागि विश्वासीहरूले सामग्रीहरू छाने।

....**ग** परमेश्वरको कायलपनाप्रति नम्रतामा प्रतिउत्तर दिएर हाम्रो जीवनको माटोलाई हामी खुकुलो राख्न सक्छौं।

....**घ** अझै कठिन समस्याहरू बुझ्नका लागि प्राथमिक सत्यताको हाम्रो ज्ञानमा अझै उच्च आत्मिक सत्यताको बुझाइ थपिनुपर्छ।

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक प्रश्नका ठीक छनौटका अगाड़िका उपयुक्त अक्षरमा घेरा लगाउनुहोस्।

३ यस पाठमा, उदाहरण स्वरूप, विश्वासीलाई धेरै थोकहरूसँग तुलना गरिएको छ। पाँचवटा ठीक उदाहरणहरूलाई छान्नुहोस्ः

| | |
|---|---|
| क रूख | च) ढुङ्गा (चट्टान) |
| ख बालक | छ) वृद्ध मानिस |
| ग परमेश्वरको खेत | ज) परमेश्वरको भवन |
| घ पानी जहाज | झ) सडक |
| ङ टापू | ञ) पवित्र आत्माको मन्दिर |

४ खीष्टको न्याय-आसनको समयमा रहिरहने तीन गुणहरूलाई प्रतिनिधित्व गर्ने तीन निर्माण सामग्रीहरूलाई छान्नुहोस्।

| | |
|---|---|
| क) सुन | घ) काठ |
| ख) घाँस | ङ) चाँदी |
| ग) पराल | घ) बहुमूल्य पत्थरहरू |

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ परमेश्वरका आत्मा

१० बाँझो भूमिमा डल्ला फोर।

२ शुद्ध आत्मिक दूधको निम्ति तृष्णा।

११ तिनीहरूले धार्मिकतालाई रोप्नुपर्छ र आशिषहरूको कटनी गर्नुपर्छ।

३ क) परिपक्व ख्रीष्टियानहरूलाई अब आत्मिक दूधको आवश्यकता पर्दैन।

१२ "तिमीहरू ........... परमेश्वरका भवन हौ।

४ ख) अझै बालक हो।

१३ येशू ख्रीष्ट

५ असल र खराबका बीचमा भिन्नता देखाउनु।

१४ क) सुन
ख) चाँदी
ग) बहुमूल्य पत्थरहरू
घ) काठ
ङ) घाँस
च) पराल

६ विचार, केटाकेटीहरू

१५ घ) पवित्र आत्माको मन्दिर

७ बोली, विचार र तर्क

१६ ख) गुण

८ ख) केटाकेटीहरू
घ) जवान मानिसहरू
च) पिताहरू

१७ आगो, इनाम

९ ख) परमेश्वर

पाठ ४

# ख्रीष्टियान वृद्धिमा बाधा र सहायता

योभन्दा पहिलेको पाठपछि, तपाईंले हुर्कंदै गरेको छोरा, ध्यानपूर्वक खेती गरिएको एक मूल्यवान् जमीनको टुक्रा, वा निर्माण भइरहेको एक ठूलो र सुन्दर भवनजस्तो अनुभव गर्नुभएको हुनुपर्छ। कुनसँग चाहिँ तपाईंले आफूलाई परिचित गर्न चाहनुहुन्छ? जे भए तापनि, एक अर्थमा हामी एकै पल्ट सबै तीनवटै जस्ता छौं! प्रत्येक उदाहरणले ख्रीष्टियान वृद्धिको निम्ति भएको उत्तेजनक सारगर्भित (क्षमता) लाई वर्णन गरेको छ।

यस पाठको एक भागको उद्देश्य ख्रीष्टियान परिपक्वता ढीला हुन वा पूर्ण रूपमा रोकिन लगाउने थोकहरूलाई बाइबलका पदहरूबाट तपाईंलाई देखाउनु हो। यी कारणहरू चिन्नाले हाम्रो आफ्नै जीवनमा तिनीहरूलाई परिचित गर्नका लागि सहायता पुग्नेछ। हामी किन आत्मिक रूपमा वृद्धि भएका छैनौं भनी जान्नाले परिवर्तन ल्याउनका लागि हाम्रो इच्छालाई प्रयोग गर्न सहायता पुग्नेछ।

यस पाठको अर्को भागमा चाहिँ आत्मिक वृद्धिमा सहायता पुऱ्याउने थोकहरूको सूची बनाइएको छ। यी कुराहरू जान्नाले ख्रीष्टमा भएको हाम्रो नयाँ जीवन वृद्धि हुनका लागि पवित्र आत्मासँग हामी मिलेर काम गर्न सक्नेछौं। हामीले यस अध्ययनमा एकसाथ उत्साह र सहायता प्राप्त गर्नुपर्छ।



## पाठको रूपरेखा

हाम्रो वृद्धिलाई बाधा दिने
- गल्ती समय
- इच्छाको गल्ती अभ्यास
- भोजनमा कमी

हाम्रो वृद्धिलाई सहायता दिने
- हाम्रा सहयोगी (सल्लाहकार) पवित्र आत्मा
- हाम्रा आत्माद्वारा पवित्र आत्माको कार्य

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले:

- खीष्टियान वृद्धिलाई रोक्न सकिने तरीकाहरूलाई चिन्नुपर्नेछ।
- खीष्टियानको वृद्धिमा पवित्र आत्माको कामलाई अझ स्पष्टसँग बुझ्न सक्नुपर्नेछ।
- तपाईंमा आत्माको फल विकास गर्नका लागि पवित्र आत्मा र तपाईंको आत्माको बीचको सम्बन्धलाई वर्णन गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. यस स्वयम्-अध्ययन पाठ्यपुस्तकमा पाठलाई पढ्नुहोस्।

२. पाठको विकासमा दिइएका अभ्यासहरूलाई पूरा गर्नुहोस्। यस पाठ्यपुस्तकमा दिइएका उत्तरहरूसँग तपाईंका आफ्ना उत्तरहरू जाँच्नुहोस्।

३. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूलाई होशियारीसाथ जाँच्नुहोस्। बेठीकसँग दिइएका उत्तरहरूलाई सच्याउनुहोस्।

## *मुख्य शब्दहरू*

| | |
|---|---|
| केलाउनु | बेवास्ता |
| तार्किक | रोकावट |
| बाधा | स्वचालित |

## *पाठ विकास*

### हाम्रो वृद्धिलाई बाधा दिने

त्यहाँ प्राकृतिक वृद्धिका शत्रुहरू छन्; माटो र भवनको सम्बन्धमा हामीले यसलाई छोटकरीमा अध्ययन गरेका छौं। ख्रीष्टियान परिपक्वतालाई रोक्ने केही क्षेत्रहरूका बारेमा बाइबलले सीधै बताएको छ। हामीले तिनीहरूलाई थाहा पाउनुपर्छ। तपाईं बालक हुनुहुँदा तपाईंका आमा-बाबुले हानिकारक थोकहरूका बारेमा तपाईंलाई सिकाउनुभएको कुरा तपाईं सम्झनुहुन्छ होला। केही बोट विरुवाहरू वा पशुहरूबाट जोगिनू भनी तिनीहरूले तपाईंलाई भने होलान्। तिनीहरूले गर्नुपरेको पहिलो कुराचाहिँ ती थोकहरू चिन्नका लागि तपाईंलाई सिकाउनु हो। आत्मिक वृद्धिलाई रोक्ने केही कुराहरूलाई अब हामी विचार गरौं।

**गल्ती समय**

उद्देश्य १: *हिब्रू ५:१२ मा उल्लेखित मानिसहरूको अविकसित आत्मिक अवस्थाको कारण के थियो उल्लेख गर्नुहोस्।*

नयाँ जन्मबाट आत्मिक बाल्यापनको समय शुरू हुन्छ। के तपाईंले कहिल्यै केटाकेटीहरूलाई बयस्कहरूका "लुगा लगाएका" वा हुर्किएको बहाना गरेका देख्नुभएको छ? ठूला-ठूला जुत्ता वा चप्पल लगाएर हिँड्का देख्नु वा कान छोप्ने टोप लगाएका हेर्नु हाँसोउठ्दो नै हुन्छ। कहिलेकहीँ हामी यस्ता केटाकेटीहरूलाई यसो भन्ने गर्छौं,



"थी कुराहरू गर्ने उमेर नपुगेसम्म तिमीहरू पर्ख।" *समय* महत्त्वपूर्ण हुन्छ। ठीक कुराहरू गर्नका लागि मात्र हामीले सरोकार राख्नुहुँदैन *तर ठीक समयमा* पनि तिनीहरूलाई गर्नुपर्छ। अनि गल्ती समयले अपक्व कार्यलाई मात्र सम्बोधन गर्दैन। तर पछौटे अवस्थाको पनि सम्बोधन गर्छ। हिब्रू ५:१२ ले पछौटे आत्मिक अवस्थाको महत्त्वपूर्ण उदाहरणलाई प्रस्तुत गरेको छ, यसो हुनुको कारणचाहिँ अझै आत्मिक उन्नतितर्फको परमेश्वरको वर्तमान ज्ञानको प्रयोगको कमी हो।

१ हिब्रू ५:११-१४ लाई पढ्नुभएपछि १२ पदको मुनि धर्को तान्नुहोस्। यस पदमा वर्णन गरेअनुसार मानिसको समस्या के थियो? ..........................................................................

त्यहाँ दुइ किसिमका समय छन्। ग्रीकहरू जसका भाषामा नयाँ करार लेखिएको थियो, तिनीहरूले समयलाई दुइ आधारभूत तरीकाहरूमा विचार गरेका थिए: १) *क्रोनोसले* मिनेट, घण्टा र दिनहरूको बोध गराउँछ; र २) *काइरोसले* संकट अवधिहरूलाई सम्बोधन गर्छ। वृद्धि हुने, जाँचिने र मानिसको जीवनमा अन्य अनुभवहरूजस्ता महत्त्वपूर्ण समयहरूलाई यी अवधिहरूमा समावेश गरिएका छन्।



क्रोनोस—समय



काइरोस-संकट

ख्रीष्टियान परिपक्वताको प्रक्रियामा, समयका यी दुवै धारणाहरू महत्त्वपूर्ण छन्। हामी कति लामो समयदेखि ख्रीष्टियान छौं, त्यसको आधारमा परमेश्वरले हामीबाट विशेष थोकहरूको प्रतीक्षा गर्नुहुन्छ। हाम्रो संकटका समयका मालिक पनि उहाँ नै हुनुहुन्छ। समय र

ऋतुहरूलाई परमेश्वरले अधीन गर्नुहुन्छ भन्ने सम्बन्धमा उपदेशक ३:१-८ पढ्नुहोस्।

तपाईंले नयाँ जन्म पाउनुभएको कति भयो? हुन सक्छ, यो भर्खरै मात्र होला। वा तपाईं लामो समयदेखि ख्रीष्टियान हुनुहुन्छ। *वास्तविक समय महत्त्वपूर्ण* छ भन्ने कुरालाई याद गर्नुहोस्। परमेश्वरले भन्दा बढ़ी हामीले हाम्रो आफ्नो बारेमा आशा राख्नुहुँदैन। वृद्धि हुनु समय लाग्ने प्रक्रिया हो। पर्याप्त समयको कमी वृद्धि हुनका लागि सीमित बनाउने तत्त्व हुन सक्छ। यदि तपाईंले पर्याप्त प्रगति देखाउनुभएको छैन भने, हरेस नखानुहोस्। आत्मिक थोकहरूका सम्बन्धमा भएको तपाईंको वर्तमान ज्ञानलाई यस पाठ्यपुस्तकद्वारा विश्वासयोग्यताका साथ प्रयोग गरी ख्रीष्टमा अझै परिपक्व हुनका लागि प्रभुको सहायताको निम्ति बिन्ती गर्नुहोस्।

समय पूर्ण वा परिपक्व भएको भनी बाइबलले घरीघरी बताउँछ। एफिसी १:१० एक उदाहरण हो: "ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्।"

२ एफिसी १:१० मा उल्लेखित योजनालाई कसले पूरा गर्नुपर्छ?

.......................................................................................

विश्वासीको समयका सबै पक्षहरूलाई ख्रीष्टले अधीन गर्नुहुन्छ भनी विश्वास गर्नु कति उत्साहवर्दक छ!

*काइरोस,* अर्थात् संकटका अवधिहरू अनियमित समयहरूमा आउँछन्, जसलाई परमेश्वरले मात्र अधीनमा राख्न सक्नुहुन्छ। तिनीहरूले हामीलाई सिकाउने परिस्थितिहरू ल्याउँछन्।

३ लूका २२:३१ पढ्नुहोस्। यहाँ अति महत्त्वपूर्ण विचार छ। विषयचाहिँ *जाँच* हो। चेलाहरूलाई जाँच (परीक्षा) गर्नका लागि कसले अनुमति माग्यो?

**क**. शैतान
**ख**. परमेश्वर
**ग**. सहकर्मी विश्वासीहरू

येशूका चेलाहरूलाई जाँचनका लागि कसले अनुमति दियो? (लूका

२२:३१-मा यस प्रश्नको सीधा उत्तर दिइएको छैन, तर यस बारेमा तपाईंले विचार गर्नु आवश्यक छ।) अय्यूबलाई जाँच गर्नका लागि परमेश्वरले शैतानलाई अनुमति दिनुभएझैं चेलाहरूलाई जाँच गर्नका लागि पनि परमेश्वरले शैतानलाई अनुमति दिनुभयो (अय्यूब १:६-१२)।

लूका २२:३१ मा भएको यो जाँचको उद्देश्य चेलाहरूलाई र विशेष गरी पत्रुसलाई केलाउनु थियो। यसभन्दा तलको पदमा हामी देख्छौं कि आफ्नो *काइरोस* (संकट)-को घडीमा पत्रुस विजय हुन सकून् येशूले पत्रुसको निम्ति प्रार्थना गरिरहनुभएको थियो। केवल बच्नुलाई मात्र होइन, तर बलियो भई अरूहरूलाई सामर्थ्य दिनु हो भनी हामीमा र अरूहरूमा आत्मिक वृद्धि उत्पादन गर्ने संकटमा हामीले धैर्य देखाउन सक्छौं भनी हामी प्रार्थना गरौं।

४ रोमी ५:३-४ अनुसार के कुराले सहनशीलता उत्पादन गर्छ?

..........................................................................................

५ रोमी ५:४ को आधारमा तलको बयानलाई पूरा गर्नुहोस्। सहनशील हुन सिक्नाले हाम्रो जीवनमा परमेश्वरको ........... प्राप्त हुन्छ र त्यसबाट आशा आउँछ।

परमेश्वरले दबाबका समयहरू र संकटका समयहरूलाई अनुमति दिनुहुन्छ र बन्दोबस्त गर्नुहुन्छ, जुनचाहिँ ख्रीष्टियान परिपक्वतातर्फ वृद्धि हुनलाई हाम्रा निम्ति मौकाहरू हुन्।

**इच्छाको गल्ती अभ्यास**

उद्देश्य २: *परमेश्वरको इच्छासँगको सम्बन्धमा मानवले गर्ने विशेष गल्ती अभ्यासलाई उल्लेख गर्नुहोस्।*

तपाईंले यस पाठ्यपुस्तकलाई किन अध्ययन गरिरहनुभएको छ? यदि परिपक्वता स्वत हुने हो भने, किन कसैले परिपक्व हुने कोशिश गर्नुपर्छ? तपाईंलाई उत्तर थाहा भइसकेको छ। परमेश्वरले *काइरोस* (संकट) को प्रबन्ध गर्नुहुन्छ, तर यसमा कसरी प्रतिउत्तर दिने भन्ने कुरा हामीले नै निर्णय गर्नुपर्छ। जब परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो, उहाँले हामीलाई इच्छा दिनुभयो। योचाहिँ हाम्रो आत्माको अति उच्च रूप हो। परमेश्वरले हामीलाई दिनुभएको यस गुणका

अधिकारहरूलाई नबिगार्नका निम्ति परमेश्वरले हामीलाई छान्नुभएको छ।

६ केही क्षणको लागि अब हामी हिब्रू ५:११-१४ मा फर्कौं। ११ पदअनुसार हिब्रूहरूलाई आत्मिक सत्यता व्याख्या गर्नका लागि लेखकलाई किन कठिन परेको थियो?

..............................................................................

पद ११-को मूल भाषामा "छ" क्रियालाई "भएका छौ" भनी अनुवाद गर्नु अझै उत्तम हो। हिब्रूहरू सधैंभरि नै मन्द, ढीला र चल्नका लागि कठिन थिएनन्। ग्रीक शब्द *नोथ्रोस* अर्थात् ढीलाको अर्थ "घचेट्न कठिन" भन्ने हुन्छ। यहाँ यसो भनिएको छः *अगाडि बढ्नको लागि तिमीहरू ढीला र कठिन भएका हुनाले धेरै सत्यताहरू दिन सकिँदैन।*



यस विषयमा हिब्रूहरूले *छान्न सक्थे* भन्ने कुरा तपाईं यहाँ देख्न सक्नुहुन्छ। तिनीहरूको इच्छा समावेश थियो। वृद्धिको प्रक्रियाका विरुद्धमा तिनीहरूले आफ्ना हृदयहरू कठोर पारेका थिए। बुझ्नका लागि मानिसहरू ढीला थिए भन्ने धारणा १२ पदको अन्तिम भागमा फेरि उल्लेख छ। तिनीहरूले दूध पिउनु पर्थ्यो र खँदिलो खानेकुरा खान सक्दैनथे। यसो भन्नु, एक प्रकारमा उपयुक्त नै देखिन्छ कि प्रायःजसो ख्रीष्टियानहरू आफ्ना *मनमा* जस्तो परिपक्व हुने निर्णय गर्छन्, तिनीहरू यस्तै नै हुनेछन्, परमेश्वरले विद्यालय जुटाउनुहुन्छ, तर सिक्ने वा नसिक्ने कुराको निर्णय हामीले नै बनाउनुपर्छ!

७ लूका २२:३१-३२ लाई फेरि पढ्नुहोस् र यस वाक्यलाई पूरा गर्नुहोस्ः पत्रुसको विश्वास.................................. भनी येशूले प्रार्थना गर्नुभयो।

८ लूका २१:३४-३६ मा येशूले आफ्ना चेलाहरूलाई दिनुभएका वचनलाई पढ्नुहोस्। चेलाहरूले उनीहरू आफैका निम्ति कति थोकहरूको निर्णय गर्नुपर्छ सो कुरालाई ध्यान दिनुहोस्। यी पदहरूमा भेट्टिएका इच्छाका कार्यहरूलाई तपाईंको अभ्यास पुस्तिकामा सूची बनाउनुहोस्।

हामीले अध्ययन गरेका वा अध्ययन गर्ने सबै थोकहरू हाम्रा *इच्छा*अनुसार नै हुन्छन्। धेरै बाइबल पदहरूले हाम्रा *इच्छा*लाई सीधै उल्लेख नगरे पनि मानव इच्छाको प्रयोगलाई इङ्गित गरेका छन्। यहाँ दुइवटा पदहरूका केही भागहरू छन्, र तिनीहरूमा भएको यस *इच्छा धारणालाई* अझै जोड़ दिनका लागि पुनः सरलीकरण गरेको छुः

१. १ पत्रुस २:२: नयाँ विश्वासी नयाँ बालकजस्तै हुनुपर्छ। आत्मिक दूध *पिउनका लागि ऊ इच्छुक* हुनैपर्छ।

२. २ पत्रुस ३:१८ येशू ख्रीष्टका अनुग्रह र *ज्ञानमा वृद्धि* हुनका लागि एक विश्वासीले सधैं *इच्छा* गर्नुपर्छ।

९ तल दिइएका बाइबलका पदहरूलाई लिनुहोस् र तपाईंको अभ्यास-पुस्तिकामा तिनीहरूका भागहरू (शब्दहरू) लाई परिवर्तन गर्नुहोस्। तपाईंले यसलाई पुनः लेख्नुहुँदा *इच्छा धारणाहरूका* मुनि धर्को तानी तिनीहरूलाई जोड़ दिनुहोस्।

**क**. एफिसी ४:१५

**ख**. २ पत्रुस १:६

**ग**. १ कोरिन्थी १३:११

**घ**. एफिसी ४:१३

के तपाईंले आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुपर्ने कुरालाई पूरा गर्नुभएको छ? त्यो अति नै उत्तम अभ्यास हो! *इच्छाको* असल बुझाइ महत्त्वपूर्ण छ भनी तपाईंले पत्ता लगाउनुहुनेछ र यो लामो अभ्यासले तपाईंलाई सहायता पुऱ्याउनेछ।

जीवनको दौडमा मानव इच्छाको महत्त्वपूर्णतालाई हिब्रू १२:१-२ ले जोड़ दिएको छ। हामी कस्तो हुनुपर्छ भनी यस खण्डले हामीलाई सङ्केत दिएको छः

*हाम्रो आत्मिक उन्नतिलाई रोक्ने कुनै पनि थोकहरूबाट* आफैलाई स्वतन्त्र पार्ने इच्छा राख्नु, र जीवनको दौडमा आत्मिक परिपक्वतातर्फ उन्नति गर्नेका लागि *येशूमा हाम्रा आँखाहरू राख्ने* हुनु।

*यदि तपाईं परमेश्वरको इच्छाको विरुद्धमा विद्रोही हुनुभयो भने, तपाईंले आफ्नो इच्छालाई गल्ती किसिमले अभ्यास गर्दै हुनुहुन्छ।* ख्रीष्टियान परिपक्वताले परमेश्वरको इच्छामा हाम्रो इच्छालाई समर्पण गर्ने कुराको माग गर्छ। येशूले पनि क्रूस बोक्नका लागि आफ्नो मानव इच्छालाई ईश्वरीय इच्छामा समर्पण गर्नुभयो (मत्ती २६:३६-४२)।

**१०** हिब्रू १२:२-अनुसार केको कारणले येशू क्रूसमा मर्न सक्नुभयो?

**क.** उहाँका वरिपरिकाहरूको सङ्गति।
**ख.** उहाँको पृथ्वीको जीवन अवधिमा विजय।
**ग.** भविष्यको आनन्दको आशा।

दोहोऱ्याउनका लागि तपाईंको निम्ति यो अति असल घडी हो। ख्रीष्टियानका रूपमा के तपाईं परिपक्व बन्ने चाहना र इच्छा गर्नुहुन्छ? परमेश्वरले तपाईंलाई राख्नुभएका अवस्थाहरूमा ठीक प्रतिउत्तर दिनका लागि प्रार्थना गर्नुहोस्।

**भोजनमा कमी**

उद्देश्य ३: *१ कोरिन्थी ३:१-२ मा ख्रीष्टियानहरूको आफ्नै लापरवाहीको कारण तिनीहरूका आत्मिक भोजनमा कमी भएको छ भनी स्पष्टजस्तो किन देखिन्छ, व्याख्या गर्नुहोस्।*

मानिसले जे खान्छ ऊ त्यस्तै बन्छ भन्ने भनाइ धेरै संस्कृतिहरूमा पाइन्छ! हामीले कति धेरै खान्छौं भन्ने कुरा मात्र होइन, तर हामीले के खान्छौं भन्ने कुरा पनि महत्त्वपूर्ण छ। केही खानाहरूमा भएका कुराहरूले केवल बोसो मात्र उत्पादन गर्छन्। अरू खानेकुराहरू बल र सामर्थ्यका निम्ति मात्र असल हुन्छन्। ख्रीष्टियान परिपक्वता हाम्रो आत्मिक भोजनद्वारा सीमित पारिएको छ भन्ने कुरामा कुनै शङ्का छैन। पाठ ३ मा हामीले केही हदसम्म यसलाई हेरिसकेका छौं। नयाँ जन्मेको ख्रीष्टियानले दूधको तृष्णा गर्नुपर्छ। तर वृद्धि हुनका लागि विश्वासी दूधदेखि खँदिलो खानामा जानुपर्छ।

यदि ख्रीष्टियानहरू परिपक्व भइरहेका थिए भने तिनीहरू शिक्षकहरू *बन्न* सक्नुपर्ने थियो भन्ने कुरालाई हिब्रू ५:१२ मा ध्यान दिनुहोस्। त्यसको सट्टामा त तिनीहरूलाई अझै शिक्षकहरूको *आवश्यकता* थियो। तिनीहरूले अझै पनि खँदिलो भोजन खान सकेका थिएनन् (सत्यतालाई सीधै पचाउन), तर दूध पिउन परेको थियो (पहिल्यै पचाइएको खानेकुरा)। तिनीहरूले सिक्न सक्ने तहमा तिनीहरूलाई सिकाउनका लागि *कसैले* बाइबलमा परमेश्वरको सत्यता अध्ययन गर्न, प्रार्थनासाथ परमेश्वरबाट सिक्न, र आफ्नो मन र आत्मालाई तयार पार्नुपर्थ्यो।

यी ख्रीष्टियानहरूका लेखकले हिब्रू ५:११ मा भनेका छन्, "यस विषयमा हामीलाई भन्नु त धेरै छ, तर बुझाउन गाह्रो छ, किनकि तिमीहरूको सुन्ने शक्ति मन्द भएको छ।" ख्रीष्टियान विश्वासको पूर्ण शिक्षण कुनै पनि तरीकामा बुझ्नका लागि सजिलो होइन। यसलाई एक दिनमा बुझ्न वा सिक्न सकिँदैन। एक विश्वासीले प्रायःजसो कठिन शिक्षणलाई त्याग्ने गर्छ। यस्तै तिरस्कार बालकमा पनि देखिन्छ। आमाले दूध खुवाउन छाडी खँदिलो खानेकुरामा जोड़ दिँदा बालकलाई मन पर्दैन। तर आमालाई थाहा छ, कि आफ्नो बालकको वृद्धिको निम्ति अर्को कदमचाहिँ यही नै हो।

ख्रीष्टियान परिपक्वतामा आउने आफ्नो इच्छालाई तपाईंले प्रमाणित गर्नुभएको छ। तर यसले नै त सजिलो बनाउँदैन, बनाउँछ र? पछिका पाठहरूमा हामी देख्नेछौं कि विश्वासीको निम्ति *खँदिलो भोजनको अर्थः*

१) आधारभूत ख्रीष्टियान सिद्धान्तहरूबाट अझ कठिन धारणाहरूमा जानु, २) ठीक र बेठीकको बीचको भिन्नतालाई जान्नु, ३) जिम्मेवारीलाई स्वीकार गर्नु, र ४) उनको जीवनमा ख्रीष्टियान चरित्र निर्माण गर्नु। यी सबै थोकहरू गर्नका लागि *अलौकिक सहायताका निम्ति* तपाईंले परमेश्वरमा हेर्नुपर्छ र साथसाथै तपाईंको आफ्नै इच्छालाई अभ्यास गर्नुपर्छ।

११ १ कोरिन्थी ३:१-२ मा यो स्पष्ट देखिन्छ कि ख्रीष्टियानहरूले उच्च आत्मिक भोजनलाई पचाउन सक्नुपर्ने थियो र यसरी तिनीहरूलाई अझै दूध नै पियाउनु परेकोमा पावलले अफसोस व्यक्त गरेका छन्। तिनीहरूलाई आफूले दूध पियाउनु परेको कारण पावलले के दिएका छन् (पद २)?

.............................................................................

.............................................................................

१२ विश्वासीमा ख्रीष्टियान परिपक्वता विकास गर्नलाई एकसाथ काम गर्ने मानव कुरा र त्यसपछि अलौकिक कुराको नाम दिनुहोस्।

.............................................................................

## हाम्रो वृद्धिलाई सहायता दिने

वृद्धि हुने शक्तिको बारेमा हामीले पहिले नै छलफल गऱ्यौं, जुनचाहिँ सबै जीवनमा हुन्छ। वृद्धि किन हुँदैन भन्ने कारणहरूलाई हामीले यस पाठको पहिलो भागमा नै उल्लेख गरिसकेका छौं। वृद्धिका आफ्नै सीमाहरू र आफ्नै शत्रुहरू छन्। येशू ख्रीष्टलाई प्राप्त गरी हामी वृद्धि हुन शुरू गऱ्यौंः हाम्रा पापको पश्चात्ताप गरी र हाम्रा जीवनमा उहाँको प्रभुत्वलाई स्वीकार गरी। नयाँ गरी जन्मनुको प्रक्रिया यही हो भनी हामीले सिकेका छौं। हाम्रो नयाँ जीवन आत्मिक हो। यस अनुभवका सम्बन्धमा भएको येशूको विवरणलाई के तपाईं याद गर्नुहुन्छ? यूहन्ना ३ः६ मा यसलाई पाउन सकिन्छ।

१३ यस खण्डअनुसार त्यहाँ दुइ जन्महरू छन्ः एउटाचाहिँ मानव आमा-बाबुद्वारा र अर्कोचाहिँ आत्मिक रूपमा भएको जन्म।

**हाम्रा सहयोगी (सल्लाहकार) पवित्र आत्मा**

उद्देश्य ४ः *पवित्र आत्माद्वारा ऊ ख्रीष्टमा कसरी वृद्धि हुन्छ भनी विश्वासीलाई व्याख्या गरिदिनुहोस्।*

वृद्धि हुनका लागि पवित्र आत्माले हामीलाई कसरी सहायता गर्नुहुन्छ भनी बुझ्नु महत्त्वपूर्ण छ। आफ्ना छोराछोरीहरूलाई हिँड्न र बोल्न सिकाएर, र परिपक्व हुनका लागि तिनीहरूलाई धैर्यसाथ सहायता गरेर आमा-बाबुहरूले छोराछोरीहरूलाई मदत पुऱ्याएका कुरालाई तपाईंले देख्नुभएको छ। यसरी नै पवित्र आत्मा नयाँ ख्रीष्टियान जीवनका निम्ति प्रशिक्षक हुनुहुन्छ। प्रेरित पावलले यो प्रक्रियालाई १ कोरिन्थी २ मा व्याख्या गरेका छन्। पवित्र आत्माले परमेश्वरको रहस्य हामीलाई प्रकट गरिदिनुहुन्छ।

१४ १ कोरिन्थी २:१०-११ लाई आधार बनाई यी प्रश्नहरूका उत्तर दिनुहोस्।

**क**. परमेश्वरले कसद्वारा आफ्नो रहस्यलाई प्रकट गर्नुभयो?

..........................................................................

**ख**. परमेश्वरको उद्देश्यहरूका लुकेका गहिराइहरूलाई कसले खोजी गर्‍यो? ..............................................................

**ग**. केले एक व्यक्तिका बारेमा सबै थोक जान्दछ?

..........................................................................

**घ**. परमेश्वरको बारेका सबै कुराहरू कसलाई थाहा छ?

..........................................................................

पहिलो कोरिन्थी २:१२-ले बताउँछः "अब हामीले संसारको आत्मा पाएका छैनौं, तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं।" यो कस्तो महत्त्वपूर्ण बयान हो। परमेश्वरबाट हामीमा आउने सबै थोकहरूलाई जान्नका लागि हामीलाई सहायता पुर्‍याउन पवित्र आत्मा आउनुहुन्छ। पूर्ण मनुष्यत्वमा "हुर्कनका लागि" हामीलाई सहायता पुर्‍याउन पवित्र आत्मा आउनुहुन्छ भनी हामी भन्न सक्छौं। उहाँले हामीलाई परिपक्व हुनका लागि सहायता गर्नुहुन्छ। हाम्रा स्वाभाविक आमा-बाबुले जस्तै, उहाँले यस लक्ष्यतर्फ हामीसँग धैर्यसाथ काम गर्नुहुन्छ।

तपाईंलाई यादै छ कि पवित्र आत्माको प्रत्यक्ष कार्यद्वारा येशू मानव रूपमा जन्मनुभएको थियो (लूका १:३५)। आफ्नो मानव उद्देश्य पूरा गर्नका लागि पवित्र आत्माले नै हाम्रा प्रभु येशू ख्रीष्टलाई सहायता पुर्‍याउनुभएको थियो। पिताका आज्ञाकारी सेवक हुनका लागि पवित्र आत्माद्वारा नै उहाँको अगुवाइ भएको थियो (मत्ती ४:१)।

१५ प्रेरित १०:३८ अनुसार पृथ्वीको आफ्नो सेवाको निम्ति येशू कसरी तयार हुनुभएको थियो?

..........................................................................

जब येशू पिताकहाँ फर्कन लाग्नुभएको थियो, उहाँले आफ्ना चेलाहरूलाई अर्को सल्लाहकारको प्रतिज्ञा गर्नुभयो। "अर्को" (यूहन्ना १४:१६) शब्दको अर्थ येशू आफैजस्तो हो। यो अति महत्त्वपूर्ण

प्रतिज्ञा हो, र हामीले ध्यानपूर्वक यसलाई अध्ययन गर्नैपर्छ। यहाँ सल्लाहकार वा सहयोगी शब्दको अर्थ "सहायता गर्नका लागि हामीसँग काम गर्ने व्यक्ति" भन्ने बुझिन्छ।

**१६** यूहन्ना १४:१५-२० पढ्नुहोस्, र यी प्रश्नहरूका उत्तर दिनुहोस्ः

**क.** सल्लाहकार कति लामो समयसम्म हामीसँग बस्नुहुनेछ (१६ पद)? ............................................................

**ख.** हामीलाई सहायता गर्नुहुँदा सल्लाहकार कहाँ हुनुहुनेछ (१७ पद)? ............................................................

**१७** यूहन्ना १४:२५-२६ पढ्नुहोस्। सल्लाहकारले तिनीहरूलाई के कुरा स्मरण गराउनुहुनेछ भनी येशूले चेलाहरूलाई प्रतिज्ञा गर्नुभयो?

**क.** उहाँले तिनीहरूलाई भन्नुभएका कुराहरूको केही भाग।
**ख.** उहाँले तिनीहरूलाई भन्नुभएका सबै कुराहरू।
**ग.** उहाँले तिनीहरूलाई भन्नुभएकाभन्दा पनि धेरै कुराहरू।

यूहन्ना २६:५-१५ लाई पढ्नु तपाईंको निम्ति महत्त्वपूर्ण छ। अहिले नै यसलाई पढिहाल्नुहोस्। उहाँले यस पृथ्वी छोड़ेर जानु नै उहाँका चेलाहरूका हितमा छ भनी येशूले यस खण्डमा बताउनुभएको छ।

**१८** येशू जानुहुने सम्बन्धमा यूहन्ना १६:७-मा उहाँले आफ्ना चेलाहरूलाई के कारण दिनुभयो?

............................................................

पवित्र आत्माले हामीलाई सिकाउन र "सबै सत्यतामा" डोऱ्याउनका लागि येशूले मण्डलीमा उहाँलाई पठाउनुभएको हो (यूहन्ना १६:१३)। उहाँले हामीलाई येशू ख्रीष्टको स्वरूपमा निर्माण गर्नुहुनेछ। यस स्वरूपमा हामीले मानिसको साँचो अवस्थालाई पूरा गर्नेछौं। पिताका आज्ञाकारी दासका रूपमा आफ्नो मानव उद्देश्य पूरा गर्नका लागि पवित्र आत्माले येशूलाई अगुवाइ गर्नुभयो। यसरी मृत्युको संकष्ट र पुनरुत्थानद्वारा उहाँले हाम्रो निम्ति मुक्ति जित्नुभयो। पवित्र आत्माले हामीलाई येशूको स्वरूपतर्फ डोऱ्याउनुहुन्छ, यसरी उहाँका सेवकहरूका रूपमा हामी यस पृथ्वीमा ख्रीष्टलाई प्रतिबिम्बित गर्ने शरीर बन्छौं। कति अचम्मको योजना! हामी संसारमा परमेश्वरको उद्देश्यका भाग हौं।

**हाम्रा आत्माद्वारा पवित्र आत्माको कार्य**

उद्देश्य ५: *तपाईंको जीवनमा दुइ विरोधी दबाबहरूलाई परिचित गर्नुहोस्।*

उद्देश्य ६: *आत्मासँगको हिँडाइ प्राप्त गर्नमा तपाईंको भागलाई वर्णन गर्नुहोस्।*



पवित्र आत्माले मानिसका आत्माद्वारा काम गर्नुहुन्छ। हामीले देखेझैँ मानिसको आत्मा उसको उच्च स्वभाव हो। यसले मानिसलाई अन्य सृष्टिका जीवनबाट पूर्ण रूपमा भिन्न पार्छ। यसमा व्यक्तित्व र तार्किक विचारको योग्यता समावेश गरिएको छ। एक प्रकारले भन्ने हो भने, तपाईंको आत्मालाई भञ्याङ्गसँग तुलना गर्न सकिन्छ। यस भञ्याङ्गको उच्च र परमेश्वरजस्तो भाग तपाईंको *इच्छा* हो। इच्छाचाहिँ छान्ने वा निर्णय बनाउने शक्ति हो। ईश्वरशास्त्रीहरूले यसलाई "स्वतन्त्र इच्छा तत्त्व" भनेका छन्। यसको अर्थ यही हुन्छ कि मानिस के बन्ने हो भनी निर्धारण गर्नका लागि परमेश्वरले उसलाई भाग दिनुभएको छ।

आफ्नो जीवन निर्देशन गर्नका लागि मानिसले परमेश्वरका आत्मालाई तिरस्कार गरेपछि मानिसको आत्मा युद्धभूमि बन्छ। केही कुरा लिनका लागि दुइ जना व्यक्तिहरूले तानातान गरेको घटनालाई के तपाईंले देख्नुभएको छ? उनीहरूले यसलाई च्यात्लान्जस्तो देखिन्छ। गलाती ५:१६-१७ मा हामीले भेट्टाएको आत्मिक युद्ध *त्यस्तै* हो।

१६ गलाती ५:१६-१७ पढ्नुहोस्। १७ पदअनुसार कुन दुइ दबाबहरू एक-अर्काका विरुद्धमा हुन्छन्?

.....................................................................................

आत्माको अधीनमा भएपछि मानव स्वभाव अधीनमा हुन्छ भनी हाम्रा जीवनका सम्बन्धमा गलाती ५:१६-२३ ले बताउँछ। १६-२१ पदहरूमा वर्णन गरेझैँ मानव स्वभावले जीवन उत्पादन गर्छ। यद्यपि,

जब परमेश्वरका आत्माले मानिसको आत्मालाई अधीन गर्नुहुन्छ, उहाँले सम्पूर्ण रूपमा भिन्नै जीवन-ढाँचा उत्पादन गर्नुहुन्छ।

२० गलाती ५:२२-२३ लाई पढ्नुहोस्। यस खण्डमा भएका गुणहरूलाई *हाम्रा आत्मासँग भएको पवित्र आत्माको अधीनताद्वारा* विकास गरिन्छ, र यसलाई *आत्माको फल* भनिन्छ। यी नौवटा गुणहरूलाई तिनीहरू उल्लेख भएको क्रममा सूची बनाउनुहोस्।

क ....................
ख ....................
ग ....................
घ ....................
ङ ....................
च ....................
छ ....................
ज ....................
झ ....................

२१ पवित्र आत्माको अभिषेकद्वारा, येशूले मानव सेवाका निम्ति वरदानहरू प्राप्त गर्नुभयो। परमेश्वरले येशूमाथि पवित्र आत्मा खन्याउनुहुँदा, येशूले के गर्नुभयो?

.......................................................................................

.......................................................................................

पवित्र आत्माले हाम्रो जीवनलाई अधीन गर्नुहुँदा उहाँले हामीमा येशूको काम नै गर्नुहुन्छ। कति ठूलो प्रतिज्ञा!

२२ यूहन्ना १४:१२-१४ पढ्नुहोस्। उहाँमा विश्वास गर्नेले उहाँले गरेका कामहरू पनि गर्ने छ भन्ने कुरालाई येशूले कसरी तुलना गर्नुभएको छ (१२ पद)?

.......................................................................................

.......................................................................................

गलाती ५:२५ लाई हेरौं, जहाँ भनिएको छ, "हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँडौं।" अधीनको अर्को रूपचाहिँ हाम्रा जीवनमाथिको दैनिक अधीन हो, हाम्रो इच्छाको वास्तविक समर्पण। यसलाई आत्माको हिँड़ाइ भनिन्छ। आफ्नो मानव अनुभवमा येशू दिनहुँ यसरी नै हिँड्नुभयो। हामी पनि पवित्र आत्माद्वारा हिँड्न सक्छौं। तलको उदाहरणलाई अध्ययन गर्नुहोस्।




वृद्धि हुनका लागि हामीलाई सहायता पुऱ्याउने अन्य धेरै थोकहरूलाई ६ अध्यायमा छलफल गरिनेछ, तर अहिले नै बुझ्नु पर्ने एउटाचाहिँ हाम्रो निम्ति महत्त्वपूर्ण छः *हामी आत्मिक परिवारभित्र जन्मेका छौं, जुनचाहिँ हाम्रो सहायताको निम्ति परमेश्वरद्वारा उपलब्ध गरिएको छ।*

२३ एफिसी ४:७-१६ पढ्नुहोस्। मानव-जातिलाई विभिन्न किसिममा सेवा पुऱ्याउनका निम्ति ख्रीष्टले वरदानहरूका रूपमा मानिसहरूलाई राखिदिनुभयो (११ पद)। यी सेवकहरूका कामको उद्देश्य के थियो (पद १२)?

..................................................................................

यदि पवित्र आत्मा, अर्थात् सल्लाहकारले हामीलाई येशू ख्रीष्टको स्वरूपमा निर्माण गर्नुहुने हो भने हामीले हाम्रो आत्मा– व्यक्तित्व, ज्ञान, क्षमता, र इच्छा वा छनोटलाई समर्पण गर्नैपर्छ। उहाँको स्वरूपमा, हाम्रो निम्ति भएको परमेश्वरको इच्छालाई हामी पूरा गर्न सक्छौं। हाम्रो आत्मिक लक्ष्यतर्फको निर्देशनको निम्ति हामी हाम्रा आधारभूत आवश्यकतालाई पनि पूरा गर्न सक्छौं।

**स्वयम्-जाँच**

**ठीक-बेठीक प्रश्नः** यदि बयान ठीक छ भने खाली ठाउँमा ठी लेख्नुहोस्। यदि यो बेठीक छ भने बे लेख्नुहोस्। तब, बेठीक बयानलाई ठीक बनाएर लेख्नुहोस्।

.... १ विश्वासीको परिपक्वतासँग समयको कुनै सम्बन्ध छैन।
.............................. समयको ..................

.... २ आत्मिक उन्नतिलाई बाधा दिने थोकहरूबाट हामीले आफैलाई स्वतन्त्र पार्ने इच्छा राख्नुपर्छ।
.................................... हामीले आफैलाई स्वतन्त्र पार्ने इच्छा राख्नुपर्छ।

.... ३ वचनको दूध मात्र प्राप्त गर्ने विश्वासी खँदिलो भोजन प्राप्त गर्नेभन्दा चाँड़ो वृद्धि हुन्छ।
वचनको दूध मात्र प्राप्त गर्ने विश्वासी ..........................
..................................................................................

.... ४ कुनै पनि मानिसको बारेको पूर्ण ज्ञानको एक मात्र स्रोत उसका आमा-बाबु हो।
कुनै पनि मानिसको बारेको पूर्ण ज्ञानको एक मात्र स्रोत उसका.................... हो।

.... ५ गलाती ५ः२५ ले यही अर्थ दिन्छ, कि आत्मालाई हाम्रो जीवन अधीन गर्नका लागि नदिएर पनि हामी आत्मामा जीवन पाउन सक्छौं।
गलाती ५ः२५ ले यही अर्थ दिन्छ कि ..................................
..................................................................

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक प्रश्नको निम्ति त्यहाँ एक मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

६ हिब्रू ख्रीष्टियानहरूलाई पत्र लेख्ने लेखकले तिनीहरूका बुझाइको ढीलोपनको निम्ति तिनीहरूलाई आलोचना गरी, तिनीहरू के भइसक्नुपर्ने थियो भनी तिनीहरूलाई भनेका छन्?

**क**. शिक्षकहरू
**ख**. मण्डली निर्माणकर्ताहरू
**ग**. पारिवारिक व्यक्तिहरू

**छोटो उत्तरः** प्रश्नको ठीक उत्तरलाई तल दिइएको खाली ठाउँमा भर्नुहोस्।

७ गलाती ५:२२-२३ मा पवित्र आत्माद्वारा अधीन गरिएको जीवनका नौवटा व्यक्तिगत गुणहरू छन्। तीमध्ये कम-से-कम चारवटाको सूची बनाउनुहोस्।

..........................................................................

..........................................................................

तपाईंले पाठ ५ लाई अध्ययन गर्नुभन्दा पहिले, एकाइ १-को तपाईंको विद्यार्थी प्रतिवेदनलाई भर्नुहोस् र तपाईंको उत्तर पृष्ठलाई आई सी आई प्रशिक्षककहाँ पठाउनुहोस्।

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ तिनीहरूले परमेश्वरलाई चिनेपछि गर्नुपर्ने आत्मिक उन्नति तिनीहरूले गर्न सकेका थिएनन्।

१३ आत्मा

२ परमेश्वर

१४ **क** आफ्ना आत्मा।
**ख** परमेश्वरका आत्मा।
**ग** त्यस व्यक्तिको आफ्नो आत्माले।
**घ** उहाँका आत्मालाई।

३ क शैतान

१५ परमेश्वरले उहाँमाथि पवित्र आत्मा र शक्तिलाई खन्याउनुभएको थियो।

४ संकष्ट

१६ **क** सधैं
**ख** हामीमा

५ स्वीकृति (चरित्र)

१७ ख उहाँले तिनीहरूलाई भन्नुभएका सबै कुराहरू।

६ किनकि तिनीहरू बुझ्नमा ढीला थिए।

१८ तिनीहरूकहाँ पवित्र आत्मा पठाउनका लागि।

७ असफल नहोस्।

१९ मानव स्वभाव र आत्मा।

८ सधैंभरि सचेत हुनु। भोजको मोजमज्जा, मद्यपान र जीवनका फिक्रीहरूबाट नअल्झिनु।
होशियारी हुनु।
सधैंभरि प्रार्थना गर्नु।

२० **क** प्रेम
**ख** आनन्द
**ग** शान्ति
**घ** धैर्य
**ङ** दया
**च** भलाइ
**छ** विश्वासयोग्यता
**ज** नम्रता
**झ** आत्म-संयम्

९ तपाईंका उत्तरहरू केही फरक हुन सक्छन्, तर यीनमा यी विचारहरू संलग्न भएका हुनुपर्छः

**क.** हरकिसिमले ख्रीष्टमा *वृद्धि हुने इच्छा* हामीमा हुनुपर्छ।
**ख.** तपाईंले आफ्नो ज्ञानमा *आत्म-संयम् थप्ने इच्छा* राख्नैपर्छ।
**ग.** अब म मानिस भएको छु, र *बालक प्रवृत्ति (लाडेपन) लाई त्याग्ने इच्छा* मसँग छ।
**घ.** हाम्रो विश्वासमा एकता कायम राख्नलाई *एकसाथ आउने इच्छा* हामीले राख्नैपर्छ।

२१ भलाइ गर्दै र शैतानको शक्तिले पेलिएकाहरूलाई निको पार्दै उहाँ जताततै जानुभयो।

१० ग) भविष्यको आनन्दको आशा।

२२ उहाँले गर्नुभएका कामहरू र तीभन्दा पनि ठूला कामहरू उसले गर्नेछ भनी बताएर।

११ किनकि तिनीहरू खँदिलो भोजन र उच्च बाइबल शिक्षाका लागि तयारी भएका थिएनन्।


२३ ख्रीष्टियान सेवाको निम्ति परमेश्वरका मानिसहरूलाई तयार पार्नु।

१२ विश्वासीको इच्छा र परमेश्वरको सहायता।

## तपाईंको बुँदा टिपोटको निम्ति

एकाइ २

# ख्रीष्टियान परिपक्वतामा विकास



## पाठ ५

# वृद्धिप्रति उत्प्रेरणा

वृद्धि हुनुचाहिँ उत्तेजनक र कठिन कार्य पनि हो। मलाई एउटा बालकको याद आउँछ, जसकी आमाले केही बीउ रोप्नका लागि उसलाई सहायता गरेकी थिइन्। उसले वृद्धिको प्रक्रियाको अनुभव गर्न सकोस् भनी तिनले चाहेकी थिइन्। एक दिन ऊ रुँदै आमाकहाँ आएर भन्यो, "आमा, मेरो बीउ बढ्‌दैन। हरेक दिन म यसलाई निकालि हेर्छु र यो बढ्‌दैकै छैन!" कस्तो अचम्म भनी तपाईं भन्नुहोला। तर पनि प्रायःजसो हामी यस्तै छौं। वृद्धिले समय, उचित भोजन, र असल माटोको माग गर्छ। विश्‍वासीको निम्ति माटोचाहिँ हाम्रो मानव आत्मा र इच्छा हो। यदि तपाईंले पवित्र आत्मासँग एकसाथ काम गर्नुभयो भने तपाईंको वृद्धि स्वाभाविक र निरन्तरीय हुन्छ।

आमा-बाबु र शिक्षकहरूले वृद्धि हुनका लागि हामीलाई उत्साह दिन प्रायःजसो इनामहरूको प्रयोग गर्छन्। यी पुरस्कारहरूलाई प्रोत्साहनहरू भनिन्छ। *प्रोत्साहन यस्तो थोक हो, जसले हामीलाई कार्यमा अगाडि बढाउँछ।* बाइबलले ख्रीष्टियान परिपक्वताका निम्ति जुटाइएका धेरै प्रोत्साहनहरू हामीलाई देखाएको छ। केही इनामहरू हामी वृद्धि हुन थालेपछि हामी तुरुन्तै महसूस गर्न सक्छौं। अरूहरूचाहिँ धैर्यसाथको पर्खाइपछि महसूस गर्न सकिन्छ। यी प्रत्येक प्रोत्साहनहरू महत्त्वपूर्ण छन्। यी केही बाइबल इनामहरू तपाईंलाई परिचित गराउनका लागि यो पाठले उद्देश्य राखेको छ।



## पाठको रूपरेखा

अहिले हामीसँग सम्बन्धित लक्ष्यहरू
  वृद्धि हुने इच्छा
  ठीक र बेठीक जान्नु
  प्राप्त गर्नु र सेवा गर्नु
हामीले टाढ़ामा देख्ने लक्ष्यहरू
  उपयोगी बन्नु
  येशूजस्तै देखिनु
  अन्तिम जाँचको निम्ति तयारी गर्नु

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंलेः

- खीष्टियान वृद्धिका निम्ति भएका उत्प्रेरणाहरूलाई परिचित गर्न सक्नुपर्नेछ।
- वृद्धिको निम्ति "मानव-जीवन" कारणहरू र अनन्त कारणहरूका बीचमा भिन्नता देखाउन सक्नुपर्नेछ।
- खीष्टको न्याय-आसनको आधारमा विश्वासीका केही जिम्मेवारी-हरूलाई उल्लेख गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. यस स्वयम्-अध्ययन पाठ्यपुस्तकमा यस पाठलाई पढ्नुहोस्।

२. आवश्यक पाठ्यपुस्तकलाई प्रयोग गरी पाठको विकासमा भएका अभ्यासहरूलाई पूरा गर्नुहोस्। पाठ्यपुस्तकमा दिइएका उत्तरहरूसँग बेला-बेलामा आफ्ना उत्तरहरूलाई जाँच्नुहोस्।

३. यस पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र होशियारीसाथ आफ्ना उत्तरहरूलाई जाँच्नुहोस्। बेठीकसँग दिइएका उत्तरहरूलाई समीक्षा गर्नुहोस्।

## *मुख्य शब्दहरू*

अन्तमा
ऐच्छिक
खोज्नु
चक्र
चरम
जस्तै
न्यायीक
प्रयत्न
प्रारम्भिक
मामला
सुसज्जित गर्नु

## *पाठ विकास*

### अहिले हामीसँग सम्बन्धित लक्ष्यहरू

कहिलेकहीँ खीष्टियानहरूलाई 'अर्को संसारको' भनी दोष लगाउने गरिन्छ। यसको अर्थ उसले पृथ्वीभन्दा स्वर्गका बारेमा धेरै विचार गर्छ भन्ने हुन्छ। यद्यपि, स्वर्ग र पृथ्वी दुवैका सम्बन्धमा बाइबलले सन्तुलित दृष्टिकोण राखेको छ। यो *यहाँ* र *अहिले* र साथसाथै यहाँपछिसँग सम्बन्धित छ। खीष्टियानका रूपमा परिपक्व हुनाले अचम्मका र तत्कालिन इनाम प्राप्त हुन्छ। परमेश्वरमा भएका हाम्रा लक्ष्यतर्फ हामीलाई लैजान पवित्र आत्माले प्रोत्साहनका रूपमा ती हामीलाई प्रदान गर्नुहुन्छ।

### वृद्धि हुने इच्छा

उद्देश्य १ : *परमेश्वरले हामीलाई कस्ता किसिमका मानिसहरू बनेको चाहनुहुन्छ उल्लेख गर्नुहोस्।*

हुर्किरहेको जवान बालकले घरीघरी कुव्यवहार गरेपछि 'बालकजस्तो नहो' भनी उसका आमा-बाबुले भन्ने गर्छन्! त्यही तहमा नै सधैँ

बस्न इच्छा राख्ने बालकको सम्बन्धमा म कल्पना गर्न पनि सक्दिनँ। प्रत्येक व्यक्ति सम्भव भएसम्म छिटो-छिटो वृद्धि हुन चाहन्छ। बयस्क बन्नुले स्वशासितको प्रतिनिधित्व गर्छ। यो थप कर्तव्य र सौभाग्यहरूको समय हो। आत्मिक बयस्कपन ख्रीष्टियान परिपक्वताको निम्ति वास्तविक *प्रोत्साहन* हो। १ यूहन्ना २:१२-१३ बाट हामीले देखेका छौं कि "केटाकेटीहरू" बाट "जवानहरू", र "पिताहरूका" सम्बन्धमा भएको यो खण्ड महत्त्वपूर्ण छ।

बयस्क हुने इच्छा र वृद्धि नहुने हो कि भन्ने डरले हामीलाई केही महत्त्वपूर्ण निर्णयहरू बनाउन लगाउनुपर्छ। *लाडे* (बच्चाको जस्तो) किसिमका बानीहरू, बोली र व्यवहारबाट आफूलाई अलग राख्नका लागि हामी इच्छुक हुनुपर्छ। ख्रीष्टले "बालकजस्तो" आत्मालाई प्रशंसा गर्नुभएको कुरालाई स्मरण गर्नुहोस् (मत्ती १८:२-५)। तर येशूले भन्नुभएको जस्तै बालकजस्तो हुनु र बच्चाजस्तै *लाडे* हुनमा फरक छ। बालककोजस्तो बोली, विचार र तर्कलाई त्यागिदिनुपर्ने सम्बन्धमा पहिलो कोरिन्थी १३:११-ले हामीलाई बताएको छ। मानिसहरूले हाम्रा निम्ति काम गरिदिऊन् भन्ने मागमा हाम्रा बच्चा (लाडे) स्वभाव देखिन्छन् होला। यस प्रवृत्तिले अरूहरूका निम्ति भएको सरोकारभन्दा स्वार्थलाई देखाउँछ, र यसले दिनुभन्दा जहिले पनि लिने गर्छ।

अनि हामी ज्ञानको उच्च तह अर्थात् बुझाइमा वृद्धि हुनैपर्छ। बुझ्नु भनेको अर्थ हाम्रो दैनिक जीवनमा ज्ञान र सत्यतालाई प्रयोग गर्नका लागि सामान्य कण्ठ गर्नुभन्दा अझै उच्च तहमा उक्लिनु हो। शब्दहरू मात्र भनेर एक बालकले सिक्न शुरू गर्छ तर के भन्ने र यसलाई कहिले भन्ने भनी मानिसले सिक्छ।

१ १ कोरिन्थी १३:११ मा पावलले भनेका छन्, "तब मैले बालकको चाल छोड़िदिएँ, र १४:२० मा उनले "सोच-विचारमा परिपक्व बन" भनी कोरिन्थका ख्रीष्टियानहरूलाई भनेका छन्। १३:११ मा बालकका जस्ता यी तरीकाहरूलाई *बोली*, *विचार* र *तर्कका* रूपमा सूची बनाइएको छ। जीवनका यी क्षेत्रहरूमा तपाईं कति परिपक्व हुनुहुन्छ? यस साधारण तालिकालाई आधार बनाई तपाईंको अभ्यास-पुस्तिकामा यस स्वयम्-जाँचलाई लेख्नुहोस्। तपाईंले निश्चयतासाथ सुधार गर्न लाग्नुभएका क्षेत्रहरूमा परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्नुहोस्।

| | बालक | परिपक्व |
|---|---|---|
| *बोली* | प्रायःजसो आफ्नै बारेमाः समस्याहरू, योजनाहरू, कार्यहरू | प्रायःजसो अरूहरूलाई चासो लाग्ने थोकहरूको सरोकार |
| *विचार (भावना)* | त्यस क्षणका व्यक्तिगत इच्छा-अनुसार आनन्द, रीस वा दुःखेसोसाथ र प्रतिक्रिया | नतीजाहरूका विचार गरी उपयुक्त कारणहरू दिने, समूह र साथसाथै आफ्नै भलाइको सरोकार राख्ने |
| *तर्क* | सुख-विलास र खुशीयालीका निम्ति भएका आफ्नै इच्छा-हरूद्वारा मूल्यलाई निर्धारण गर्ने | अरूहरू र आफूमा आइपर्ने अन्तिम असर हेरी मूल्यहरूको निर्धारण गर्ने, आफ्नो कर्तव्यको पालना गरेपछि मात्र दोस्रो तहमा खुशीयालीलाई राख्ने |

हाम्रो आत्मिक वृद्धिका लागि त्यहाँ तीन ठूला इच्छाहरू छन्। सर्वप्रथम, छोराहरूका रूपमा हामी पूर्ण परिपक्वतामा आएका हाम्रा स्वर्गीक पिता चाहनुहुन्छ। तब उहाँले हामीसँग अझै पूर्णरूपमा सङ्गति गर्नुहुन्छ। हाम्रो आत्मिक बयस्कपनले हाम्रा प्रभुलाई महिमित तुल्याउनेछ।

२ एफिसी ४:१३ लाई फेरि पढ्नुहोस्। यस पदअनुसार हामी कस्ता किसिमका मानिस बनेका परमेश्वरले चाहनुहुन्छ? ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. ख्रीष्टियान
**ख**. प्रेमी
**ग**. महत्त्वपूर्ण
**घ**. परिपक्व

हाम्रो आत्मिक वृद्धिको निम्ति भएको दोस्रो इच्छाचाहिँ मण्डली र यसका अगुवाहरूको हो। कलस्सी १:१८ मा प्रेरितले आफ्नो सरोकारको छलफल गरेका छन्। उनले भनेका छन् कि "प्रत्येक मानिसलाई चेताउनी दिँदै र प्रत्येक मानिसलाई सारा बुद्धिमा सिकाउँदै हामी उहाँलाई घोषणा गर्दछौं, यस हेतुले कि प्रत्येक मानिसलाई ख्रीष्टमा परिपक्व बनाई प्रस्तुत गर्न सकौं।"

तेस्रो कुरा, वृद्धि हुनुपर्ने **तिनीहरू**को आवश्यकताको कारण, मानिसहरूले आफ्नो वृद्धिको इच्छा राख्छन्। परिपक्वता भनेको वृद्धिको पूर्णता वा पूरा उमेर हो। आत्मिक बयस्कपनको इच्छा राख्नु सबै सच्चा विश्वासीहरूका लागि सामान्य नै हो। आत्मिक परिपक्वताको माग गर्ने विशेष कर्तव्यहरू पूरा गर्न र विशेष सौभाग्यहरू (आशिष्हरू) प्राप्त गर्नका लागि तत्परताका साथ आत्मिक वृद्धिलाई खोजौं।

## ठीक र बेठीक जान्नु

उद्देश्य २: *कति परिपक्व मानिसहरूले असल र खराबका बीचमा भिन्नता छुट्ट्याउन सक्छन्?*

भूइँमा बामी सरिरहेको बालकलाई के तपाईंले हेर्नुभएको छ? उसले *जे भेट्टाए पनि* आफ्नो मुखमा हालिहाल्छ। यो खानेकुरा पनि हुन सक्छ वा विष पनि हुन सक्छ। ठीक वा बेठीक खाने थोकहरूका बीचमा छुट्ट्याउने क्षमता उसमा हुँदैन। विभिन्न वस्तुहरूसँग भएको उसको खेलवाड पनि खतराजनक नै हुन्छ। लट्ठी वा अन्य वस्तुहरूले यस्तो किसिमको शिशुलाई ठूलो नोक्सानी पुऱ्याउन सक्छन्। हामी वृद्धि हुँदैजाँदा ठीक निर्णय गर्ने हाम्रो क्षमताको विकास हुन्छ। यस किसिमको विकासले बेठीकबाट ठीक कुरा भन्नका लागि हामीलाई सहायता पुऱ्याउँछ। विश्वासीलाई वृद्धि हुनका निम्ति योचाहिँ प्रोत्साहन हो। ठीक र बेठीकका बीचमा छुटयाउन सक्ने क्षमताको उसलाई आवश्यकता पर्छ।



वृद्धि नहुने विश्वासीहरूका निम्ति त्यहाँ ठूलो खतरा छ। तिनीहरूले प्रायःजसो भूटा शिक्षालाई पढ्ने वा सुन्ने गर्छन्। तिनीहरू अपरिपक्व भएका हुनाले यसको भूटोपनलाई तिनीहरूले महसूस गर्दैनन्। तिनीहरू छलकपटप्रति खुला हुन्छन्। "बच्चै रहने" (लाडे) ख्रीष्टियानहरूलाई अलमलमा पार्नु शैतानको लागि अति नै सजिलो पर्छ।

**३** हिब्रू ५:१४-मा बयस्कलाई कसरी वर्णन गरिएको छ?

**क.** बाबु बन्न सक्ने
**ख.** विवाह गर्न सक्ने

**ग**. असल र खराबका बीचमा छुट्ट्याउन सक्ने।
**घ**. बाइबलका धेरै पदहरूलाई उद्धृत गर्न सक्ने।

४ एफिसी ४:१३-१४ मा भएको यस खण्डलाई फेरि पढ्नुहोस्। १४ पदअनुसार, बालकहरू धार्मिक सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटचाइँले यताउता "उड़ाइएका" छन्। यी मानिसहरूले के गरेका छन्?

.......................................................................

ठीक र बेठीकका बीचको भिन्नता जान्ने हाम्रो योग्यतामा हामी वृद्धि हुनु किन आवश्यक छ भन्ने कुरा के तपाईं देख्नुहुन्छ? बेठीकबाट ठीक कुरा जान्नु हामी प्रत्येकका निम्ति अहिले कति महत्त्वपूर्ण छ! हरेक कुरामा हामी "ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ" (एफिसी ४:१५)। यसरी हामी अपरिपक्वताका नोक्सानीहरूलाई रोक्न सक्छौं।

हिब्रू ५:१४ को खण्डले हामीलाई बताउँछ कि परिपक्व मानिसहरूले *अभ्यासद्वारा* नै "असल र खराबका बीचमा भिन्नता देखाउन सक्छन्।" हाम्रो "व्यायामशाला" शब्द "अभ्यास" को प्रयोग भएको ग्रीक शब्दबाट आएको हो। खेलाड़ीले व्यायामशालामा कसरत वा अभ्यास गरेझैं ठीक कुरालाई *अभ्यास* गरेर हामीले ठीक र बेठीकका बीचमा भिन्नता छुट्ट्याउने हाम्रो योग्यतालाई वृद्धि गर्नु आवश्यक छ। परमेश्वरको वचनअनुसार जाँच र कामहरू गरेर परमेश्वरको वचनको अभ्यासद्वारा हामी वृद्धि हुनुपर्छ।

## प्राप्त गर्नु र सेवा गर्नु

उद्देश्य ३: *एक विश्वासीले कसरी र किन आत्मिक शिक्षा प्राप्त गर्छ व्याख्या गर्नुहोस्।*

अपरिपक्व हुनुमा एउटा डरलाग्दो कुराचाहिँ यो हो कि हामीले महत्त्वपूर्ण सन्देशहरूलाई गुमाउँछौं। तपाईं एउटा बालकलाई प्रायः यसो भन्नुहुन्छ, "म यो कुरा तिमीलाई व्याख्या गर्न सक्दिनँ, किनकि तिमी यसलाई बुझ्नै सक्दैनौं।" र पनि "किन" र "कसरी" भनी केटाकेटीहरू जान्न चाहन्छन्।

हिब्रूहरूलाई लेखिएको पत्रका लेखकको पुकारा यही नै थियोः "यस विषयमा हामीलाई भन्नु त धेरै छ, तर बुझाउनु गाह्रो छ, किनकि तिमीहरूको सुन्ने शक्ति मन्द भएको छ" (हिब्रू ५:११)। ठूलो आत्मिक खतरामा रहेका मानिसका निम्ति हिब्रूको पत्र लेखिएको थियो। तिनीहरूले आत्मिक रूपमा आफ्नो बाटो गुमाइरहेका थिए। तिनीहरूलाई विशेष सहायता पुऱ्याउन सक्ने सन्देश त्यहाँ थियो। तर तिनीहरूका अपरिपक्वताले यो प्राप्त गर्नका निम्ति तिनीहरूलाई रोकेको थियो।

५ हिब्रू ५:१२ पढ्नुहोस्। यी मानिसहरूलाई अझै कस्ता पाठहरूको आवश्यकता परेको थियो?

..........................................................................................

शुरूका पाठहरू नै दोहोऱ्याउनुपरेको हुनाले, तिनीहरूलाई नयाँ पाठहरू दिन सकिएन। कस्तो निराशा! ख्रीष्टियान विश्वासको पूर्ण शिक्षण सजिलो छँदैछैन। एक दिनमा यसलाई सिक्न सकिँदैन।

एफिसीका ख्रीष्टियानहरूका निम्ति पनि प्रेरित पावलमा ठूलो इच्छा थियो। तिनीहरू वृद्धि भएका उनी चाहन्थे। तब ख्रीष्टियान भएका बारेमा तिनीहरूले *साँच्चै नै* अचम्मका कुराहरू बुझ्न सक्थे।

६ एफिसी १:१५-२० मा विश्वासीहरूका निम्ति भएको पावलको प्रार्थनालाई पढ्नुहोस्। आत्मिक ज्योति प्राप्त गर्नका लागि एक विश्वासीले के कुरालाई खोल्नु आवश्यक छ?

**क.** झ्याल
**ख.** बाइबल
**ग.** उसको मन
**घ.**उसका आँखा

७ एफिसी १:१८-१९ मा, विश्वासीलाई कुन तीन कुराहरू प्रकट गर्नु महत्त्वपूर्ण छ? (उल्लेख गरिएको क्रममा तिनीहरूको सूची बनाउनुहोस्।)

**क.** ..........................................................................................
**ख.** ..........................................................................................
**ग.** ..........................................................................................

यस ख्रीष्टियान अनुभवमा हामी परिपक्व हुँदा, हामीले पवित्र आत्माद्वारा अचम्मका शिक्षा प्राप्त गर्नेछौं। परमेश्वरको वचन हाम्रो निम्ति वास्तविक बन्छ र यही नै शिक्षणको तरीका पनि बन्छ। परमेश्वरका आत्मा र उहाँका वचनद्वारा दिइएका परमेश्वरका महान् सन्देशहरूलाई विश्वासीले गुमाउनु नै हुँदैन, त्यसकारण यी सन्देशहरू प्राप्त गर्नका लागि उसले आफ्नो मनलाई खोल्नैपर्छ।

८ २ तिमोथी ३:१६-१७ मा हाम्रो निम्ति महत्त्वपूर्ण सन्देश छ। किन पवित्र धर्मशास्त्रले अर्ती दिन्छ, सच्याउँछ र सिकाउँछ भनी हामीलाई भनिएको छ? पवित्र धर्मशास्त्रले किन यी कुराहरू गर्छ?

..........................................................................................

हामी परिपक्व भएको र उहाँको सेवाको निम्ति सुसज्जित भएको परमेश्वरले चाहनुहुन्छ। यस वर्तमान जीवनमा ख्रीष्टियान परिपक्वतामा हामीले जोड़ दिनुको एक महत्त्वपूर्ण कारण पनि यही नै हो।

## हामीले टाढ़ामा देख्ने लक्ष्यहरू

उद्देश्य ४: *पावलले ख्रीष्टियान जीवनसँग तुलना गरेका प्रयत्नलाई वर्णन गर्नुहोस्।*

के तपाईं व्यक्तिगत साक्षीहरूमा आनन्द मनाउनुहुन्छ? मलाई आनन्द लाग्छ। पाका ख्रीष्टियानहरूबाट साक्षी सुन्दा विशेष रूपमा म आनन्दित हुन्छु। तिनीहरूले परमेश्वरको अनुग्रहलाई प्रमाणित गरेका छन्। अनि तिनीहरू आफ्ना जीवनका अन्तिम क्षणमा आइपुगेका छन्। तिनीहरूले चाँड़ै नै आफ्ना प्रभुलाई प्रत्यक्ष रूपमा देख्नेछन्। तिनीहरूले जीवनलाई उत्तम दृष्टिकोणबाट देख्छन्। हामीहरूमध्ये धेरैका निम्ति, हामीले भर्खरै अध्ययन गरेका प्रोत्साहनहरू अझै वास्तविक देखिन्छन्। तर, बाइबलले ख्रीष्टियान परिपक्वताका निम्ति भएका तत्कालिन र अलि पछिका लक्ष्यहरू दुवैलाई स्पष्टरूपमा सिकाएको छ।

ख्रीष्टियान परिपक्वताको प्रक्रियामा दूरीको रूपलाई प्रेरित पावलले साक्षी दिएका छन्। "मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड़

सिध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु'' (२ तिमोथी ४:७)।

९ २ तिमोथी ४:८ अनुसार पावलका निम्ति के कुरा पर्खिराखेको छ?

**क.** विजयताको इनाम
**ख.** अर्को दौड़
**ग.** आर्थिक इनाम




पावलले ख्रीष्टियान जीवनलाई दौड़का रूपमा हेरेका छन्। मनमा लक्ष्य राख्नुपर्ने कुराको आवश्यकतालाई उनले देखेका छन्। के तपाईंले कहिल्यै दौड़ वा अन्य खेलहरूमा भाग लिनुभएको छ? प्रायःजसो तालिम गर्ने व्यक्ति नै विजय हुन्छ। ''ऊ टाढ़ासम्म जान सक्षम छ'' भनी हामी भन्छौं। उसको शरीर कसरतद्वारा बलियो पारिएको हुन्छ। शारीरिक प्रतिष्पर्धाको निम्ति खेलाड़ीले तालिम गरेझैं, *ख्रीष्टियान परिपक्वताको माग गर्ने भक्तिको जीवनमा अझै टाढ़ाका लक्ष्यहरूमा पुग्नका लागि तपाईंले* पनि आत्मिक तालिम गर्नुहोस्!

१० १ कोरिन्थी ९:२४-२७ पढ्नुहोस्। तालिममा भएको प्रत्येक खेलाडीले आफूलाई केमा समर्पण गर्नुपर्छ?

.................................................................................

११ कुन वस्तुतर्फ आफू सीधै दगुर्ने कुरालाई पावलले २६ पदमा बताएका छन्?

**क.** आफ्नो मृत्यु
**ख.** सिद्धता
**ग.** अन्त्यको धर्को

१२ अझै जीवनको प्रतिष्पर्धालाई सम्बोधन गरी, पावलले २७ पदमा भनेका छन् कि आफू अयोग्य नहोऊँ भनी उनले केही कुरालाई अधीनमा राखेका छन्। यो के हो? ...................................

*अन्त्यको धर्को* भन्ने वाक्यांशको अर्थ "लक्ष्य" भन्ने हुन्छ। तालिममा भएको खेलाड़ीले खेलको निम्ति शारीरिक कसरतद्वारा आफ्नो *शरीरलाई कड़ा बनाउनैपर्छ।* जीवनको दौड़को निम्ति दुवै शारीरिक र आत्मिक अनुशासनलाई बाइबलले जोड़ दिएको छः "आफैलाई भक्तिमा तालिम देऊ, किनभने शारीरिक तालिम केहीसम्म लाभको हुन्छ, तर ईश्वरभक्तिचाहिँ हरप्रकारले लाभदायक हुन्छ" (१ तिमोथी ४:७-८) विश्वासीले कठिन कार्यहरूलाई स्वीकार गर्छ, किनभने उसले अन्तिम लक्ष्यलाई दृष्टिगत गरेको हुन्छ।

**उपयोगी बन्नु**

उद्देश्य ५: *विश्वासीको जीवनमा परमेश्वरको वचनको लक्ष्यलाई परिचय गराउनुहोस्।*

*उपयोगितालाई* केही टाढ़ाको लक्ष्यको रूपमा वर्गीकरण गर्न सकिन्छ। "तर परमेश्वरतर्फको उपयोगिता तत्कालिन लक्ष्य होइन र?" भनी तपाईं भन्नुहोला। एक-अर्थमा विश्वासी जहिले पनि परमेश्वरका लागि उपलब्ध हुन्छ। शुरूदेखि नै ख्रीष्टियान जीवन सेवाको जीवन हो। नयाँ विश्वासीले पनि परमेश्वरको निम्ति काम गर्न सक्छ। यद्यपि, हामी परमेश्वरमा परिपक्व बन्दा, हामी अझै ठूलो जिम्मेवारीको निम्ति तयारी हुन्छौं।

हाम्रा घरमा केटाकेटीहरूलाई तिनीहरूका शुरूका वर्षहरूदेखि नै काम गर्न दिइन्छ। यसरी काम गर्न दिनुको उद्देश्यचाहिँ तिनीहरूलाई जिम्मेवारीहरू सिकाउनु हो। तिनीहरूका कामको गुण शुरूमा त्यत्ति असल हुँदैन। तर काम गर्नु तिनीहरूका लागि असल हुन्छ। तिनीहरू वृद्धि हुँदा, तिनीहरूले अझै राम्रो गर्छन्। अझै महत्त्वपूर्ण कामहरूका निम्ति तिनीहरूलाई भरोसा गर्न सकिन्छ।

१३ २ तिमोथी ३:१६-१७ लाई फेरि पढ्नुहोस्। हाम्रा जीवनमा परमेश्वरको वचनको लक्ष्य परमेश्वरको सेवा गर्नका लागि हामीलाई योग्य र सुसज्जित पार्नु हो। कस्ता किसिमका असल काम गर्न हामी सक्षम छौं?

**क.** विशेष किसिमको
**ख.** केही किसिमका
**ग.** हरेक किसिमको

हाम्रो उपयोगिताको विषयमा पछि हामी पूरै पाठमा छलफल गर्नेछौं। अहिले हामीले यस कुरालाई महसूस गर्न आवश्यक छ कि हाम्रो लक्ष्यचाहिँ *पूर्ण उपयोगिता* हो। कुनै किसिमका असल कामहरू गर्नका निम्ति परमेश्वरले केही मानिसहरूलाई सुसज्जित पार्नुहुन्छ भने *अरू किसिमका* कामहरू गर्नका लागि अरूहरूलाई सुसज्जित पार्नुहुन्छ। हामीले गर्नुपर्ने कामको निम्ति उहाँले योजना बनाउनुहुँदा प्रत्येक किसिमको कामको निम्ति उहाँले हामीलाई तयार पार्नुहुन्छ। परमेश्वरका निम्ति *वरिष्ठ राजदूतहरू* बन्ने इच्छा गरौं, परमेश्वरबाटको कुनै पनि कामको निम्ति तयारी भई विश्वासयोग्य र तत्पर होऔं।

### येशूजस्तै देखिनु

उद्देश्य ६ः *पवित्र आत्माले हामीलाई जुन स्वरूपमा परिवर्तन गर्नुहुन्छ सो उल्लेख गर्नुहोस्।*

अर्को लक्ष्यचाहिँ अझ येशूजस्तै बन्नु हो, यसको निम्ति विश्वासीमा तत्कालिन इच्छा हुन्छ। तर ख्रीष्टियान परिपक्वताको यो विशेष लक्ष्य जीवनभरि रहिरहने प्रक्रिया हो। योचाहिँ पवित्र आत्माको काम हो भन्ने कुरा हामीले देखिसकेका छौं। आफ्नो व्यक्तित्व, भावनाहरू, ज्ञान र इच्छालाई अधीन गर्नका लागि विश्वासीले पवित्र आत्मालाई स्थान दिनुपर्छ। समर्पित विश्वासीलाई ख्रीष्टको स्वरूपमा परिपक्व बनाउनका लागि पवित्र आत्माले निरन्तररूपमा काम गरिरहनुहुन्छ।

१४ रोमी ८ः६ लाई समीक्षा गर्नुहोस् र ध्यानपूर्वक तपाईंका आफ्नै शब्दहरूमा यसलाई लेख्नुहोस्।

..................................................................................

*येशूजस्तै हुनु* महत्त्वपूर्ण लक्ष्य हो, जसका सम्बन्धमा एकाइ ३ मा हामी पूरै अध्यायमा छलफल गर्नेछौं। यहाँ हामी यसलाई छोटकरीमा छलफल गर्छौं। येशू ख्रीष्टले हामीलाई प्रेम गर्नुभयो, र आफ्नो रगतद्वारा हाम्रो स्वतन्त्रता किन्नुभयो। उहाँलाई चिन्नु र उहाँजस्तो हुनु दैनिक र जीवनभरिको लक्ष्य हो।

१५ २ कोरिन्थी ३ः१७-१८ पढ्नुहोस्। के त्यो अचम्मको चित्रण होइन र? हामी परमप्रभुको महिमालाई प्रतिबिम्बित गर्छौं। पवित्र आत्माले कस्तो स्वरूपमा हामीलाई परिवर्तन गर्नुहुन्छ?

..................................................................................

प्रभुको महिमालाई प्रतिबिम्बित गर्नका लागि हामीले उहाँको सुन्दरता, उहाँको पूर्णता र उहाँको आज्ञाकारितालाई निरन्तररूपमा हाम्रो अगाडि राख्नुपर्छ। शारीरिक, मानसिक र आत्मिक रूपमा हामीले "हाम्रा आँखालाई येशूमा लगाउनुपर्छ" (हिब्रू १२:२)। यसरी हामी अहिले उहाँको स्वरूपको केही नापलाई र हामी उहाँमा परिपक्व भएपछि अझै ठूलो नापलाई प्रतिबिम्बित गर्न सक्छौं। सम्पूर्ण जीवनकालको निम्ति कति ठूलो चुनौती! पाठ ८ मा यस बारेमा हामी अझ धेरै कुरा भन्नेछौं।

## अन्तिम जाँचको निम्ति तयारी गर्नु

उद्देश्य ७: *अन्तिम जाँचको निम्ति विश्वासीले आफ्नो प्रारम्भिक काम कसरी गर्छ, व्याख्या गर्नुहोस्।*

कहिलेकहीँ मात्र छलफल गरिने विश्वासीको परिपक्वताको निम्ति त्यहाँ ठूलो प्रोत्साहन छ। *विश्वासीहरूप्रतिको परमेश्वरको न्यायको* सम्बन्धमा धेरैजसो ख्रीष्टियानहरूलाई ज्ञान नै छैन। एक हप्ता गएल भएपछि मेरो कलेजको कक्षामा फर्केको कुरा मलाई घरीघरी याद आउँछ। अर्ध-मासिक परीक्षामा जाँच दिनका लागि म गएँ। कस्तो धक्का! मैले पाठहरू पढ़ेको थिइनँ र कुन खण्डलाई पढ्नुपर्ने हो सो पनि मलाई थाहा थिएन। तर मैले जाँच लेख्नुपरेको थियो। असंख्य विश्वासीहरूको अवस्था पनि यस्तै हुनेछ। हाम्रा स्वर्गीक प्रशिक्षकले माग गरिएको कुरालाई स्पष्टरूपमा हामीलाई बताउनुभएको छ र होशियारीसाथ समय र परीक्षाको किसिमलाई पनि घोषणा गर्नुभएको छ। यी सत्यताहरूका सोच-विचार आज विश्वासीको निम्ति अति नै महत्त्वपूर्ण छ। यसले उसका प्राथमिकताहरू, उत्प्रेरणाहरू र प्रत्येक पक्षको ख्रीष्टियान जीवनलाई असर पार्छ। जाँचका निम्ति तयार हुन र सचेत हुनका लागि यस अध्ययनले हामीलाई सहयोग पुऱ्याएको होस्।

अनन्तसम्म महत्त्वपूर्ण रहने यस घटनालाई वर्णन गर्ने तल उल्लेखित बाइबलका पदहरूलाई पढ्नुहोस्!

> तब तिमी, जो सागसब्जी मात्र खान्छौ– तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ? ... किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामुन्ने खड़ा हुनेछौं। किनकि लेखिएको छ,

"प्रभु भन्नुहुन्छ, 'जस्तो म जीवित छु, प्रत्येक घुँडा मेरो सामुन्ने टेकिनेछ र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ।'' यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं (रोमी १४:१०-१२)।

यसैकारण चाहे हामी शरीरमा नै होऔं, चाहे अलग रहौं, उहाँलाई प्रसन्न तुल्याउनु नै हाम्रो लक्ष्य हुन्छ। किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल र खराब प्रतिफल पाउनेछ (२ कोरिन्थी ५:९-१०)।

१६ २ कोरिन्थी ५:१० अनुसार न्याय गरिनका लागि हामी कसका सामु खड़ा हुनेछौं?

**क.** ख्रीष्ट
**ख.** मण्डली
**ग.** पवित्र आत्मा

मैले इटालिक्समा दिएका तलका सर्वनामहरूलाई ध्यानपूर्वक विचार गर्नुहोस्। "*हामी* सबै'' परमेश्वरका न्याय-आसनको सामुन्ने खड़ा हुनेछौं, यसैले "*हामी* हरेकले'' परमेश्वरलाई आफ्नो लेखा दिनेछौं भनी रोमी १४:१०-१२ मा उल्लेख छ। २ कोरिन्थी ५:८: "*हामीमा* पूर्ण भरोसा छ''; ९ पदः "*हामी* उहाँलाई प्रसन्न तुल्याउन चाहन्छौं'' र १० पदः "हामी *सबै* खड़ा हुनुपर्छ।'' यी परमेश्वरको परिवारका सर्वनामहरू हुन्! यो "तिनीहरू'' वा "तिनीहरूलाई'' होइन, तर "हामीहरू'' वा "हामीहरूलाई'' हो, जुनचाहिँ संलग्नात्मक सर्वनामहरू हुन् र विश्वासीहरूका समूहका सम्बन्धमा यसको प्रयोग गरिएको छ।

यस न्याय-आसनमा हाम्रो प्रकटको सम्बन्धमा हामीले छलफल गर्नुपर्ने अर्को एक महत्त्वपूर्ण कुरा छनोटको विषय हो। के यो छनोटद्वारा हुने कुरा हो? के हामी कुनै किसिमले यसलाई रोक्न सक्छौं? रोमी १०:१४-ले बताउँछ "हामी खड़ा हुनेछौं,'' र १२ पदले भन्छ, हामीले "लेखा दिनुपर्नेछ।'' २ कोरिन्थी ५:१० ले बताउँछ, "हामी खड़ा हुनुपर्छ।'' "दिनुपर्नेछ'' र "हुनुपर्छ'' जस्ता शब्दहरूले न्यायको निश्चयताको बारेमा हामीलाई बताउँछन्।

यस मूल्याङ्कनका बारेमा भएका गल्ती बुझाइहरूलाई
तुरुन्तै त्यागिदिनुपर्छ। न्याय-आसन हाम्रो मुक्तिसँग सम्बन्धित
वास्तवमा हामीले उल्लेख गरिसकेका छौं कि योचाहिँ पारि
मामिला हो। त्यहाँ कोही पनि अविश्वासीहरू हुनेछैनन्। मूल
शब्द *बेमाले* ग्रीक खेलका निर्णेता बस्नेजस्तो माथि उठाइएको वा
मञ्चको सम्बोधन गर्छ, जुन आसनबाट उनले प्रतिस्पर्धीहरूलाई
विजयीहरूलाई इनाम दिन्थे। त्यस विशेष आसनलाई "इनाम अ
भनिन्थ्यो र यसमा कहिल्यै पनि न्यायीक निर्णयको धारणा स
थिएन। विश्वासीको मुक्तिलाई समीक्षा गर्ने ठाउँ यो होइन।
जाँचबुझ, परीक्षा, इनाम र जीवनको आधारमा नोक्सानीको ठाउँ

येशू ख्रीष्टजस्तो हुनका लागि प्रत्येक विश्वासीलाई बोलाइए
भनी हामीले उल्लेख गरेका छौं। पिताको इच्छाअनुसार येशूले
जीवन बिताउनुभयो र त्यस परिपूर्तिमा आफ्नो पूर्ण आनन्द
गर्नुभयो। फिलिप्पी २-अनुसार उहाँले आफूमाथि कमाराको
लिनुभयो। उहाँको स्वरूप लिन, उहाँका छोराहरू र दासहरू
लागि विश्वासीहरूलाई बोलावट भएको छ। यसरी हामी स
देख्न सक्छौं कि यो *बेमाचाहिँ* येशू ख्रीष्टको प्रभुत्व मुनि विश्व
दासत्वपनाको जाँच हो। बाइबलका खण्डहरूलाई हामीले हे
अझै स्पष्ट हुन्छ।

१७ गलाती ६:७-८ पढ्नुहोस्। प्राकृतिक र आत्मिक सं
प्रयोग हुने परमेश्वरको व्यवस्थालाई यस खण्डले उल्लेख
छ। ख्रीष्टियान जीवन र कामका सम्बन्धमा विशेष टि
सहित ख्रीष्टियानहरूलाई यहाँ सम्बोधन गरिएको छ। ७
परमेश्वरको व्यवस्थालाई उल्लेख गर्नुहोस्।

..................................................................................

प्रत्येक किसान किन्ने, रोप्ने, खेतमा काम गर्ने ठूलो प्रतीक्ष
आफ्नो परीश्रमको इनाम पर्खने कुरामा संलग्न छ भन्ने कुरा ह
देखेका छौं। ठूलो मूल्यसाथ परमेश्वरले हाम्रा जीवनको मा
किन्नुभएको छ र यसमा काम गर्नुभएको छ। उहाँले नतीजाह
प्रतीक्षा गर्नुहुन्छ। न्यायको दिनमा नतीजाहरूचाहिँ मुख्य विषय

१८ २ कोरिन्थी ९:६ पढ्नुहोस्। पदअनुसार कसले थोरै अन्न प

**क.** जसले थोरै छर्छ?

**ख.** गरीब मानिस
**ग.** शहरको मानिस

प्रेरित पावलद्वारा भिन्नाभिन्नै मण्डलीहरूलाई लेखिएका दुइ खण्डहरूलाई अब हामी हेरौं, जसमा मण्डलीका कमाराहरू र दास-हरूलाई सम्बोधन गरिएका उस्तैखालका शिक्षा समावेश गरिएका छन्ः

> कमारा हो, डर र कम्पसाथ साँचो हृदयले ख्रीष्टलाई गरेझैं यस संसारका तिमीहरूका मालिकहरूको आज्ञापालन गर। मानिसहरूलाई खुशी पार्नेले झैं आँखाको अगि मात्र देखावटी काम नगर, तर ख्रीष्टका दासहरूझैं साँचो हृदयले परमेश्वरको इच्छा पूरा गर। मानिसहरूका निम्ति होइन, तर प्रभुको निम्ति जस्तै गरी सदिच्छाले सेवा गर, यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोही बमोजिम पाउनेछ (एफिसी ६:५-८)।

> तिमीहरू जे गर्छौ, दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै, यो जानेर कि तिमीहरू आफ्ना उत्तराधिकार इनामको रूपमा पाउनेछौ। तिमीहरू प्रभु ख्रीष्टको सेवा गरिरहेका छौ। किनकि आफूले गरेका कुकर्मको फल कुकर्मीले पाउनेछ, र यसमा पक्षपात हुँदैन (कलस्सी ३:२३-२५)।

वास्तवमा यी बाइबल खण्डहरू सबै विश्वासीहरूका लागि सम्बोधन गरिएका हुन्। हामी येशू ख्रीष्टका दासहरू हौं। विश्वासयोग्यताको निम्ति त्यहाँ इनामको समय हुनेछ भनी उहाँले हामीलाई प्रतिज्ञा गर्नुभएको छ, तर हामीले गरेका गल्ती कुराहरूका निम्ति हामीले फल पाउनेछौं भनी उहाँले हामीलाई चेताउनी दिनुभएको छ।

१६ कसका निम्ति काम गरिराखेको जस्तै गरी हामीले काम गर्नुपर्छ भनी माथिका दुवै खण्डहरूले हामीलाई बताउँछन्।

**क.** मण्डली
**ख.** हाम्रा आफ्नै बाबु
**ग.** प्रभु

रोमी १४:१२-अनुसार प्रत्येक विश्वासीले आफ्नो लेखा परमेश्वरलाई दिनैपर्छ। *लेखा* यस्तो शब्द हो, जसले हाम्रा आशिष्हरू

र मौकाहरूलाई हाम्रा उपलब्धीहरूसँग तुलना गर्न लगाउँछः हामीमा परमेश्वरको लगानी र उहाँमा हाम्रो उपयोगी उपलब्धीका बीचको तुलना। यस धारणालाई २ कोरिन्थी ५:६-१० मा पनि पाइन्छ। बाइबलको यस खण्डलाई फेरि हेर्नुहोस्। प्रत्येक विश्वासी प्रभुको सामुन्ने खड़ा हुनैपर्नेछ भनी यसले बताउँछ। यस बेलामा उसको सम्पूर्ण जीवनका नतीजाहरूलाई समीक्षा गरिनेछ। यसको अर्थचाहिँ पापको पुनर्गन्ती गर्नु भन्ने अवश्य हुँदैन। परमेश्वरका पुत्र, येशू ख्रीष्टको रगतले हामीलाई पापबाट शुद्ध पार्छ। उपकारी खेत, योग्य भवन र येशू ख्रीष्टको स्वरूपमा निर्माण हुनका लागि पवित्र आत्माले हामीलाई सहायता पुऱ्याउन लाग्नुहुँदा पापले हामीलाई रोकेको तहको विषयमा मात्र पापको कुराकानी प्रवेश हुन्छ। तर हामी यस विचारलाई हलुकोसँग नलिऔं। यो अति डरलाग्दो घड़ी हो। यस घडीको "त्रास" को सरोकारले परमेश्वरको काम र इच्छा पूरा गर्नका लागि प्रत्येक विश्वासीलाई तीव्र आग्रह गर्नैपर्छ।

यस पाठ्यपुस्तकमा पनि सिक्ने प्रोत्साहनको एक भागचाहिँ परीक्षा वा जाँच हो। पावलले स्पष्टसँग बोध गराएका छन् कि हाम्रा निम्ति आफैलाई दिनुहुने येशू ख्रीष्टको सामुन्ने जाँचिनु कोही-कोहीका लागि लाज लाग्ने घडी हुनेछ। परमेश्वरको अनुग्रह प्राप्त गरेका तर कुनै फल उत्पादन नगरेका ख्रीष्टियानको निम्ति विशेष गरी यस्तो हुनेछ।

१ कोरिन्थी ३-मा भएको हाम्रो अध्ययनलाई के तपाईं याद गर्नुहुन्छ? १ कोरिन्थी ३:६-१५ लाई पल्टाउनुहोस्। पावलको एउटा उदाहरणमा उनले विश्वासीलाई भवनसँग तुलना गरेका छन्। यस भवनको एक र एक मात्र जग ख्रीष्ट हुनुहुन्छ। यसरी प्रत्येक विश्वासीले उही जगमा नै शुरू गर्छ। उसले कि ता बेवास्तासाथ कि उत्तम कलाकारितामा निर्माण गर्छ; कि ता उसले असल सामग्रीहरू छान्छ वा सस्तो गरी निर्माण गर्छ। प्रेरितको भनाइअनुसार कसैले सुन, चाँदी वा बहुमूल्य पत्थरहरू प्रयोग गर्छन् भने अरूहरूले चाहिँ काठ, घाँस वा पराल प्रयोग गर्छन्। के त्यस तुलनाको अर्थमा हामी शङ्का गर्न सक्छौं? तब सन्देश प्रत्यक्ष (चिन्हात्मकभन्दा) बन्छः

> प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्वारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो आगोले जाँच गर्नेछ (१ कोरिन्थी ३:१३)।




२० अब १ कोरिन्थी ३:१४ पढ्नुहोस्। यदि निर्माण गरिएको कुरा रहिरहयो भने, निर्माणकर्तालाई के हुन्छ?

......................................................................................

१ कोरिन्थी ३:१५ लाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

यहाँ स्पष्ट तस्वीर छ। प्रत्येक विश्वासीले येशू ख्रीष्टलाई प्रभु र मुक्तिदाताका रूपमा ग्रहण गरेपछि उहाँ जगमाथि आफ्नो भवन बनाउन शुरू गर्छ। उसका निर्माण सामग्रीहरू यी कुराहरूबाट बनाइएका हुन्छन्: प्रवृत्तिहरू, छनोटहरू, प्राथमिकताहरू, परिपक्वता, सांसारिकता, ख्रीष्टियान चरित्र वा यसको कमी, परमेश्वर र ऊ आफैलाई असर पार्ने थोकहरू, सिद्धान्त, रुपियाँपैसाको प्रयोग, सम्पत्ति र समयको भण्डारेपन, शब्दहरू, बानीहरू, उत्प्रेरणाहरू, अरू मानिसहरूका लागि भएको उसको ख्रीष्टियान सेवाको गुण, र यस्तै अन्य कुराहरू।

सूचीको अन्त्य नै हुँदैनजस्तो देखिन्छ। प्रत्येक दिन हामी सामग्रीहरूलाई छान्छौं र त्यस बनावटमा थप्छौं। तर त्यसलाई जाँचबूझ गर्ने क्षण पनि हामीमाथि आउनेछ। हामीले निर्माण गरेको कुराको जाँच यति तीव्र हुनेछ कि प्रेरितले यसलाई आगोद्वाराको जाँचसँग तुलना गरेका छन्।

व्यर्थको, बेवास्थाको, ख्रीष्टजस्तो नभएको, स्वार्थी र सांसारिक निर्माण तुरुन्तै भष्म हुनेछ। कोही ख्रीष्टियानहरूले आफ्नो जीवनलाई यस्तो प्रकारले प्रयोग गरेका छन् कि तिनीहरूका कामको जाँच भएपछि केही कुरा पनि बाँकी रहँदैन। तिनीहरूका कामको कुनै इनाम मिल्नेछैन। आफ्ना उद्धारमाथि तिनीहरूले कहिल्यै निर्माण नगरेकोजस्तो हुनेछ। अरूहरूले नोक्सानीको अनुभव गर्नुपर्नेछ तर

साँचो ख्रीष्टियान कामहरूचाहिँ आगोले भष्म गर्न नसकेको कुरा तिनीहरूले देख्नेछन्। यिनीहरूले इनाम पाउनेछन्। आफ्नो जीवनको मूल्यमा हाम्रा निम्ति हाम्रा महिमित प्रभुले जुटाउनुभएको जगमा हामीले बुद्धिमान्साथ निर्माण गर्न पाएको अनुभवभन्दा उत्तम इनाम अरू के हुन सक्छ र?

विश्वासी कसरी जिएको परमेश्वरले चाहनुहुन्छ भनी व्याख्या गरिदिने बाइबलको प्रत्येक खण्ड ख्रीष्टको न्याय-आसनमा प्रमाणको एक भाग बन्छ। कलस्सी ३, रोमी १४, र १ कोरिन्थी ४:१-५-ले यसको सङ्केत दिएका छन्। "यसले मलाई कहाँ राख्छ? अब मैले के गर्नेपर्छ?" भनी अहिले तपाईंले प्रश्न गर्दै हुनुहुन्छ होला। विचार गर्नुपर्ने केही बुँदाहरू यहाँ छन्ः

पहिलो कुरा, मानिसका हातमा सुम्पिएको यति मूल्यवान् उद्धारको लेखाको मागले हामीलाई चकित पार्नु हुँदैन। प्रभुले दिनुभएका दृष्टान्तहरूलाई विचार गर्नुहोस् वा पढ्नुहोस्। जिम्माहरूका साथ छोड़िएका र लेखा बुझाउनका लागि आफ्ना प्रभुका सामुन्ने ल्याइएका दासहरूसँग कतिवटा दृष्टान्तहरू सम्बन्धित छन्? आफैलाई यो प्रश्न सोध्नुहोस्ः यति ठूलो उद्धार प्राप्त गरेकोमा मेरो जिम्मेवारीप्रति अझै सचेत हुनका लागि ख्रीष्टको न्याय-आसनको यस बाइबलीय समीक्षाले के मलाई सहायता गर्छ?

दोस्रो कुरा, पवित्र धर्मशास्त्रमा स्पष्ट बोध गराइएको छ कि भविष्यको न्यायप्रति सचेत हुने विश्वासीले आफ्ना प्राथमिकता र जीवनमा परिवर्तन गर्न सक्छ, जसले उसको पक्षमा "जाँचलाई" सफल पार्छ। उदाहरणको लागि, १ कोरिन्थी ११:३१-३२ मा भएको सन्देशलाई ध्यानपूर्वक विचार गर्नुहोस्ः "तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं। तर जब प्रभुले हाम्रो न्याय गर्नुहुन्छ, तब हामीलाई ताड्ना दिनुहुन्छ, ताकि संसारसँग हामी दोषी नठरिऔं।"

भविष्यको न्यायका तयारीका लागि अहिले हामीले हाम्रो जीवनलाई जाँच गर्नुपर्छ। परमेश्वरका दृष्टिमा महत्त्वपूर्ण भएका थोकहरूतर्फ हामी हाम्रा प्रवृत्तिहरूलाई परिवर्तन, हाम्रा उत्प्रेरणाहरूलाई समीक्षा र शक्तिहरूलाई निर्देशित गर्न सक्छौं। यसका साथसाथै हामी पवित्र आत्मामा खुला हुन सक्छौं, जसले हामीलाई फलदायक, आत्मिक ख्रीष्टियान जीवन र सेवामा अगुवाइ गर्नुहुन्छ।

## स्वयम्-जाँच

**ठीक-बेठीक प्रश्नः** यदि बयान ठीक छ भने खाली ठाउँमा *ठी* लेख्नुहोस्। यदि बेठीक छ भने *बे* लेख्नुहोस्। तब बेठीक बयानहरूलाई ठीक बनाई लेख्नुहोस्।

.... १ प्रोत्साहन यस्तो कुरा हो, जसले हामीलाई कार्य गर्नबाट रोक्छ वा बाधा दिन्छ।
प्रोत्साहन यस्तो कुरा हो, जसले ..........................................
..........................................................................

.... २ वृद्धि नहुने विश्वासी प्रायःजसो कपटी मानिसहरूका छलपूर्ण शिक्षाका अधीनमा पर्छन्।
वृद्धि नहुने विश्वासी ..........................................
..........................................................................

.... ३ हिब्रूहरूलाई लेखिएको पत्रले देखाउँछ कि हिब्रू ख्रीष्टियानहरू बुझ्नका लागि ढीला भएका हुनाले तिनीहरूले महत्त्वपूर्ण सन्देश प्राप्त गर्न सकेनन्।

हिब्रूहरूलाई लेखिएको पत्रले देखाउँछ कि ......................
.............................................. हुनाले तिनीहरूले महत्त्वपूर्ण सन्देश प्राप्त गर्न सकेनन्।

.... ४ आफ्ना पुत्रजस्तो बनाउनका लागि परमेश्वरद्वारा विश्वासीलाई अलग पारिन्छ। ..........................................
...................... परमेश्वरद्वारा विश्वासीलाई अलग पारिन्छ।

.... ५ विश्वासीको उद्धारलाई ख्रीष्टको न्याय-आसनमा जाँच गरिनेछ।
विश्वासीको .............. ख्रीष्टको न्याय-आसनमा जाँच गरिनेछ।

**विकल्प छनोट**: जब ख्रीष्ट फर्कनुहुन्छ र ख्रीष्टियानका कामहरूको जाँच हुन्छ, जुनचाहिँ अनन्त छन्, ती रहनेछन् र जुनचाहिँ क्षणिक छन् ती भष्म हुनेछन्।

अनन्त कामहरूका अगाड़ि **अ** अक्षर लेख्नुहोस्।
क्षणिक कामहरूका अगाडि **क्ष** अक्षर लेख्नुहोस्।

.... ६ आत्मिक बाल्यापनभन्दा अझै विकास हुने इच्छा गर्नु
.... ७ ख्रीष्टियान भाइ वा बहिनीलाई न्याय गर्नु।
.... ८ मानिसहरूका प्रशंसामा सरोकार राख्नु।
.... ९ अन्तिम लक्ष्य ख्रीष्टजस्तो हुनु।
.... १० परमेश्वरको वचनअनुसार जिउनु।
.... ११ पृथ्वीमा धन-सम्पत्ति थुपार्नु।

**छोटो उत्तर**: दिइएको खाली ठाउँमा सोधिएको प्रश्नको ठीक उत्तर दिनुहोस्।

१२ विश्वासीको कामको निम्ति न्यायको स्थानको नाम र इनाम के हो?

.......................................................................

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ तपाईंको आफ्नै स्व-मूल्याङ्कन।

११ ग) अन्त्यको धर्को

२ घ) परिपक्व

१२ उहाँको शरीर

३ ग) असल र खराबको बीचमा छुट्ट्याउन सक्ने।

१३ ग) हरेक किसिमको

४ तिनीहरूले बनाएका जालझेलद्वारा अरूहरूलाई भूलमा लैजाने काम गरेका थिए।

१४ यहाँ साधारण उत्तर छः परमेश्वरले यो योजना गर्नुभयो कि उहाँले चिन्नुभएकाहरू उहाँका पुत्रजस्तै हुनेछन् र यसरी धेरै दाज्यू-भाइहरूमध्ये उहाँका पुत्र पहिलो हुनुहुनेछ।

५ परमेश्वरको सन्देशका पहिला पाठहरू।

१५ प्रभुको स्वरूपमा

६ ग) उसको मन

१६ क) ख्रीष्ट

७ क उसको बोलावटको आशा।
ख उसका निम्ति परमेश्वरका आशिष्हरूको प्रशस्तता।
ग उसमा परमेश्वरको शक्तिको महानता।

१७ एक व्यक्तिले जे छर्छ, त्यही नै कटनी गर्नुपर्छ।

८ किनकि परमेश्वरको सेवा गर्ने व्यक्ति पूर्ण रूपमा सक्षम भई असल कामहरूका निम्ति सुसज्जित हुन्छ।

१८ क) जसले थोरै छर्छ

९ क) विजयताको इनाम

१९ ग) प्रभु

१० कड़ा अनुशासन

२० उसले इनाम प्राप्त गर्नेछ।

पाठ ६

# ख्रीष्टियान परिपक्वतालाई निर्माण गर्ने तत्त्वहरू

आफ्ना औजारहरूविना एक कामदारले के नै पो गर्न सक्छ र? उसको भवनको निम्ति जस्तोसुकै योजना भए तापनि यसको अर्थ हुँदैन। रोप्नका लागि उसँग जति नै असल बीउहरू भए पनि यसको मतलब हुँदैन। आफ्नो काम पूरा गर्नका लागि उसँग औजारहरू हुनुपर्छ।

हामीले देखेझैं ख्रीष्टियान परिपक्वता विश्वासीका निम्ति एक लक्ष्य हो। वृद्धिका निम्ति धेरै सहयोगपूर्ण उत्प्रेरणाहरू हाम्रा निम्ति बाइबलले उपलब्ध गरिदिएको छ। बयस्क सौभाग्य र जिम्मेवारीहरू प्राप्त गर्नका लागि ख्रीष्टमा भएको तपाईंको वृद्धिले तपाईंलाई सक्षम तुल्याउँछ। बालकजस्तै ओल्टयाङ्ग-पल्टयाङ्ग हुन र भौंतारिनबाट यसले तपाईंलाई सुरक्षा गर्छ। आफ्ना निम्ति पवित्र आत्माले राख्नुभएका शिक्षाहरूलाई प्राप्त गर्न परिपक्व ख्रीष्टियानहरू सक्षम हुन्छन्। यस शिक्षाले ख्रीष्टजस्तै उपयोगिताका लक्ष्यहरूमा अगुवाइ गर्छ। आफ्ना प्रभुको सामुन्ने आफूले लिनुपर्ने *अन्तिम परीक्षाप्रति* वृद्धि भइरहेका ख्रीष्टियान सचेत हुनैपर्छ।

यी लक्ष्यहरूमा पुग्नका लागि समस्या पर्छ। हामी परमेश्वरका भव्य भवन बन्नुपर्छ। हामी उहाँका फलदायी खेत हुनुपर्छ। परिपक्व पारिवारिक जिम्मेवारीको स्थानलाई प्राप्त गरिनुपर्छ। तर हामी यी लक्ष्यहरूलाई कसरी पूरा गर्न सक्छौं त? ती प्राप्त गर्नका लागि अप-नाउनुपर्ने व्यावहारिक कदमहरूका बारेमा यस अध्यायले छलफल गरेको छ। आफ्ना पुत्रका स्वरूपमा हामीलाई तुल्याउनका लागि औजार-



हरूका रूपमा परमेश्वरले प्रयोग गर्न सक्नुहुने मानव कार्य र प्रवृत्तिहरूला
तल उल्लेखित रूपरेखाले प्रस्तुत गरेको छ।

## पाठको रूपरेखा

येशू ख्रीष्टमा पूर्ण समर्पण
बाइबल अध्ययन र जीविकाद्वारा वृद्धि
प्रार्थनाको आत्मिक शक्ति
ख्रीष्टको अधीनमा भएको दासत्वपनाको पहिचान
  पवित्र जीविका
  इच्छाद्वारा जीविका
पवित्र आत्माका सेवाहरूको बुझाइ
पवित्र आत्माको अगुवाइपनसँग सहभागिता
अरू ख्रीष्टियानहरूसँग सम्बन्ध
  पारस्परिक सहयोग र वृद्धि
  अरूहरूसँग विश्वास बाँड्नु

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंलेः

- विश्वासीमा ख्रीष्टियान परिपक्वता विकास गर्नका लागि आवश्यक मानव प्रतिउत्तरको वर्णन गर्न सक्नुपर्नेछ।
- बाइबल अध्ययन र प्रार्थनाद्वारा विश्वासीमा र ऊद्वारा अरूहरूमा ख्रीष्टियान चरित्र विकास गर्नका लागि सहायता पुग्छ भनी व्याख्या गर्न सक्नुपर्नेछ।

- खीष्टमा वृद्धि हुनका लागि विश्वासीलाई सहायता पुऱ्याउन पवित्र आत्मा र विश्वासीका बीचमा हुने अन्तरक्रियाका तरीकाहरूलाई परिचय गर्न सक्नुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. यस पाठलाई यस पाठ्यपुस्तकमा पढ्नुहोस्।

२. आवश्यक परेको खण्डमा पाठ्यपुस्तकलाई प्रयोग गरी पाठको विकासका अभ्यासहरूलाई पूरा गर्नुहोस्। पाठ्यपुस्तकमा दिइएका उत्तरहरूसँग तपाईंका आफ्ना उत्तरहरूलाई बेला-बेलामा जाँच्नुहोस्।

३. पाठ २ मा तपाईंले बनाउनुभएको तालिकालाई हेर्न आफ्नो अभ्यास-पुस्तिका पल्टाउनुहोस्। बाइबलको खण्ड भनिएको शीर्षकमुनि *आत्मिक* वृद्धिको निम्ति तपाईंलाई सबैभन्दा बढ़ी सहायता पुऱ्याउने बाइबलका पदहरूलाई लेख्नुहोस्।

४. यस पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र यस पाठ्यपुस्तकमा दिइएका उत्तरहरूसँग तपाईंका आफ्ना उत्तरहरू जाँच्नुहोस्। बेठीकसँग दिइएका उत्तरहरूलाई समीक्षा गर्नुहोस्।

## *मुख्य शब्दहरू*

| | |
|---|---|
| अन्तरक्रिया | प्रतिक्रिया |
| असाधारण | पवित्र |
| औजार | प्रष्ट |
| उत्तम | महत्त्वपूर्ण |
| काँच | श्रोता |
| जित्नु | हतियार |
| निर्देशन | |

## *पाठ विकास*

यस पाठमा तपाईंसँग केही साधारण, व्यावहारिक औजारहरू बाँड्ने इच्छा मैले राखेको छु। यी औजारहरू पाठको रूपरेखाका मुख्य शीर्षकहरू हुन्। ख्रीष्टियान परिपक्वता प्राप्त गर्ने मेरो आफ्नै

प्रयासमा तिनीहरूले मलाई धेरै सहायता पुऱ्याएका छन्। यी शीर्षकहरूलाई एउटा बाक्लो कागजमा लेख्नुहोस् र तपाईंसँगै बोक्नुहोस् भनी म सल्लाह दिन चाहन्छु। वा तपाईंको बाइबलको अगाड़िपट्टि तिनीहरूलाई लेख्नुहोस्। तपाईंको आफ्नो जीवन जाँच गर्ने सूचीको रूपमा तिनीहरूलाई प्रयोग गर्नुहोस्। तपाईंले यी औजारहरूलाई सहयोगपूर्ण पाउनुहुनेछ भन्ने कुरामा म आशावादी छु।

## येशू ख्रीष्टमा पूर्ण समर्पण

उद्देश्य १ः *ख्रीष्टको स्थानसँग हाम्रो स्थानको सम्बन्धलाई व्याख्या गर्नुहोस्।*

हामीले परमेश्वरका आत्माद्वारा नयाँ जन्म पाएका छौं। येशू ख्रीष्टलाई हाम्रा मुक्तिदाताका रूपमा *विश्वास* र भरोसा नगरुन्जेल यसो हुन सक्दैन। हाम्रा पापका निम्ति भएको उहाँको बलिदानलाई हामी स्वीकार गर्छौं र भाँचिएको हृदयसाथ तीमाथि पश्चात्ताप गर्छौं। यसका साथसाथै येशू ख्रीष्ट हाम्रा प्रभु हुनुहुन्छ भनी हामीले हाम्रो मुखले स्वीकार गर्नैपर्छ। रोमी १०ः९-१० मा हामीले अध्ययन गरिसकेका कुरालाई के तपाईं स्मरण गर्न सक्नुहुन्छ? "यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने *तिम्रो उद्धार हुनेछ*" (रोमी १०ः९)।

नयाँ करारको मूल भाषामा "प्रभु" को निम्ति प्रयोग गरिएको शब्द *कुरिओस* हो। ती दिनमा यो शब्द रोमी सम्राट्जस्ता महत्त्वपूर्ण व्यक्तिको निम्ति प्रयोग गरिन्थ्यो। वास्तवमा, रोमीको पुस्तक लेखिएको समयमा प्रत्येक रोमी नागरिक वर्षमा एक पल्ट मन्दिरमा जानुपर्थ्यो। त्यहाँ उसले धूपको एक चिम्टी आगोमा फालेर चिच्च्याउँथ्यो, "कैसर नै प्रभु हुन्।" *कुरिओस* शब्दको अर्थ सर्वश्रेष्ठ राजा, सर्वच्च शासक भन्ने हुन्थ्यो। जब यहूदीहरूले ग्रीक भाषामा पुरानो करारको अनुवाद गरे, "परमेश्वर" अर्थ दिने शब्द तिनीहरूलाई आवश्यक परेको थियो। तिनीहरूले *कुरिओस* शब्दलाई छाने र पुरानो करारमा "यह्वे" प्रकट भएको ठाउँमा यसलाई प्रयोग गरे।

"येशू नै *प्रभु* हुनुहुन्छ" भन्नु ख्रीष्टियानहरूका निम्ति कति अर्थपूर्ण छ भन्ने कुरा के तपाईं देख्नुहुन्छ? यसको अर्थ येशू राजा,

मालिक र शासक हुनुहुन्छ। "येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ" भनी हामीले भन्दा हामीले कुनै विधिलाई दोहोऱ्याएका होइनौं। हामीले यही भनेका हौं: "मेरो मालिक र सार्वभौमसम्पन्न शासकका रूपमा मेरो निम्ति येशू ख्रीष्टको अद्वीतिय र शक्तिशाली स्थान छ। उहाँ मेरा प्रभु हुनुहुन्छ।"

अब कलस्सी १:९-२० पल्टाउनुहोस्। यो येशूलाई उचाल्ने अचम्मको बाइबल खण्ड हो। यहाँ येशूलाई "अदृश्य परमेश्वरको प्रतिरूप र सारा सृष्टिका जेष्ठ" भनी सम्बोधन गरिएको छ। वास्तवमा, परमेश्वरले उहाँद्वारा नै सबै थोक सृष्टि गर्नुभयो भनी हामीलाई भनिएको छ।

१ कलस्सी १:९-२० पढ्नुहोस्। १८ पदको अन्तिम वाक्यलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्। येशूले के स्थान पाउनुपर्छ?
.....................................................................................

यस *पहिलो-स्थानको* अर्थ यही हुन्छ कि मेरा इच्छाहरू, सम्बन्धहरू र जीवन नै उहाँको स्थानभन्दा दोस्रोमा हुनुपर्छ। येशू *काँच* बन्नुहुन्छ, जसद्वारा म मेरो संसार र मेरो व्यक्तिगत जीवनलाई देख्छु। यसलाई साधारण रूपले यसरी भन्न सकिन्छ:

| ख्रीष्ट निरन्तररूपमा आज्ञाकरी – ख्रीष्ट पूरारूपमा नियन्त्रक |
|---|

**ख्रीष्टले पूर्ण रूपमा अधीन गर्नुहुन्छ**

उहाँका आत्माद्वारा उहाँबाट मैले शिक्षा पाएँ। पवित्र आत्माले मेरो जीवनलाई अधीन गर्नुहुन्छ। के तपाईं तलको प्रार्थनामा मसँगसँगै संलग्न हुन सक्नुहुन्छ?

> हे परमेश्वर, तपाईंका पुत्र र मेरा मुक्तिदाता येशू ख़ीष्टलाई साँचो रूपमा मेरा सम्पूर्ण जीवनका प्रभु बनाउनका लागि मलाई सहायता गर्नुहोस्। उहाँका आज्ञा र अधीनतर्फ म प्रत्येक क्षेत्रलाई खोल्छु। ममा येशूलाई पहिलो स्थान दिनका लागि र काम गर्नका लागि पवित्र आत्मातर्फ मेरो हृदय खोलिएको छ। अरूहरूले मेरो जीवनमा येशूलाई मात्र देख्न सकून्। आमिन।

## बाइबल अध्ययन र जीविकाद्वारा वृद्धि

उद्देश्य २: *परमेश्वरका विरुद्धमा पाप गर्नबाट बाइबलले हामीलाई कसरी सुरक्षित राख्न सक्छ, उल्लेख गर्नुहोस्।*

मेरो ख्रीष्टियान वृद्धि परमेश्वरको वचनसँगै मैले समय बिताएको कुरामा सीधै सम्बन्धित छ। ख्रीष्टियानको मुख्य पाठ्यपुस्तक बाइबल हो। यो तपाईंको हतियार, तपाईंको मानचित्र र पथप्रदर्शक पुस्तिका, तपाईंको दैनिक भोजन हो। पवित्र धर्मशास्त्रले तपाईंको आत्मालाई सुरक्षा गर्नेछ, तपाईंलाई ज्योति दिनेछ, र तपाईंको जीवनको योजना बनाउनेछ। १ पत्रुस २:२-मा हामीले देखिसकेका छौं कि नयाँ ख्रीष्टियानहरू वचनको शुद्ध दूधको इच्छा गर्ने नयाँ बालकहरूजस्तै हुनुपर्छ। हिब्रू ५:११-१५ बाट हामीले अझै सिकेका छौं कि वचनको प्रयोगद्वारा हामी बाइबलहरूदेखि परिपक्व बयस्कहरूमा वृद्धि हुन्छौं।

परमेश्वरको वचनको बारेमा केही आधारभूत बयानहरूलाई अब हामी विचार गरौं।

२ हिब्रू ४:१२ पढ्नुहोस्। यस खण्डअनुसार बाइबललाई ................ तुलना गरिएको छ र यसले ................. जाँच (न्याय) गर्छ।


परमेश्वरको वचनले हाम्रो जीवनलाई शुद्ध पार्ने काम गर्छ। वृद्धिको निम्ति यो अति नै महत्त्वपूर्ण छ।

३ यूहन्ना १५:१-४ पढ्नुहोस्। आफ्ना चेलाहरूलाई भन्नका लागि येशूले हाँगाहरू र दाखको बोटलाई प्रयोग गर्नुभयो कि उहाँको शिक्षाको कारण तिनीहरू

**क.** शुद्ध हुन सक्छन्।
**ग.** मित्र बन्न सक्छन्
**ख.** परिपक्व हुन सक्छन्
**घ.** ख्रीष्टियान बन्न सक्छन्

भजनसंग्रह ११९ परमेश्वरको वचनको सम्बन्धमा भएको अति महत्त्वपूर्ण बाइबल भाग हो। प्रायःजसो प्रत्येक पद (बाइबलमा यो

सबैभन्दा लामो अध्याय हो) मा परमेश्वरको वचनको सन्दर्भ छ। परमेश्वरको वचनलाई उहाँको व्यवस्था, उहाँको आज्ञा, उहाँको अर्ती, उहाँको शिक्षा, इत्यादि भनिएको छ। भजनसंग्रह ११९ लाई पढ्ने राम्रो समय अहिले नै हो, र त्यसपछि परमेश्वरको वचनमा भएको तपाईंको बुझाइलाई सहायता गर्न सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्।



४ "जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ?" भनी भजनसंग्रह ११९:९ ले सोधेको छ। हामी हाम्रो जीवनलाई कसरी चोखो राख्न सक्छौं

**क**. पुस्तकहरूका पढ़ाइ।
**ख**. मण्डलीमा गएर।
**ग**. परमेश्वरका आज्ञाहरूलाई पालन गरेर।

५ भजनसंग्रह ११९:११ लाई फेरि हेर्नुहोस्। परमेश्वरका विरुद्धमा पाप गर्नबाट हामीले आफूलाई कसरी सुरक्षित राख्न सक्छौं?

..........................................................................................

साधारण सत्यताचाहिँ यो हो कि *परमेश्वरको वचनले हामीलाई पाप गर्नबाट रोक्छ र पाप गराइले हामीलाई परमेश्वरको वचनबाट टाढ़ा राख्छ।* उहाँको वचनले हाम्रा जीवनको निम्ति निर्देशन पनि उपलब्ध गरिदिन्छ।

६ भजनसंग्रह ११९:१०५ प्रयोग गरी खाली ठाउँ भर्नुहोस्। "तपाईंको वचन मेरो गोडाको निम्ति................................ र मेरो बाटोको निम्ति ......................... हो।"

७ भजनसंग्रह ११९:१३० प्रयोग गरी खाली ठाउँ भर्नुहोस्। "तपाईंको वचनको व्याख्याले ................................ प्रदान गर्छ, र त्यसले सीधासादा मानिसहरूलाई ........................... दिन्छ।"

तपाईंले बाइबल अध्ययन गर्न सक्ने धेरै तरीकाहरू त्यहाँ छन्। कोहीले हरेक दिन पवित्र धर्मशास्त्र बाइबलका केही खण्डहरूलाई पढ्छन्। सुझाव दिइएको एक अध्ययन तरीका त्यहाँ छ, जसलाई "२-२-१" भनिन्छ। उत्पत्ति र मत्तीदेखि शुरू गरी, पुरानो करारका दुइ अध्यायहरू र नयाँ करारका दुइ अध्यायहरू र साथै भजनसंग्रह वा हितोपदेशबाट एक अध्याय प्रत्येक दिन पढ्ने कुरा यसमा हुन्छ। अर्को योजनालाई "विषयगत अध्ययन" भनिन्छ। पवित्र आत्माजस्तो विषयलाई यसले प्रयोग गर्छ र यस विषयमा उपलब्ध सबै बाइबल पदहरूलाई अध्ययन गर्छ।

*बाइबललाई बुझ्नु* भन्ने अर्को आई सी आई पाठ्यपुस्तक त्यहाँ छ। परमेश्वरको वचनलाई कसरी प्रयोग गर्नुपर्छ भनी तपाईंलाई सिकाउनका लागि यसमा असल तरीका समावेश गरिएको छ। यस ख्रीष्टियान सेवा कार्यक्रममा नै *बाइबललाई बुझ्नु* भनिने पाठ्यपुस्तक राखिएको छ। *ख्रीष्टियान परिपक्वताको* अध्ययन पूरा भएपछि त्यस पाठ्यपुस्तकलाई अध्ययन गर्नु तपाईंका लागि उपयुक्त हुनेछ।

याद गर्नुहोस्ः तपाईंको ख्रीष्टियान वृद्धि परमेश्वरको वचनमा भर पर्छ। लिखित वचनद्वारा परमेश्वरले जीवित वचन– हाम्रा प्रभु येशू ख्रीष्टलाई प्रकट गर्नुहुन्छ। परमेश्वरको वचनलाई अध्ययन गर्नमा र यसलाई आज्ञा पालन गर्नमा जति धेरै समय तपाईं बिताउनुहुन्छ, त्यसकै आधारमा तपाईंको वृद्धि पनि हुनेछ।

## प्रार्थनाको आत्मिक शक्ति

उद्देश्य ३ः *प्रेरित ४ः२४-३१ मा विश्वासीहरूका प्रार्थनाका नतीजाहरूलाई वर्णन गर्नुहोस्।*

प्रार्थना भनेको परमेश्वरसँग कुराकानी गर्नु हो। राजालाई श्रोताका रूपमा पाउनु विश्वासीका लागि यो ठूलो सौभाग्य हो। प्रार्थना एक शक्तिशाली तरीका हो, जहाँ विश्वासी परिपक्व बन्छ। प्रार्थनामा घरीघरी पितासँग हुनाले अझै उहाँजस्तो भई वृद्धि हुनका लागि हामीलाई सहायता पुग्छ।

विश्वासीले पवित्र आत्माको शक्तिद्वारा येशू ख्रीष्टको नाउँमा पिताकहाँ प्रार्थना गर्छ। बाइबलको मूल भाषामा भएका सत्रवटा

शब्दहरूलाई प्रार्थना भनी अनुवाद गरिएको छ। यी प्रत्येक शब्दको वास्तविक अर्थ माग्नु भन्ने हुन्छ। आफ्ना आमा-बाबुसँग कुरा गर्ने बालकद्वारा प्रार्थनालाई चित्रण गर्न सकिन्छ। बालक परिपक्व हुँदैजाँदा, कुराकानीको तह वृद्धि हुँदैजान्छ। प्रार्थनाको विषयमा हामी पूरै पुस्तकमा अध्ययन गर्न सक्छौं। यस अध्ययनमा हाम्रो जोड़चाहिँ व्यक्तिगत प्रार्थना जीवनमा एक रूपताको आवश्यकतामाथिको हो।

८ हिब्रू ११:६ मा आधारित यी प्रश्नहरूका उत्तर दिनुहोस्ः

**क**. हामी परमेश्वरमा आउँदा हामीसँग के हुनुपर्छ?

........................................................................

**ख**. परमेश्वरले कसलाई इनाम दिनुहुन्छ?

........................................................................

प्रार्थनाद्वारा परमेश्वरसँग मानिसले कुराकानी गर्न सक्छ भनी परमेश्वरले ठहऱ्याउनुभएको छ। यो पवित्र सौभाग्य र ठूलो जिम्मेवारी हो। हाम्रा जीवनमा र अरूहरूका जीवनमा हाम्रो प्रार्थनाले *भिन्नता ल्याउन सक्छ* भनी बुझ्नु अति नै महत्त्वपूर्ण छ।

९ *ख्रीष्टियान परिपक्वताको* निम्ति छुट्टयाइएको तपाईंको अभ्यास-पुस्तिकामा दुइ पृष्ठहरूलाई तयार पार्नुहोस्, र यसमा शीर्षक दिनुहोस्ः "प्रार्थनाका निम्ति प्रतिज्ञाहरू", अहिलेका लागि, तल दिइएका बाइबल पदहरूलाई लेख्नुहोस् र पछि लेख्नका लागि प्रत्येक पदका बीचमा खाली ठाउँ छोड्नुहोस्।

## प्रार्थनाका निम्ति प्रतिज्ञाहरू

एफिसी २:१८; १:७; ३:१२; ३:२०; ६:१८; ६:११
हिब्रू १०:१; ११:६; ७:२५; ४:१६; १०:१९-२०
यूहन्ना १४:३३; १४:१४; १५:१६; यूहन्ना १७; १५:७; १६:२४; ६:३१; १४:१३
रोमी ५:८; १२:१२; ८:२६
१ पत्रुस ५:७; ४:७; ३:७
फिलिप्पी ४:६; ४:१९; ४:७
भजनसंग्रह ५:३; ३:४; ६२:८

प्रार्थना, विश्वास र प्रार्थनाका उत्तरहरूका सम्बन्धमा त्यहाँ अरू धेरै बाइबल पदहरू छन्। बाइबलका यी केही पदहरूले हाम्रा आत्मालाई प्रोत्साहन दिने किसिमका केही उदाहरणहरू हामीलाई दिन्छन् र हाम्रो वृद्धिमा प्रार्थनाको औजार कति महत्त्वपूर्ण बन्न सक्छ भन्ने बारेमा हामीलाई सिकाउँछन्।

१० प्रेरित ४:२४-३१ मा भएको तत्परताको प्रार्थना पढ्नुहोस्।

**क.** यो प्रार्थना कसले गरेको हो? ..................................

**ख.** यस प्रार्थनाका नतीजाहरू के-के थिए? ..........................

अठारौं शताब्दीका एक महान् ख्रीष्टियान जर्ज मुलरले हजारौं अनाथहरूलाई हेरचाहा गर्थे। तर उनले कहिल्यै मानिसहरूबाट सहायता मागेनन्। उनले प्रार्थना गरे र उनको कामका सबै खाँचाहरू पूरा भए। विश्वास र प्रार्थनाका यी महान् व्यक्तिले पत्ता लगाए कि प्रार्थनाद्वारा दिन शुरू गर्ने कोशिश गर्नुभन्दा परमेश्वरको वचनको पढ़ाइद्वारा दिन शुरू गर्नु उत्तम हुन्छ। नम्रता र भक्तिसाथ गरिएको परमेश्वरको वचनको पढ़ाइले विश्वास र शक्ति र *प्रार्थना गर्ने* इच्छा ल्याउँछ।

"प्रार्थनाले काम कुराहरूलाई परिवर्तन गर्छ" भन्ने एक पुरानो भनाइ छ। तर *प्रार्थनाले मानिसहरूलाई पनि परिवर्तन गर्छ* भन्ने कुरा हामीले याद गर्नैपर्छ। परमेश्वरद्वारा प्रयोग हुनका लागि, हामीले प्रार्थनाको पाठलाई सिक्नैपर्छ। यो पाठचाहिँ अध्ययनद्वाराभन्दा धेरै अभ्यासद्वारा सिक्नुपर्छ। प्रार्थना गर्नका लागि पवित्र आत्माले हामीलाई सिकाउनुहुन्छ। प्रार्थनाका बारेमा तपाईंलाई कति धेरै थाहा छ वा कति थोरै थाहा छ, त्यस विषयमा फिक्री नगर्नुहोस्– *प्रार्थना गर्न थाल्नुहोस्।* हरेक दिन नियमित बन्नुहोस्।

११ दानिएल ६:१० पढ्नुहोस्। दानिएलको प्रार्थनामा जीवन कति संवादी (एक रूपता) थियो?

..........................................................................

जतातते र जुनसुकै अवस्थामा प्रार्थना गर्न पनि सम्भव छ। जीवनका क्रियाकलाप अवधिमा म प्रार्थना गर्न सक्छु। यद्यपि, सङ्गतिमा तपाईं र प्रभु मात्र हुनका लागि समय छुट्ट्याउनु महत्त्वपूर्ण

हुन्छ। यसरी तपाईं ताजा, बलियो बन्न सक्नुहुन्छ र तपाईंको दिनको निम्ति निर्देशन प्राप्त गर्न सक्नुहुन्छ। थोरै प्रार्थना थोरै शक्ति; धेरै प्रार्थना धेरै शक्ति; झन् धेरै प्रार्थना झन् धेरै शक्ति।

## ख्रीष्टको अधीनमा भएको दासत्वपनाको पहिचान

उद्देश्य ४: *विश्वासीको जीवन र कामलाई वर्णन गर्न कलस्सी १:१० लाई प्रयोग गर्नुहोस्।*

हामी ख्रीष्टका प्रेम-दास हौं भनी हामीले पहिचान गरेका कुराले हाम्रो ख्रीष्टियान जीविका स्थिर (एक रूप) हुन्छ। स्थिर वा *एक रूपता* शब्द अति नै महत्त्वपूर्ण छ। यसले "सहमति" वा "मिलाप" को सम्बोधन गर्छ। हामीले स्वीकार गरेका कुराहरूसँग सहमति नभईकन हाम्रो व्यवहार स्थिर हुन सक्दैन। हामी "जे सिकाउँछौं सो हामीले अभ्यास गर्नैपर्छ।" हामीले स्वीकार गरेको विश्वासलाई हामीले हाम्रो जीवनबाट प्रमाणित गर्नु आवश्यक छ।

१२ कलस्सी १:९-१४ पढ्नुहोस्। १० पदअनुसार विश्वासी कसरी जिउनुपर्छ र उसले सधैं के गर्नुपर्छ?

..............................................................................

"उहाँलाई पूर्ण रूपले प्रसन्न पार्ने" (कलस्सी १:१०) वाक्यांशले केही गर्नू भनी आज्ञा गर्नुभन्दा पहिल्यै आफ्ना मालिकका इच्छाहरूलाई पूरा गर्ने कुरालाई जोड़ दिन्छ। कुनै पनि दासले उसलाई आज्ञा गरिएको काम गर्छ, तर प्रेम-दास, विश्वासी बेग्लै किसिमले जिउँछ। उसले के गर्नुपर्छ भन्ने कुरा उसले देख्छ र आज्ञा गर्नुभन्दा पहिले नै यसलाई गर्छ। यसरी "येशू ख्रीष्ट मेरा प्रभु हुनुहुन्छ" भनी उसले भन्दा उसको जीवनले वास्तवमा यही नै देखाएको हुन्छ।

१३ १ इतिहास ११:१५-१९ मा दाऊदका तीन वीर पुरुषहरूका अचम्मको कथा छ। कथा पढ्नुहोस् र *प्रभुको योग्य भई हिँड्नू* भन्ने बारेमा तपाईंको अभ्यास-पुस्तिकामा एक अनुच्छेद लेख्नुहोस्। पवित्र आत्माले यस कथालाई तपाईंको जीवनमा प्रयोग गर्न सक्नुहुन्छ। यसलाई पूरा नगरुञ्जेल तपाईं अगाड़ि नबढ्नुहोस्।

अब कलस्सी ३ अध्यायलाई पढ्नुहोस्। यदि तपाईं एक्लै हुनुहुन्छ भने, यसलाई चर्को स्वरमा पढ्नुहोस्। पवित्र धर्मशास्त्रको यो खण्ड ख्रीष्टियान हिँड़ाइको निम्ति नमूना हो।

हाम्रो पहिलेको अध्ययनलाई स्मरण गर्नुहोस्। ख्रीष्टको स्वरूप हुनु भनेको उहाँको मन वा प्रवृत्ति हुनु हो (फिलिप्पी २:५-८)। हामीले देखेजस्तै यसको अर्थ, हाम्रा अचम्मका प्रभुसँगको हाम्रो दास सम्बन्धको स्वीकार हो। यस सम्बन्धको हाम्रो स्वीकार *ख्रीष्टको अधीनमा हाम्रो दासत्वपनाको ईमानदार पहिचानमा* आधारित छ। यस पहिचानले आनन्दमय ख्रीष्टियान आशिष्हरूलाई मात्र उत्पादन गर्दैन, तर ख्रीष्टियान कर्तव्यहरू पूरा गर्ने *ख्रीष्टियान परिपक्वतालाई पनि उत्पादन गर्छ। यदि येशू साँच्चै मेरा प्रभु हुनुहुन्छ भने, म मेरा कर्तव्यहरूलाई खुशीसाथ पूरा गर्छु र मेरो सम्पूर्ण खुबीलाई म प्रयोग गर्छु।*

## पवित्र जीविका

उद्देश्य ५: *विश्वासीको पापले उसको ख्रीष्टियान परिपक्वतालाई कसरी असर पार्छ, उल्लेख गर्नुहोस्।*

स्थिर जीवनको अर्को पक्षले *पवित्रीकरणसँग* सरोकार राख्छ। यो अति महत्त्वपूर्ण शब्द हो। परमेश्वरको पवित्रतासँगको हाम्रो विशेष सम्बन्धलाई यसले सम्बोधन गर्छ। रोमी ६ अध्याय यस विषयमा भएको महत्त्वपूर्ण अध्याय हो। यस अध्यायको महत्त्वपूर्ण विचारचाहिँ यो होः "परमेश्वरले आफ्नो अनुग्रह र कृपाद्वारा हामीलाई उद्धार गर्नुभएको हुनाले, हामी हाम्रा पापपूर्ण मार्गमा जिउनुहुँदैन।" हाम्रा पुराना पापपूर्ण इच्छाहरूप्रति हामी *मृतक* मानिसहरूभैँ जिउनुपर्छ भनी प्रेरितले सिकाएका छन्। हाम्रो नयाँ जीवनचाहिँ ख्रीष्टका निम्ति जिउनका लागि हो।

**१४** रोमी ६:११-१३ लाई अहिले होशियारीसाथ पढ्नुहोस्। ११ र १३ पदहरूले पापका लागि मृत्यु र ख्रीष्टमा जीवनका बारेमा बताएका छन्। १३ पदअनुसार हामीले विशेष उद्देश्यका निम्ति हाम्रो सम्पूर्ण व्यक्तित्वलाई परमेश्वरमा समर्पण गर्नुपर्छ। यी उद्देश्यहरूलाई कसरी वर्गीकरण गर्न सकिन्छ?

..........................................................................



म आफूलाई शुद्ध र पवित्र राख्ने एक तरीका मेरो जीवनमा पापप्रति सचेत हुनु हो। ख्रीष्टियानले पाप गरेपछि उसलाई कायल पार्न पवित्र आत्मा सधैं विश्वासयोग्य हुनुहुन्छ। यद्यपि ख्रीष्टियानहरूले त्यस कायलपनलाई भिन्नै किसिमले प्रतिउत्तर दिन्छन्। यदि ख्रीष्टियान र परमेश्वरका बीचमा केही कुरा आएको छ भने, उसले जसरी आत्माको कायलतालाई प्रतिउत्तर दिनुपर्ने हो, सो उसले दिन सक्दैन। हामी प्रायःजसो भन्ने गर्छौं, "आज घाम लागेन।" तर हामीलाई थाहा छ कि, जहिले पनि घाम लागेको हुन्छ। भएको कुराचाहिँ यो हुन्छ कि घाम र हाम्रा बीचमा केही कुरा आउँछ। बादलले ढाक्छ र हामीबाट घामका किरण र शक्तिलाई छेकिदिन्छ।

पापको कायल बनाउनका लागि पवित्र आत्मा जहिले पनि विश्वासयोग्य हुनुहुन्छ। तर कायलपनका *किरणहरू* ढाक्नका लागि हामी कहिलेकहीँ घमण्ड, स्वार्थ र बहानालाई स्थान दिन्छौं। यदि हामीले कायल भई नम्रतामा प्रतिउत्तर दियौं भने हामीसँग १ यूहन्ना १ः७ र १ः९ मा दुइ अचम्मका प्रतिज्ञाहरू छन्।

**१५** यहन्ना १ः७ अनुसार प्रत्येक पापबाट हामीलाई केले शुद्ध पार्छ?

**क.** परमेश्वरको वचन।
**ख.** येशूको रगत।
**ग.** ज्योति।

**१६** १ यूहन्ना १ः९ मा हामीले गर्नैपर्ने एउटा कुरा र पापको बारेमा परमेश्वरले गर्नुहुने दुइवटा कुराहरू के-के हुन्?

.......................................................................................

ख्रीष्टियानको जीवनमा भएको *पाप* ख्रीष्टमा भएको उसको वृद्धिसँग कसरी सम्बन्धित छ? आत्मिक परिपक्वतातर्फको बाटोलाई *रोकी* यसले वृद्धिमा *बाधा* हालिदिन्छ। यदि म एकरूपतामा हुने हो भने– यदि मैले "सिकाएको कुरालाई मैले अभ्यास गर्ने" हो भने– मैले मेरो

जीवनलाई खाली र पापबाट शुद्ध राख्नैपर्छ। ख्रीष्टियान परिपक्वताका निम्ति पवित्र जीविका अत्यावश्यक छ।

**इच्छाद्वारा जीविका**

उद्देश्य ६: *ख्रीष्टमा परिपक्व हुनका लागि हाम्रो इच्छालाई परमेश्वरको इच्छामा हामी कसरी मिलाउन सक्छौं उल्लेख गर्नुहोस्।*

साँच्चै नै एक रूपताको ख्रीष्टियान जीवन हाम्रा मानव इच्छाको प्रयोगमा नै धेरै भर पर्छ। हामीले नै गर्नुपर्ने कुरालाई परमेश्वरले हाम्रा निम्ति गरिदिनुहुन्न। मानव इच्छा हाम्रो आत्माको उच्च वरदान हो भन्ने कुरा हामीले भनिसकेका छौं। यसमा नै हामी परमेश्वरजस्तै छौं। प्रत्येक ख्रीष्टियानले "म गर्नेछु" र "म गर्नेछैन" भन्ने निश्चयता व्यक्त गर्नुपर्छ। हाम्रा निर्णयहरूलाई समर्थन गर्नका लागि परमेश्वरले आफ्ना सहयोग र शक्तिको प्रतिज्ञा गर्नुभएको छ।

**१७** तल उल्लेखित बाइबलका प्रत्येक पदहरूमा, मानव इच्छा मानव कार्यसँग कसरी सम्बन्धित छ, तपाईंका आफ्नै शब्दहरूमा उल्लेख गर्नुहोस्। (पहिलो पदको उत्तर मैले तपाईंलाई दिएको छु।)

**क.** दानिएल १:८ दानिएलले आफूलाई अशुद्ध (बिटुलो) पार्ने इच्छा गरेनन्

**ख.** दानिएल ३:१८ ......................

**ग.** लूका १५:१८ ......................

**घ.** एस्तर ४:१६ ......................

फिलिप्पी २:१२-१३-ले बताएको छ, "डर र कम्पसाथ तिमीहरूको आफ्नै मुक्तिको काम पूरा गर्न परिश्रम गर, किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ!"

हाम्रा निम्ति भएका परमेश्वरका इच्छाहरूलाई पूरा गर्नका लागि परमेश्वरको भाग र हाम्रा भागका बीचमा भएको सहभागितालाई यी पदहरूले हामीलाई देखाउँछन्। हाम्रो जीवनमा एक रूपता वृद्धि भएको परमेश्वरले चाहनुहुन्छ र आफ्नो उद्देश्य पूरा गर्नका लागि हामीलाई सहायता गर्न उहाँ इच्छुक हुनुहुन्छ। *हाम्रा इच्छाहरूलाई*

*परमेश्वरको इच्छामा समर्पण गर्दा, हामीले वृद्धि भइरहेको ख्रीष्टियान परिपक्वतालाई अनुभव गर्छौं।*

१८ हाम्रो वृद्धिको यस हेतुको निम्ति भएको अर्को पद कलस्सी ३:१७ हो। यस पदअनुसार प्रभु येशूको नाउँमा तपाईंले के गर्नुपर्छ?

**क.** तपाईंले गर्नु वा भन्नुभएका सबै थोक गर्नुपर्छ।
**ख.** तपाईंले गर्नु वा भन्नुभएका प्रायःजसो थोक गर्नुपर्छ।
**ग.** आत्मिक थोकहरू मात्र गर्नुपर्छ।

## पवित्र आत्माका सेवाहरूको बुझाइ

उद्देश्य ७: *पवित्र आत्माको सत्यताको सेवालाई ख्रीष्टमा भएको विश्वासीको वृद्धिसँग मिलाउनुहोस्।*

आधारभूत रूपमा मानिस आत्मा नै भएको हुनाले, *ख्रीष्टियान परिपक्वता आधारभूत रूपमा आत्मिक हो।* आत्मा मानिसको सर्वोच्च गुण हो। मानव आत्मामा मन, इच्छा र ईश्वर-चेतना समावेश गरिएको छ। मानिसको आत्मामा नै हामी परमेश्वरको स्वरूप वा प्रतिरूप भेट्टाउँछौं।

१९ यूहन्ना ४:२४ ले उल्लेख गरेको छ कि परमेश्वर

**क.** मानिसजस्तै हुनुहुन्छ।
**ख.** आत्मा हुनुहुन्छ।
**ग.** अनन्त हुनुहुन्छ।
**घ.** दयालु हुनुहुन्छ।

परमेश्वर र मानिस यस कुरामा एउटै छन् कि दुवैमा मन, व्यक्तित्व र आत्मा छ। यसरी तिनीहरू एकसाथ रहन र सङ्गति गर्न सक्छन्। परमेश्वर आत्मा हुनुहुन्छः पवित्र आत्मा। भित्री मानिस पनि आत्मा नै हो। मानिसले आत्मा र उसको आफ्नो अस्तित्वको सत्यताद्वारा मात्र परमेश्वरलाई आराधना गर्न सक्छ।

हाम्रा जीवनमा पवित्र आत्माको कामको सम्बन्धमा केही हदसम्म हामीले पाठ ४ मा अध्ययन गरिसकेका छौं। आफू जानु नै चेलाहरूका लागि असल हुन्छ भनी येशूले यूहन्ना १६:७-१५ मा तिनीहरूलाई भन्नुभएको छ। यस कुराले उहाँका चेलाहरूलाई दुःखित तुल्याएको भए तापनि उहाँले पवित्र आत्मा पठाउनका लागि यो आवश्यक थियो। त्यस घड़ीदेखि विश्वासीहरू दृश्य येशू होइन तर अदृश्य आत्माका प्रभावमा "वृद्धि हुनुपर्ने" थियो। यसरी वृद्धि भएको विश्वास आवश्यकता नै बन्यो। परमेश्वरका पवित्र आत्माद्वारा नै मानिसलाई पापको कायल बनाइयो, उद्धारतर्फको मार्ग देखाइयो, ख्रीष्टको शरीर (मण्डली) मा राखियो, आत्मिक सत्यता सिकाइयो, र सेवाको निम्ति शक्ति दिइयो। पवित्र आत्मा ख्रीष्टियान जीवनका निम्ति शक्तिका स्रोत हुनुहुन्छ।

पवित्र आत्माद्वारा मात्र येशू ख्रीष्ट प्रकट र महिमित हुन सक्नुहुन्छ, र उही पवित्र आत्माद्वारा मात्र विश्वासी परिपक्व हुन सक्छ। यूहन्ना १६:८ ले हामीलाई बताउँछ कि मानिसहरू पापका बारेमा *ठीक* कुराका बारेमा र परमेश्वरको *न्यायका* बारेमा दोषी छन् भनी पवित्र आत्माले नै तिनीहरूलाई देखाउनुहुन्छ।

**२०** विश्वासीका लागि भएका पवित्र आत्माका कुन दुइ सेवाहरूलाई यूहन्ना १६:१३-मा उल्लेख गरिएको छ?

..........................................................................

माथिको अभ्यासमा उत्तरको पहिलो भागमा आत्माले विश्वासीलाई सत्यताको ज्ञानमा सेवा पुऱ्याउनुहुन्छ भन्ने हो। उत्तरको दोस्रो भागमा सत्यता अभ्यास (विश्वास र आज्ञा पालन) गर्नका लागि उहाँले विश्वासीलाई सहायता पुऱ्याउनुहुन्छ भन्ने हो। हामीले सत्यतालाई अभ्यास गर्न सक्नुभन्दा पहिले हामीले सत्यता जान्नैपर्छ र ख्रीष्टियान परिपक्वता विकास गर्नका लागि यसको ज्ञानमा यसको अभ्यासलाई थप्नैपर्छ।

**२१** प्रेरित १:८ ले पवित्र आत्माको अर्को सेवाको बारेमा हामीलाई सिकाउँछ। यो

**क.** आगोद्वारा हुने पापको विनाशको काम हो।
**ख.** आराधना गर्नका लागि हामीलाई प्रेरणा दिने कुरा हो।
**ग.** साक्षी दिनका लागि हामीलाई शक्तिले भर्ने कुरा हो।

तपाईंले यस पाठ्यपुस्तकलाई पूरा गर्नुभएपछि *पवित्र आत्मामा* वा *आत्मिक वरदानहरूमा* वा *आत्माको फलको* सम्बन्धमा भएका पूर्ण पाठ्यक्रमलाई अध्ययन गर्ने चासो तपाईंमा होला। यहाँ यस्ता किसिमका पाठ्यपुस्तकहरू छन् र तपाईंको ख्रीष्टियान अनुभवमा अझै परिपक्व हुनका लागि तिनीहरूले तपाईंलाई ठूलो सहायता पुऱ्याउनेछन्। यी प्रत्येक विषयहरूलाई यस पाठ्यपुस्तकमा समावेश गर्नका लागि पर्याप्त ठाउँ छैन।

## पवित्र आत्माको अगुवापनसँग सहभागिता

उद्देश्य ८: *पवित्र आत्मासँगको विश्वासीको सहभागितालाई वर्णन गर्नुहोस् र उसको आत्मिक वृद्धिलाई यससँग मिलाउनुहोस्।*

पाठ ४ मा पवित्र आत्माका सम्बन्धमा भएको अध्ययनको खण्डलाई पल्टाउनुहोस् र यसमा भएका केही सत्यताहरूलाई समीक्षा गर्नुहोस्।

अब तपाईंले पवित्र आत्माको सम्बन्धका केही सत्यताहरूलाई समीक्षा गर्नुभएको छ, र हामी एफिसी ५:१८ लाई अध्ययन गर्ने तयारी छौं। यहाँ भनिएको छ, "दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ।" यहाँ "भरिनु" को अर्थ बोतललाई पानीले भर्नु वा खाली टोकरीलाई फलफूलले भर्नु भन्ने हुँदैन। यो ग्रीक शब्दबाट आएको हो, जसको अर्थ "ढाक्नु वा अधीन गर्नु" भन्ने हुन्छ। पवित्र आत्मा खाली भाँडोलाई भर्ने पदार्थ हुनुहुन्न। उहाँ अर्को व्यक्तित्त्व अर्थात् विश्वासीलाई अधीन गर्ने व्यक्ति हुनुहुन्छ।

एफिसी ५:१८ मा "भरपूरि" को निम्ति प्रयोग भएको ग्रीक शब्दले *क्षण-क्षणको अनुभवलाई* प्रतिनिधित्व गर्छ। हामी निरन्तररूपमा पवित्र आत्माद्वारा *भरिनु* र *अधीन* हुनुपर्छ। हामी जे कुराद्वारा भरिएका हुन्छौं, त्यसैद्वारा अधीनमा पनि भएका हुन्छौं। प्रेमद्वारा भरिनु, घृणाद्वारा भरिनु, अभिलाषाद्वारा भरिनु, इत्यादि जस्ता कुराहरूमा यो बयान लागु हुन्छ। मानव स्वभावले हामीलाई अधीन गर्दा प्रकट हुने केही दुष्ट कामहरू त्यहाँ छन् भन्ने कुरा हामीले पाठ ४ मा देख्यौं। तर पवित्र आत्माद्वारा भरिएको विश्वासी पवित्र आत्माद्वारा अधीन गरिएको हुन्छ।

गलाती ५:१६-१७ ले *पवित्र आत्माको नेतृत्वसँग भएको हाम्रो सहभागिताको* आवश्यकतालाई स्पष्टरूपमा बताएको छः "पवित्र आत्माद्वारा हिँड, र पाप-स्वभावका लालसा पूरा नगर। किनकि पाप-स्वभावका लालसा पवित्र आत्माको विरुद्धमा हुन्छन्।"

२२ हामीलाई *अधीन* गर्नका लागि हामीले ईश्वरीय स्वभावलाई स्थान दियौं भने हामीले प्रतीक्षा गर्न सक्ने फललाई छोटकरीमा वर्णन गर्नुहोस् (गलाती ५:२२-२३ हेर्नुहोस्)।

..................................................................................................

प्रत्येक विश्वासीभित्र परमेश्वरका आत्मा हुनुभए तापनि प्रत्येक विश्वासीले उहाँको नेतृत्वको मुनि रहेर काम गर्नुपर्छ भन्ने कुरा हामीले देख्यौं। यदि मैले मेरो आत्मालाई परमेश्वरको आत्मामा पूर्ण रूपमा समर्पण गरें भने आत्मिक परिपक्वताको मेरो लक्ष्यतर्फ म उत्प्रेरित, शक्तिशाली, ज्ञानी र सामर्थी बन्न सक्छु।

## अरू ख्रीष्टियानहरूसँग सम्बन्ध

### पारस्परिक सहयोग र वृद्धि

उद्देश्य ६: *ख्रीष्टले किन मण्डलीमा सेवाहरू राख्नुभयो व्याख्या गर्नुहोस्।*

व्यक्तिगत विश्वासी एकलै वृद्धि हुँदैन। परिवारमा परिपक्व हुने बालकझैं, ख्रीष्टियानलाई वृद्धि हुनका लागि अरूहरूको सहयोग चाहिन्छ। हामीलाई सङ्गति, उत्साह र अरूहरूका योगदान चाहिन्छ। एक-अर्कासँगको सङ्गति र उहाँसँगको सङ्गतिको आवश्यकताका साथ परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो।

२३ हिब्रू १०:२४-२५ ले विश्वासीको सङ्गतिको बारेमा भएको आज्ञालाई समावेश गरेको छ। के गर्ने बानीलाई हामीले छोड्नुहुँदैन भनी २५ पदले उल्लेख गर्छ?

**क**. एकसाथ भेट्ने।
**ख**. प्रार्थना गर्ने।
**ग**. बाइबल पढ्ने।

हाम्रो घर क्षेत्रमा धेरै विश्वासीहरू हुँदा अति असल हुन्छ। धेरै ख्रीष्टियानहरू एकसाथ भेट्दा प्रायःजसो धेरै आनन्द हुन्छ। तर तपाईं बस्नुभएको ठाउँमा यस्तो सम्भावना नहुन सक्छ। हाम्रा प्रभुले विश्वासीको सानो भेलाका लागि पनि सहयोगपूर्ण प्रतिज्ञा दिनुभएको छः "किनकि जहाँ दुइ कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु" (मत्ती १८:२०)।

हामीले अर्को व्यक्तिलाई भेट्दा हाम्रो जीवनमा ठूलो सामर्थ्यको अनुभव हुन्छ। जब दुइ विश्वासीहरूले प्रार्थना र एकसाथ प्रभुको काम गर्छन्, तिनीहरूले आफ्नो प्रभावकारितालाई बढाउँछन् (लेवी २६:८ र व्यवस्था ३२:३० हेर्नुहोस्।) विशेष तरीकामा सुसमाचार फैलाउनका लागि येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई पठाउनुभयो।

२४ लूका १०:१ पढ्नुहोस्। पहिलो सुसमाचारीय समूहलाई कसरी पठाइएको थियो?

........................................................................................

परमेश्वरका निम्ति एकैसाथ काम गर्ने सिद्धान्तका सम्बन्धमा अन्य धेरै खण्डहरू पनि छन्। प्रेरित १०:२३; ११:१२ र १५:३६-४१ हेर्नुहोस्। ख्रीष्टियान मण्डलीका शुरूका दिनहरूमा जब पवित्र आत्माले सेवा र साक्षीका निम्ति मानिसहरूलाई अलग पार्नुभयो, उहाँले तिनीहरूलाई दुइ-दुइ, तीन-तीन र चार-चार गरी अलग गर्नुभयो। यसको निम्ति त्यहाँ स्पष्ट कारण छः जब दुइ जना एकसाथ हुन्छन्, तिनीहरूले एक-अर्कालाई सहयोग गर्छन्। तिनीहरूले एक-अर्कालाई उत्साह दिन्छन् र स्थापित हुनका लागि सहायता गर्छन्। तपाईंको ख्रीष्टियान जीवनमा तपाईंसँग नजीकतामा काम गर्नका लागि एक वा धेरै व्यक्तिहरू ल्याउनका लागि विश्वास गर्नु र परमेश्वरसँग माग्नु बाइबल आधारित कुरा नै हो।

हामीले छलफल गर्दा र अरूहरूसँग धारणाको तुलना गर्दा बाइबल अध्ययन *जीवित भएर आउँछ।* दुइ जना एकैसाथ खड़ा हुँदा हाम्रो साक्षी साहसी बन्छ। अर्काको सामुन्ने जिउँदा जीवन अझै एकरूप (स्थिर) बन्छ।

यदि तपाईं असल मण्डलीको सदस्य हुनुहुन्छ भने तपाईं वृद्धिको निम्ति सहयोगपूर्ण स्थितिमा हुनुहुन्छ। विश्वासीलाई बलियो पार्नका

लागि परमेश्वरले ख्रीष्टको शरीरमा उत्तम वरदानहरू राखिदिनुभएको छ। हाम्रो वृद्धिको निम्ति शिक्षकहरू परमेश्वरका वरदान हुन्। अनि अध्ययनहरूको यस पाठ्यपुस्तकले पनि परिपक्व हुनका लागि तपाईंलाई सहायता गर्न सक्छ।

२५ एफिसी ४:११-१२ लाई फेरि पढ्नुहोस्। ख्रीष्टले मण्डलीमा सेवकहरूलाई किन दिनुभयो?

..........................................................................

संक्षेपमा, अरूहरूका सङ्गतिमा वृद्धि हुनका लागि विश्वासीलाई बोलाइएको छ। नयाँ करारमा घरीघरी प्रयोग गरिएको ग्रीक शब्द *कोइनोनिया* महत्त्वपूर्ण छ। यसको अर्थ "बाँड्चूँड् गर्नु, सङ्गति गर्नु, योगदान दिनु" भन्ने हुन्छ। तल उल्लेखित बाइबल पदहरूलाई हेर्नुहोस्: १ यूहन्ना १:३; फिलिप्पी १:५; फिलेमोन ६; र १ कोरिन्थी १०:१६-१७। यी प्रत्येक बाइबल खण्डहरूमा *कोइनोनिया* शब्द प्रकट भएको छ। परमेश्वरसँगको सङ्गति, एक-अर्कासँगको सङ्गति संसारको सामुन्ने साक्षी र येशू ख्रीष्टको स्वभावलाई बाँड्चूँड् गर्नु– वृद्धि हुने कत्ति ठूलो उत्तम तरीका।



कोइनोनिया–
बाँड्चूँड् गर्नु, सङ्गति गर्नु
योगदान दिनु

**अरूहरूसँग विश्वास बाँड्नु**

उद्देश्य १०: *ख्रीष्टियान साक्षीका निम्ति चारवटा सहयोगपूर्ण निर्देशनहरूको सूची बनाउनुहोस्।*

ख्रीष्टियान जीवनको कुनै पनि अरू क्षेत्र साक्षी दिनुभन्दा अझ बढी अलमलको छैन होला। साथीहरूसँग ख्रीष्टलाई बाँड्ने आवश्यकताको महसूस हामीले धेरै पल्ट गरेका हुन्छौं। हामीले यसो गरेनौं भने हामीलाई दोषको अनुभव हुन्छ। हाम्रो विश्वासको साक्षीचाहिँ

*परिपक्वताको निम्ति अभिव्यक्ति र अझै वृद्धिको* निम्ति उपाय दुवै हो।

हामीले दिने पहिलो र सबैभन्दा ठूलो साक्षी हाम्रो आफ्नै जीवन हो। ख्रीष्टले मानव हृदयहरूमा आफ्ना आत्माद्वारा पत्र लेख्नुहुन्छ भनी दोस्रो कोरिन्थी ३:३-ले हामीलाई बताएको छ। प्रत्येक व्यक्तिले यस किसिमको पत्रलाई चिन्न र पढ्न सक्छ। केही विशेष अर्थमा यसो भन्न सकिन्छ कि विश्वासीको जीवन बाइबल हो, र कोही मानिसहरूले त्यस बाइबललाई मात्र पढ्छन्!

**२६** १ तिमोथी ४:१२ र १ थेसलोनिकी १:७ पढ्नुहोस्। यी दुवै खण्डहरूमा ख्रीष्टियानहरूका सम्बन्धमा कुन महत्त्वपूर्ण शब्द पाउन सकिन्छ?

**क.** साक्षी
**ख.** न्याय
**ग.** अनुग्रह
**घ.** उदाहरण

छोराछोरीहरू पुनर्पादन गर्नबाट मानिसहरूलाई रोक्ने र धेरै ख्रीष्टियानहरू पुनर्पादन गर्न सहायता गर्नबाट ख्रीष्टियानहरूलाई रोक्ने अवस्थाहरूका बीचमा महत्त्वपूर्ण सम्बन्ध छ। ती अवस्थाहरूमध्ये केहीलाई हामी विचार गरौं।

१. पुनर्पादनको निम्ति आवश्यकीय परिपक्वताको कमी भएको कारण सानो बालकले बालक जन्माउन सक्दैन, त्यसरी नै हाम्रो ख्रीष्टियान जीवनको अपरिपक्वताले हाम्रो साक्षीको प्रभावकारितालाई प्रायःजसो रोकिदिन्छ।

२. पुनर्पादनले विपरीत लिङ्गका सदस्यहरूका बीचको समर्पणलाई माग गरेझैं (विवाहद्वारा मात्र हुने संसर्ग भनी बाइबलले बताउँछ), एक विश्वासीले आत्मिक रूपमा पुनर्पादन गर्नका लागि त्यस बेला सहायता गर्न सक्छ, जब ऊ प्रभु र मुक्तिदाता येशू ख्रीष्टसँगको गहिरो सम्बन्धमा जिउँछ।

३. रोग वा शरीरको कमजोरीले पुनर्पादनलाई रोकेझैं पाप र बेवास्ताको जीवनले आत्मिक रूपमा पुनर्पादन गर्न सहायता पुऱ्याउने विश्वासीको योग्यतालाई असर पारेको हुन्छ।

**२७** अब प्रार्थनासाथ कलस्सी ४:५-७ पढ्नुहोस्। हाम्रा साक्षीमा हामीले पालन गर्नुपर्ने चारवटा साधारण निर्देशनहरूलाई यी पदहरूमा दिइएका छन्। तिनीहरूलाई उल्लेख गरिएको क्रममा तिनीहरूलाई यहाँ सूची बनाउनुहोस्।

क. ..........................................................................
ख. ..........................................................................
ग. ..........................................................................
घ. ..........................................................................

यी प्रत्येक निर्देशनहरूलाई विस्तार गर्न सकिन्छ, तर त्यसो गर्नका लागि हाम्रो ठाउँचाहिँ सीमित छ। साक्षीका विषयमा भएका तलका बाइबल पदहरूलाई तपाईं आफ्नो अभ्यास-पुस्तिका (*आत्मिक* शीर्षकको मुनि) मा लेख्न सक्नुहुन्छः १ पत्रुस ३:१५; मत्ती ३:१३; र लूका १२:११-१२।

तपाईंले आफ्नो विश्वासलाई बाँड्नुहुँदा, तपाईंको आफ्नै विश्वास बलियो बन्छ। *यस कार्यले अरूहरूलाई प्रभुमा ल्याउने मात्र होइन, तर यसले हाम्रो आफ्नै परिपक्वतालाई पनि वृद्धि गर्छ।*

## स्वयम्-जाँच

*पूरा गर्नुः* परमेश्वरका निम्ति भएको हाम्रो प्रभावकारिता र हाम्रो वृद्धि परमेश्वरले हाम्रा निम्ति उपलब्ध गरिदिनुभएका औजारहरूलाई हामी कसरी प्रयोग गर्छौं, त्यसमा भर पर्छ। यी बुँदाहरूमा तपाईं आफैलाई जाँच गर्न चाहनुहुन्छ होला। दिइएको "औजार" लाई तपाईंले बलियो प्रकारले प्रयोग गर्नुभएको छ भने, *'ब'* लेख्नुहोस्, मध्यस्थ किसिमको छ भने *'म'* लेख्नुहोस्, कमजोर छ भने *'क'* र परिवर्तनको आवश्यकता छ भने *'आ'* लेख्नुहोस् र तल दिइएका बयानहरूलाई पूरा गर्नुहोस्।

| | ब | म | क | आ |
|---|---|---|---|---|
| १. येशू खीष्टमा पूर्ण समर्पण | | | | |
| २. बाइबल अध्ययन | | | | |
| ३. प्रार्थना | | | | |
| ४. खीष्टका दासहरूजस्तै गरी जिउनु | | | | |
| ५. पवित्र आत्माको अधीनमा हुनु | | | | |
| ६. अरू खीष्टियानहरूसँग सम्बन्ध | | | | |
| ७. साक्षी हुनु | | | | |

**ठीक-बेठीक प्रश्नः** यदि बयान ठीक छ भने तल दिइएको बयानको अगाडिपट्टिको खाली ठाउँमा *ठी* लेख्नुहोस्। यदि बयान बेठीक छ भने *बे* लेख्नुहोस्।

.... ८ हामीले हाम्रा पापहरूको स्वीकार गरे पनि वा नगरे पनि परमेश्वरले हाम्रा पापलाई क्षमा दिनुहुन्छ र हामीलाई शुद्ध पार्नुहुन्छ।

.... ९ महान् प्रार्थना योद्धा, जर्ज मुलरको भनाइअनुसार परमेश्वरको वचनलाई पढ़ेरभन्दा प्रार्थनाद्वारा दिन शुरू गर्नु असल हुन्छ।

.... १० शुद्धीकरणले परमेश्वरको पवित्रतामा भएको विश्वासीको विशेष सम्बन्धलाई सम्बोधन गर्छ।

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** तल दिइएको प्रश्नको एउटै मात्र ठीक उत्तर हुन्छ। ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

११ नयाँ करारको शुरूको भाषाको *कोइनोनिया* शब्द कुन महत्त्वपूर्ण धारणासँग सम्बन्धित छ?

**क**. सांसारिकको विपरीत आत्मिक
**ख**. सङ्गति, बाँड्चूँड्, योगदान
**ग**. संकष्टद्वारा वृद्धि
**घ**. परमेश्वरको वचनको योजना

**छोटो उत्तरः** दिइएको खाली ठाउँमा प्रश्नको ठीक उत्तर लेख्नुहोस्।

१२ छोराछोरीहरू पुनर्पादन गर्नबाट मानिसहरूलाई रोक्ने र धैरै ख्रीष्टियानहरू पुनर्पादन गर्नबाट ख्रीष्टियानहरूलाई रोक्ने अवस्थाहरू त्यहाँ छन्। तीमध्ये दुइवटाको सूची बनाउनुहोस्।

..........................................................................

..........................................................................

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ सबै थोकहरूमा पहिलो स्थान।

१५ ख) येशूको रगत।

२ क दुइ धारे तरवारसँग, हृदयका विचार र इच्छा।

१६ हामीले हाम्रा पापहरूको स्वीकार गर्नुपर्छ, र परमेश्वरले हाम्रा पापहरूलाई क्षमा दिनुहुन्छ र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नुहुन्छ।

३ क) शुद्ध हुन सक्छन्।

१७ **क** उदाहरण हेर्नुहोस्।
**ख** तीन जना मानिसहरूले मूर्तिहरूलाई आराधना गर्ने इच्छा गरेनन्।
**ग** यस मानिसले आफ्ना पिताकहाँ फर्केर जाने इच्छा गऱ्यो।
**घ** एक स्त्रीले राजाका सामु जाने इच्छा गरिन्।

४ ग) परमेश्वरका आज्ञाहरूलाई पालन गरेर।

१८ क) तपाईंले गर्नु वा भन्नुभएका सबै थोक।

५ हाम्रा हृदयमा परमेश्वरको वचन राखेर।

१९ ख) आत्मा

६ बत्ती, ज्योति (उज्यालो)

२० सत्यताको प्रकाश र सत्यतामा डोऱ्याउनु।

७ ज्योति र बुद्धि

२१ ग) साक्षी दिनका लागि हामीलाई शक्तिले भर्ने कुरा हो।

८ **क** विश्वास
**ख** उहाँलाई खोज्नेहरूलाई।

२२ पवित्र आत्माको फल।

९ बाइबलका यी पदहरूलाई तपाईंले लेख्नुभएको।

२३ क) एकसाथ भेट्ने

१० **क** विश्वासीहरूले
**ख** त्यो ठाउँ हल्लियो, तिनीहरू पवित्र आत्माले भरिए र साहससाथ परमेश्वरको वचनको घोषणा गर्न थाले।

२ दुइ-दुइ गरी

११ दानिएलले हरेक दिन प्रार्थना गरे।

२५ ख्रीष्टियान सेवाको कामको निम्ति परमेश्वरका सबै जनहरूलाई तयार पार्न।

२६ घ) उदाहरण

१३ प्रभुको योग्य भई हिँड्नु भन्ने बारेमा तपाईंको अनुच्छेद।

२७ **क** तपाईंले गर्नुहुने काममा बुद्धिमान् हुनु।
**ख** मौकाको सदुपयोग गर्नु।
**ग** प्रसन्न र चाखलाग्दो भाषा प्रयोग गर्नु।
**घ** ठीक उत्तर कसरी दिनु भनी जान्नु।

१४ धर्मी उद्देश्यहरूका रूपमा

पाठ ७

# आधारभूत सत्यताहरू र अझ बढ़ी

के तपाईं कहिल्यै हराउनुभएको छ? तपाईंले वन, जङ्गल वा नौलो गाउँ वा शहरमा आफ्नो बाटो बिराउनुभयो होला। तपाईं हिँडिरहनुभयो र आफू पहिल्यै गएको ठाउँमा दोहोरिएर गएपछि आफूले भूल गरेको कुरा तपाईंले महसूस गर्नुभयो– तपाईंले घेरो मारिरहनुभएको थियो। अगाड़ि जानुको सट्टा, तपाईं घेरोमा गइरहनुभएको थियो।

हाम्रो ख्रीष्टियान अनुभवमा पनि यो सत्य हुन सक्छ। हामीले देखेझैं धेरै विश्वासीहरू वृद्धि हुन इन्कार गर्छन्। अरूहरूले चाहिँ आफ्नो बाटो नभेट्टाएका जस्ता छन्। तिनीहरू अगाड़ि जान चाहन्छन्, तर तिनीहरू घेरा मारिराखेका हुन्छन्। परमेश्वरको वचनमा ख्रीष्टियानहरूलाई धेरै महत्त्वपूर्ण सिद्धान्त सिकाइएको छ। *हामीले सिकेको कुरालाई हामीले स्थापित गर्नुपर्छ र त्यसपछि हामी अगाड़ि जानुपर्छ।* हामीले घरीघरी उही पाठलाई दोहोऱ्याउनुहुँदैन। हाम्रो वृद्धिको बाल्यताहमा नै हामी नबसौं। हाम्रो ख्रीष्टियान अनुभवको आधारलाई हामीले सुरक्षित पार्नुपर्छ। तब, हामीले आधारभूत सत्यताहरूभन्दा अझै बढ़ीमा निर्माण गर्न शुरू गर्नुपर्छ।



## *पाठको रूपरेखा*

परिपक्वताः निर्माण गर्नु र छोड्नु
  लक्ष्यलाई हेर्नु
  लक्ष्यमा कसरी पुग्ने हो सो जान्नु
  छोड्नुः पुग्नुपर्ने आवश्यकता
हाम्रो जग (आधार) मा छवटा ढुङ्गाहरू
  ख्रीष्टियान बन्ने शर्तहरू
    अर्थहीन कामहरूबाट पश्चात्ताप
    परमेश्वरमा विश्वास
  ख्रीष्टियान जीवनमा अभ्यासहरू
    बप्तिस्माहरूका बारेमा शिक्षा
    हातहरू राख्ने बारेमा शिक्षा
  भविष्यका तस्वीरहरू
    मरेकाहरूको पुनरुत्थान
    अनन्त दण्ड
सारांश

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंलेः

- विश्वासीको आत्मिक वृद्धिको प्रक्रियालाई वर्णन गर्न सक्नुपर्नेछ।
- ख्रीष्टियान अनुभवका ६-वटा आधारभूत कार्यहरूको व्याख्या गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. यो पाठ्यपुस्तकमा यस पाठलाई पढ्नुहोस्।

२. तपाईंले नबुझ्नुभएका मुख्य शब्दहरूका परिभाषाहरूलाई शब्दकोशमा हेर्नुहोस्।

३. आवश्यक परेको खण्डमा पाठ्यपुस्तकलाई प्रयोग गरी पाठको विकासका अभ्यासहरूलाई पूरा गर्नुहोस्। पाठ्यपुस्तकमा दिइएका उत्तरहरूसँग बेला-बेलामा आफ्ना उत्तरहरूलाई जाँच्नुहोस्।

४. यस पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र ध्यानपूर्वक आफ्ना उत्तरहरू जाँच्नुहोस्। बेठीकसँग जवाफ दिइएका विषयहरूलाई समीक्षा गर्नुहोस्।

५. एकाइ २ (पाठहरू ५-७)-लाई समीक्षा गर्नुहोस्, र यसमा भएको एकाइ प्रगति मूल्याङ्कनलाई पूरा गरी तपाईंका आई सी आई प्रशिक्षककहाँ पठाउनुहोस्।

## मुख्य शब्दहरू

आधार (जग)
तपस्या
नियुक्त (अभिषेक)
निश्चयता
पुनरुत्थान
बाइबल सिद्धान्त
माग

## पाठ विकास

### परिपक्वताः निर्माण गर्नु र छोड्नु

हामी हाम्रो अध्ययनमा धेरै पल्ट हिब्रू ५:११-१४ मा आएका छौं। यहाँ प्रथम शताब्दीका ख्रीष्टियानहरूलाई लेख्दा, लेखकले तिनीहरूका अपरिपक्वताका बारेमा छलफल गरेका छन्। उनी तिनीहरूलाई महत्त्वपूर्ण सत्यताहरू सिकाउन चाहन्छन्। यद्यपि, सत्यताहरू प्राप्त गर्न सकिँदैन, किनकि तिनीहरू शिशु तहभन्दा माथि वृद्धि भएका छैनन्। तिनीहरूलाई घरीघरी परमेश्वरको सन्देशका पहिला पाठहरू नै सिकाउन आवश्यक परिरहेको छ भनी उनले

तिनीहरूलाई भनेका छन्। वृद्धि हुनका लागि तिनीहरूले परमेश्वरको वचनलाई प्रयोग गरेका छैनन्। तिनीहरूले दूध मात्र लिन्छन्।

## लक्ष्यलाई हेर्नु

उद्देश्य १: *ख्रीष्टियान परिपक्वताले माग गर्ने विश्वासको किसिमलाई वर्णन गर्नुहोस्।*

अगाड़ि बढ्ने यस छलफलमा हिब्रू ६:१-ले निरन्तरता दिएको छ। लेखकले यसो भनी बिन्ती गरेका छन्, "यसकारण ख्रीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोड़ेर हामी परिपक्वतातर्फ बढौं।" हामी सिद्धता वा परिपक्वतातर्फ जाऔं भनी अन्य कुनै अनुवादहरूमा भनिएको छ। मूल भाषामा परिपक्वता भनी अनुवाद गरिएको शब्दको अर्थ "उमेर पुगेको वा परिपक्व बयस्क" भन्ने हुन्छ।

१ हिब्रू ६:१ लाई प्रयोग गरी तलको वाक्यमा उपयुक्त शब्दहरू भर्नुहोस्।

मृत्युतिर लैजाने कर्महरूबाट पश्चात्ताप र परमेश्वरमाथिको विश्वासका कुराको जग फेरि ..............................।

कामदारहरूले हरेक दिन घरीघरी जग मात्र हाल्ने काम गरे भने, भवनमा कस्तो किसिमको प्रगति गर्न सकिएला? कुनै प्रगति पनि गर्न सकिँदैन! त्यस किसिमको प्रश्न सोध्नु नै हाँसोउठ्दो हुन्छ। यसरी कुनै पनि शिक्षकले घरीघरी जग बसाल्नु पर्‍यो भने, ऊ कहिल्यै कहीं पुग्न सक्दैन।

नयाँ करारको युगका महान् शिक्षकहरूले आफ्ना विद्यार्थीहरूलाई तीन समूहहरूमा विभाजित गर्थे: १) सिकारु, २) केही प्रगति गर्नेहरू, ३) अझ धेरै प्रगति गर्नेहरू। विश्वासीको लक्ष्यचाहिं परिपक्व भएकाहरू मध्येका हुनु हो: तिनीहरू जसलाई *पहिला पाठहरू घरीघरी दोहोर्‍याउनुपर्दैन।* *तपाईंको इच्छा यस्तै हुनुपर्छ। तपाईं अगाड़ि बढ्न चाहनुपर्छ।*

हामीले धेरै दृष्टिकोणबाट यस लक्ष्यलाई अध्ययन गरेका छौं। योचाहिं येशू ख्रीष्टजस्तै बन्नु र उहाँको नेतृत्वमुनि हाम्रो जिम्मेवारी स्वीकार गर्नुजस्तो हो। योचाहिं समझमा वृद्धि हुनु हो। सबै समयमा

सिकाइनुको सट्टा कहिलेकहीँ शिक्षक पनि बन्नु हो। *ख्रीष्टियान परिपक्वताले* जम्मै वा पूर्ण ज्ञानलाई सम्बोधन गरेका हुँदैन। यो पापरहित सिद्धता होइन। *यसले वृद्धि हुने र जिम्मेवारीपूर्ण विश्वासको माग गर्छ।* जति धेरै हामी येशूलाई चिन्छौं, हामीले विश्वास गरेका व्यक्ति उहाँलाई त्यत्ति नै राम्रोसँग हामीले बुझ्नुपर्छ। जति धेरै हामी येशूलाई चिन्छौं, त्यत्ति नै धेरै हाम्रा जीवनमा हामीले येशूलाई प्रतिबिम्बित गर्नुपर्छ। पुराना भूलहरू हराउँनैपर्छ। नयाँ गुणहरू प्रकट र विकास हुनैपर्छ।

## लक्ष्यमा कसरी पुग्ने हो सो जान्नु

उद्देश्य २: *विश्वासीको आफ्नै प्रयासको साथसाथै उसको आत्मिक वृद्धिको प्रक्रियामा अरू के समावेश भएको छ उल्लेख गर्नुहोस्।*

"हामी अगाड़ि बढौं। यदि परमेश्वरको अनुमति भयो भने हामी यसै गर्नेछौं" भनी हिब्रू ६:३-मा शिक्षकले लेखेका छन्। यस खण्डमा लेखक पनि समावेश छन् भन्ने कुरालाई ध्यान दिनुहोस्। अगाड़ि बढ्नु उनको आफ्नो उद्देश्य थियो। यो केवल हिब्रूहरूका लागि मात्र दिइएको अर्ती थिएन।

हिब्रू ६:१ मा मूल भाषाबाट निर्माण गर्नुपर्ने महत्त्वपूर्ण बुँदा छ। "हामी अगाड़ि बढौं" भनी अनुवाद गरिएको वाक्यांश ग्रीक क्रिया *फेरोबाट* आएको हो। यसको अर्थ "लैजानु वा बोक्नु" भन्ने हुन्छ। यहाँ यसलाई कर्मवाच्यमा राखिएको छ, र यसको अर्थचाहिँ "परिपक्व शिक्षातर्फ हामी लगिएका होऔं" भन्ने हुन्छ।

यस शब्द अध्ययनबाट दुइ महत्त्वपूर्ण शिक्षाहरू आउँछन्। पहिलो *कुरा, अगाड़ि जानु* व्यक्तिगत प्रयासबाट मात्र पूरा हुँदैन। ख्रीष्टियान परिपक्वता पवित्र आत्माको सक्रिय शक्तिमा प्राप्त गर्न सकिन्छ। हामीले यसलाई धेरै ठाउँहरूमा अध्ययन गरिसकेका छौं। यस खण्ड-मा भएको हाम्रो विचार सक्रिय प्रभावप्रति हाम्रो व्यक्तिगत *समर्पण* हो। परमेश्वरको शक्तिले हाम्रो वृद्धितर्फ काम गरिराखेको छ। हामीले केवल आफूलाई मात्र समर्पण गर्नुपर्छ। हामी उहाँमा समर्पित हुनुपर्छ।

हाम्रो आफ्नै प्रयासमा गरिनुपर्ने हो भने ख्रीष्टियान सिद्धता वा परिपक्वता अति नै कठिन कुरा हुने थियो। तर त्यस लक्ष्यतर्फ हामी

अगाड़ि बढ्नैपर्छ भनी हिब्रू ६:१ र अन्य धेरै बाइबल पदहरूले हामीलाई बताएका छन्।

के तपाईंले कहिल्यै नदीको बेगको विपरीत डुङ्गा ख्याउने कोशिश गर्नुभएको छ? त्यो अति नै कठिन हुन्छ। एक प्रकारले भन्ने हो भने विश्वासीले संसारको बेगको विरुद्धमा युद्ध गर्नैपर्छ। तर आत्मिक विषयहरूमा पवित्र आत्माको बलियो बेग विश्वासीको निम्ति *परिपक्वतातर्फ* बगिरहेको हुन्छ। परमेश्वरको उद्देश्यसँग हाम्रो इच्छाद्वारा हामीले सहभागिता मात्र जनाउनुपर्छ।

२ हिब्रू १३:२१-अनुसार तपाईंलाई आवश्यक परेको प्रत्येक कुरा कसले उपलब्ध गरिदिन्छ र तपाईंका निम्ति यी कुराहरू कसले उपलब्ध गरिदिएका हुन्? ....................................................
..........................................................................................

यस खण्डले अझै व्याख्या गरेको छ कि हामी अगाड़ि बढ्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कारणचाहिँ "परमेश्वरलाई मन पर्ने कुरा हामीमा गर्नु" हो। लक्ष्यचाहिँ हाम्रो *परिपक्वता, र परमेश्वरको महिमा र उद्देश्य हो!*

हिब्रू ६:१-मा फेरोको अध्ययनबाट सिक्नुपर्ने दोस्रो कुराचाहिँ यही हो कि यो ग्रीक क्रियापद यस्तो रूप हो,जसले निरन्तरीय कार्य-लाई देखाउँछ। पवित्र आत्माको सक्रिय प्रभावद्वारा 'साथसाथै अगाड़ि लैजानु'' निरन्तरीय र सधैँ हुने कार्य हो। यो कुनै एकलो संकटद्वारा हुँदैन। येशू ख्रीष्टमा हुने परिपक्वता एकै क्षणमा हामीमा आउँदैन। *यो कुरा जान्नु तपाईंको निम्ति महत्त्वपूर्ण छ।* पवित्र आत्माको यस कार्य-को लक्ष्य सम्पूर्ण परिपक्वतामा आत्मिक लक्ष्य हो। यसरी नै हाम्रो समर्पण सधैँ र निरन्तर हुनुपर्छ। यस खण्डलाई हामी कसरी अनुवाद गर्न सक्छौं, "परिपक्वताको लक्ष्यतर्फ निरन्तररूपमा आफूलाई लैजाऔं।"

## छोड्नुः पुग्नुपर्ने आवश्यकता

उद्देश्य ३: *ख्रीष्टियान परिपक्वतामा अगाड़ि जाँदा छोड्नुपर्ने थोकहरूलाई विश्वासीले आफ्नो जीवनमा पक्का गर्नुपर्ने कुराहरूलाई पहिचान गर्नुहोस्।*

नदीमा बगेर नजाओस् भन्ने हेतुले हामी डुङ्गालाई कुनै रूख वा खम्बामा बाँध्ने गर्छौं। तर हामी चल्नुभन्दा पहिले हामीले डुङ्गालाई

फुकाउँनैपर्छ। डोरी नफुकाईकन डुङ्गा खियाउनु के हाँसोउठ्दो देखिँदैन र? ऊ कहीं पनि पुग्न सक्दैन! अर्को ठाउँमा पुग्नका लागि एक ठाउँ छोड्नु आवश्यक पर्छ।



यो उदाहरण हाँसोउठ्दो देखिन्छ। "त्यस्तो मूर्ख त कोही पनि हुँदैन" भनी तपाईं भन्नुहोला। तर ख्रीष्टियान जीवनमा यो हुन सक्छ। आफू ख्रीष्टियान परिपक्वताको परिपूर्णतामा अगाड़ि बढ्नुपर्छ भनी प्रत्येक विश्वासीलाई थाहा छ। येशू ख्रीष्टको पूर्ण कद उसको जीवनको निम्ति लक्ष्य हो। यसो हुँदाहुँदै पनि, धेरै विश्वासीहरू जगमा नै अलमलिएका छन्। तिनीहरू अझै पनि शुरूको शिक्षामा नै छन्।

"आधारभूत कुराहरूको जग फेरि नबसालौं" भनी हिब्रू ६:१ मा हामीलाई भनिएको छ। यसै पदमा शुरूमा यो कुरा पनि भनिएको छ, कि "ख्रीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोड़ेर हामी परिपक्वतातर्फ बढौं।" उन्नतिको निम्ति आवश्यकीय अवस्थाचाहिँ त्याग हो। केटाकेटीहरू परिपक्व हुँदैजाँदा, तिनीहरूले पुराना खेलौनाहरू र अरू केटौले बानीहरूलाई त्याग्नुपर्छ। यहाँ प्रयोग भएको "छोड़ेर" भन्ने शब्दले प्राथमिक पाठहरूबाट गहिरो ज्ञानमा जाने कुरालाई सम्बोधन गर्छ, जसरी एउटा कक्षामा सफलता प्राप्त गरेपछि माथिल्लो कक्षामा प्रवेश पाइन्छ।

तर जग सुरक्षित छ भन्ने पक्का नभईकन त्यसमाथि निर्माण गर्नुचाहिँ मूर्खता हो। वृद्धि हुने आफ्नो कर्तव्यलाई तिनीहरूले पहिचान गर्नेछन् भनी हिब्रूका लेखकले पक्का गर्न चाहन्छन्। यसलाई पहिचान गर्नाले जग सुरक्षित छ भनी हेर्न तिनीहरू तत्पर हुन्छन्। निरन्तर रूपमा जगका कुराहरूलाई पुनः सिक्नुभन्दा, यसमाथि निर्माण गर्नका लागि तिनीहरू शुरू गर्न सक्छन्। *आधारभूत* भनिने सत्यताहरूलाई यस अध्ययन क्रममा नै हामी छोटकरीमा हेर्नेछौं। हाम्रो उद्देश्यचाहिँ

तिनीहरूलाई तपाईंको आफ्नो जीवनमा स्थापित गर्न लगाउनु हो। तिनीहरू नयाँ होइनन् भन्ने कुरामा म निश्चित छु।

३ १ कोरिन्थी ३:११-अनुसार ख्रीष्टियान अनुभवको निम्ति राखिएको एक मात्र आधार (जग) के हो?
**क**. बाइबल
**ख**. मण्डली
**ग**. येशू ख्रीष्ट

४ हिब्रू ६:१-अनुसार, विश्वासीले छोड्नुपर्ने कुराहरूलाई ख्रीष्टियान सन्देशका........................................ भनिन्छ।

## हाम्रो जग (आधार) मा ६-वटा ढुङ्गाहरू

उद्देश्य ४: *"ख्रीष्टियान धार्मिक शिक्षा" वाक्यांशलाई परिभाषित गर्नुहोस् र हाम्रो आत्मिक अनुभवसँग भएको यसको सम्बन्धलाई व्याख्या गर्नुहोस्।*

केही सिद्धान्तहरू अरूहरूभन्दा अझै आधारभूत वा मुख्य हुन्छन् भनी हिब्रू ६:१-३ मा स्पष्टसँग उल्लेख गरिएको छ। यिनीहरूलाई येशू ख्रीष्टका सम्बन्धमा भएका "शुरूका पाठहरू" वा "प्राथमिक शब्दहरू" पनि भनिन्छ। तपाईंलाई यादै होला, कि लक्ष्यचाहिँ साँचो ख्रीष्टियान परिपक्वतामा पुग्नु हो। तर ख्रीष्टियान सिद्धान्तमा निश्चित जगको सुरक्षा नभईकन यसलाई पूरा गर्ने आशा हामी गर्न सक्दैनौं। सिद्धान्त भनेको *ख्रीष्टियान विश्वासको महत्त्वपूर्ण सिद्धान्त* हो। यस जगका बारेमा कुराकानी गर्दा, लेखकले ६-वटा सिद्धान्तहरूको सूची बनाएका छन्।

५ हिब्रू ६:१-२ लाई ध्यानपूर्वक पढ्नुहोस्, र यस सैद्धान्तिक जगमा भएका ६-वटा ढुङ्गाहरू (विषयहरू)-को सूची बनाउनुहोस्। (मैले दिएका उत्तरहरूसँग तपाईंका उत्तरहरूलाई ध्यानपूर्वक जाँच्नुहोस्।)

**क**. ..................................................................
**ख**. ..................................................................
**ग**. ..................................................................
**घ**. ..................................................................
**ङ**. ..................................................................
**च**. ..................................................................

पहिलो शताब्दीका ख्रीष्टियानहरूले यी आधार (जग)-का ढुङ्गाहरूलाई ख्रीष्टियान धार्मिक शिक्षाका रूपमा हेरेका थिए भनी पुराना विवरणहरूले हामीलाई बताउँछन्। *ख्रीष्टियान धार्मिक शिक्षा ख्रीष्टियान सिद्धान्तका प्राथमिक बुँदाहरूसहित बनाइएको हुन्छ, र यसले नयाँ ख्रीष्टियानहरूलाई बप्तिस्माको निम्ति तयारी पार्छ।* यी ढुङ्गाहरूले ख्रीष्टियानका निम्ति शुरूका सबै महत्त्वपूर्ण शिक्षाहरूलाई समावेश गरेका हुन्छन् भन्ने सल्लाह कुनैले दिएका छैनन्। तर तिनीहरूचाहिँ जग हुन्। यी ६-ढुङ्गाहरूलाई दुइ खण्ड गरी तीन भागमा विभाजित गरिएको कुरालाई तपाईं यहाँ देख्न सक्नुहुन्छ। ख्रीष्टियान बनेर खन्ने काम गरिएको हुन्छ। अर्को दुइ ढुङ्गाहरू ख्रीष्टियान जीवनमा भएका अभ्यासहरूका उदाहरणहरू हुन्। भविष्यको सम्बन्धका सिद्धान्तहरूले तेस्रो भागलाई निर्माण गरेका छन्। यस निर्माणअनुसार नै हामी तिनीहरूलाई अध्ययन गर्नेछौं।




## ख्रीष्टियान बन्नका निम्ति शर्तहरू

*अर्थहीन कामहरूबाट पश्चात्ताप गर्नु*

उद्देश्य ५: *मुक्तिका निम्ति आवश्यक पर्ने पश्चात्तापलाई वर्णन गर्नुहोस्।*

ख्रीष्टियान बन्नका निम्ति हाम्रो आधारभूत शर्तको पहिलो ढुङ्गा "व्यर्थका कामहरूबाट फर्कनु" हो (हिब्रू ६:१)।

यो पश्चात्तापको कार्य हो। यस पदमा "पश्चात्ताप" को निम्ति प्रयोग भएको ग्रीक शब्द *मेटानोएन* हो। यस ग्रीक क्रियापदमा भाषाको इतिहासभरि नै स्पष्ट र निश्चित अर्थ छ। यसको अर्थ "कसैको मन परिवर्तन गर्नु" हो। यो अति नै महत्त्वपूर्ण छ। नयाँ करारमा पश्चात्तापले भावनालाई भन्दा *निर्णयलाई* जोड़ दिन्छ। धेरै मानिसहरूले पश्चात्तापलाई भावनाका रूपमा विचार गर्छन्– आँसु

बगाउनु र यस्तै अरू। अरूहरूले पश्चात्तापलाई "तपस्या गर्नु" जस्तो धार्मिक विधिका रूपमा विचार गर्छन्। रुनु वा सास्ती खानु, तर पश्चात्ताप नगर्नु सम्भव छ। पश्चात्तापचाहिँ पक्का भित्री निर्णय हो– मनको परिवर्तन।

पुरानो करारमा अनुवाद गरिएको *पश्चात्ताप* शब्दको शाब्दिक अर्थ "फिर्नु" वा "फर्कनु" वा "पछि फिर्नु" भन्ने हुन्छ। नयाँ करार शब्दले भित्री निर्णयलाई जोड़ दिन्छ र पुरानो करार शब्दले बाहिरी कार्यलाई जोड़ दिन्छ। दुवैलाई एकैसाथ राखेपछि *पश्चात्ताप* "मनको भित्रिय परिवर्तन बन्छ, जसले बाहिरीय फिराई वा फर्काइ ल्याउँछ।" यसद्वारा हामी पूरै नयाँ दिशामा हिँड्न शुरू गर्छौं। यस किसिमको पश्चात्ताप पापपूर्ण मानिसको मुक्तिको लागि आवश्यक छ।

६ लूका १५ लाई पल्टाउनुहोस् र ११-३२ पदहरू पढ्नुहोस्। यो कथा तपाईंलाई असाध्यै मन पर्छ। यो तपाईंसँग मिल्दोजुल्दो पनि हुन सक्छ। हराएको छोराले १८ पदमा बनाएको आधारभूत *भित्रिय निर्णयलाई* तपाईंका आफ्नै शब्दहरूमा उल्लेख गर्नुहोस्।

..............................................................................

७ लूका १५:२० पढ्नुहोस्। हराएको छोराले आफ्नो भित्री निर्णयलाई कसरी कार्यान्वयन गऱ्यो?

..............................................................................

पापपूर्ण मानिसले आफ्नो जीवनमा परमेश्वरका उद्देश्यहरूप्रति आफ्नो पिठ्यूँ फर्काएको कुरा हामीले देखिसकेका छौं। उसले चालेको प्रत्येक कदम परमेश्वरबाट टाढ़ा थियो। पापपूर्ण मानिस दुइ किसिममा परिवर्तन हुनैपर्छः उसले आफ्नो मनलाई परिवर्तन गर्नुपर्छ र आफ्नो दिशालाई परिवर्तन गर्नुपर्छ। ऊ आफ्ना पापहरूबाट परमेश्वरतर्फ फर्कनुपर्छ।

मत्ती २७:३-४ पढ्नुहोस्। यहाँ यहूदाले पछुतो गऱ्यो भनिएको छ। यहाँ प्रयोग भएको शब्द हामीले छलफल गरेको ग्रीक शब्द होइन। यहाँ प्रयोग भएको शब्दको अर्थ "दुःखित हुनु, अफसोसको अनुभव गर्नु" हो। उसले आफ्नो भित्री प्रवृत्ति वा बाहिरी दिशालाई परिवर्तन नगरेको कुरा स्पष्टै छ। त्यसले "झुण्डेर आत्महत्या गऱ्यो" भनी अर्को पदले बताएको छ।

८ येशू ख्रीष्टको आगमनको निम्ति बाटो तयार पार्नका लागि बप्तिस्मा-दिने यूहन्नालाई पठाइएको थियो। उनले विशेष बप्तिस्माको बारेमा प्रचार गरे। मर्कूस १:४ अनुसार मानिसहरूका पापहरूका बारेमा उनले तिनीहरूलाई के भने?

**क**. आफ्ना पापहरूबाट फर्क

**ख**. परमेश्वरका मार्गहरू सिक

**ग**. दःखित बन र गल्ती कामहरू गरेकोमा रोओ

९ मर्कूस १:१५ पढ्नुहोस्। हामीले हाम्रा पापहरूलाई के गर्नुपर्छ भनी येशूले प्रचार गर्नुभयो?

.......................................................................................

नयाँ करारमा जताततै पश्चात्तापलाई सुसमाचारप्रति भएको मानिसको पहिलो आवश्यकीय प्रतिउत्तरको रूपमा लिइएको छ। परमेश्वरले यसको माग गर्नुहुन्छ। यस बारेमा सिकाउने अन्य केही खण्डलाई तपाईंले आफ्नो अभ्यास-पुस्तिकामा लेख्न सक्नुहुन्छ। प्रेरित २:३७-३८; प्रेरित २०:२०-२१; र लूका १३:३ लाई यसमा समावेश गरिएको छ।

हाम्रो ख्रीष्टियान जगमा भएको यो पहिलो ढुङ्गाले कुनै किसिमको पश्चात्ताप वा फर्कने कुरालाई बताउँछ भनी जान्नु महत्त्वपूर्ण छ। यो मृतक वा व्यर्थका कामहरूबाटको पश्चात्ताप हो। सारा संसार नै "धार्मिक" छ भन्ने कुरा तपाईंलाई अवश्य पनि थाहा होला। प्रत्येक व्यक्तिले केही न केही कुरालाई आराधना गर्छ। अनि त्यहाँ धेरै-धेरै धार्मिक "कामहरू" छन्। मानिसहरू धार्मिक कामहरूद्वारा धेरै देवताहरूसँग मिलाप गर्ने आशा गर्छन्। यी व्यर्थका मृतक कामहरू हुन्।

१० मृत्यु ल्याउने कामहरू पनि त्यहाँ छन्। एफिसी २:१ अनुसार के कुराले मानिसलाई आत्मिक रूपमा मृतक बनाउँछ?

.......................................................................................

.......................................................................................

कलस्सी २:१३ ले भनेको छ, "तिमीहरू आफ्ना पापका कारण एक पल्ट आत्मिक रूपमा मरेका थियौ।" मानिसका कामहरूले उसलाई परमेश्वरबाट अलग राख्छ। मानिसका कामहरूको बनावटमा

मानिसका आधारभूत आवश्यकताहरूलाई पूरा गर्न सक्ने शक्ति छैन भने, पवित्र परमेश्वरलाई यसले कसरी तृप्त पार्न सक्छ त!

*परमेश्वरमा विश्वास*

उद्देश्य ६: *परमेश्वरका पुत्रमा विश्वास गर्ने प्रत्येकले के प्राप्त गर्छ उल्लेख गर्नुहोस्।*

खीष्टियान बन्नका निम्ति हाम्रो आधारभूत शर्तको दोस्रो ढुङ्गा "परमेश्वरमा राखिएको विश्वास" हो (हिब्रू ६:१)। येशूले यूहन्ना ६:४७ मा भन्नुभयो: "जसले ममाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ।" विश्वास गर्नु भनेको कसैमा वा केही थोकमा हाम्रो भरोसा वा निश्चयता राख्नु हो। हिब्रू ११:१-२ ले हामीलाई बताउँछ, "अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो। किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो।"

यूहन्ना ३:१४-२१ मा *खीष्टियान जीवनको* सम्बन्धमा भएको *विश्वासको* महत्त्वपूर्णतालाई विशेष रूपमा व्याख्या गरिएको छ। तपाईंलाई यो खण्ड मन पर्छ भनी मलाई थाहा छ। संसार वरिपरिका धेरै विश्वासीहरूले यसद्वारा सहायता पाएका छन्।

११ परमेश्वरका पुत्रमा विश्वास गर्ने प्रत्येकले के प्राप्त गर्छ?

......................................................................

१२ यूहन्ना ३:१८ अनुसार, एक व्यक्तिलाई किन न्याय गरिन्छ?

**क**. उसका पापहरूका कारण।
**ख**. ऊ मण्डलीको अङ्ग नभएको कारण।
**ग**. उसले परमेश्वरका एक मात्र पुत्रलाई विश्वास नगरेको कारण।
**घ**. उसले धार्मिकताका कामहरू नगरेको कारण।

मूल भाषामा "परमेश्वरमा विश्वास गर्नु" भन्ने वाक्यांशले *केही कुरातर्फ निर्देशित* गरिएको धारणालाई सङ्केत गर्छ। हाम्रो विश्वास परमेश्वरतर्फ छ। यस शब्दको विशेष काल वा समयले हामी त्यस निर्णयमा विश्राम गरिरहेका छौं भन्ने कुराको सुझाव दिन्छ।



एक महान् मिशनरीले आफूले काम गरेका मानिसहरूका भाषामा यूहन्नाको सुसमाचारलाई अनुवाद गर्ने कोशिश गरेका थिए। उनले तिनीहरूका भाषामा *विश्वासको* निम्ति कुनै शब्द फेला पार्न सकेनन्। (यूहन्नाको सुसमाचारमा कति पल्ट विश्वास शब्द प्रकट भएको छ भन्ने कुरा तपाईंलाई थाहा छ!) उनले के गर्न सक्थे त? एक दिन ती मानिसहरूमध्येका एक जना मित्र मिशनरीको घरमा आए। चर्को घाममा काम गरेर उनी थकित भएका थिए। उनी मेचमा बसेर आफ्नो भाषामा एउटा शब्द प्रयोग गरे, जसको अर्थ थियोः "मैले मेरो पूरै ओजन यस मेचमाथि राखेको छु। म आफैले आफैलाई थाम्न सक्दिनँ।" तब तुरुन्तै मिशनरीले उफ्रेर भने, "मलाई चाहिएको शब्द त्यही नै हो।" के उनी ठीक थिए? मलाई यही विश्वास छ। परमेश्वरका पुत्र र हाम्रा मुक्तिदाताका रूपमा येशू ख्रीष्टमा हाम्रो सम्पूर्ण ओजन र आशालाई राख्नु नै विश्वास हो।

## ख्रीष्टियान जीवनमा अभ्यासहरू

आधारभूत सत्यताहरूका सम्बन्धमा भएको हाम्रो दोस्रो भाग परमेश्वरसँग सम्बन्धित छ– ख्रीष्टियान मण्डलीका अभिषिक्त अभ्यासहरू। यीमध्ये केहीलाई विधिहरू वा विधानहरू भनिन्छ। विधि यस्तो अभ्यास हो, जसलाई पालन गर्नका लागि परमेश्वरले आज्ञा गर्नुभएको छ। उदाहरणको लागि प्रभु-भोज मण्डली विधि हो।

*बप्तिस्माहरूका बारेमा शिक्षा*

उद्देश्य ७: *पवित्र आत्मामा हाम्रो बप्तिस्माको उद्देश्यलाई उल्लेख गर्नुहोस्।*

हिब्रू ६:२ अनुसार, बप्तिस्माहरूका बारेमा भएको शिक्षा हाम्रो ख्रीष्टियान जगको चरम भाग हो। बाइबलमा धेरै बप्तिस्माहरू छन्।

पश्चात्तापको चिन्हको रूपमा यूहन्नाको बप्तिस्मा, ख्रीष्टको बप्तिस्मा, र सङ्कष्टको बप्तिस्मा यसमा समावेश छन्। ख्रीष्टियानले तीन आधारभूत बप्तिस्माहरूका बारेमा सरोकार राख्छ। ती हुनः १) नयाँ जन्मद्वारा ख्रीष्टको शरीरमा बप्तिस्मा, २) येशू ख्रीष्टमा कुनै व्यक्तिको अनुभवको बाहिरीय प्रमाणको रूपमा पानीको बप्तिस्मा, ३) पवित्र आत्मामा बप्तिस्मा। यस विषयमा गरिनुपर्ने विस्तृत अध्ययनलाई यस पाठ्यपुस्तकमा समावेश गर्नु यस पाठ्यपुस्तकको क्षेत्रभन्दा बाहिर पर्छ। यस विषयमा छलफल गर्ने ख्रीष्टियान सिद्धान्तको पुस्तकको अध्ययनलाई यहाँ सिफारिस गरिन्छ। यद्यपि, यस पाठ्यपुस्तकद्वारा तपाईंले यस आधारभूत सत्यतामा केही ज्ञान प्राप्त गर्नुहुनेछ।

**१३** नयाँ जन्मद्वारा ख्रीष्टको शरीरमा हुने बप्तिस्मा १ कोरिन्थी १२:११-१३ को विषय हो। यस खण्डअनुसार हामी सबै जनाले एउटै............ द्वारा एउटै शरीरमा ........... पाएका छौं।

१ कोरिन्थी १२:११-१३ मा *एक* र *एउटै* शब्द प्रकट भएका ठाउँमा तपाईंको बाइबलमा चिन्ह लगाउनुहोस्।

*ख्रीष्टसँग भएको सबै विश्वासीहरूको एकताको* सम्बन्धमा भएको याद गर्नुपर्ने बाइबलको महत्त्वपूर्ण खण्ड गलाती ३:२६-२८ होः

> किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। अब नता यहूदी छ, न ग्रीक, न कमारा न फुक्का, नता पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू एउटै हौ।

हामीले जान्नुपर्ने दोस्रो बप्तिस्माको बारेमा बुझ्न सजिलो छ। यो शारीरिक बप्तिस्मा हो। यसले पानीमा हुने विश्वासीको बप्तिस्मालाई सम्बोधन गर्छ। बप्तिस्मा अर्थपूर्ण हुनुपर्छ भन्ने सम्बन्धमा सबै ख्रीष्टियानहरू सहमत हुनुपर्छ। यो रित्तो विधि मात्र हुनुहुँदैन (अविश्वासीको बप्तिस्माजस्तै)। विश्वासीले नयाँ जन्म पाउँदा, यो भित्री र अदृश्य काम हुन्छ। तर यस कामको अनुभव गर्ने व्यक्तिले पानीमा बप्तिस्मा लिएर शारीरिक रूपमा देखाउनुपर्ने कुरालाई आज्ञा गरिएको छ।

१४ प्रेरित २:३८ पढ्नुहोस्। विश्वासीका निम्ति पानीको बप्तिस्मा किन आवश्यक छ, यस खण्डबाट व्याख्या गर्नुहोस्।

..................................................................................

१५ १ पत्रुस ३:२१ अनुसार, बप्तिस्मा, "शरीरको मैला हटाएजस्तै होइन।" यस खण्डअनुसार, पानीको बप्तिस्मा के हो?

..................................................................................

पानीको बप्तिस्माको सम्बन्धमा रोमी ६:१-४ ले जस्तो उत्तम चित्रण अरू कुनै पनि खण्डले गरेको छैन। बप्तिस्मा भनेको येशू ख्रीष्टको मृत्यु, गड़ाइ, र पुनरुत्थानसँगको पहिचान हो भनी यसले सिकाएको छ। जुन पानीभित्र हामी विश्वासीहरू जान्छौं, त्योचाहिँ चिहानजस्तै हो। हामी विश्वासद्वारा ती पानीहरूमा हाम्रो पुरानो जीवनका कुनै पनि बाँकी कुराहरूलाई त्यागिदिन्छौं। जब हामी बप्तिस्माको पानीबाट बाहिर निस्कन्छौं, यसलाई हामी ख्रीष्टको पुनरुत्थानसँग मिलाउँछौं। "जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं।" यस विषयमा तपाईं अझै विस्तृत रूपमा छलफल गर्नुहोस् भन्ने सल्लाह म तपाईंलाई फेरि पनि दिन्छु।

तेस्रो बप्तिस्माचाहिँ येशूले आफ्ना चेलाहरूलाई प्रतिज्ञा गर्नुभएको बप्तिस्मा होः "यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ" (प्रेरित १:५)। मत्ती ३:११-१२ मा यूहन्नाले यस बारेमा अगमवाणी गरेका थिए, "मचाहिँ त तिमीहरूलाई पश्चात्तापको लागि पानीले बप्तिस्मा दिन्छु, तर मपछि आउनुहुनेले... तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ।" चेलाहरूले आफ्ना जीवनमा पवित्र आत्मामा बप्तिस्मा पाएका घटनाहरूका बारेमा हामी प्रेरित २ अध्यायमा पढ्छौं।

पवित्र आत्मामा भएको यस अनुभवलाई विभिन्न किसिममा बताइएकोमा तपाईं अलमलमा नपर्नुहोस्। यसलाई योएल २:२८-२९-मा *खन्याउनु*, एफिसी ५:१८ मा *भरिपूर्ण हुनु*, होशे ६:३ र याकूब ५:७ मा *पछिल्लो वर्षा* भनिएको छ। अरू विश्वासीहरू (पहिला चेलाहरूबाहेक) ले पवित्र आत्मामा बप्तिस्मा पाएका सम्बन्धमा हामीलाई बताउने विशेष खण्डहरू त्यहाँ छन्ः प्रेरित ८:१४-१७ मा सामरीहरू, प्रेरित ९:१७ र १ कोरिन्थी १४:१८ मा प्रेरित पावल, प्रेरित १०:४४-४८ मा कर्नेलियसको परिवार र प्रेरित १९:१-७

मा एफिसीका चेलाहरू। *पवित्र आत्मामा भएको बप्तिस्माको उद्देश्य ख्रीष्टलाई उचाल्नु, हाम्रो जीवनमा आत्मिक वरदानहरू र फल उत्पादन गर्नु, र परमेश्वरको सेवाको निम्ति हामीलाई शक्ति दिनु हो।*

*हातहरू राख्ने बारेमा शिक्षा*

उद्देश्य ८: *हातहरू राख्ने विधि सँगसँगै आउने विशेष आशिष् र जिम्मेवारीहरूलाई वर्णन गर्नुहोस्।*

अर्को आधारभूत सत्यता भनी परमेश्वरको वचनले मानिलिएको अर्को ख्रीष्टियान अभ्यास (विधि)-चाहिँ "हात राख्ने" बारेमा भएको शिक्षा हो (हिब्रू ६:२)। पुरानो करार यहूदी अभ्यासमा यस विधिलाई मानिसको दोषलाई पशु बलिदानमा सार्ने चिन्हको रूपमा यसलाई प्रयोग गरिएको थियो। कुनै व्यक्तिलाई विशेष आशिष् दिनका लागि, वा विशेष कामको निम्ति उसलाई छुट्टयाइएको सङ्केत गर्नका लागि पनि यसको प्रयोग भएको थियो। यी अन्तिम दुइ रूपहरूलाई नयाँ करारमा पनि निरन्तररूपमा अभ्यास गरिएको छ। हामी तिनीहरूलाई छोटकरीमा हेरौं।

येशूले केटाकेटीहरूमाथि आफ्ना हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो (मर्कूस १०:१६), र अरूहरूले पनि प्रभु येशू ख्रीष्टका नाउँमा आशिष् दिनका लागि मानिसहरूमाथि आफ्ना हात राखेका थिए। तिनीहरूले पवित्र आत्मा पाएका थिए (प्रेरित १६:६)।

१६ याकूब ५:१४-१५-अनुसार, कुनै बिरामीलाई एल्डरहरूले "तेलले अभिषेक" गरी उसका निम्ति प्रार्थना गरिदिंदा उसले कुन आशिषहरू प्राप्त गर्छ? ..............................................

कुनै व्यक्तिलाई विशेष कामको निम्ति अलग गरिंदा पनि हातहरू राख्ने गरिन्थ्यो। कहिलेकहीँ यसलाई *अभिषेक* गर्नु भनिन्थ्यो। अभिषेक गर्नु भनेको आधिकारिक स्थान वा जिम्मेवारी दिनु हो।

१७ प्रेरित ६:१-६ पढ्नुहोस्। ६ पदअनुसार हात राखेर विशेष कामको निम्ति कसलाई छुट्टयाइएको थियो?

**क**. प्रेरितहरू

**ख**. विशेष कामको जिम्मा लिन लागेका सात जना मानिसहरू

**ग**. मण्डलीका निम्ति एल्डरहरू

१८ प्रेरित १३:१-३ पढ्नुहोस्। विशेष कामको निम्ति दुइ जना मानिसहरूलाई छुट्ट्याउनू भनी कसले भनेका थिए?

........................................................................................

१९ यस खण्डमा हात राखेर अलग गरिएका दुइ व्यक्तिहरूका नाम के हुन्?

........................................................................................

यी तीन किसिमका बप्तिस्माहरू र हात राख्ने अभ्यासका आधारभूत ज्ञान हामीले प्राप्त गर्नु महत्त्वपूर्ण छ भनी पवित्र आत्माले विचार गर्नुभएको छ।

## भविष्यका तस्वीरहरू

अब हामी हाम्रो ख्रीष्टियान सिद्धान्तका ६ आधारभूत ढुङ्गाहरूमा सत्यताका अन्तिम जोड़ीमा आइपुगेका छौं। यीचाहिँ "मरेकाहरूको पुनरुत्थान र अनन्त दण्ड हुन्" (हिब्रू ६:२)। यी सत्यताहरूलाई एकसाथ लिँदा यिनीहरूले हाम्रा वर्तमान कार्यहरूको स्थायीत्वलाई जोड़ दिन्छन्। तिनीहरूले अनन्त क्रममा हाम्रो पृथ्वीको जीवनको महत्त्वलाई बताउँछन्। यी आधारभूत ढुङ्गाहरूले नै मानिसहरूका वर्तमान जिम्मेवारीहरूलाई चर्को स्वरमा बताएका छन्।

*मरेकाहरूको पुनरुत्थान*

उद्देश्य ९: *विश्वासीहरूको पुनरुत्थान निश्चय नै हुनेछ भन्ने सत्यतालाई उल्लेख गर्नुहोस्।*

मरेकाहरूको पुनरुत्थानको बारेमा भएका कुनै पनि शिक्षाका सम्बन्धमा संसारमा जहिले पनि विवाद नै छ। येशूका दिनमा पनि यहूदीहरूको एक समूहले पुनरुत्थानमा विश्वास गर्दैनथ्यो। यो शिक्षाले मानिसमाथि जिम्मेवारीको बोध गराउँछ। त्यहाँ पुनरुत्थान हुनेछ भनी कोही-कोही मानिसहरू जान्नै चाँहदैनन्। तर पनि मानिसको भित्री आत्मामा मृत्युपछिको जीवनको आशा छ।

येशू ख्रीष्टको पुनरुत्थान हाम्रो निम्ति अति महत्त्वपूर्ण छ। पहिलो कोरिन्थी १५:१२-२८ ले येशूको पुनरुत्थानसँग भएको हाम्रो पुनरुत्थानको सम्बन्धलाई देखाएको छ।

२० हाम्रो पुनरुत्थानलाई ख्रीष्टको पुनरुत्थानसँग पावलले कसरी दाँजेका छन्, तपाईंका आफ्नै शब्दहरू (१ कोरिन्थी १५:१५ लाई आधार बनाई) मा उल्लेख गर्नुहोस्। ..................................
..........................................................................................

*१ कोरिन्थी १५:२० मा यस विषयमा पावलले के भनेका छन्, सो कुरालाई हामी जोड़ दिऔं,* "वास्तवमा ख्रीष्ट मृतकहरूबाट, जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ।" मरेकाहरू जीवनमा बौरिउठ्नेछन् भन्ने प्रमाणका रूपमा प्रेरित ४:२ मा येशू ख्रीष्टको पुनरुत्थानको प्रचार गरिएको थियो?

२१ १ पत्रुस १:३-५ पढ्नुहोस्। ३ पदअनुसार येशूको पुनरुत्थानद्वारा विश्वासीलाई के दिइन्छ? ..........................................

पावलको मुख्य इच्छा "ख्रीष्टलाई चिन्नु र उहाँको पुनरुत्थानको शक्तिलाई अनुभव गर्नुथियो (फिलिप्पी ३:१०)। हामीले पनि येशू ख्रीष्टलाई उहाँको पुनरुत्थानको शक्तिमा चिन्ने इच्छा राख्नैपर्छ। रोमी ६:४ मा हाम्रो पानीको बप्तिस्मामा पनि ख्रीष्टको पुनरुत्थानसँग हाम्रो आफ्नै **नयाँ जीवनको** सम्बन्ध छ भन्ने कुरालाई याद गर्नुहोस्। परमेश्वरको प्रशंसा होस्!

*अनन्त दण्ड*

उद्देश्य १०: *ख्रीष्टको बलिदानमा भएको हाम्रो विश्वासले अनन्त मृत्युको दण्डबाट हामीलाई कसरी छुटकारा दिन्छ, व्याख्या गर्नुहोस्।*



*मरेकाहरूको पुनरुत्थान र अनन्त दण्ड* (हामीले भनिसकेझैं) अन्तिम दुइ आधारभूत सत्यताहरू हुन्। प्रेरित १७:३१ ले तिनीहरूका बारेमा स्पष्टसँग बताएको छः

किनकि उहाँ (परमेश्वर) ले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ।

उनलाई मृतकबाट जीवित पारेर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ!

त्यहाँ कम-से-कम सात विशेष न्यायहरूलाई पवित्र धर्मशास्त्रमा सम्बोधन गरिएको छ। ती हुन्:

१. पापीका पापहरूका निम्ति उसलाई परमेश्वरबाट दिइनुपर्ने दण्डको सट्टामा खीष्टले क्रूसमा बोक्नुभएको दण्ड। न्यायमा त्यस सट्टालाई कार्यान्वयन गरियो। यसरी उहाँको बलिदानमा विश्वास गर्नेहरू सबैले अनन्त मृत्युको दण्डबाट छुटकारा पाउनेछन् (यूहन्ना ५:२४)।

२. स्वेच्छारी अनाज्ञाकारितामा लागिरहने विश्वासीको न्याय वा दण्ड। यस पाठ्यपुस्तकको पाठ ४ मा इच्छाको गल्ती अभ्यास खण्डमा हामीले यसलाई हेरेका थियौं। तपाईं त्यस खण्डलाई समीक्षा गर्न सक्नुहुन्छ। हिब्रू १२ बाटको शिक्षालाई विशेष गरी ध्यान दिनुहोस्। (२ कोरिन्थी ११:३१-३२ लाई पनि हेर्नुहोस्।)

३. इस्राएलको न्याय (इजकिएल ३६:१६-२१)।

४. खीष्टको न्याय-आसनमा विश्वासीहरूको न्याय। पाठ ५ मा अन्तिम जाँचको निम्ति तयारी भन्ने खण्डमा फर्की यस क्षेत्रमा हामीले दिएको शिक्षणलाई तपाईं समीक्षा गर्न चाहनुहुन्छ होला (२ कोरिन्थी ५:१० लाई हेर्नुहोस्)।

५. राज्यहरूको न्याय (मत्ती २५:३१-४६)।

६. पतित स्वर्गदूतहरूको न्याय (यहूदा ६)।

७. महान् सेतो सिंहासनमा हुने न्याय, जुनचाहिँ अविश्वासी संसारको निम्ति न्यायको स्थान हो (प्रकाश २०:११-१५)।

यी अन्तिम दुइ आधारभूत सत्यताहरू हाम्रा लागि महत्त्वपूर्ण छन्, किनकि मनमा अनन्त मूल्यहरू राखेर, जिउनका लागि तिनीहरूले हामीलाई सहायता पुऱ्याउँछन्। न्यायहरूको हाम्रो अध्ययनमा त्यहाँ कुनै पनि निर्दिष्ट अभ्यास समावेश गरिएको छैन; यद्यपि यस खण्डमा सम्बोधन गरिएका बाइबलका खण्डहरूका समीक्षाले यी सत्यताहरूलाई कार्यान्वयन गर्न सहायता पुऱ्याउनेछन्।

## सारांश

हामीले छोटकरीमा अध्ययन गरेका यी सत्यताहरू ख्रीष्टियान अनुभवका जग हुन् भन्ने कुरालाई याद गर्नुहोस्। बालुवामा निर्माण गर्ने, भत्काउने र पुनः निर्माण गर्ने केटाकेटीहरूजस्तै घरीघरी यही जगमा निर्माण नगरेर हामी परिपक्वतामा बढ्नुपर्छ। यद्यपि, विश्वासीले जगलाई सुरक्षित राख्नैपर्छ। सुरक्षित नभईकन हामीले अग्लो बनाउन सक्दैनौं। तर एक पल्ट सुरक्षित भइसकेपछि, योचाहिँ अरू थोकहरूका निम्ति जगलाई छोड्ने समय हो। आत्मिक वृद्धिको निम्ति ख्रीष्टियान सिद्धान्त र ख्रीष्टियान अनुभव दुवै आवश्यक छन् भनी हिब्रूका लेखकले तिनीहरूलाई देखाएका हुन् भनी म विश्वास गर्छु।

क्रूसमा टाँगिएको अपराधी, इनारको छेउमा भएकी स्त्री, प्रेरित पावल र फिलिप्पी झ्यालखानका हाकिम– सबैका निश्चित र भिन्नाभिन्नै अनुभवहरू थिए। पवित्र आत्माद्वारा येशू ख्रीष्टसँग हामीले वास्तविक अनुभव प्राप्त गरेका छौं भन्ने कुरा हामीले पनि थाहा पाएकै हुनुपर्छ। बाइबल सिद्धान्त पनि महत्त्वपूर्ण छ। नयाँ करारमा अपोल्लोसजस्ता धेरै ख्रीष्टियानहरू छन्, जसले ईमानदारितासाथ सिकाउँछन्, तर उनीहरूमा पर्याप्त ज्ञानचाहिँ हुँदैन।

हामी "भवनमा नै जानुपर्छ" जुनचाहिँ साँचो ख्रीष्टियान चरित्र हो। जीवन र ख्रीष्ट हामीमा हुनुभएको प्रतिबिम्बको मात्र वास्तवमा गन्ती हुन्छ। यसलाई मानिसहरूले देख्न सक्छन् र यसरी हाम्रा पितालाई महिमा दिन सक्छन्।

## स्वयम् जाँच

**ठीक-बेठीक प्रश्न**ः यदि बयान ठीक छ भने खाली ठाउँमा *ठी* लेख्नुहोस्। यदि बेठीक छ भने *बे* लेख्नुहोस्।

.... **१** यदि विश्वासी परिपक्व हुनुपर्ने हो भने परमेश्वरको सक्रिय सहायताविना नै, ऊ आफैले नै यसलाई पूरा रूपमा कार्यान्वयन गर्नुपर्छ।

.... **२** विश्वासीले आधारभूत सत्यताहरूलाई स्थापित गरिसकेपछि यी सत्यताहरूमाथि निर्माण गर्दै ऊ अगाड़ि बढ्नुपर्छ।

.... **३** खीष्टियान धार्मिक शिक्षा नयाँ खीष्टियानहरूलाई बप्तिस्माको निम्ति तयारी पार्न सिकाइएका खीष्टियान सिद्धान्तका आधारभूत (प्राथमिक) बुँदाहरू सहितको हुन्छ।

.... **४** पश्चात्तापमा विशेष गरी भावनात्मक अनुभवहरू समावेश गरिएको हुन्छ।

.... **५** सिद्धान्त मनको भित्रिय परिवर्तन हो, जसले बाहिरीय फर्काई वा फिराई ल्याउँछ।

.... **६** मण्डली विधि यस्तो अभ्यास हो, जसलाई मण्डलीले पालन गर्नुपर्छ भनी परमेश्वरले आज्ञा दिनुभएको छ।

.... **७** विश्वासीहरूले येशू खीष्टलाई आफ्ना प्रभु र मुक्तिदाताका रूपमा ग्रहण गरेपछि उनीहरूका लागि त्यहाँ कुनै न्याय छैन।

८-१३ तल चित्रण गरिएझैं विश्वासीको जग दुइ स्तम्भहरूको तीन तहमा विभाजित छ। प्रत्येक स्तम्भको निम्ति यस पाठ्यपुस्तकमा प्रदर्शन गरिएअनुसार ठीक नाम लेख्नुहोस्।

भविष्यका तस्वीरहरू
खीष्टियान जीवनमा अभ्यासहरू
खीष्टियान बन्नका लागि शर्तहरू

| | |
|---|---|
| १२ | १३ |
| १० | ११ |
| ८ | ९ |

तपाईंले पाठ ८ मा आफ्नो अध्ययनलाई निरन्तरता दिनुभन्दा पहिले एकाइ २ को प्रतिवेदनलाई पूरा गरी उत्तर-पृष्ठलाई तपाईंका आई सी आई प्रशिक्षककहाँ पठाउनुहोस्।

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ नबसालौं

११ उसले परमेश्वरका एक मात्र पुत्रलाई विश्वास नगरेको कारण।

२ तपाईंले परमेश्वरको इच्छा पूरा गर्न सक्नुभएको होस् भनी शान्तिका परमेश्वरले।

१३ आत्मा, बप्तिस्मा

३ ग) येशू ख्रीष्ट

१४ यो आवश्यक छ, किनकि परमेश्वरले यसलाई आज्ञा गर्नुभएको छ।

४ प्राथमिक सिद्धान्तहरू

१५ शुद्ध विवेकको साथ परमेश्वरमा गरिएको प्रतिज्ञा।

५ **क** व्यर्थका कामहरूबाट फर्कनु।
**ख** परमेश्वरमा विश्वास गर्नु।
**ग** बप्तिस्माहरूका बारेमा सिकाउनु।
**घ** हातहरू राख्ने बारेमा सिकाउनु।
ङ मरेकाहरूको पुनरुत्थान
**च** अनन्त न्याय

१६ शारीरिक चँगाइ र पापहरूको क्षमा।

६ आफ्ना बाबुकहाँ फर्केर जाने निर्णय।

१७ ख) विशेष कामको जिम्मा लिन लागेका सात जना मानिसहरू।

७ उठ्यो र आफ्ना बाबुकहाँ जानका लागि हिँड्यो।

१८ पवित्र आत्मा

८ क) आफ्ना पापहरूबाट फर्क।

१९ बारनाबास र शाऊल।

९ हाम्रा पापहरूबाट फर्कनुपर्छ।

२० यदि हामी जीवनमा बौरिउठेनौं भने ख्रीष्ट पनि बौरिउठ्नुभएको होइन भनी पावलले सङ्केत गरेका छन्।


१० तिनीहरूका अनाज्ञाकारिता र पापहरू।

२१ जीवित आशाले भरिएको नयाँ जीवन।

११ अनन्त जीवन।

एकाइ ३

# ख्रीष्टियान परिपक्वताका प्रमाणहरू



पाठ ८

# ख्रीष्टियान चरित्रको प्रमाण

हामी हाम्रो अध्ययनको अन्तिम एकाइमा आइपुगेका छौं। हामीहरू ख्रीष्टियान परिपक्वताको स्थानमा वृद्धि भइरहेका छौं भन्ने प्रमाणहरूसँग यस अन्तिम एकाइले छलफल गरेको छ। भित्तामा राखिएको चिन्हअनुसार आफ्ना वृद्धिलाई नाप्ने केटाहरूका कथालाई मैले केही पाठहरू पहिले नै बताएको थिएँ। त्यस चिन्हले उनीहरूका बाबुको नापलाई प्रतिनिधित्व गरेको थियो। हाम्रा वृद्धिलाई जाँच्ने नापहरू राख्नु सामान्य र महत्त्वपूर्ण कुरा हो।

*प्रमाण* शब्दको अर्थ "केही कुरालाई पक्का गर्नु" हो। पवित्र धर्मशास्त्रले ख्रीष्टियान प्रमाणहरूमा स्पष्ट शिक्षाहरू दिएको छ। व्यवस्थाको अदालतमा प्रायःजसो प्रमाण (साक्षी) हरूलाई प्रस्तुत गरिएको कुरा तपाईंलाई थाहा नै छ। मुद्दा लागेको एक व्यक्तिको दोष वा निर्दोषको प्रमाण नै यो हो। न्यायाधीशले विभिन्न व्यक्तिहरूका प्रमाणहरूलाई जोख्नुपर्छ। निर्णयका लागि प्रमाणहरू पर्याप्त छन् वा छैनन् भनी जाँच्ने जिम्मेवारीहरू तिनीहरूमा हुन्छ।

एक पल्ट कसैले सोधेका थिए, "ख्रीष्टियान भएकोमा यदि तपाईंलाई मुद्दा लागेको छ भने, के तपाईंलाई दोषी ठहऱ्याउँनका निम्ति त्यहाँ पर्याप्त प्रमाणहरू पाइन्छन्?" यो अति गम्भीर विचार हो, के होइन र? एक अर्थमा भन्ने हो भने सारा संसार नै प्रमाणभूमि हो। आफूले भनेको अनुसार ख्रीष्टियान जिएको छ वा छैन भन्ने कुरा अविश्वासी-हरूले नै पहिचान गर्छन्। यस पाठले परिपक्व ख्रीष्टियान जीवनको



अति विश्वासिलो प्रमाणलाई छलफल गरेको छः विश्वासीको जीवनमा येशूको चरित्रको प्रदर्शन।

---

## *पाठको रूपरेखा*

येशूजस्तै देखिनका लागि वृद्धि हुनु
  लक्ष्यलाई समीक्षा गर्नु
  येशूको जीवनका विशेषताहरू
येशूजस्तै हुनु
  इच्छाको छनोट
  पवित्र आत्मामा समर्पण
  जीवनशैलीका किसिम

---

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- येशूको जीवन र पवित्र आत्माको शक्तिले परिपक्वता पूर्ण गर्नका लागि विश्वासीलाई कसरी सहायता पुऱ्याउँछ सो उल्लेख गर्न सक्नुपर्नेछ।
- विश्वासीको आत्मिक वृद्धिमा बाधा ल्याउने कठिनाइमाथि त्यस विश्वासीले कसरी विजय प्राप्त गर्न सक्छ सो व्याख्या गर्न सक्नुपर्नेछ।

---

## *सिक्ने क्रियाकलापहरू*

१. यस पाठ्यपुस्तकमा भएको यस पाठलाई पढ्नुहोस्।

२. तपाईंले नबुझ्नुभएका कुनै पनि मुख्य शब्दहरूका परिभाषाहरूलाई शब्दकोशमा हेर्नुहोस्।

३. आवश्यक परेको खण्डमा पाठ्यपुस्तकलाई हेर्दै पाठ विकासमा दिइएका अभ्यासहरूलाई पूरा गर्नुहोस्। पाठ्यपुस्तकमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूलाई बेला-बेलामा जाँच्नुहोस्।

४. यस पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र होशियारपूर्वक आफ्ना उत्तरहरूलाई जाँच्नुहोस्। बेठीकसँग दिइएका उत्तरहरूलाई समीक्षा गर्नुहोस्।

---

## *मुख्य शब्दहरू*

अवलोकन
घनिष्ठ
चरित्र
प्रदर्शन
विजयी
सक्षम बनाउनु
ज्ञान

---

## *पाठ विकास*

### येशूजस्तै देखिनका लागि वृद्धि हुनु

उद्देश्य १: *आत्मिक वृद्धिको निम्ति हाम्रो नमूनालाई परिचित गर्नुहोस्।*

हामीले देखेझैं विश्वासी नयाँ परिवारभित्र फेरि जन्मन्छ। ऊभित्र भएको नयाँ जन्मको आत्मा (बीउ) मा परमेश्वरको स्वरूप हुन्छ। आफ्नो परिवारको स्वरूपमा बालक वृद्धि भएझैं, विश्वासी पनि परमेश्वरको स्वरूपमा वृद्धि हुनैपर्छ। त्यो स्वरूप येशू ख्रीष्टको अनुहारमा देखिएको थियो। येशू मानव स्वरूपमा जिउनुभएका परमेश्वर हुनुहुन्थ्यो। उहाँले देखाउनुभएको उदाहरणले आत्मिक वृद्धिको निम्ति प्रत्येक विश्वासीलाई नमूना र स्तर प्रदान गर्छ।

**लक्ष्यलाई समीक्षा गर्नु**

उद्देश्य २: *आंशिक र सिद्ध (पूर्ण) ख्रीष्टियान परिपक्वताको बीचमा भिन्नता देखाउनुहोस्।*

हाम्रो ख्रीष्टियान वृद्धिको लक्ष्यलाई हामी स्पष्टसँग समीक्षा गरौं। रोमी ८:२९-३० ले बाइबलमा यसको स्पष्ट चित्रण गरेको छः

> जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ जेष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो। जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनुभयो तिनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो।

परमेश्वरका पुत्रजस्तो हुनु भनेको के हो सो बुझ्नका लागि यस पाठ्यपुस्तकमा हामीले अध्ययन गरेको कुराले हामीलाई सहायता पुऱ्याएको छ। यस पाठमा हामीले सबैभन्दा उच्च प्रमाणलाई प्रस्तुत गरेका छौं। हाम्रो आफ्नै चरित्र र जीवन ढाँचामा योचाहिँ येशू ख्रीष्टको चरित्रको प्रतिबिम्ब हो।

जुन लक्ष्यतर्फ हामी अगाडि बढ्रिहेका हुन्छौं त्यसको अर्को महत्त्वपूर्ण विवरणलाई हामी एफिसी ४:१३ मा भेट्टाउँछौं:

> *जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं।*

परिपक्व व्यक्ति बन्नका लागि "परमेश्वरका पुत्रको ज्ञान" अति महत्त्वपूर्ण तत्त्व हो भन्ने कुरालाई ध्यान दिनुहोस्। त्यहाँ ज्ञानका तीन आधारभूत तहहरू छन्। हामीले नभेटेको कुनै व्यक्तिको बारेका सत्यताहरू हामी जान्न सक्छौं। कुनै व्यक्तिलाई भेटेपछि हामी उसलाई अझै राम्रोसँग चिन्न सक्छौं। तर तेस्रो र अझै महत्त्वपूर्ण तरीकाचाहिँ हामीले नजीकको मित्रलाई चिनेझैं एक व्यक्तिलाई घनिष्ठतामा चिन्न सक्छौं।

१ फिलिप्पी ३:१० मा पावलले ज्ञानका तीन तहहरूमध्ये कुनचाहिँलाई सम्बोधन गरेको जस्तो तपाईंलाई लाग्छ? यो खण्ड पावलको जीवन र सेवाको अन्त्यतिर झ्यालखानबाट लेखिएको थियो भन्ने कुरालाई याद गर्दै आफ्नो अभ्यास-पुस्तिकामा यसको जवाफ दिनुहोस्।)

तपाईंका प्रशिक्षकले विस्तृतरूपमा दिनुभएका उत्तरहरूसँग तपाईंका उत्तरहरूको तुलना गर्नुहोस्। ख्रीष्टको स्वरूपमा परिपक्व हुने तरीकाको रूपमा ख्रीष्टलाई घनिष्ठतामा चिन्ने हाम्रो इच्छालाई पनि पावलले यस हृदय चित्कारले नमूनित गर्न सक्छजस्तो मलाई लाग्छ। ख्रीष्टियान परिपक्वताप्रतिको सहयोगको रूपमा ख्रीष्टको अति घनिष्ठ ज्ञानलाई हामीले खोज्नु आवश्यक छ।

निरन्तरीय लक्ष्यको रूपमा पावलले *वृद्धि र वृद्धि भइरहने* कुरासँग जिउने इच्छा गरेका थिए। फिलिप्पी ३:१२ मा उनले उल्लेख गरेका छन्, "मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन, तर ती कुराहरूलाई पक्रनको निम्ति म अघि बढ़िरहेको छु, जुन कुराको निम्ति ख्रीष्टले मलाई पक्रनुभयो।" तर केही पदहरू पछाड़ि (फिलिप्पी ३:१५), पावलले आफैलाई परिपक्व वर्गमुनि राखेका छन्: "हामी परिपक्व हुनेहरूचाहिँ सबै यस्तै मनका होऔं, र तिमीहरू कुनै कुरामा अरू विचारका छौ भने परमेश्वरले तिमीहरूलाई त्यो पनि प्रकट गरिदिनुहुनेछ।"

यसले हामीलाई ठूलो उत्साह प्रदान गर्नुपर्छ। प्रेरित पावलले यसो भन्न सकेका थिए, "एक किसिममा म परिपक्व छु। तर पनि मेरो बोलावटको पूर्ण उद्देश्यमा म पुगेको छैन। म अझै सिद्ध भइसकेको छैन।" बालकका बारेमा पनि हामी यसो भन्न सक्छौं, "जीवन सात-वर्ष-उमेरको परिपक्व केटा हो।" हामीले यसो भन्दा यही अर्थ दिएका हुन्छौं, कि सात वर्ष-उमेरको सामान्य वृद्धिको तुलनामा ऊचाहिँ परिपक्व छ। तर बीस-वर्ष-उमेरसँगको तुलनामा ऊ अझै परिपक्व छैन। हामी यस कुरालाई बुझौं कि जस्तो प्रकारले हामी वृद्धि हुनुपर्ने हो हामी वृद्धि हुन सक्छौं र पनि येशू ख्रीष्टको पूर्ण स्वरूपको लक्ष्यमा अझै पूर्णरूपमा वृद्धि हुनका लागि हामीले हाम्रा हृदयले पूरा इच्छा राख्नुपर्छ।

**येशूको जीवनका विशेषताहरू**

उद्देश्य ३: *येशूको चरित्रका बानीहरूलाई परिचित गर्नुहोस्।*

हामी फेरि पनि भन्छौं कि हाम्रो लक्ष्यचाहिँ येशू ख्रीष्टजस्तो हुनु हो। परमेश्वरले हामीलाई आफ्ना पुत्रजस्तो भएको चाहनुहुन्छ। हामी यस स्वरूपका बारेमा जान्न सक्छौं। येशू ख्रीष्ट हाम्रा बीचमा रहनुभयो। (मानव रूपमा भएको येशूको जीवन सम्बन्धमा हामीले पहिल्यै सम्बोधन गरिसकेका छौं।) उहाँ आफ्नो मानव जिम्मेवारीमा वृद्धि हुनुभयो, उहाँले सिक्नुभयो र विकास हुनुभयो। उहाँ शारीरिक, मानसिक र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो (लूका २:५२)। आफ्नो निम्ति भएको परमेश्वरको उद्देश्य पूरा गर्नका लागि उहाँले कमाराको जिम्मेवारी स्वीकार गर्नुभयो। यी सबैलाई हामीले अध्ययन गरिसकेका छौं।

*पाठ २-मा हेर्नुहोस् र यस सामग्रीलाई समीक्षा गर्नुहोस्। तपाईंले यसलाई पूरा नगरुञ्जेल अगाड़ि नजानुहोस्।*

आफ्नो चरित्रमा येशू को हुनुहुन्थ्यो भनी हेर्नु हाम्रो उद्देश्य हो। *चरित्र* भनेको "हाम्रो अत्यावश्यक स्वभावको भाग वा आकृतिहरू हो, जसले हामीलाई अरूहरूभन्दा भिन्नै प्रस्तुत गर्छ।"

जब हामी शब्दहरू वा कामहरूद्वारा कुनै व्यक्तिको चरित्रलाई देख्छौं, हामी त्यस महत्त्वपूर्ण व्यक्तिलाई देख्छौं। परमेश्वरका सन्तानका आधारभूत विशेषताहरू छन्। तिनीहरू विभिन्न राष्ट्रहरूका हुन सक्छन्, तिनीहरूले भिन्नाभिन्नै भाषाहरू बोल्न सक्छन्, र तिनीहरूका छालाको रङ्ग विभिन्न हुन सक्छ। तर पनि बाहिरकाहरूले साँचा ख्रीष्टियानहरूलाई अध्ययन गर्दा, तिनीहरू सबैले एउटै लक्षण देखाउँछन्। तिनीहरू सबै परमेश्वरको परिवारका हुन् भन्ने प्रमाण यसले दिन्छ।

येशूको चरित्रको अध्ययन जीवनभरि रहिरहने प्रयास हो। तपाईंको निम्ति पनि *यही कुरा* सत्य छ भनी म आशा गर्छु। यस अध्ययनका निम्ति उहाँको चरित्रका केही प्राथमिक रूपहरूलाई अब हामी ध्यान दिऔं। येशूमा हामीले देख्ने पहिलो स्वभावचाहिँ उहाँको *निस्वार्थीपन* हो। उहाँले आफ्नो जीवन पूर्ण रूपमा पिताको महिमा र इज्जतको लागि जिउनुभएको थियो। यूहन्ना १:१४ ले हामीलाई बताउँछ कि हाम्रा बीचमा येशू बस्नुहुँदा "हामीले उहाँको महिमा देख्यौं, जुन

महिमा पिताबाट आउनुभएको एक मात्र पुत्रको जस्तो थियो।'' मानिसहरूले येशूलाई देख्दा तिनीहरूले पिताको महिमालाई देखेका थिए।

२ यूहन्ना १४:८ मा फिलिपले पिता देखाउनुहोस् भनी येशूसँग बिन्ती गरे। उहाँलाई देख्नेले पितालाई देखेको छ भनी येशूले जवाफ दिनुभयो। यूहन्ना १४:१० मा आफ्ना वचन र कामका बारेमा येशूले के भन्नुभयो? ........................................

३ हिब्रू १:३ मा येशूलाई कसरी वर्णन गरिएको छ?

**क**. सापटी लिएको स्वभावलाई प्रतिबिम्ब गर्ने व्यक्ति।
**ख**. पृथ्वीको महिमालाई प्रतिबिम्ब गर्ने व्यक्ति।
**ग**. परमेश्वरको महिमाको ज्योतिलाई प्रतिबिम्ब गर्ने व्यक्ति।

हिब्रू १:३ मा ''येशूलाई परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप'' मानिएको छ। उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी दुष्ट आत्माहरूले पनि स्वीकार गरेका थिए। (मत्ती ८:२९; मर्कूस १:२४; मर्कूस ३:११ र लूका ४:४१ हेर्नुहोस्।)

४ प्रेरित १९:११-१६ ले बोध गराउँछ कि भूतात्माहरूले येशू ख्रीष्टमा र अर्का शिक्षकमा परमेश्वर देखे, जुन शिक्षकचाहिँ सामान्य मानिस नै थिए, तर उनी ईश्वरभक्त मानिस थिए। भूतात्माहरूले परमेश्वरको स्वरूपको पहिचान गरेका यी मानव व्यक्ति को थिए? ..............................................................

ख्रीष्टको निस्वार्थीपनको साथसाथै, हाम्रो निम्ति नमूना भएका ख्रीष्टको जीवनका दुइ महत्त्वपूर्ण विशेषताहरू त्यहाँ छन्। ती दुवैलाई फिलिप्पी २ मा उल्लेख गरिसकेका छौं। यसमा, येशूले आफूमाथि मानव-स्वभाव लिनुभएको मात्र होइन, तर आफ्नो स्वेच्छासाथ कमाराको रूप लिएको कुरा पनि देखाइएको छ।

५ फिलिप्पी २:५-११ पढ्नुहोस्। ८ पदमा वर्णन गरेझैं येशूका दुइ चरित्रहरूका अगाड़िका अक्षरमा घेरा लगाउनुहोस्।

**क**. दया र भलाइ
**ख**. नम्रता र सहनशीलता
**ग**. आनन्द र प्रेम
**घ**. नम्रता र आज्ञाकारिता

येशू ख्रीष्टका चरित्रका यी गुणहरू उहाँको सेवाभरि नै अति स्पष्टरूपमा प्रकट भएका थिए।

अझ अप्रत्यक्षरूपमा हामी येशूका धेरै चारित्रिक स्वभावहरूलाई भेट्टाउँछौं। तपाईंले उहाँको जीवनलाई पढ्नु र अध्ययन गर्नुहुँदा तपाईंले प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र आत्म-संयम्‌का विशेषताहरू देख्नुहुनेछ।

६ यूहन्ना ८:१-११ मा येशूको जीवनको बारेको कथालाई पढ्नुहोस्। यस कथामा भेट्टाइएका येशूका तीन चारित्रिक स्वभावहरूको सूची बनाउनुहोस्। ..........................................................................

यूहन्ना ८-मा भएको यो अभ्यास चाखलाग्दो छ। यस्तै किसिमका अभ्यासहरू गर्नका लागि तपाईं अन्य धेरै बाइबल कथाहरू भेट्टाउन सक्नुहुन्छ।

हामीले माथि सूची बनाएका स्वभावहरूलाई "पवित्र आत्माका फल" भनिन्छ भन्ने कुरा तपाईंलाई थाहा नै छ। हाम्रा आफ्नै स्वभावका अधीनमा नरही हामी उहाँका आत्माका अधीनमा रहँदा ती स्वभावहरूलाई उत्पादन गर्न सक्छौं। तिनीहरू हाम्रा प्राणका झ्यालहरूजस्ता हुन्, जसद्वारा परमेश्वरले संसारमा आफैलाई प्रकट गर्नुहुन्छ। संसारलाई पिता देखाउनका निम्ति येशूले आफ्नो मानव आत्माका सबै झ्यालहरूलाई खोलिदिनुभयो।

## येशूजस्तै हुनु

उद्देश्य ४: *येशूजस्तो हुनका लागि विश्वासीलाई किन कठिन पर्छ व्याख्या गर्नुहोस्।*

येशूजस्तो हुनु स्वाभाविक र कठिन दुवै हुन्छ। हामीले पवित्र आत्माद्वारा नयाँ जन्म पाउँदा हामीमा परमेश्वरको "बीउ" वा स्वभाव हुने भएको हुनाले यो स्वाभाविक हुन्छ। हामीमा यस बीउको वृद्धि हुँदा यसले परमेश्वरको स्वरूपलाई प्रदर्शन गर्छ। पावलले यस सत्यतालाई यसरी व्यक्त गरेका छन्: "उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो" (एफिसी १:५)। यो कठिन छ, किनकि

हाम्रा "पाप स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पाप-स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौ, त्यसबाट तिमीलाई रोक्नका निम्ति यीचाहिँ एउटा अर्काको विरुद्धमा हुन्छन्" (गलाती ५:१७)।

## इच्छाको छनोट

उद्देश्य ५: *येशूजस्तो हुनका लागि विश्वासीलाई कसरी सक्षम बनाइन्छ व्याख्या गर्नुहोस्।*



फिलिप्पी २:७ ले येशूको बारेमा भनेको कुरालाई याद गर्नुहोस्: "तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो।" मानिसको इच्छासहितको उसको आत्मा मानिसको सबैभन्दा उच्च वरदान हो। प्रत्येक विश्वासीमा परमेश्वरको स्वरूपको बीउ छ। आफूद्वारा परमेश्वरको स्वभाव चम्किन दिनका लागि विश्वासीले नै निर्णय बनाउनुपर्छ। विश्वासीले यो निर्णय कसरी बनाउँछ भन्ने सम्बन्धमा एफिसी ३:१६ र १९ ले महत्त्वपूर्ण ज्ञान प्रदान गर्छ:

> म प्रार्थना गर्छु कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँको आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्... र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।

७ अब एफिसी ३:१४-१९ पढ्नुहोस्। *मानव इच्छाको निर्णय* समावेश भएको यस खण्डबाट केही वाक्यांशहरूलाई तलको खाली ठाउँमा लेख्नुहोस्। उदाहरणको लागि १६ पदमा "शक्तिशाली पारून्।" (तपाईंको उत्तरमा यस उदाहरणलाई चाहिँ नदोहोऱ्याउनुहोस्।)

.......................................................................

.......................................................................

.......................................................................

वाक्यांशहरूमा तपाईंले सूची बनाउनुभएका सबै सद्‌गुणहरू र विशेषताहरू हाम्रै भएका परमेश्वरले चाहनुहुन्छ (प्रेरितद्वारा)। यद्यपि, छनोटचाहिँ विश्वासीको नै हो। केही पदहरू पछाडि (एफिसी ४:१), वास्तविक विषयलाई वर्णन गरिएको हामी भेट्टाउँछौं: "यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ, त्यही योग्यको जीवन यापन गर।"

ख्रीष्टियान जीवनको निम्ति त्यहाँ लक्ष्य छ। त्यहाँ स्तर छ। यद्यपि, त्यस स्तरमा जिउनका लागि प्रत्येक विश्वासी आफैले *निर्णय* गर्नुपर्छ।

**८** एफिसी ४:१३ को अन्तिम भागअनुसार त्यो स्तरचाहिँ के हो?

.......................................................................................

**९** हामीले हाम्रो जीवनमा देखाउनुपर्ने कम-से-कम पाँच चारित्रिक स्वभावहरू एफिसी ४:२ मा उल्लेख गरिएका छन्। तिनीहरू ख्रीष्टको जस्तो जीवनका चिन्हहरू हुन्। यस पदमा उल्लेख गरिएका स्वभावहरूका निम्ति पाँचवटा अक्षरहरूका वरिपरि घेरा लगाउनुहोस्।

| | |
|---|---|
| **क**. सहनशीलता | **च**. धैर्य |
| **ख**. दया | **छ**. नम्रता |
| **ग**. प्रेम | **ज**. आनन्द |
| **घ**. शान्ति | **झ**. विनयता |
| **ङ**. भलाइ | **ञ**. वेदना |

आफूद्वारा आफ्ना चारित्रिक स्वभावहरूलाई निर्धारण गर्ने विश्वासीको *इच्छा*को यस सिद्धान्त बाइबलका धेरै खण्डहरूमा पाइन्छ। तपाईंले समय पाउनुहुँदा एफिसीको पुस्तकलाई पद-पद गरी पढ्नुहोस्। तपाईंको इच्छालाई कति धेरै अपिल (बिन्ती) गरिएको छ भन्ने कुरालाई तपाईंले देख्नुहुनेछ। "नयाँ स्वभावलाई धारण गर" (४:२४)। "यसैले कसरी हिँड्छौ, ध्यानसँग हेर" (५:१५), "परमेश्वरका सारा हात-हतियार धारण गर" (६:११) इत्यादि। यद्यपि, यस अध्ययनको निम्ति, हामी अझ अर्को एउटा बाइबल पदलाई हेर्नेछौं। परमेश्वरले जुटाउनुहुन्छ भनी यस खण्डले हामीलाई देखाउँछ, तर ख्रीष्टको चरित्रको हाम्रो प्रदर्शनको बारेमा हामीले हाम्रो आफ्नै जीवनमा केही

गर्ने इच्छा राख्नैपर्छ। यो लामो खण्ड हो, तर हामी यसलाई यहाँ उद्धृत गर्न चाहन्छौं:

> *आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई* हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ। यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरू दिनुभएको छ, कि यस संसारका *कुइच्छाबाट आउने भ्रष्टताबाट* उम्केर तिमीहरू *ईश्वरीय स्वभावका सहभागी होओ।* यसैकारण *सबै किसिमका प्रयत्नद्वारा तिमीहरूको विश्वासमा* सद्गुण, र सद्गुणमा ज्ञान थप, ज्ञानमा आत्मसंयम, आत्मसंयम्मा धैर्य, धैर्यमा भक्ति, भक्तिका भातृ-स्नेह, भातृ-स्नेहमा प्रेम थप। किनकि यी कुराहरू तिमीहरूमा प्रशस्त छन् भन्ने हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा यी कुराहरूले तिमीहरूलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन् (२ पत्रुस १:३-८)।

अब, यस खण्डलाई ध्यान दिएर पढ्नुहोस्।

**१०** यस खण्डमा ख्रीष्टियान अनुभवका कतिवटा विशेषताहरूलाई तपाईं गन्न सक्नुहुन्छ?

**क** ८
**ख.** ४
**ग.** १२
**घ.** २०

आफ्नो जीवनमा यी विभिन्न गुणहरूलाई थप्ने जिम्मेवारी प्रत्येक विश्वासीले पाएको छ भन्ने कुरालाई यस महत्त्वपूर्ण खण्डमा तपाईं ध्यान दिएर हेर्नुहोस्। तर पनि हामीलाई भनिएको छ कि परमेश्वरले "बहुमूल्य वरदानहरू" र "ईश्वरीय स्वभाव" दिनुभएको छ। हामी र हामीभित्र भएको परमेश्वरको वरदानको बीचको सहभागिता यो हो भन्ने कुरा तपाईं देख्नुहुन्छ। *परमेश्वरजस्तै हुने शक्ति हाम्रो नयाँ जन्म र हाम्रो आफ्नै स्वतन्त्र-इच्छाद्वारा महसूस गर्न सकिन्छ।* येशू ख्रीष्टजस्तो बन्नका लागि हामीले केही थोक *गर्नैपर्छ।*

परमेश्वरको वरदान र हाम्रो कामको बीचको यस सन्तुलनलाई अर्को महत्त्वपूर्ण बाइबल खण्डमा देख्न सकिन्छ: "डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर। किनकि

तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ (फिलिप्पी २:१२-१३)।

मुक्तिलाई सम्पूर्णताको रूपमा वर्णन गर्न सकिन्छः प्रत्येक व्यक्तिको निम्ति भएको परमेश्वरको योजनाको पूर्णता। हामीले काम गर्नैपर्छ, तर परमेश्वरले हामीलाई इच्छुक र सक्षम बनाउनैपर्छ। त्यस अचम्भित सन्तुलनको निम्ति परमेश्वरलाई धन्यवाद होस्!

**पवित्र आत्मामा समर्पण**

उद्देश्य ६: *येशूजस्तै आफूलाई पवित्र आत्मामा समर्पण गर्ने विश्वासीको जीवनको परिचय गर्नुहोस्।*

पाठ ४ र ६ मा हामीले पवित्र आत्माको सेवाको बारेमा अध्ययन गरिसकेका छौं। आफ्नो मानवीय जिम्मेवारीको उद्देश्यलाई पूरा गर्न पवित्र आत्माले नै येशूलाई सक्षम बनाउनुभएको थियो भन्ने कुरा तपाईं याद गर्नुहुन्छ। येशूलाई पवित्र आत्माले अगुवाइ र अभिषेक गर्नुभयो। हाम्रो जीवनमा पवित्र आत्माको अधीनताद्वारा मात्र येशूको सुन्दर चरित्र हाम्रो बन्न सक्छ। प्रेरित पावलले गलातीहरूलाई लेख्छन्: "हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँडौं" (गलाती ५:२५)।

पवित्र आत्माले विश्वासीको जीवनलाई अधीन गर्नुभएपछि, उहाँले यसमा ख्रीष्टको चरित्रलाई उत्पादन गर्नुहुन्छ। ख्रीष्टियान चरित्रहरूलाई देखिने गलाती ५:२२-२३ का नौवटा भ्यालहरूलाई हेर्नका लागि यस तालिकाले तपाईंलाई सहायता पुऱ्याउनेछ।

गलाती ५:२२-२३ का भ्यालहरू

| | | |
|---|---|---|
| प्रेम | आनन्द | शान्ति |
| धैर्य | दया | भलाइ |
| विश्वस्तता | नम्रता | संयम |

११ एफिसी ५:१८ मा हामीलाई दिइएको सकारात्मक आज्ञालाई तलको खाली ठाउँमा लेख्नुहोस्। ....................................
..................................................................

भरिनुको अर्थ अधीनमा वा प्रभावमा हुनु हो भन्ने कुरालाई याद गर्नुहोस्। *हामी हाम्रो जीवनलाई जति धेरै आत्माको अधीनमा राख्छौं, त्यत्ति नै हामी चरित्र र जीवनमा येशूजस्तै हुन्छौं।* समय पाउनुभएपछि प्रेरितको पुस्तकलाई पढ्नुहोस् र कोही व्यक्तिहरू पवित्र आत्मामा भरिएको कुरा बताउने हरेक ठाउँको मुनि धर्को तान्नुहोस्। कति ठूलो शुभ-अवसर!

**जीवनशैलीका किसिम**

उद्देश्य ७: *परमादेशमा वर्णन गरिएका प्रवृतिहरूबाट समर्पित विश्वासीहरूमा कसले आत्मिक वृद्धिको विकास गर्छ सो उल्लेख गर्नुहोस्।*

एक दिन येशू डाँड़ामा उक्लनुभयो र त्यहाँ जम्मा भएको भीड़लाई सिकाउनका लागि बस्नुभयो (मत्ती ५:१-२ पढ्नुहोस्)। यस शिक्षालाई ख्रीष्टियानहरूले "डाँड़ाको उपदेश" भन्ने गरेका छन्। यस अचम्मको उपदेशमा छोटा बयानहरू संलग्न छन्, जसलाई *परमादेश* भनिन्छ। *परमादेशलाई* "परमानन्द वा अति ठूलो आनन्दको" अर्थमा लिन सकिन्छ। यी छोटा बयानहरूमा येशूले जे कुराका बारेमा वर्णन गर्नुभयो, त्यो यस किसिमको जीविका हो, जुनचाहिँ साँच्चै नै आनन्दित हुन्छ।

*मत्ती ५:३-१० मा भएका परमादेशहरूले हृदय र चरित्रका प्रवृत्तिलाई वर्णन गर्छन्, जसलाई पवित्र आत्माले आत्माका अधीनमा रहन चाहने विश्वासीहरूमा उत्पादन गर्न चाहनुहुन्छ। यी प्रवृत्तिहरूले आत्मिक वृद्धि गराउँछन्।* हामीले हाम्रा हृदयहरूलाई पवित्र आत्मामा कति धेरै समर्पण गरेका छौं भनी हेर्नका लागि हामीले स्वयम्-परीक्षणका आत्मामा तिनीहरूलाई छोटकरीमा अवलोकन गरौं।

"धन्य आत्मामा दीन हुनेहरू" (३ पद)। हामी हाम्रा आवश्यकता-हरूमा निरन्तर रूपले सचेत हुनका लागि पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ। परमेश्वरमा भर पर्ने यस प्रवृत्तिले ठूला इनामहरू उत्पादन गर्छ।

"धन्य शोक गर्नेहरू" (४ पद)। यसले हाम्रा जीवनमा ख्रीष्ट महिमित हुनबाट रोक्ने कुनै पनि थोकहरूका सम्बन्धमा भएको दुःखको प्रवृत्तिलाई सम्बोधन गर्छ। यो स्वीकार र पश्चात्तापको *ईश्वरीय शोक* (दुःख) हो।

"धन्य नम्रहरू" (५ पद)। येशूको स्वभाव र प्रवृत्तिले नै उहाँ नम्र र परमेश्वरमा समर्पित हुनुहुन्छ भन्ने देखाउँछ। ख्रीष्टको सेवकको सजिलैसँग पहिचान गर्न सकिने चरित्र नम्रता नै हो।



"धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू" (६ पद)। यो आज्ञाकारिताको गुण हो। येशूले भन्नुभएझैं विश्वासीले पनि भन्नुपर्छ, "हे परमेश्वर... तपाईंकै इच्छा पूरा गर्न म आएको छु" (हिब्रू १०:७)।

"धन्य दयावन्तहरू" (७ पद)। यहाँ क्षमादान र परमेश्वरको अनुग्रहको दिने प्रवृत्ति उल्लेख छ। हृदयमा तीतोपन र विरोध राख्नुहुँदैन। यो ख्रीष्टको जीवनको अति स्पष्ट गुण हो।

"धन्य शुद्ध हृदय हुनेहरू" (८ पद)। मानव स्वभावका इच्छाहरूले भित्री हृदय भरिएको छैन भने, येशूको सत्यताप्रतिको तपाईंको दर्शन अझै ठूलो हुनेछ।

"धन्य धार्मिकताका निम्ति सताइनेहरू" (१० पद)। सबै थोकहरूमा आनन्द मनाउने गुण यहाँ छ। विश्वासीले प्रत्येक कदम र अनुभवमा पिताको प्रेमी हात र वास्ताको महसूस गर्न सक्छ।

१२ तपाईंले मत्ती ५:३-१० लाई पढ्नुहुँदा, प्रत्येक परमादेशमा वर्णन गरिएका मानिसहरूले परमेश्वरबाट कस्तो इनाम पाउँछन् भनी पदमा उल्लेख गरिएको अर्को भागलाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस्। (उदाहरणको रूपमा, ३ पदको त्यस बाँकी भागलाई मैले तपाईंका निम्ति लेखिदिएको छु।) ३ पदः किनभने स्वर्गको राज्य तिनीहरूको हो।

आफ्नो जीवनमा खीष्टको चरित्र हुने व्यक्ति नै परिपक्व खीष्टियान हो भनी यिनीहरूले प्रमाणित गर्छन्। एन्टिओखिया शहरमा विश्वासीहरूलाई सबैभन्दा पहिले खीष्टियान भनिएको थियो (प्रेरित ११:२६)। त्यस बेला र धेरै वर्षसम्म, तिनीहरूलाई "पथका मानिसहरूका" रूपमा चिनिन्थ्यो। एन्टिओखिया संसारको कमारा राजधानी थियो। कमाराहरूले मालिकको नाम र "-यान" मा टुङ्गिने शब्दद्वारा परिचित हुनुपर्थ्यो। विश्वास नगर्ने संसारका मानिसहरूले यिनीहरूलाई "खीष्टका कमारा" का रूपमा हेरेका थिए। त्यो ठीक भए पनि वा नभए पनि खीष्टियान भनिनुभन्दा ठूलो सम्मान त्यहाँ अर्को कुनै छैन। खीष्टियानले "प्रभु येशू खीष्टको सेवकको" सम्बोधन गर्छ भन्ने कुरा हामीलाई *थाहा* छ। उहाँको स्वरूप र स्वभावमा निर्माण भएको हुनु।

## स्वयम्-जाँच

**ठीक-बेठीक प्रश्नः** यदि बयान ठीक छ भने खाली ठाउँमा *ठी* लेख्नुहोस्। यदि बेठीक छ भने *बे* लेख्नुहोस्।

.... **१** केही कुरा पक्का हो भनी बताउनु प्रमाण दिनु हो।

.... **२** परिपक्व ख्रीष्टियान बन्नका लागि परमेश्वरको वचनको ज्ञान आवश्यक छ।

.... **३** प्रेरित पावलले आफू सफल भइसकेको र सिद्ध बनेको दाबी गरेका छन्।

.... **४** चरित्र हाम्रो अत्यावश्यक स्वभावको भाग वा रूप हो, जसले हामीलाई अरूहरूबाट फरक पार्छ।

.... **५** पवित्र आत्माले विश्वासीमा उत्पादन गर्नुहुने हृदय र चरित्रका प्रवृत्तिहरूलाई परमादेशले वर्णन गरेको छ।

**छोटो उत्तरः** प्रश्नहरूका ठीक उत्तरलाई दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**६** गलाती ५:२२-२३ मा उल्लेखित आत्माको फलको अगाडिपट्टि (X) चिन्ह लगाउनुहोस्।

| | | |
|---|---|---|
| ... क) भलाइ | ... च) धैर्य | ... ट) नम्रता |
| ... ख) आश्चर्यकर्महरू | ... छ) दया | ... ठ) संयम् |
| ... ग) शान्ति | ... ज) विश्वास | ... ड) प्रेम |
| ... घ) अस्तित्व | ... झ) चङ्गाइ | ... ढ) वृद्धि |
| ... ङ) अन्य भाषाहरू | ... ञ) विश्वस्तता | ... ण) आनन्द |

७ हाम्रो जीवनमा भएको ख्रीष्टको चरित्र ख्रीष्टियान परिपक्वताको प्रमाण भएको हुनाले तल उल्लेखित चरित्रहरूमा तपाईं आफैलाई मूल्याङ्कन गर्न चाहनुहुन्छ होला। त्यस चरित्र तपाईंमा बलियो भएमा **ब**, मध्यम भएमा **म**, कमजोर भएमा **क**, र वृद्धि गर्नुपर्ने भएमा **वृ** लेख्नुहोस्।

| चरित्रहरू | ब | म | क | वृ |
|---|---|---|---|---|
| प्रेम | | | | |
| आनन्द | | | | |
| शान्ति | | | | |
| धैर्य | | | | |
| भलाइ | | | | |
| विश्वस्तता | | | | |
| नम्रता | | | | |
| संयम् | | | | |
| ज्ञान | | | | |
| भक्ति | | | | |

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ पावलले तेस्रो वा घनिष्ठ तहलाई सम्बोधन गरेका छन्। उनलाई येशू खीष्टका सत्यताहरू थाहा थियो (गलाती १:६-१०)। उनले व्यक्तिगत अनुभवद्वारा येशूलाई चिनेका थिए (प्रेरित ९:१-१९)। तर प्रभुलाई चिन्ने इच्छा जीवनभरि नै रहिरहने इच्छा हो, जुन अनन्ततामा प्रभुको उपस्थितिमा मात्र पूर्णरूपमा पूरा हुनेछ।

७ "विश्वासद्वारा" (१७ पद), "प्रेममा जरा गाड़िएका र दह्रिला भएर" (१७ पद), "बुझ्ने शक्ति प्राप्त गर्न सक" (१८ पद), "थाहा पाउन सक" (१९ पद)।

२ तिनीहरू पिताबाट आएका हुन्।

८ खीष्टको पूर्ण कदको उचाइ हो।

३ ग) परमेश्वरको महिमाको ज्योति।

९ क) शहनशीलता।
ग) प्रेम।
ङ) भलाइ
च) धैर्य।
छ) नम्रता

४ पावल

१० क ८

५ घ) नम्रता र आज्ञाकारिता।

११ पवित्र आत्माले भरिनु।

६ दया, प्रेम र भलाइ। (येशूका अन्य स्वभावहरूलाई पनि यहाँ पाउन सकिन्छ।)

१२ ३ पदः स्वर्गको राज्य तिनीहरूको हो।
४ पदः तिनीहरूले सान्त्वना पाउनेछन्।
५ पदः तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।
६ पदः तिनीहरू तृप्त हुनेछन्।
७ तिनीहरूले दया पाउनेछन्।
८ पदः तिनीहरूले परमेश्वरलाई देख्नेछन्।
९ पदः तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्।
१० पदः स्वर्गको राज्य तिनीहरूको हो।

पाठ ६

# सहयोगी सेवाको प्रमाण

हामीले ख्रीष्टियान परिपक्वतालाई वृद्धिको सामान्य प्रक्रियाको रूपमा हेरेका छौं। विश्वासी भित्र र बाहिर परिपक्वताका शत्रुहरूद्वारा यसलाई बाधा हाल्न र रोक लगाउन सकिन्छ। तर उसलाई परिपक्वतामा ल्याउनका लागि काम गर्ने महान् र अचम्मका कुराहरू त्यहाँ छन्। "जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ" (१ यूहन्ना ४:४)।

येशू ख्रीष्टका स्वरूपतर्फ चलायमान भएको विश्वासीमा विशेष प्रमाणहरू हुन्छन्। सर्वप्रथम उसमा स्पष्ट पारिवारिक सम्बन्ध हुन्छ। उसले आफ्ना बानीहरू र प्रवृत्तिहरूमा येशू ख्रीष्टका चरित्रलाई झन्-झन् बढ़ी प्रकट गर्न शुरू गर्छ। "महाशय, हामी येशूलाई देख्न चाहन्छौं" भनी संसारले मण्डलीलाई भन्छ (यूहन्ना १२:२१)। परिपक्व विश्वासी संसारका लागि उत्तर हो। पवित्र आत्माको अधीनमा रहेका पुरुष र स्त्रीहरूले येशू ख्रीष्टको जीवन र स्वरूपलाई प्रदर्शन गर्छन्। संसारले हामीमा येशूलाई देख्न सक्छ!

विश्वासीको काम परिपक्वताको दोस्रो र बराबरी स्पष्ट प्रमाण हो। वृद्धि भइरहेको विश्वासी उपयोगी विश्वासी हो। परिपक्वता बढ्दैजाँदा, विश्वासीले झन्-झन् ठूलो जिम्मेवारीलाई स्वीकार गर्न सक्ने क्षमता हासिल गर्छ। ख्रीष्टियान सेवामा उसका कार्यहरू अझै महत्त्वपूर्ण बन्छन्। आमा र बाबु आनन्दित हुने ठूला कुराहरूमध्ये एउटाचाहिँ आफ्नो बालक उपयोगी बन्ने अवस्थामा पुगेको देख्न पाउनु



हो। आफ्नो बालकले पहिलो काम गरेको र आफ्नो पहिलो सीप सिकेको देख्दा तिनीहरू अति नै खुशी हुन्छन्। वृद्धि भइरहेको व्यक्ति जिम्मेवारी र उपयोगी बन्दा यो वास्तविक उपलब्धीको चिन्ह हो। उपयोगी सेवा ख्रीष्टियान परिपक्वताको वास्तविक प्रमाण हो। विश्वासीका रूपमा हामी हाम्रो लक्ष्यमा आइसकेका छौं भन्ने कुराको प्रमाण यो हो।

## *पाठको रूपरेख*

ख्रीष्टको सेवा
- ख्रीष्टको उपयोगिताको उदाहरण
- पिताको महिमा

विश्वासीको सेवा
- येशूको सेवाको परिपूर्ति
- कामद्वारा परिपक्वता देखाउनु
- पवित्र आत्माद्वारा निरन्तरता

सारांश

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- येशूको उपयोगी सेवाको मूल्यलाई अझै बुझ्न सक्नुपर्नेछ।
- येशूको सेवालाई विश्वासीको सेवासँग सम्बन्धित गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. यस पाठ्यपुस्तकमा पाठलाई पढ्नुहोस्।

२. आवश्यक परेको खण्डमा पाठ्यपुस्तकलाई प्रयोग गरी पाठ विकासका अभ्यासहरूलाई पूरा गर्नुहोस्। पाठ्यपुस्तकमा दिइएका उत्तरहरूसँग तपाईंका आफ्ना उत्तरहरूलाई बेला-बेलामा जाँच्नुहोस्।

३. यस पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस्, र तपाईंका उत्तरहरूलाई ध्यानपूर्वक जाँच गर्नुहोस्। बेठीकसँग दिइएका उत्तरहरूलाई समीक्षा गर्नुहोस्।

## मुख्य शब्दहरू

उद्धार
पक्षघात हुनु
प्रशंसा गर्नु
महिमित गर्नु
योग्यता
सुसज्जित पार्नु
स्मरण

## पाठ विकास

शुरूमा, परमेश्वरले मानिसलाई उपयोगी सेवा दिनुभयो। हामीले पहिलो पल्ट मानिसलाई हेर्दा अदनको बगैंचामा भएको उनको उपयोगितालाई देख्छौं। उनले त्यहाँ काम गरे। "परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाहा गर्न राख्नुभयो" (उत्पत्ति २:१५)। संसारलाई सृष्टि गर्नुहुने र काम गर्नुहुने व्यक्तिका रूपमा परमेश्वरलाई बाइबलभरि प्रकट गरिएको छ। परमेश्वरले मानिसलाई बनाउनुभएपछि उहाँले भन्नुभयो "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पालिने पशुहरू र जमीनमा हलचल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्" (उत्पत्ति १:२६)। मानिस सारा संसारभरि छरिनुपर्छ र "यसलाई आफ्नो अधीनमा ल्याउनुपर्छ भनी परमेश्वरले आज्ञा गर्नुभयो। "मैले तँलाई अधिकार दिएको छु" भनी परमेश्वरले भन्नुभयो (उत्पत्ति १:२८)। हामीले पाठ १ मा देखेझैं, यस बेला परमेश्वरले भन्न सक्नुहुन्थ्यो कि आफूले बनाएका कुराहरूमा *परमेश्वर अति प्रसन्न हुन सक्नुभयो।*

तब, हामीले देखेझैं, परमेश्वरको अधीनमा भएको आफ्नो पूर्ण सेवालाई प्राप्त गर्न पापले मानिसलाई बाधा हालिदिन्छ। मानिसलाई

अदनको बगैंचा र पृथ्वीमा भएका उनको अधिकारको स्थानबाट धपाइएको थियो। तर मानिसको निम्ति त्यहाँ अझै काम थियो। भूमिको सम्बन्धमा परमेश्वरले आदमलाई भन्नुभयो, "तेरो जीवनभरि दुःखसँग त्यसको उब्जनी तैंले खानेछस्।... तेरो निधारको पसीनाले कमाएको भोजन तैंले खानेछस्" (उत्पत्ति ३:१७-१९)।

येशू ख्रीष्टद्वारा विश्वाससाथ मानिसले पापबाट उद्धार पाउन सकेकोमा परमेश्वरलाई धन्यवाद होस्! पवित्र आत्माको शक्तिद्वारा परमेश्वरले चाहनुभएका उपयोगी कामहरू गर्नका लागि मानिस फेरि सक्षम भएको छ। येशू आफै नै हाम्रो उपयोगी सेवाको निम्ति उदाहरण हुनुहुन्छ।

## ख्रीष्टको सेवा

### ख्रीष्टको उपयोगिताको उदाहरण

उद्देश्य १: *बप्तिस्मा-दिने यूहन्नाले दिएको साक्षीभन्दा येशूको पक्षमा दिइएको अझै ठूलो साक्षीलाई उल्लेख गर्नुहोस्।*

हाम्रो बाइबलमा "प्रेरितहरूका काम" भनिने लूकाद्वारा लिखित दोस्रो पुस्तकमा उनले यसरी शुरू गरेका छन्: "येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु" (प्रेरित १:१)। पछि आफ्नो दोस्रो पुस्तकमा, लूकाले येशूको कामको *उपयोगिताको* बारेमा जोड़ दिएका छन्: "उहाँ सुकर्म गर्दै हिँड्नुभयो" (प्रेरित १०:३८)।

आफ्नो सेवाको शुरूमा, येशूले शबाथ (विश्राम)-मा एक जना पक्षघातीलाई निको पार्नुभयो। उहाँले शबाथमा निको पार्नुभएको हुनाले यहूदी शासकहरूले उहाँलाई सतावट दिन शुरू गरे। येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेको छु" (यूहन्ना ५:१७)। येशूको कामको उपयोगिताको सम्बन्धमा भएको यो विशेष उदाहरण हो।

१ यूहन्ना ५:३६ अनुसार बप्तिस्मा-दिने यूहन्नाले दिएका साक्षीभन्दा येशूको पक्षमा भएको साक्षी के कुरामा ठूलो छ?

**क**. येशूको आश्चर्यकर्मको शक्ति
**ख**. साधारण मानिसहरूलाई येशूको स्वीकार
**ग**. येशूका कामहरू

२ यूहन्ना ६:४ लाई आधार बनाई यी प्रश्नहरूका जवाफ दिनुहोस्।

**क.** काम कहिलेसम्म निरन्तर रहनुपर्छ भनी येशूले भन्नुभयो?

..................................................................................

**ख.** उहाँको काम कहिले रोकिन्छ भनी उहाँले भन्नुभयो?

..................................................................................

**पिताको महिमा**

उद्देश्य २: *येशूको काम र पिताको महिमाको बीचको सम्बन्धलाई व्याख्या गर्नुहोस्।*

येशूले पिताको इच्छाको विरुद्धमा केही पनि गर्नुभएन। उहाँको जीवन पिताको उद्देश्य प्राप्तिका लागि नै पूर्ण रूपमा बिताइएको थियो। उहाँले एक पल्ट भन्नुभयो, "मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो" (यूहन्ना ४:३४)। उहाँका कामहरू, उहाँको जीवन र उहाँका शब्दहरू सबै पिताका नै थिए भनी उहाँले सबैलाई बताउन सक्नुभएको थियो। येशूको जीवनको अन्त्यमा उहाँले पितालाई भन्न सक्नुभयो, "जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु" (यूहन्ना १७:४)।

३ यूहन्ना १०:२५ मा भएका येशूका शब्दहरूअनुसार, केले येशूको पक्षमा बोलिदिन्छ? ..................................................

४ यूहन्ना १७:४ अनुसार येशूको कामले किन पितालाई महिमा ल्याउँछ? ..................................................................

## विश्वासीको सेवा

हामीले देखेझैं विश्वासीको परिपक्वता येशू ख्रीष्टको पूर्ण कदको स्तरबाट नाप गरिन्छ। एक स्पष्ट नापचाहिँ विश्वासीमा भएको ख्रीष्टको चरित्र हो। अर्को र कम मूल्यवान् नभएको ख्रीष्टियान परिपक्वताको प्रमाण पवित्र आत्माद्वारा विश्वासीले पूरा गरेको येशू ख्रीष्टको सेवा हो।

**येशूको सेवाको परिपूर्ति**

उद्देश्य ३: *अहिले संसारमा येशूको सेवा कसरी पूरा भइरहेको छ उल्लेख गर्नुहोस्।*

यूहन्ना १४:१२-१४ मा विश्वासीको सेवाको महत्त्वपूर्ण सत्यताको बारेमा येशूले घोषणा गर्नुभएको छः

> साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु। तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु।

येशूबाटको यस वचनलाई के तपाईं बुझ्नुहुन्छ? येशूले गर्नुभएका कामहरू गरी विश्वासीले ख्रीष्टियान परिपक्वताको प्रमाण दिन्छ। येशू आफैका कामहरूले पितालाई *महिमा* दिएझैं यी कामहरूले पनि महिमा दिनेछन्।

५ आज संसारमा येशूको सेवा कसरी पूरा भइरहेको छ?

........................................................................................

बाइबलमा परिपक्वताको विषयलाई कहिलेकहीं खेतीसँग तुलना गरिएको छ भन्ने सम्बन्धमा हाम्रा पहिलेको अध्ययनमा नै हामीले हेरिसकेका छौं। येशूले शक्तिशाली शिक्षणमा यस उदाहरणलाई प्रयोग गर्नुभयो। यसले विश्वासीको सेवामा सरोकार राख्छ। येशूले भन्नुभयो, "मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्" (यूहन्ना १५:१६)। येशूचाहिँ दाखको बोट र पिताचाहिँ किसान हुनुहुन्छ भनी येशूले यस महत्त्वपूर्ण शिक्षणलाई उल्लेख गर्नुभयो। विश्वासीचाहिँ हाँगा हो, जसले बोटसँग रहेर मात्र फल फलाउन सक्छ।

६ यूहन्ना १५:७ अनुसार विश्वासीले येशूसँग मागेको कुराको प्राप्तिको लागि कुन शर्त पूरा गर्नुपर्छ?

........................................................................................

७ यूहन्ना १५:१० अनुसार, येशूको प्रेममा रहिरहनका लागि विश्वासीले के गर्नैपर्छ? ..............................................................

विश्वासीको फलदायकपन उसको सेवाको प्रमाण हो। तर प्रत्येक विश्वासीले याद गर्नैपर्छ कि उसको सेवा येशूको सेवाको परिपूर्ति हो। उहाँविना विश्वासीले "केही पनि गर्न सक्दैन" (यूहन्ना १५:५)।

**कामद्वारा परिपक्वता देखाउनु**

उद्देश्य ४: *प्रेरित ६:१-७ मा छानिएका सात जना व्यक्तिहरूले आफ्नो परिपक्वताको प्रमाण कसरी देखाएका छन्, व्याख्या गर्नुहोस्।*

उपयोगिताको दुःखलाग्दो घटी-कमीको सम्बन्धमा हामीले अध्ययन गऱ्यौं, जुनचाहिँ अपरिपक्वताको चिन्ह हो। हिब्रूका लेखकले गुनासो गरेका छन्: "यतिको समयसम्म त तिमीहरू शिक्षक भइसक्नुपर्दथ्यो, तर अझै पनि तिमीहरूलाई कसैले परमेश्वरका वचनको आधारभूत शिक्षाहरू सिकाउनुपरेको छ" (हिब्रू ५:१२)। उनले खीष्टियान परिपक्वताको प्रमाणलाई हेरेका थिए। वृद्धि भइरहेका खीष्टियानहरू उपयोगी बन्नुपर्छ। उनले हेरिराखेको प्रमाणचाहिँ शिक्षण सेवा थियो। यस विषयमा भएको अति महत्त्वपूर्ण बाइबल खण्ड २ तिमोथी ३:१६-१७ हो:

> सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा *पूर्णरूपले सुसज्जित भई सिद्ध* भएको होस्" भन्ने वाक्यांशले मूल भाषाअनुसार परिपक्वताको धारणालाई व्यक्त गर्छ।

*परिपक्व* शब्दको अर्थ "पूर्णतामा ल्याउनु," वा निर्माण गर्नु वा सुसज्जित हुनु भन्ने हुन्छ। परमेश्वरको उद्देश्य उहाँको वचनद्वारा हामीलाई परिपक्वता वा पूर्णताको विन्दुमा ल्याउनु हो। तब उहाँलाई महिमा दिने कामहरू गर्नका लागि हामी सक्षम हुन्छौं। तब प्रकट हुने असल कामहरू नै प्रमाण हुन्छन् कि तिनीहरूलाई पूरा गर्नका लागि हामी पूर्ण रूपमा सुसज्जित छौं र हामी येशू खीष्टमा वृद्धि भइरहेका छौं।

८ प्रेरित ६:१-८ ध्यानसँग पढ्नुहोस्। त्यहाँ मण्डलीमा ठूलो आवश्यकता थियो। यस आवश्यकतालाई पूरा गर्नका लागि, सेवाको निम्ति परिपक्व भएका सात जना व्यक्तिहरूलाई छान्नका लागि प्रेरितहरूले मण्डलीलाई आज्ञा दिए। छानिएका व्यक्तिहरूका जीवनमा अति आवश्यक पर्ने गुणहरूका रूपमा उल्लेखित परिपक्वताका दुइ प्रमाणहरूलाई प्रेरित ६:३-मा पाइन्छ। तलको बयानलाई पूरा गरी यी प्रमाणहरूको उल्लेख गर्नुहोस्। यी सात जना व्यक्तिहरू ............... र ............... भरिएका थिए।

९ मण्डलीमा आवश्यकता सृजना भएका विषयहरूमाथि हेरविचार गर्न। यी सात जना परिपक्व व्यक्तिहरूलाई नियुक्त गरिएको थियो (प्रेरित ६:१-७)। यी मानिसहरूले कसरी आफ्नो परिपक्वताको प्रमाण देखाए?

..............................................................................

यी सात जना मानिसहरू परिपक्व र वृद्धि भइरहेका ख्रीष्टियानहरू भएका हुनाले आवश्यकताहरूको हेरविचार गर्नका लागि यिनीहरूलाई जिम्मा दिन सकिएको थियो। मण्डलीका लागि उपयोगी हुनु नै तिनीहरूको ख्रीष्टियान परिपक्वताको प्रमाण थियो।

पहिल्यै विचार गरेझैं, कलस्सी १ मा प्रेरित पावलले शुरूका ख्रीष्टियानहरूका निम्ति आफ्नो प्रार्थना चढ़ाएका छन्ः

> यसैकारण हामीले यो सुनेको दिनदेखि उहाँको इच्छाको ज्ञानले सारा आत्मिक बुद्धि र समझमा तिमीहरू पूर्ण होओ भनेर बिन्ती गर्दै तिमीहरूका निम्ति प्रार्थना गर्न छोड़ेका छैनौं, र उहाँलाई पूर्ण रूपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक (कलस्सी १:९-१०)।

१० परमप्रभुलाई प्रसन्न तुल्याउने जीवनमा विश्वासी जिएको छ भनी कलस्सी १:१० मा के प्रमाण दिइएको छ? (प्रत्येक उत्तर ठीकजस्तो देखिन्छ, तर ध्यानसँग बाइबल पदहरूलाई हेर्नुहोस् र यसबाट आफ्नो उत्तर छान्नुहोस्।)

**क.** सामान्य रूपमा विश्वासी परिपक्व भइरहेको छ।
**ख.** विश्वासीले अब पाप नै गर्दैन।

ग. विश्वासीको जीवनले असल कामहरू उत्पादन गर्छ।
घ. विश्वासीले सधैँ अरूहरूसँग सङ्गति गर्छ।

परमेश्वरले कसरी र किन हामीलाई उद्धार गर्नुभयो भन्ने विषयलाई एफिसी २:८-१० ले मिलाएर प्रस्तुत गरेको छ। विश्वासीका असल कामहरूका महत्त्वलाई ध्यान दिँदा *अरू नै थोकद्वारा* मात्र कुनै पनि व्यक्तिको उद्धार हुन्छ भन्ने कुरालाई नभुलौं।

११ एफिसी २:८ अनुसार, एक व्यक्तिले कसरी उद्धार पाउन सक्छ?

..........................................................................................

विश्वासीका कामहरूका सम्बन्धमा तलका दुइवटा बुँदाहरूलाई पुनः जोड़ दिई हामी यस खण्डलाई समाप्त गरौं:

१. मानिसले आफ्ना कामहरूद्वारा क्षमा वा उद्धार पाएको होइन। उसका निम्ति येशू ख्रीष्टले क्रूसमा जे गर्नुभयो त्यसमा राखिएको विश्वासद्वारा मात्र उसको उद्धार भएको हो। ख्रीष्टको मृत्युले मानिसको पापपूर्णताको निम्ति मोल तिरिदियो। अब मानिसले परमेश्वरको अनुग्रहद्वारा उद्धार पाउन सक्छ। यो अनुग्रह कमाउन नसकिने, हामीमाथि भएको सित्तैंको प्रेम र कृपा हो।

२. कामहरूले पापीलाई बचाउँदैन वा विश्वासीलाई उद्धार गर्दैनँ, तापनि ख्रीष्टियान जीवनको लक्ष्य वा उद्देश्य यही नै हो। हामी उद्देश्यसाथ जन्मेका छौं: उपयोगी जीवनद्वारा पितालाई महिमा दिन।

**पवित्र आत्माद्वारा निरन्तरता**

उद्देश्य ५: *चरित्र र कामहरूद्वारा पवित्र आत्माले कसरी हामीलाई ख्रीष्टमा मिलाउन चाहनुहुन्छ, व्याख्या गर्नुहोस्।*

पवित्र आत्माले विश्वासीलाई जीवन दिनुहुन्छ। आफ्नो जीवन पवित्र आत्मालाई अधीन गर्न दिनका लागि विश्वासीले सिक्नैपर्छ। धेरैजसो हाम्रो अध्ययनले यसमा नै सरोकार राखेको छ। हाम्रो व्यक्तित्वमा पवित्र आत्माको अधीनताको प्रमाण हामीमा भएको ख्रीष्टको चरित्र हो। तर हाम्रो मन र इच्छामा पवित्र आत्माको अधीनताको प्रमाणचाहिँ कामहरू हुन्– ख्रीष्टको सेवालाई निरन्तरता दिने र पितालाई महिमा गर्ने कामहरू।

पवित्र आत्माका वरदानहरू परमेश्वरको इच्छा पूरा गर्नका लागि विश्वासलाई दिइएका विशेष योग्यताहरू हुन्। रोमी १२ र १ कोरिन्थी १२ यी विशेष योग्यताहरूका सम्बन्धमा दिइएका शिक्षणका महत्त्वपूर्ण स्थानहरू हुन्। रोमी १२:५-६ ले हामीलाई बताउँछः

> हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक-अर्काका अङ्ग हौं। हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग वरदानहरू हामी प्रयोग गरौं।

हाम्रो शरीरका अङ्गहरूका विभिन्न कामहरूले विश्वासीहरूका विभिन्न आत्मिक सेवाहरूलाई नमूनित गरेका छन्। औंलाहरू विशेष कामहरू गर्नका लागि सक्षम हुनुपर्छ। तिनीहरूले औजारहरू समात्न सक्नुपर्छ। यस पाठ्यपुस्तकमा तपाईंले प्रयोग गर्नुभएको *शीशाकलमलाई* तपाईंका औंलाहरूले *समात्नुपर्छ*। तर खुट्टाका औंलाहरू हातका औंलाहरूजस्ता हुँदैनन्। थोरै मानिसहरूले मात्र आफ्ना खुट्टाका औंलाहरूलाई हातका औंलाहरूजस्तै गरी प्रयोग गर्न सक्छन्! तर पनि सन्तुलन राख्न, हिँड्न, दौड्न र यस्तै अन्य कुराहरू गर्न खुट्टाका औंलाहरूले हामीलाई सहायता पुऱ्याउँछन्।

**१२** अब, रोमी १२:६-८ पढ्नुहोस्। विश्वासीहरूका निम्ति भएका सात विभिन्न सेवाहरूलाई म गन्न सक्छु। तिनीहरूलाई भेट्टाई तपाईं यहाँ सूची बनाउन सक्नुहुन्छ कि हेर्नुहोस्। (तपाईंका निम्ति पहिला दुइवटालाई मैले सूची बनाएको छु)।

**क.** अगमवाणी बोल्नु — **ङ.** ..............................
**ख.** सेवा गर्नु — **च.** ..............................
**ग.** .......................... — **छ.** ..............................
**घ.** ..........................

१ कोरिन्थी १२ मा भएको खण्ड पवित्र आत्माबाटको *वरदान*को सम्बन्धमा भएको धेरै अध्ययन गरिने बाइबल खण्ड हो। हामीलाई यहाँ भनिएको छ किः

> वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ। सेवाहरू धेरै थरीका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ। कामहरू धेरै किसिमका छन्, तर उनै परमेश्वरले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ। सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ (१ कोरिन्थी १२:४-७)।

१३ १ कोरिन्थी १२:८-११ मा नौवटा विशेष योग्यताहरू वा वरदानहरूको सूची पाइन्छ। यी वरदानहरूमध्ये तीनवटा बोलीसँग सम्बन्धित छन्। हामी तिनीहरूलाई बोली वा शब्दहरूका वरदानहरू भन्छौं। अरूहरूबाट तिनीहरूलाई अलग पार्नुहोस् र तिनीहरूको सूची बनाउनुहोस्।

क. ...............................................................................

ख. ...............................................................................

ग. ...............................................................................

यस खण्डमा भएका अरू तीन वरदानहरू अलौकिक बाइबलीय आत्मिक शक्तिसँग सम्बन्धित छन्। ती हुन्ः १) विशेष विश्वासको शक्ति, २) निको पार्ने सक्ने शक्ति, र ३) आश्चर्य काम गर्न सक्ने शक्ति। येशूले गर्नुभएकाजस्तै अचम्मका कामहरू गर्नका लागि यी विशेष शक्तिहरूले विश्वासीलाई सक्षम तुल्याएका थिए भन्ने कुरा तपाईं देख्नुहुन्छ।

१ कोरिन्थी १२:८-११ मा उल्लेखित अन्तिम तीन वरदानहरू मानव तहभन्दा माथि विचार गर्न र बुझ्नका लागि विशेष योग्यताहरूसँग सम्बन्धित छन्। ती हुन्ः १) बुद्धिका वचन, २) ज्ञानका वचन, र ३) आत्माहरू छुट्ट्याउन सक्ने। यी प्रत्येक योग्यताहरूले विशेष काम गर्नका लागि विश्वासीहरूलाई सम्भव तुल्याउँछन्, जसले येशू ख्रीष्टको स्वरूपलाई प्रकट गर्छ। यी वरदानहरूले यिनीहरूलाई प्रयोग गर्ने व्यक्तिमा होइन तर जहिले पनि येशूमा ध्यान आकर्षित गराउँछन्। बाइबलमा एउटै पूरै अध्याय, १ कोरिन्थी १४ ले यी वरदानहरूले कसरी काम गर्नुपर्छ भन्ने बारेमा बताउँछन्। १ कोरिन्थी १४:१२ मा हाम्रो निम्ति एक असल सम्झौटो दिइएको छः "यसरी नै तिमीहरू पनि पवित्र आत्माका वरदानहरूका निम्ति उत्सुक भएका हुनाले मण्डलीका निर्माणको काममा श्रेष्ठता हासिल गर्ने प्रयत्न गर।"

१४ विश्वासीहरूका रूपमा, हामीले हाम्रा जीवनलाई पवित्र आत्माका अधीनमा समर्पण गर्नैपर्छ, यसरी आफ्नो इच्छाअनुसार उहाँले हाम्रो चरित्र र कामहरूलाई परिवर्तन गर्न सक्नुहुन्छ। चरित्र र कामहरूद्वारा पवित्र आत्माले कसरी ख्रीष्टसँग हामीलाई मिलाउन चाहनुहुन्छ?

...............................................................................

## सारांश

येशूले एक पल्ट कामका बारेमा एउटा कथा भन्नुभयो (मत्ती २१:२८-३१ हेर्नुहोस्)। यसमा दुइ जना छोराहरू संलग्न थिए। बाबुले जेठो छोरालाई भने, "छोरो, गएर आज दाखबारीमा काम गरिदे" त्यसले "म जान्न" भनी जवाफ दियो, तर पछिबाट पछुताएर गयो। अर्को छोराकहाँ आएर बाबुले त्यसै भने। त्यसले "म जान्छु" भनी जवाफ दियो, तर गएन। तब उहाँका कुरा सुनिरहनेहरूलाई येशूले प्रश्न सोध्नुभयो, "अब यी दुइमा कुनचाहिँले बाबुको इच्छा पालन गऱ्यो?" उहाँका कुरा सुनिरहनेहरूले भने, "पहिलोचाहिँले।" त्यस कथामा भएको सन्देश स्पष्ट छ। परमेश्वरको इच्छाअनुसार गर्नु मूल्यवान् हुन्छ— यस बारेमा गरिएको कुराकानीचाहिँ होइन। ख्रीष्टियान परिपक्वताको शक्तिशाली प्रमाण नै उपयोगिताको जीवन हो।

**१५** मत्ती २५:३४-३६ मा येशूले धर्मी जनहरूले गरेका ६ वटा असल कामहरूलाई उल्लेख गर्नुभएको छ। यस खण्डलाई पढ्नुहोस् र यहाँ ती कामहरूको सूची बनाउनुहोस्। (मैले तपाईंको निम्ति पहिलोलाई गरिदिएको छु।)

**क.** भोकाहरूलाई खुवाऊ।

**ख.** ..................................................................

**ग.** ..................................................................

**घ.** ..................................................................

**ङ.** ..................................................................

**च.** ..................................................................

*येशूले धर्मीहरूलाई यही महत्त्वपूर्ण कुराको जानकारी दिनुभयो कि खाँचोमा परेकाहरूका निम्ति तिनीहरूले जुन असल काम गरे त्यो उहाँकै निम्ति गरिएको जस्तै हो (मत्ती २५:३७-४०)।*

हामीले अध्ययन गर्न सक्ने यस्ता धेरै बाइबल खण्डहरू त्यहाँ छन्। यद्यपि, हाम्रो ख्रीष्टियान जीवनमा त्यस उपयोगितालाई बुझ्न चाहने हाम्रो इच्छा ख्रीष्टियान परिपक्वताको प्रमाण हो। "यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्" (मत्ती ५:१६)।

## स्वयम् जाँच

**ठीक-बेठीक प्रश्नः** यदि बयान ठीक छ भने तलको खाली ठाउँमा *ठी* लेख्नुहोस्। यदि यो बेठीक छ भने *बे* लेख्नुहोस्।

.... १ माछा, चरा र पशुहरूमाथि मानिसले अधिकार गरेको परमेश्वरले चाहनुहुन्थ्यो।

.... २ येशू आफैले गर्नुभएका कामहरूभन्दा बप्तिस्मा-दिने यूहन्नाको साक्षी अझै ठूलो साक्षी थियो।

.... ३ पवित्र आत्माका वरदानहरूले विश्वासीलाई उसको जीवनमा ख्रीष्टका जस्ता कामहरू उत्पादन गर्न सक्षम तुल्याउँछन्।

**छोटो उत्तरः** प्रश्नहरूका ठीक उत्तरहरूलाई दिइएका खाली ठाउँमा लेख्नुहोस्।

४ "पूर्ण रूपमा सक्षम र सुसज्जित" वाक्यांशले कस्तो धारणा अभिव्यक्त गर्छ?

......................................................................................

......................................................................................

१ कोरिन्थी १२:८-११ अनुसार बोलाइमा ख्रीष्टियानहरूलाई अलौकिक क्षमता प्रदान गर्ने पवित्र आत्माका तीन विशेष वरदानहरू के-के हुन्?

५ ......................................................................................

६ ......................................................................................

७ ......................................................................................

मत्ती २५:३४-३६ मा धर्मी जनहरूलाई येशूले प्रशंसा गर्नुभएका ६ वटा कामहरूमध्ये कुनै तीनवटाको सूची बनाउनुहोस्।

८ ......................................................................................

९ ......................................................................................

१० ......................................................................................

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ ग) येशूका कामहरू।

६ मण्डलीका निम्ति उपयोगी कामहरू गरेर।

२ **क** दिन छँदै

**ख** रात

१० ग) विश्वासीको जीवनले असल कामहरू उत्पादन गर्छ।

३ पिताको नाउँमा उहाँले जे काम गर्नुभएको छ तिनैले उहाँका पक्षमा बोलिदिन्छन्।

११ अनुग्रहबाट विश्वासद्वारा।

४ किनकि पिताले उहाँलाई उहाँको काम दिनुभएको छ।

१२ **क** उदाहरण हेर्नुहोस्

**ख** उदाहरण हेर्नुहोस्

**ग** शिक्षा

**घ** अरूहरूलाई अर्ती

**ङ** अरूहरूसँग बाँड्नु

**च** अधिकार प्रयोग गर्नु

**छ** दया देखाउनु

५ ख्रीष्टियान विश्वासीहरूद्वारा

१३ **क** अगमवाणी बोल्ने

**ख** भिन्नभिन्न किसिमका भाषाहरू बोल्ने

**ग** भाषाहरूको अर्थ खोलिदिने

६ ऊ येशूमा रहनुपर्छ र येशूका वचन उसमा रहनुपर्छ।

१४ पवित्र आत्माले ख्रीष्टको चरित्रलाई हामीमा निर्माण गर्न चाहनुहुन्छ र हामीद्वारा ख्रीष्टका कामहरूलाई देखाउन चाहनुहुन्छ।

७ येशूका आज्ञाहरूको पालन।

१५ **क** (उदाहरण)

**ख** तिर्खाएकालाई पियाउनु

**ग** परदेशीहरूलाई स्वागत गर्नु

**घ** नाङ्गाहरूलाई पहिराइदिनु

**ङ** रोगीहरूको हेरचाहा गर्नु

**च** झ्यालखानमा परेकालाई भेटघाट

८ पवित्र आत्मा, बुद्धि

पाठ १०

# आत्मिक परिवर्तनको प्रमाण

तपाईं यस पाठको अन्त्यतिर आइपुग्नुभएकोमा खुशी हुनुहुन्छ भन्ने कुरामा म निश्चित छु। कुनै महत्त्वपूर्ण कुरा हामीले पूरा गर्दा त्यहाँ जहिले पनि आनन्दको अनुभव हुन्छ। तपाईंलाई यस अध्ययनमा अगुवाइ गर्न पाएकोमा म खुशी छु। यो यस्तो यात्रा भएको छ, जसले हामीलाई बाइबलका धेरै भागहरूबाट भएर लगेको छ। ख्रीष्टियान परिपक्वता परमेश्वरको हृदयको अति नजीक भएको विषय हो।

ख्रीष्टियान परिपक्वताका तस्वीरहरू, ख्रीष्टियान परिपक्वतामा विकास र अन्त्यमा, ख्रीष्टियान परिपक्वताका प्रमाणहरूका सम्बन्धमा हामीले एकसाथ अध्ययन गरेका छौं। हाम्रो प्रगतिलाई निर्धारण गर्नका लागि हामीलाई सहायता पुऱ्याउन यस अन्तिम एकाइले हामीलाई मापदण्ड दिएको छ। विश्वासीहरूका रूपमा जो-जो परिपक्व भइरहेका छन्, तिनीहरू येशू ख्रीष्टजस्तै देखिन र काम गर्न शुरू गर्छन्। तिनीहरूले आफ्ना जीवनमा झन्-झन् बढी उहाँको चरित्र र उहाँका कामहरूलाई भेट्टाउँछन्।

तपाईंले लक्ष्यलाई देख्नुहुँदा तपाईं अलि निरुत्साहित हुनुहुन्छ होला। यो अति नै कठिन देखिन्छ। तर हामी मानव प्राणीहरू हौं। यस पृथ्वीमा आफ्नो जीवनमा येशू ख्रीष्टले प्राप्त गर्नुभएको स्तरद्वारा हामी आफैलाई जाँच गर्नु कठिनजस्तो देखिन्छ। खुशी हुनुहोस्! परमेश्वरले हाम्रा निम्ति केवल स्तर मात्र निर्धारण गर्नुहुन्न तर लक्ष्यमा पुग्नका लागि उहाँले हामीलाई सहायता गर्नुहुन्छ। कमजोर



मानिसहरूलाई लिएर तिनीहरूद्वारा परिवर्तनको आफ्नो शक्तिलाई देखाउनमा परमेश्वरले ठूलो आनन्द लिनुहुन्छ। येशू ख्रीष्टमा भएको हाम्रो बोलावटको महान् आशा यही नै हो।

---

## *पाठको रूपरेखा*

कमजोरीमा सामर्थ्य
  परमेश्वरको महिमा
  परमेश्वरको शक्ति
शङ्का र स्वार्थको दोष
  हाम्रो योग्यतामा शङ्का
  शैतानका दोष्याइहरूद्वारा आएको शङ्का
पवित्र आत्माद्वारा परिवर्तन

---

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- मानिसको कमजोरीद्वारा परमेश्वरको महिमालाई कसरी देख्न सकिन्छ सो व्याख्या गर्न सक्नुपर्नेछ।
- मानिसहरूमा परमेश्वरको परिवर्तन गर्न सक्ने नतीजाहरूलाई वर्णन गर्न विशेष उदाहरणहरू प्रयोग गर्न सक्नुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. यस पाठ्यपुस्तकमा यस पाठलाई पढ्नुहोस्।

२. आवश्यक परेको खण्डमा पाठ्यपुस्तकलाई प्रयोग गरी यस पाठ विकासका अभ्यासहरूलाई पूरा गर्नुहोस्। पाठ्यपुस्तकमा दिइएका उत्तरहरूसँग तपाईंका आफ्ना उत्तरहरूलाई बेला-बेलामा जाँच्नुहोस्।

३. यस पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र ध्यानपूर्वक आफ्ना उत्तरहरूलाई जाँच्नुहोस्। बेठीकसँग दिइएका उत्तरहरूलाई फेरि समीक्षा गर्नुहोस्।

## *मुख्य शब्दहरू*

घमण्ड
दोषारोपण
दोष लगाउनु
प्राप्त भयो
प्रवृत्ति
रेकर्ड
विशेष

## *पाठ विकास*

### कमजोरीमा सामर्थ्य

उद्देश्य १: *विश्वासीका सामर्थ्य र कमजोरीका स्रोतहरूलाई पहिचान गर्नुहोस्।*

चरा-चुरूङ्गीहरूका बारेमा अध्ययन गर्ने मानिसहरूले हामीलाई भनेका छन् कि स्थानीय उड़ानमा भन्दा टाढ़ा ठाउँको चलायमानमा तिनीहरू धेरै माथिबाट उड्ने गर्छन्। यस उच्च उड़ाइका निम्ति त्यहाँ तीनवटा कारणहरू छन् भनी हामीलाई बताएको छ। पहिलो, माथिबाट उड्दा तिनीहरूले उत्तम दृश्य पाउँछन् र आफ्नो दिशा (मार्ग) पत्ता लगाउनका लागि तिनीहरूलाई सजिलो पर्छ। दोस्रो, तिनीहरूलाई शिकार गर्ने चराहरूभन्दा तिनीहरू माथि हुन्छन्। तेस्रो, उच्च तहमा भएको पातलो हावाले छिटो उड्नका लागि तिनीहरूलाई सहायता गर्छ। यी सबै कारणहरूले टाढ़ाका लक्ष्यहरूमा पुग्नका लागि चराहरूलाई सहायता पुऱ्याउँछ।

विश्वासीले यसबाट पाठ सिक्न सक्छ। जब ऊ शङ्काहरूले भरिएको हुन्छ, उसले जीवनलाई अति नीच तहबाट हेरेको हुन्छ र उसले आफ्नो मार्गलाई देख्न सक्दैन, र शैतानले उसलाई परीक्षा गर्छ। उसको जीवनको सम्बन्धमा भएको परमेश्वरको दृष्टिको शुद्ध हावामा ऊ माथि उठेपछि मात्र उसको जीवनको निम्ति भएको परमेश्वरको लक्ष्यमा पुग्नका लागि उसले आत्मिक दृष्टि र सामर्थ्य प्राप्त गर्छ।

"मैले कहिल्यै आत्मिक परिपक्वता प्राप्त गर्छुजस्तो मलाई लाग्दैन। म अति कमजोर छु। म येशूजस्तो कहिले हुन सक्छु र?" भनी तपाईंले अहिले भन्दै हुनुहुन्छ होला। त्यो प्रवृत्ति नै ठीक मार्गतर्फको शुरूवात् हुन सक्छ। जब एक व्यक्तिले आफ्नै योग्यताहरूमा बलियो भएको अनुभव गर्छ, ऊ तिनीहरूमाथि भर पर्न थाल्छ। आफ्नो कमजोरीलाई पहिचान गर्ने विश्वासीले सहायताको निम्ति परमेश्वरमा हेर्नुपर्ने आफ्नो आवश्यकतालाई अझै राम्रोसँग महसूस गर्न सक्छ।

१ विश्वासीको सामर्थ्य र कमजोरीका स्रोतहरूको नाम उल्लेख गर्नुहोस्।

..........................................................................................

..........................................................................................

**परमेश्वरको महिमा**

उद्देश्य २: *विश्वासीले केमा घमण्ड गर्नुपर्छ भन्ने कुरालाई उल्लेख गर्न १ कोरिन्थी १:२६-३१ प्रयोग गर्नुहोस्।*

हामीले देखेका छौं कि परमेश्वरविनाको मानिसले विद्रोह र पापद्वारा आफ्नो स्वतन्त्रतालाई देखाउने कोशिश गर्छ। उसले मानव बुद्धिलाई उचाल्छ र ऊ मानव सामर्थ्यमा भर पर्छ। हरेक सभ्यताको यही नै कथा छ। परमेश्वरसँगको ठीक उभ्याइको तरीकाको रूपमा परमेश्वरले ख्रीष्टको बलिदान र विश्वासलाई छान्नुभयो। यसले संसारको विचारलाई अवहेलना गर्छ।

१ कोरिन्थी १:२१ मा पावलले सुसमाचारको सन्देशलाई 'मूर्ख' सन्देश भनी सम्बोधन गरेका छन्। यो परमेश्वरमाथि भर पर्ने सन्देश हो। संसारले यसलाई इन्कार गर्छ। यस अध्ययनसँग यस सन्देशको सत्यताको महत्त्वपूर्ण सम्बन्ध छ। यस विषयमा भएको अति महत्त्वपूर्ण खण्डलाई हामी यहाँ प्रस्तुत गर्न चाहन्छौं। यसलाई ध्यानपूर्वक पढ्नुहोस्:

भाइ हो, जब तिमीहरू बोलाइएका थियौं, तिमीहरू कस्ता थियौ? सो विचार गर। सांसारिक स्तरअनुसार तिमीहरूमध्ये धेरै जना बुद्धिमान्, धेरै जना शक्तिशाली र धेरै जना खानदानी थिएनौ। तर बुद्धिमान्हरूलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरूलाई छान्नुभयो, र शक्तिशालीलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरूलाई चुन्नुभयो। यहाँसम्म कि नगण्य कुराहरूलाई पनि चुन्नुभयो, यस हेतुले कि जुन कुरा छन् ती व्यर्थ ठहरिऊन्, र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहङ्कार नगरोस्। परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता, र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो। यसैले लेखिएको छ, "गर्व गर्नेले प्रभुमा नै गर्व गरोस्" (१ कोरिन्थी १ : २६ - ३१ )।

२ १ कोरिन्थी १ : २६ - ३१ अनुसार, विश्वासीको बुद्धि

**क**. ख्रीष्ट हुनुहुन्छ
**ख**. बाइबल हो
**ग**. उसको मानसिक विकास हो

३ १ कोरिन्थी १ : २६ - ३१ अनुसार, विश्वासीले के कुरामा गर्व गर्नुपर्छ? ..................................................................

परमेश्वरले प्रयोग गर्नुहुने औजारहरूले होइन तर मानिसले उहाँलाई महिमा गरेको परमेश्वरले चाहनुहुन्छ। औजार बलियो वा सुन्दर हुँदा त्यसो गर्नु कठिन हुन्छ। यसले हामी धेरैलाई प्रोत्साहन दिनुपर्छ, किनकि हामी आफैमा केही गर्न सक्दैनौं भन्ने कुरा हामीलाई थाहा छ। यसरी, हामीद्वारा आफ्नो महिमा प्रकट गर्नका लागि परमेश्वरले ठूलो मौका भेट्टाउनुहुन्छ।

प्रेरित पावलको जीवन मानव कमजोरीद्वारा परमेश्वरको महिमा प्रकट हुने उहाँको प्रकाशको उदाहरण हो। अति शिक्षित भए तापनि पावलका धेरै कमजोरीहरू थिए। तीमध्ये एउटाचाहिँ उनको शारीरिक पीडा थियो, जसलाई हटाइदिनुहोस् भनी उनले परमेश्वरसँग प्रार्थना गरेका थिए (२ कोरिन्थी १२:७-८)। एक पल्ट परमेश्वरले उनलाई भन्नुभयोः "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ (२ कोरिन्थी १२:९)। तब प्रेरित पावलले लेखेः

> यसकारण ख्रीष्टको शक्ति ममाथि वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुशीसाथ गर्व गर्नेछु। यसकारण ख्रीष्टको खातिर दुर्बलताहरूमा, बदनामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, आपद्हरूमा म सन्तुष्ट रहन्छु। किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु (२ कोरिन्थी १२:९-१०)।

परमेश्वरले हामीलाई बनाउनुहुन्छ र यसरी हामी उहाँको महिमा गर्न सक्छौं। हामीले गर्ने र भन्ने सबै कुराहरूमा हामी परमेश्वरलाई महिमा दिने कोशिश गरौं।

## परमेश्वरको शक्ति

उद्देश्य ३: *परमेश्वरको सामु आफ्नो खुट्टामा उभिनका लागि के कुराले इजकिएललाई सक्षम बनायो इजकिएल २:२ लाई प्रयोग गरी व्याख्या गर्नुहोस्।*

मानव कमजोरीद्वारा परमेश्वरको शक्तिको प्रकाशको अर्को उदाहरण पुरानो करारका अगमवक्ता इजकिएल हुन्। परमेश्वरले उनलाई बोलाउनुहुँदा उनी तीस वर्ष उमेरका पूजाहारी थिए। उनको राज्य पराजित भयो र विनाश भइरहेको थियो। उनको आफ्नै जीवनको उद्देश्य (पूजाहारीपन) पनि व्यर्थै भइसकेको थियो। उनलाई बन्धीका रूपमा खेतका काम गर्न लगाइएको थियो। यी परिस्थितिहरूमा उनीमाथि आएको परमेश्वरको बोलावटको बारेमा हामी इजकिएल १-२ अध्यायहरूमा पढ्छौं। डरलाग्दो आँधीबेहरीको बीचमा यो आएको थियो (इजकिएल १:४)। इजकिएलले आफ्नो जीवनमा अनुभव गरेको गोलमाललाई यसले प्रतिनिधित्व गरेको हुनुपर्छ। यस आँधीबेहरीमा परमेश्वरले आफ्नो शक्ति प्रकट गर्नुभयो। इजकिएल २:१-३ मा इजकिएलको आफ्नै विवरणलाई अब हामी पढौं:

> जब मैले त्यो देखें, तब म घोप्टो परें र कोही बोलिरहेको सोर मैले सुने, "हे मानिसको छोरो खड़ा हो, र म तँसित कुरा गर्नेछु।" जब उहाँ मसित बोल्नुभयो, तब उहाँका आत्मा मकहाँ आएर मलाई उभ्याउनुभयो, अनि उहाँले मसित कुरा गर्नुभएको मैले सुनें। उहाँले



भन्नुभयो, "हे मानिसको छोरो, म तँलाई इस्राएली जातिकहाँ पठाउँदैछु।"

*मरणशील मानिस* वा *मानिसका पुत्र* भनी परमेश्वरले इजकिएलको निम्ति प्रयोग गर्नुभएको नाम अति चाखलाग्दो छ। यो शब्दले इजकिएलको मानवतालाई सम्बोधन गरेको छ। यो नाम इजकिएलको पुस्तकमा घरीघरी प्रकट हुन्छ। परमेश्वरले निरन्तर रूपमा इजकिएललाई स्मरण गर्दै हुनुहुन्थ्यो, कि उहाँ उनको मानवताद्वारा काम गर्न चाहनुहुन्छ। *इजकिएल* नामको अर्थ "जसलाई परमेश्वरले सामर्थ्य दिनुहुन्छ" वा "जसको चरित्र परमेश्वरको सामर्थ्यको व्यक्तिगत प्रमाण हो" भन्ने हुन्छ। आज, हामी यस व्यक्तिलाई यसो भनी वर्णन गर्न सक्छौं: "यदि त्यस मानिसले कुनै असल कुरा गर्‍यो भने यो परमेश्वरबाट नै हो भनी मानिसहरूले जान्नुपर्छ।" इजकिएल आफ्नो नाम र कार्यहरू दुवैद्वारा हाम्रा लागि असल उदाहरण हुन्।

४ इजकिएल २:२ पढ्नुहोस् र तलको प्रश्नको उत्तर दिनुहोस्: कसरी इजकिएल परमेश्वरको सामुन्ने आफ्नो खुट्टामा उभिन सकेका थिए?

**क**. इजकिएल उनको आफ्नै शक्तिद्वारा उभिए।
**ख**. परमेश्वरको आज्ञाले नै इजकिएललाई उठायो।
**ग**. परमेश्वरका आत्मा इजकिएलमा प्रवेश गर्नुभयो र उनलाई उठाउनुभयो।

इजकिएलको व्यक्तित्वलाई परमेश्वरको शक्तिद्वारा परिवर्तन गरिएको थियो। पहिले कमजोर अलमलमा परेका इजकिएलले परिवर्तन गर्न सक्ने शक्तिद्वारा मात्र यसो भन्न सकेका थिए: "यसैले मलाई आज्ञा गरेबमोजिम मैले गरें" (इजकिएल १२:७)। उनको लामो र फलवन्त सेवाबाट परमेश्वरले महिमा प्राप्त गर्नुभयो।

## शङ्का र स्वार्थको दोष

उहाँलाई सेवा गर्नका लागि परमेश्वरले बोलाउनुभएका धेरै मानिसहरूले यसो गर्नका लागि असक्षमताको अनुभव गरेका छन्। यस्तो अनुभव यसैमा गल्ती होइन। तर कहिलेकहीं त्यो विचार (अनुभव)

हामीलाई बनाउनुहुने परमेश्वरमा भएको विश्वासको कमी हो। यस्तो अवस्थाको कारण कहिलेकहीँ कमजोर ख्रीष्टियानले आफैलाई दोष्याउने गर्छ (अर्थात् आफैलाई दोषी भनी घोषणा गर्नु)। परमेश्वरलाई हाम्रा कमजोरीहरू थाहा छ। *उहाँले हामीलाई छान्नुभएपछि उहाँको बोलावट पूरा गर्नका लागि उहाँले हामीलाई सामर्थ्य र शक्ति दिनुहुन्छ।* परमेश्वरको उद्देश्य पूरा गर्नबाट हामीलाई टाढा राख्ने शङ्का र स्वार्थको दोषलाई यदि हामीले मौका दियौं भने उहाँमा हाम्रो विश्वासको कमी हुन्छ।

**हाम्रो योग्यतामा शङ्का**

उद्देश्य ४: *तिमोथीको प्रगति सबैले देख्न सकून् भनी अभ्यास गर्नका लागि उनलाई भनिएका चार थोकहरूको सूची बनाउनुहोस्।*

परमेश्वरको सेवा गर्नका लागि उहाँले मोशालाई बोलाउनुभएको विवरणलाई हामी प्रस्थान ३ मा पढ्छौं। परमेश्वरको सेवा गर्नलाई आफू योग्य छु भन्ने कुरामा मोशाले शङ्का गरे। परमेश्वरले बलिरहेको पोथ्राबाट आश्चर्यरूपमा उनीसँग बोल्नुहुँदा, "म यहाँ हाजिर छु" (४ पद) भनी मोशाले जवाफ दिएका थिए। परमेश्वरका मानिसहरूलाई मिश्रदेशबाट फर्काएर ल्याउनका लागि उहाँले मोशालाई मिश्रका राजाकहाँ पठाउन लाग्नुभएको कुरा परमेश्वरले मोशालाई भन्नुभयो। मोशाले तुरुन्तै जवाफ दिए। "फारोकहाँ गएर इस्राएलीहरूलाई मिश्रबाट ल्याउन सक्ने म को हुँ र?" भनी मोशाले तुरुन्तै जवाफ दिए (११ पद)। अनि परमेश्वरले भन्नुभयो, म तँसित हुनेछु, र मैले तँलाई पठाएको हुँ भन्ने कुराको चिन्ह तँलाई यो हुनेछ: जब तैंले ती मानिसहरूलाई मिश्रबाट निकालेर ल्याउनेछस्, तब तिमीहरूले यही पर्वतमा परमेश्वरको आराधना गर्नेछौ" (१२ पद)। तब मोशाले थुप्रै बहानाहरू बनाए, "मैले तिनीहरूलाई के भन्ने?" (१३ पद)। "यदि तिनीहरूले पत्याएनन् भने के गर्ने?" (प्रस्थान ४:१)। त्यसपछि मोशाले परमप्रभुलाई भने, "प्रभु म बोल्नमा उस्तो सिपालु छैनँ, नता अघि म सिपालु थिएँ न अहिले तपाईं बोल्नुभएपछि सिपालु भएको छु, किनकि म बोल्नमा र जिब्रो चलाउनमा ढीलो छु (१० पद)। परमप्रभुले तिनलाई भन्नुभयो, "मानिसको मुख कसले बनायो? मानिसलाई लाटो वा बहिरो कि देख्ने वा अन्धो कसले बनाउँछ? के म परमप्रभुले नै होइन र? अब जा, म तँलाई बोल्न सहायता गर्नेछु र तैंले के-के बोल्न पर्ने हो सो सिकाउनेछु (११-१२ पदहरू)। तर

मोशाले भने, "हे प्रभु, बिन्ती छ, अरू कसैलाई नै पठाउनुहोस्" (१ ३ पद) तब परमप्रभुको क्रोध मोशामाथि उठ्यो।

यस कथामा मोशाको सम्बन्धमा भएको परमेश्वरको धैर्यलाई ध्यान दिनु चाखलाग्दो छ। परमेश्वरले उनको शङ्कालाई बुझ्नुभयो र प्रत्येक विषयसँग काम गर्नका लागि इच्छुक हुनुभयो। यद्यपि, मोशाले निरन्तररूपमा परमेश्वरसँग तर्क गर्दा, यो विश्वासको कमीको विषय बन्यो। अन्त्यमा मोशा मिश्रमा गए र परमेश्वरले उनलाई सहायता गर्नुहुँदा प्रत्येक दिन उनको भरोसामा वृद्धि भयो। उनी परमेश्वरका निम्ति महान् अगुवा बने।

हुन सक्छ, यस पाठ्यपुस्तकको अध्ययन अवधिमा विश्वासीको रूपमा तपाईंले आफ्नो उद्देश्यलाई महसूस गर्न थाल्नुभएको होला। ख्रीष्टियान परिपक्वताको लक्ष्य कठिन देखिन्छ। तपाईं परमेश्वरमा वृद्धि हुनुहुँदा त्यहाँ अझ धेरै कर्तव्यहरू हुनेछन् भन्ने कुरा तपाईंले महसूस गर्नुहुनेछ। मोशाले गरेझैं तपाईंले पनि आफ्नो योग्यताको बारेमा शङ्का गर्नुहुन्छ होला, तर परमेश्वरले हामीलाई बोलाउनुभएपछि हामीलाई सहायता गर्ने प्रतिज्ञा पनि गर्नुभएको छ। परमेश्वरले हाम्रो प्रत्येक भागलाई बनाउनुभयो। हाम्रो बारेमा हामीलाई जति थाहा छ, त्यसभन्दा धेरै हाम्रो बारेमा उहाँलाई थाहा छ। परमेश्वरमा राखिएको विश्वासको अभ्यासद्वारा *हामीले हाम्रो अयोग्यतामाथि विजय प्राप्त गर्नैपर्छ।* उहाँ शक्तिका परमेश्वर हुनुहुन्छ र महान् काम गर्नका लागि कमजोर व्यक्तिहरूलाई प्रयोग गर्नुहुँदा उहाँको शक्तिको प्रकट हुन्छ।

**५** १ तिमोथी ४:११-१६ पढ्नुहोस्। १२ पदअनुसार कसैले पनि तिमोथीलाई हेलाँ गर्न नपाओस् भनी उनलाई सल्लाह दिइएको थियो, किनकि उनी

**क**. सुन्दर थिएनन्।
**ख**. जवान थिए।
**ग**. कमजोर थिए।

**६** तिमोथीको उन्नतिलाई सबैले देख्न सकून् भन्ने उद्देश्यले उनले अभ्यास गर्नुपर्ने चार थोकहरूलाई १ तिमोथी ४:१३-१५ मा बताइएको छ। ती उल्लेख भएको क्रममा तिनीहरूको सूची बनाउनुहोस्।

**क**. ..............................................................
**ख**. ..............................................................

ग. ...........................................................................

घ. ...........................................................................

## शैतानका दोष्याइहरूद्वारा आएको शङ्का

उद्देश्य ५: *शङ्काहरूको मुख्य स्रोतलाई पहिचान गरी तिनीहरूमाथि तपाईं कसरी विजयी हुन सक्नुहुन्छ उल्लेख गर्नुहोस्।*

आफ्नै बारेमा शङ्का गर्नका लागि धेरै पल्ट शैतानले हामीलाई प्रभाव पार्छ। हामीले देखेझैं त्योचाहिँ विश्वासीको शत्रु हो। विश्वासीलाई अलमलमा पार्नका लागि त्यसले काम गर्छ। त्यसले दोष लगाउँछ र कमजोरीहरू देखाउँछ। कोही ख्रीष्टियानहरू शैतानको आक्रमणको कारण निराश बन्छन्। तिनीहरूले त्यसका झूटहरूलाई विश्वास गर्छन्। त्यसले तिनीहरूलाई भनेका कुराले आफ्नै बारेमा भएका तिनीहरूका भावनाहरूलाई पक्का गरिदिन्छ र तिनीहरूले आफैलाई दोषी ठहऱ्याउँछन्।

निर्वासनमा गएको ७० वर्षपछि, परमेश्वरले मानिसहरूलाई उनीहरूको घर यरूशलेममा फर्केर आउनका लागि सम्भव तुल्याउनुभयो। आत्मिक अगुवा हुनका लागि यहोशूलाई छानियो। उनी प्रधान पूजाहारी थिए। (यस यहोशू र मानिसहरूलाई पहिलो पल्ट प्रतिज्ञाको देशमा ल्याउने यहोशूको बीचमा अलमलमा नपर्नुहोस्।) जब परमेश्वरका मानिसहरू यरूशलेममा फर्केर आए, तिनीहरूले मन्दिरको पुनर्निर्माण गर्न शुरू गरिहाले। त्यो असल समाचार थियो! यद्यपि, तिनीहरू छिट्टै नै निरुत्साहित बने। त्यहाँ विरोध र गनगन भयो। जग हालेपछि, मानिसहरूले १६ वर्षसम्म काम छोड़िदिए! अन्त्यमा परमेश्वरले अगमवक्ताहरू हाग्गै र जकरियालाई उठाई मानिसहरूलाई काममा सक्रिय बनाउनुभयो। मुख्य समस्या के थियो भनी मुख्य दर्शनमा जकरियालाई बताउनुभयो।

७ जकरिया ३ अध्याय पढ्नुहोस्। यहोशूको विरुद्धमा दोषारोपण गर्न को तयारी भएको थियो? ...........................................................

८ जकरिया ३:३ लाई फेरि पढ्नुहोस्। के कुराको बारेमा शैतानले यहोशूलाई दोष लगाउन लागेको थियो?

...........................................................................

जकरियाले यहोशूमा देखेका फोहोर लुगाले यहोशू र मानिसहरूले गरेको भूललाई प्रतिनिधित्व गरेको थियोजस्तो देखिन्छ। जे भए पनि, शैतानले लगाएको दोषलाई परमप्रभुका दूतले नै जवाफ दिए: "परमप्रभुले शैतानलाई भन्नुभयो, "ए शैतान, परमप्रभुले तँलाई हकारून् यरूशलेमलाई चुन्नुहुने परमप्रभुले तँलाई हकारून्! के यो मानिस आगोबाट निकालिएको अगुल्टो होइन र? (जकरिया ३:२) फोहोर पोशाक फुकालियो भनी ४-५ पदहरूले हामीलाई बताउँछन्। लगाउनका लागि यहोशूलाई नयाँ लुगाहरू दिइयो। यिनीहरूमा पगरी पनि समावेश थियो, जुनचाहिँ परमेश्वरसँगको अधिकारको चिन्ह थियो। परमप्रभुसँगको नयाँ सम्बन्धमा हिँड्नका लागि ६-७ पदहरूमा यहोशूलाई आह्वान गरिएको छ। तब यस अध्यायका ती अन्तिम पदहरूले त्यस सम्बन्धमा भएको परमेश्वरको आशिष्को बारेमा बताउँछन्।

हाम्रा कमजोरीहरूमाथि शैतानले कसरी काम गर्छ भन्ने कुरा बाइबलले हामीलाई प्रकट गरेको छ। ती कमजोरीहरूमाथि त्यसले हाम्रो ध्यान आकर्षित गर्छ। त्यसले हामीलाई दोष लगाउँछ। यसले हामी आफैलाई शङ्का गर्न र निराश हुन लगाउँछ। धेरै पल्ट विश्वासीहरू खड़ा हुन सक्दैनन्। यद्यपि, यस कुरालाई ध्यान दिनुहोस्, कि परमेश्वरले फोहोर पोशाकलाई उतारेर नयाँ पोशाक लगाइदिनुहुन्छ। *शैतानका दोष्याइहरूलाई सुन्न हामीले बन्द गरेपछि परमेश्वरले हाम्रा कमजोरीहरू र शङ्काहरूलाई निवारण गर्नुहुन्छ।*

शैतानले विश्वासीहरूलाई दोष लगाउने कुरालाई *दोष्याउनु* भनिन्छ। *दोष्याउनुको* अर्थ कसैलाई "असक्षम वा अयोग्य भनी घोषणा गर्नु" वा "कसैलाई दोषी भनी न्याय गर्नु वा घोषणा गर्नु" हो। "अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन" भनी रोमी ८:१ ले हामीलाई स्पष्टसँग बताएको छ। यूहन्नाले भनेका छन्, "जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एक मात्र पुत्रको नाउँमा विश्वास गरेका छैन" (यूहन्ना ३:१८)। शैतानले हामीलाई न्याय गर्ने र हाम्रा कमजोरीहरूमा हाम्रा आँखा लगाइदिने कोशिश गर्छ। यसरी हामीलाई विजयी हुनबाट त्यसले रोक्छ। यदि हामीले उहाँलाई गर्न दियौं भने, आफ्नो ईश्वरीय शक्तिद्वारा परमेश्वरले हाम्रा व्यक्तित्वहरूलाई परिवर्तन गर्नुहुनेछ।

प्रकाश १२:१०-११ मा शैतानमाथि परमेश्वरको अन्तिम विजयताको एउटा चित्रण बाइबलले हामीलाई दिएको छ। यस खण्डमा हामी यी महत्त्वपूर्ण शब्दहरू भेट्टाउँछौं:

> अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँको ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ। तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्।

६ माथि प्रकाश १२:११ मा विश्वासीहरूलाई शैतानमाथि विजय गराउने तीन थोकहरूका अगाड़िपट्टि (१), (२), र (३) लेख्नका लागि शीशाकलम प्रयोग गर्नुहोस्।

यी तीन व्यक्तिहरू आज हाम्रा लागि उपलब्ध छन्। पवित्र धर्मशास्त्रको सत्यतालाई याद गर्नुहोस्, "जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ" (यूहन्ना ४:४)

## पवित्र आत्माद्वारा परिवर्तन

उद्देश्य ८: *विश्वासीहरू आत्मिक रूपमा परिवर्तन भए भनी प्रेरित १७:६ ले कसरी देखाउँछ, व्याख्या गर्नुहोस्।*

हाम्रा निम्ति बाइबल कति ठूलो उत्साहको पुस्तक हो। काम गर्नका लागि परमेश्वरले छान्नुभएका प्रायःजसो मानिसहरू हामीहरूजस्तै थिए। मोशा, यहोशू, इजकिएल, पावल, तिमोथी र अरू धेरैहरू तिनीहरूमध्येका थिए। तिनीहरू साधारण मानिसहरू नै थिए र तिनीहरूका सामान्य कमजोरीहरू थिए, तर परमेश्वरका आत्मा तिनीहरूभित्र प्रवेश गरी उहाँले तिनीहरूलाई परिवर्तन गर्नुभयो। प्रेरितको पुस्तकले यस्तो परिवर्तनको बारेमा बताउँछ। येशूको क्रूसीकरणको समयमा चेलाहरू तितरबितर भई निराश भएका थिए। पुनरुत्थानले पनि तिनीहरूको समस्यालाई समाधान गर्न सकेन। तर येशूले प्रतिज्ञा गर्नुभएअनुसार जब पवित्र आत्मा तिनीहरूमाथि आउनुभयो, काम

कुराहरू परिवर्तन भए। तिनीहरूले ठूलो शक्तिका साथ काम गरे र साक्षी भए।

**१०** यूहन्ना १४:२६ पढ्नुहोस्। पिताले पवित्र आत्मा पठाउनुहुनेछ भनी येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो। येशूले पवित्र आत्मालाई के भनी सम्बोधन गर्नुभएको छ?

**क.** सल्लाहकार; **ख.** निको पार्नुहुने; **ग.** शक्ति

प्रेरित १:८ मा येशूले चेलाहरूलाई भन्नुभयो, "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" प्रेरितको पुस्तकले परिवर्तन भएका मानिसहरूको कथालाई समावेश गरेको छ। चेलाहरू साधारण मानिसहरू थिए। तिनीहरूले ठूलो औपचारिक तालिम प्राप्त गरेका थिएनन्। तिनीहरू आफ्ना विशेष कमजोरीहरू भएका मानिसहरू नै थिए। तर पवित्र आत्माको शक्तिमा तिनीहरूले "संसारलाई उलटपुलट पारेका" थिए। संकष्ट भोग्दा र मृत्युको सामना गर्दा पनि तिनीहरू बलिया थिए।

**११** "संसारलाई उलटपुलट पार्ने यी मानिसहरू यहाँ पनि आइपुगेका छन्" (प्रेरित १७:६) भन्ने कुरा पवित्र आत्माद्वारा सहायता पुऱ्याइएका विश्वासीहरूका लागि भनिएको हो। यी विश्वासीहरू आत्मिक रूपमा परिवर्तन भएका थिए भनी पवित्र धर्मशास्त्रबाटको यो उद्धृत पदले कसरी देखाएको छ? ...............................

..........................................................................

ईश्वरीय सल्लाहकारको शक्तिद्वारा येशू खीष्टका लागि साक्षी हुने मौका हामीसँग छ। हाम्रो खीष्टियान जीवनको लक्ष्य हामीलाई थाहा छ, तर हाम्रो आफ्नै सामर्थ्यद्वारा यसमा पुग्नका लागि हामी धेरै नै कमजोर छौं। हामी कमजोर हुँदा, परमेश्वर हामीमा बलियो बन्न सक्नुहुन्छ। हाम्रा आफ्नै खुट्टामा उभिनका लागि उहाँका आत्माले हामीलाई सहायता गर्नुहुन्छ। जुन काम गर्नका लागि उहाँले हामीलाई पठाउनुहुन्छ, सो पूरा गर्नका लागि उहाँका आत्माले हामीलाई समक्ष पार्नुहुन्छ। उहाँका आत्माले हामीभित्र परमेश्वरको स्वभाव राखिदिनुहुन्छ। त्यस स्वभावले हामीलाई खीष्ट-चरित्रको लक्ष्यतर्फ लैजान्छ। त्यो लक्ष्य साँचो खीष्टियान परिपक्वता हो।

## स्वयम्-जाँच

**छोटो उत्तर**: दिइएको खाली ठाउँमा प्रश्नको ठीक उत्तरलाई लेख्नुहोस्।

१ परमेश्वरले हाम्रो जीवनलाई हेर्नुभएझैं हामीले पनि तिनीहरूलाई हेर्दा प्राप्त फाइदा के हो?

........................................................................................

**ठीक-बेठीक प्रश्नः** यदि बयान ठीक छ भने खाली ठाउँमा *ठी* लेख्नुहोस्। यदि बयान बेठीक छ भने *बे* लेख्नुहोस्। तब बेठीक बयानहरूलाई ठीक बनाउनका निम्ति परिवर्तन गर्नुहोस्।

.... २ प्रभुले जे गर्नुभएको छ, त्यसमा विश्वासीले गर्व गर्नुपर्छ।
.................................. त्यसमा विश्वासीले गर्व गर्नुपर्छ।

.... ३ आफू कमजोर वक्ता हुँ भनी मोशाले परमेश्वरलाई भने।
आफू ............................ भनी मोशाले परमेश्वरलाई भने।

.... ४ दोष्याउनुको अर्थ कुनै व्यक्तिलाई उपयुक्त र योग्य भनी घोषणा गर्नु हो। यो कुनै निर्दोषलाई न्याय गर्नु हो।
दोष्याउनुको अर्थ कुनै व्यक्तिलाई ................... र ................ भनी घोषणा गर्नु हो। यो कुनै ..................... न्याय गर्नु हो।

**जोड़ा मिलाउने प्रश्नः** यस पाठमा तपाईंले आधारभूत धारणाहरूका धैरै उदाहरणहरूलाई तल भेट्टाउनुहुनेछ। प्रत्येक उदाहरणलाई ( ५-६ ) यससँग मिल्ने धारणासँग उपयुक्त संख्या छानी जोड़ा मिलाउनुहोस्।

५ प्रेरित पावललाई शारीरिक पीड़ाजस्ता कमजोरीहरू थिए, जसलाई हटाइदिनका लागि उनले परमेश्वरसँग प्रार्थना गरे, तर उनी शक्तिशाली ख्रीष्टियान सेवक थिए।

६ इजकिएलको पुस्तकमा परमेश्वरले धेरै पल्ट इजकिएललाई "मरणशील मानिस" भन्नुभएको छ।

७ परमप्रभुले धैर्यतासाथ मोशाका बहानाहरूलाई सुन्नुभएको भए तापनि, उनको निम्ति भएको उहाँको योजनालाई मोशाले निरन्तररूपमा इन्कार गरेपछि उहाँ रिसाउनुभयो।

८ तिमोथीको जीवनको कारण अरू मानिसहरूले उनलाई हेला गर्न नपाऊन् भनी जवान तिमोथीलाई सल्लाह दिइएको थियो।

९ परमप्रभुका दूतको सामुन्ने फोहोर पोशाकमा यहोशू प्रकट हुँदा यहोशू (इस्राएलको पुनर्स्थापनाको समयका प्रधान पूजाहारी)-लाई दोष्याउन तत्परताका साथ शैतान खड़ा भयो।

.... **क** परमेश्वरले हाम्रा कमजोरीहरूलाई बुझ्नुहुन्छ, तर विश्वासद्वारा उहाँको शक्तिमा हामीले उहाँको इच्छा पूरा गरेको उहाँले चाहनुहुन्छ।

.... **ख** परमेश्वरले हाम्रो मानवतालाई स्मरण गराउन चाहनुहुन्छ र यसरी हामी उहाँको शक्तिमा भर पर्न सकौं।

.... **ग** विश्वासीको असफलताको कारण शैतानले विश्वासीलाई दोष्याउने कोशिश गर्छ।

.... **घ** विश्वासीको आत्मिक अनुभवको घटीले अरू विश्वासीहरूका लागि ग्रहणयोग्य साक्षी हुनबाट रोक्न सक्दैन।

.... **ङ** विश्वासी कमजोर हुँदा परमेश्वरको शक्ति अझै बलियो हुन्छ।

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** तलको प्रश्नको निम्ति एउटा मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

१० परमेश्वरको सामुन्ने शैतान खड़ा भएर भाइहरूका विरुद्धमा कसरी काम गर्छ?

**क.** झूटो विवरणकर्ता
**ख.** दोष लगाउनेवाला
**ग.** सामान्य सर्प
**घ.** झूटो अगमवक्ता

| |
|---|
| एकाइ ३ को विद्यार्थी प्रतिवेदनलाई पूरा गरी उत्तर-पृष्ठलाई तपाईंका आई सी आई प्रशिक्षककहाँ पठाउन नभूल्नुहोस्। |

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ परमेश्वर सामर्थ्यको स्रोत हुनुहुन्छ र मानव प्राणीहरू कमजोरीका स्रोत हुन्।

७ शैतान

२ क) येशू ख्रीष्ट

८ उनले फोहोर लुगाहरू लगाएका थिए।

३ प्रभुले जे गर्नुभएको छ त्यसमा गर्व गर्नुपर्छ।

९ १) थुमाको रगत

२ तिनीहरूले घोषणा गरेको सत्यता।

३ आफ्नो जीवन त्याग्न र मर्नका लागि तिनीहरूको इच्छा।

४ ग) परमेश्वरका आत्मा इजकिएलमा प्रवेश गर्नुभयो र उनलाई उठाउनुभयो।

१० क) सल्लाहकार

५ ख) जवान

११ यी विश्वासीहरू पवित्र आत्माद्वारा आत्मिक रूपमा परिवर्तन भएका थिए भनी यो उद्धरणले देखाउँछ।

६ **क** सबैका सामु पवित्र धर्मशास्त्रको पढ़ाइ।

**ख** प्रचार

**ग** शिक्षण

**घ** आफूभित्र भएको आत्मिक वरदानको बेवास्ता नगर्नु।

# शब्दकोश

दायाँपट्टिको स्तम्भ-सूचीमा उल्लेख संख्याले यस पाठ्यपुस्तकमा त्यो शब्द प्रयोग भएको पाठको सम्बोधन गर्छ।

| | | | |
|---|---|---|---|
| अन्तमा | – | अन्तमा आउनु | ५ |
| अन्तिम | – | अन्तिम, अन्त्यको, पछिल्लो | १,५ |
| अवलोकन | – | त्यसअनुसार काम गर्नु, ध्यान दिनु | ८ |
| औजार (हतियार) | – | औजारको रूपमा व्यक्ति वा थोकलाई अर्को व्यक्तिद्वारा प्रयोग | ६ |
| उत्तम | – | अति असल | ६ |
| उद्देश्य | – | लक्ष्य, इच्छा, योजना | १ |
| उद्धार | – | दुष्ट कामको दण्डबाट उद्धार गर्नु | ६ |
| एक रूपता | – | जस्तो हुनु, उस्तै बन्नु | ३ |
| ऐच्छिक | – | जसलाई गर्न वा नगर्न सकिन्छ, प्रत्येकको आफ्नै इच्छामा भर पर्छ | ५ |
| कद | – | विकास, शारीरिक, मानसिक वा नैतिक वृद्धि | १ |
| काँच | – | एकै भागमा उज्यालोलाई जम्मा गर्ने शीशाको टुक्रा | ६ |
| कालीगढ़ | – | दक्ष कामदार | ३ |
| केलाउनु | – | अति होशियारीसाथ जाँच्नु | ४ |
| खोज्नु | – | हेर्नु, भेट्टाउने कोशिश गर्नु | ५ |
| गर्व गर्नु | – | घमण्डसाथ कुराकानी गर्नु | १० |
| ज्ञान | – | जानिएका कुराहरू | ८ |
| घनिष्ठ | – | मित्र, नजीक | ८ |
| चक्र | – | विशेष क्रममा नियमित रूपमा दोहोर्‍याइएका घटनाहरू | ५ |
| चरम | – | हेर्नको लागि योग्य, विशेष रूपमा असल | ६ |

| | | |
|---|---|---|
| चरित्र | — एक व्यक्तिको कामद्वारा देखाइएको उसको चरित्र | ८ |
| जग | — आधार | ३,७ |
| जस्तै | — तुलना गर्नु | ५ |
| जित्नु | — जित्नु, चालचलनकै रूपमा स्वीकारयोग्य बन्नु | ६ |
| जिम्मेवारी | — केही थोकको निम्ति केही व्यक्ति जिम्मेवारी हुनु | ३ |
| टुक्रिएको | — बल वा आत्मामा कमजोर बन्नु; अधीन गरिनु, थिचिनु | ३ |
| तपस्या | — गल्ती गरेकोमा दुःखित भई आफूलाई कष्ट दिनु | ७ |
| तार्किक | — तर्कसङ्गत, उचित | ४ |
| दोष लगाउनु | — अयोग्यताको घोषणा | १० |
| दोषारोपण | — कसैको विरुद्धमा गल्ती भनाइ | १० |
| दृष्टिकोण | — केही थोकलाई हेर्ने वा विचार गर्ने तरीका | ३ |
| नियुक्त (अभिषेक) | — ख्रीष्टियान मण्डलीमा सेवकका रूपमा आधिकारिक प्रकारले नियुक्त वा समर्पण गर्नु | ७ |
| निर्देशन | — विशेष अगुवाइ | ६ |
| निर्माता | — नयाँ भवनको निम्ति योजना बनाउने व्यक्ति | ३ |
| निश्चयता | — ठीक हो भनी विश्वास गर्नु | ३ |
| निश्चयता | — अर्को व्यक्तिले आफ्नो प्रतिज्ञा पूरा गरेको हेर्ने प्रतिज्ञा | ७ |
| न्यायीक | — न्यायाधीशसँग सम्बन्धित | ५ |
| पक्षघात हुनु | — चल्न नसक्नु | ६ |
| परिपक्वता | — पूर्ण वृद्धि भएको अवस्था | १ |
| प्रतिउत्तर | — जवाफ, उत्तर | ६ |
| प्रतिक्रिया | — एक-अर्कामाथिको प्रभाव | ६ |
| प्रदर्शन | — देखाउनु | ८ |

| | | |
|---|---|---|
| प्रवृत्ति | – केही थोकको बारेमा कसैले अनुभव वा विचार गर्ने तरीका | ३,१० |
| प्रशंसा गर्नु | – आदर गर्नु, बढ़ाइचढ़ाइ गर्नु | ६ |
| प्राप्त भयो | – लाभ पाउनु; सफलताका साथ पूरा गर्नु | ३,१० |
| प्रारम्भिक | – तयार गर्नु | ५ |
| पवित्र | – अति शुद्ध | ६ |
| पश्चात्ताप | – केही थोकबाट भित्री र बाहिरीरूपमा फर्कनु | ३,७ |
| पुनरुत्थान | – मृत्युबाट फेरि बौरिउठ्नु | ७ |
| बाधा | – समस्या वा कठिनाइ ल्याउने केही कुरा | ४ |
| बेवास्ता | – वास्ता गर्न असफल हुनु | ४ |
| भाग्य | – भाग्य, भविष्य | १ |
| महत्त्वपूर्ण | – जीवन र आत्माले भरिएको जीवन्त | ६,७ |
| महिमा गर्नु | – उच्च किसिमले प्रशंसा गर्नु | १,६ |
| माग | – खाँचो, आवश्यकता | ५,७ |
| मामला | – निर्णयमा पुग्नु नै पर्ने कुरा | ५ |
| मूल्याङ्कन | – मूल्य निर्धारण गर्नु | १ |
| योग्यता | – एक व्यक्तिमा भएको गुण वा दक्षता | ६ |
| रोकावट | – कसैलाई वा केही थोकलाई रोक्ने प्रयास | ४ |
| रोप्नु | – बाली-नालीको निम्ति तयार गर्नु (जग्गा) | ३,६ |
| लाडे | – बालकजस्तै | ३ |
| विजयी | – सफल | ८ |
| विवरण (रेकर्ड) | – लिखित रूपमा गरिएको प्रस्तुत | १० |
| विशेष | – कुनै निश्चित थोकसँग सम्बन्धित | १० |
| वृद्धि | – बढ़ाइको कार्य वा तह | १ |
| व्यभिचारी | – यौन अविश्वासयोग्यतासँग सम्बन्धित | २ |
| शक्तिशाली | – शक्ति वा दबाब उत्पादन गर्ने कुरासँग सम्बन्धित | १ |
| सक्षम बनाउनु | – योग्य बनाउनु | ८,६ |

| | | | |
|---|---|---|---|
| सङ्गति | – | हितैषी, मित्रता, बाँड्चूँड् | १ |
| समलिङ्गगामी | – | उही लिङ्गको व्यक्तिसँग यौन सम्बन्ध राख्ने व्यक्ति | २ |
| सम्बन्ध | – | सम्बन्धित भएको अवस्था, सम्पर्क | १ |
| स्रोताहरू | – | सुन्नेहरू, सभामा भएका मानिसहरू | ६ |
| सिद्ध | – | पूर्ण सम्पूर्ण | १ |
| सिद्धान्त | – | सिकाइएको कुरा | ७ |
| सुसज्जित पार्नु | – | कुनै विशेष काम गर्नका निम्ति आवश्यकीय ज्ञान उपलब्ध गराउनु | ५ |
| सुसज्जित पाऱ्यो | – | कुनै विशेष काम गर्नका लागि आवश्यकीय ज्ञान उपलब्ध गराइयो | ९ |
| स्पष्ट | – | सफासँग देखिएको | ६ |
| स्मरण | – | केही थोकको बारेमा कसैलाई सम्झना दिलाउनु | ९ |
| स्वचालित | – | आफै चल्ने वा काम गर्ने | ४ |
| स्वरूप | – | कुनै पनि थोकको रूप वा नकल | २ |
| हतियार | – | युद्ध (वा सुरक्षा)-को निम्ति प्रयोग गरिएको हतियार | ६ |
| हुर्कनु (बढ्नु) | – | कुनै व्यक्ति पाको हुँदै जानु | ६ |

# स्वयम्-जाँचका उत्तरहरू

**स्वयम्-जाँच १**

१. बे

२. बे

३. ठी

४. बे

५. ठी

६. क) पूर्ण वृद्धि
   ग) पूर्ण
   घ) सम्पूर्ण
   ङ) सकिएको

७. ग) आत्मा

८. ख) परमेश्वर-मानिस सम्बन्धको ठीक नमूनाको रूपमा।
   ग) त्यस मानिसलाई प्रशस्तताको जीवनमा ल्याउन सकिन्छ।

९. शैतान

१० *तल दिइएकाहरूमध्ये कुनै दुइः*
बाटो भएको माटो, ओस नभएको ढुङ्गेनी जमीन, निसासिदिने काँडा भएको जमीन, असल माटो।

**स्वयम्-जाँच २**

१. ठी

२. ठी

३. बे, येशू ख्रीष्ट

४. क) आत्मिक
   ख) शारीरिक
   घ) मानसिक
   ज) सामाजिक

५. क) अनैतिक
   घ) व्यभिचारी
   ङ) समलिङ्गगामी

६. ख) कमाराको

७. **क** परिवार (पति वा पत्नीभन्दा बेग्लै)
   **ख** मित्रहरू
   **ग** पति वा पत्नी
   **घ** छिमेकीहरू

**स्वयम्-जाँच ३**

१. जब ऊ परिपक्व विश्वासी बन्छ।

२. **क** २
   **ख** ४
   **ग** ३
   **घ** १

३. ख) शिशु (बालक)
   ग) परमेश्वरको खेत
   च) माटो
   ज) परमेश्वरको भवन (घर)
   ञ) पवित्र आत्माको मन्दिर

४. क) सुन
   ङ) चाँदी
   च) बहुमूल्य पत्थरहरू

**स्वयम्-जाँच ४**

१. बे, विश्वासीको परिपक्वतासँग धेरै नै सम्बन्ध छ।
२. ठी
३. बे, खँदिलो भोजन पाउनेभन्दा बिस्तारै वृद्धि हुन्छ।
४. बे, आत्मा
५. ठी
६. क) शिक्षकहरू हुनु
७. यी नौवटामध्ये कुनै चारवटाः प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, आत्म-संयम्।

**स्वयम्-जाँच ५**

१. बे, हामीलाई कार्यमा लैजान्छ।
२. ठी
३. ठी
४. ठी
५. बे, (कामहरू (वा जीवन)
६. अ
७. क्ष
८. क्ष
९. क्ष
१० अ
११. क्ष
१२. ख्रीष्टको न्याय आसन

**स्वयम्-जाँच ६**

१-७ तपाईंका उत्तरहरू
८. बे
९. बे
१० ठी
११. ख) सङ्गति, बाँड्चूँड् र योगदान
१२. अपरिपक्वता, महत्त्वपूर्ण संयुक्तिको कमी र रोग वा..... यस किसिमका तीन कारणहरू हुन्।

**स्वयम्-जाँच ७**

१. बे
२. ठी
३. ठी
४. बे
५. बे
६. ठी
७. बे
८. पश्चात्ताप
९. परमेश्वरमा विश्वास गर्नु
१० बप्तिस्माहरू
११. हातहरू राख्ने
१२. मरेकाहरूको पुनरुत्थान
१३. अनन्त न्याय

**स्वयम्-जाँच ८**

१. ठी
२. ठी
३. बे
४. ठी
५. ठी
६. क) भलाइ
 ग) शान्ति
 च) धैर्य
 छ) दया
 ञ) विस्वस्तता
 ट) नम्रता
 ठ) आत्म-संयम्
 ड) प्रेम
 ण) आनन्द
७. तपाईंको उत्तर

**स्वयम्-जाँच ९**

१. ठी
२. बे
३. ठी
४. परिपक्वताको विचार।
५. परमेश्वरको सन्देश बोल्नु।
६. अन्य भाषाहरूमा बोल्नु।
७. अन्य भाषाहरूको अर्थ खोल्नु।
८-१० तलकामध्ये कुनै तीनवटाः
 भोकाहरूलाई खुवाउनु।
 तिर्खाएकाहरूलाई पियाउनु।
 परदेशीलाई सत्कार गर्नु।
 नाङ्गालाई पहिराउनु।
 रोगीहरूको हेरचाहा गर्नु।
 झ्यालखानमा भएकाहरूलाई भेट्नु।

**स्वयम्-जाँच १०**

१. परमेश्वरले हाम्रा जीवनलाई दृष्टिगत गर्नुभएझैं हामीले तिनीहरूलाई दृष्टिगत गर्दा, हाम्रो निम्ति भएको परमेश्वरको लक्ष्यमा हामी पुग्न सक्छौं।
२. ठी
३. ठी
४. बे, अनुपयुक्त, अयोग्य, दोषी
५-९ क) ७
 ख) ६
 ग) ९
 घ) ८
 ङ) ५
१० ख) दोष लगाउने